
पूर्णाङ्क ५२, २०७५ भदौ

युवा विशेषाङ्क

# सहभागिता

सहभागीमूलक विकास पत्रिका (त्रैमासिक)



## ‘युवाहरु समृद्धिका महान बाहक हुन्’

## वैदेशिक रोजगारीमा युवा महिलाहरु

## युवा सहभागिता : सिद्धान्त र व्यवहार

NEPAN

# सहभागिता भित्र कहाँ के छ ?


**९**

अब ७५३ वटै स्थानीय निकायमा युवाका शाखाहरु निर्माणका लागि काम भइरहेको छ । ६,७४३ वडामा हामी युवाको संयन्त्र बनाउने तयारीमा छौं ।

*राष्ट्रिय युवा परिषदका उपाध्यक्ष माधव ढुङ्गेलसँगको कुराकानी*

**१३**

करिब ८७ प्रतिशत युवा महिलाहरू आफ्नो आर्थिक अवस्था सुधार गर्ने उद्देश्यले नै वैदेशिक रोजगारीमा जाने गरेको पाइएको छ ।

*अनुसन्धानमुलक लेख*

**२१**

पहिले युवाहरूलाई शिक्षा मन्त्रालयको एउटा सानो युवा तथा खेलकुद शाखाले हेर्ने गर्दथ्यो भने १०–१२ वर्षको प्रयत्नपछि छुट्टै युवा मन्त्रालय बन्यो ।

*युवाबारे सिद्धान्त र व्यवहार सम्बन्धी विश्लेषण*

**८२**

सोह्र देखि ४० सम्मको भर्भराउँदो उमेरलाई हामीले युवा मान्ने हो भने त्यस उमेरमा भइसक्नुपर्ने के के हुन् त ?

*प्रेरणादायी लेख*

नेपाली युवाका लागि भइरहेका पहलहरू • गोरखबहादुर बोगटी ...... २
नेपालमा युवा जनशक्तिको परिचालन : किन र कसरी ? • गम्भीरबहादुर हाडा ...... ६
वैदेशिक रोजगारीमा नेपाली युवा महिलाहरू • तोया गौतम • रूपा बस्नेत • बीना अधिकारी ...... १३
युवा सहभागिता : सिद्धान्त र व्यवहार • भोला भट्टराई • हरि देवकोटा • नरेन खतिवडा ...... १७
युवाशक्ति र शक्तिप्रति अथक भक्ति ! • चेतनाथ कणेल ...... २१
समृद्ध नेपालको अभियानमा युवाहरू र बुद्धको शिक्षा • महेन्द्रकुमार शाक्य ...... २४
युवाका लागि किन सुरक्षित वातावरण ? • सन्जोग ठकुरी ...... २७
अन्तर्राष्ट्रिय युवा दिवसमा भाग लिएपछि • संयोग के सी ...... ३०
स्थानीय सरकारको सफलतामा के गर्न सक्छन् युवाले ? • प्रेक्षा लामिछाने ...... ३१
युवा र दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण • बिनिता कार्की ...... ३३
विदेश जाने युवालाई कसरी रोक्ने ? • पुष्करनाथ भण्डारी ...... ३५
युवाका पीडा, विदेश पलायन र हाम्रो चिन्तन • तिलप्रसाद न्यौपाने ...... ३७
बलात्कार नियन्त्रणमा युवाको चासो र चिन्ता • सीता भण्डारी कँडेल ...... ३९
विकासमा जनसहभागिता र सुशासन • हीरा कुँवर ...... ४१
युवा लक्ष्यित कार्यक्रम गाउँगाउँ लैजाऊँ • डिल्लीप्रसाद डोटेल ...... ४३
संघीय पुर्नसंरचनामा दिगो विकास र सुशासन प्रवर्द्धनमा युवाहरुको सशक्त सहभागिता • कर्णबहादुर नेपाली ...... ४५
विपद्मा युवा र सोसल मिडिया • श्रीराम के सी ...... ४७
युवा, छातीमा हात राखेर भन – “फस्ट वी नेप्लिज” • पेशल आचार्य ...... ४९
देशजस्तै सडक पनि साझा हो • भारद्वाज मित्र ...... ५१
नेपानको २३औं कार्यकारिणी समितिको चिनारी ...... ५४
युवा सहभागिताका लागि नागरिक समाजमैत्री कानूनी वातावरणको अपरिहार्यता • उत्तम उप्रेती ...... ५६
युवा मौन बस यदि गहिरो सोच छैन भने/ज्ञानु सापकोटा ...... ६३
मैले पासपोर्ट किन “क्यान्सिल” गरें ? • जयराम दाहाल (चेतनाथ कणेलको सहयोगमा) ...... ६४
बिवाईसी बाग्लुङ : विकास यात्राका ३४ औं वर्षमा ...... ६६
पार्क रेन्जरदेखि पार्किन्सनसम्मको यात्रा • अश्विनकुमार पुडासैनी ...... ६९
गरिखानेका नाममा अब्बल वकालत ...... ७१
नेपालमा महिला विकास : अझ धेरै गर्नुपर्ने छ • बिना गुरूङ ...... ७३
सहभागिता ५१ पढेपछि मनमा उब्जेका केही कुरा ...... ७५
युवा मनोविज्ञान बुझ्न ढिलो हुँदैछ • देवेन्द्र अर्याल ‘आँसु’ ...... ७७
युवाका लागि युवासँगै योजना तर्जुमा : एक अनुभव • लीलानाथ नेपाल ...... ७८
काठमाडौं तालिम केन्द्रले दियो २० हजार युवालाई तालिम, ९५ प्रतिशत रोजगार ! ...... ८०
युवाका सवालमाथि छलफल र बहस पुगेन • रोजी जोशी ...... ८२
तपाई छुट्नु भएको त छैन नि ? ...... ८४
नेपानको नयाँ पाँचवर्षे रणनीतिमा के छ ? ...... ८९
नेपान स्रोत केन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू ...... ९०
नेपान अक्षय–कोषको हालसम्मको स्थिति ...... ९४
गुनासो सम्बोधन तथा व्यवस्थापन: किन र कसरी ? • गोबिन्द राज पौडेल • प्रणव भट्टराई • डा. भोला प्रसाद दाहाल ...... ९६

साथमा...

| जनमत: युवा सहभागिता किन र कसरी | पुस्तक समीक्षा | नेपान गतिविधिहरू |
|---|---|---|
| ५९ | ६९ | ८४ |
| | | स्रोत केन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू ९० |

सम्पादकीय

# युवाको निरन्तर रचनात्मक सहभागिताबाट मात्र समृद्धि सम्भव

प्रिय सहभागीमूलक विकासकर्मीहरु

सहभागिताको आवरण हेरेर यहाँले अनुमान लगाइसक्नु भएको हुनुपर्छ । यो पटक हामीले युवाका विषयमा सहभागितालाई केन्द्रित गरेका छौ । किनभने

नयाँ कामका पर्याय युवा ।

परिवर्तनका पर्याय युवा ।

चुनौतीका पर्याय युवा । अव समृद्धिको पर्याय पनि युवा नै हुनुपर्छ ।

युवाका प्रशंसाका शब्दहरु जति भए पनि अपुरो, अधुरो नै हुन्छ । युवाको उमेर ऊर्जावान हुन्छ । जोश, जाँगर र सक्रियताबाटै धेरै परिवर्तन भएका छन् र सम्भव छन् । ठूला कामहरू गर्दा युवाको खोजी हुने त्यसलाई पुष्टि गर्ने महत्वपूर्ण आधार हो ।

अब बदलिएको समाजको परिवर्तनका लागि युवालाई नै समेट्न अपरिहार्य छ । त्यसका लागि सबैभन्दा महत्वपर्ण पक्ष भनेको युवालाई असर पार्ने कुनै पनि कुराको निर्णय गर्नुअघि उनीहरूबीच व्यापक छलफल, परामर्श हुनुपर्छ । चाहे त्यो ससाना समुदाय, वडा एवं स्थानीयतहमा नै किन नहोस् या प्रदेश या त केन्द्रीय तहमा । सयमा ४० जना युवा भएको नेपालमा उनीहरूको सहभागिता नकार्नु भनेको युवा सहभागिता र उनीहरूको शक्तिलाई नजरअन्दाज गर्नु हो । एउटा बलियो, जोशिलो जसको तेजविना विकासका कामहरु अघि बढ्न सक्दैनन् । तर विवशता यस्तो छ कि ती युवा बेरोजगारीका कारण लुरूलुरू खाडी मलुक गई रेमिट्यान्स ल्याउने बाहकका रूपमा चिनिएका छन् । अर्थतन्त्रमा झण्डै २५ प्रतिशत योगदान यिनै युवाको छ । अझ युवा भनिरहँदा हामी युवा महिला (अर्थात् युवतीहरु) लाई कतै भुलिरहेका त छैनौं ?अतिवादी लैंगिक सोचभन्दा समानतावादी सोचले मात्र परिवर्तन आउन सक्नेमा शायदै कसैको दुइमत होला । हामी पनि समानतामा आधारित लैगिक विकास चाहन्छौं ।

नेपालको संविधान २०७२ पछि मुलुकले संघीयता पाएको छ । संघीयता भनेको शक्तिको विकेन्द्रीकरण हो र यसले आममानिसको विकासमा सहभागी हुन पाउने कुराको सनिश्चिता गर्दछ भन्ने मान्यता राखिन्छ । यो परिवेशमा आफ्नो ठाउँको योजना तयार पार्न, त्यसको कार्यान्वयन गर्न आममानिसहरूको सहभागिता अत्यन्त जरूरी छ । यस्तो कार्यमा युवाले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । उनीहरूलाई पन्छाएर हुने काम सहभागीमूलक हुन सक्दैन । युवाविना गरिएको कार्य दिगो कति रहला भन्ने अर्को प्रश्न पनि छ ।

राजनीतिक परिवर्तनमा युवाहरू परिचालित भए । अतुलनीय योगदान गरे । युवाकै संघर्षले देश गणतन्त्रात्मक बन्यो । आज देशले समृद्धि र समतामूलक समाज निर्माणको लक्ष्य रोजेको छ । त्यसैले यो लक्ष्यको बाटोमा युवालाई हिंडाउनै पर्छ । अर्कातर्फ युवाले पनि आत्मविश्वाससहित यही दृष्टि राख्नुपर्छ । अब युवाका सहभागितामा समृद्धिको अभियान सुरू गर्नैपर्छ । यो अभियान युवाहरूबाटै आउनुपर्छ र त्यो क्षमता पनि राख्छन् युवाहरूले । अनुभवी र पाका पुस्ताले सहयोगीको भमिका निर्वाह गरिदिनु पर्छ । त्यसैले, युवाका लागि लगानीको खाँचो छ । प्राविधिक ज्ञान चाहिएको छ । सामाजिक अभियन्ताका रूपमा युवालाई अघि सार्नुपर्छ । विभिन्न दलहरूले आफ्नो घोषणापत्रमा भनेझैं उनीहरूको सहभागितालाई सुनिश्चित गरिनुपर्छ । राज्यले अन्तर्राष्ट्रिय रूपमा युवाका विषयमा गरेका प्रतिबद्धता पूरा गर्न सबैसँग सहकार्य गर्न जरूरी छ ।

नेपालमा सहभागीमूलक विकासको बहस-पैरवी र प्रवर्द्धन गर्दै आएको नेपानले यसको नियमित प्रकाशन सहभागिताको यो ५२ औं अंकमा हामीले युवाका सवाल, उहाँहरूले भोग्नु परेको यथार्थ, युवा सहभागिताको महत्व, केही सैद्धान्तिक एवं व्यावहारिक पाटाहरूको सूक्ष्म विश्लेषणसहित रचनात्मक विचार तथा अनुभवहरु पस्केका हौं । यी सामग्रीहरूले युवा तथा युवासँग र युवाका लागि काम गर्ने सबैलाई महत्वपूर्ण स्रोत हुनेमा हामी विश्वस्त छौं । सामग्री उपलब्ध गराउने विकासमर्कीहरु, सम्पादन कार्यमा सहयोग गर्ने सम्पूर्ण सहकर्मीहरु तथा नेपान सदस्यहरु सबैप्रति धन्यवाद छ । विकासकर्मी पाठकहरूबाट अमूल्य सुझावको अपेक्षा गर्दछौं । अर्को अंक सहभागीमूलक विकासमा सूचना प्रविधि विशेषाङ्कको रूपमा लिएर हामी यहाँहरूसमक्ष आउने नै छौं । नजिकिँदै गरेका सम्पूर्ण महान चाडपर्वहरूको उपलक्ष्यमा हाम्रो विशेष शुभकामना पनि !

जय युवा !


वर्ष २२, अंक १-४ (संयुक्ताङ्क): पूर्णाङ्क ५२, २०७५ भदौ
जि.प्र.का. काठमाडौं दर्ता नं.: १५५/०५६/५७

**प्रधान सम्पादक**
श्रीराम के.सी.

**प्रकाशक**
**नेपाल सहभागीमूलक कार्य समूह (नेपान)**
दोभान टोल, सहयोगी नगर, जनता सडक,
कोटेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं.: १३७९१, काठमाडौं ।
फोन नं.: ९७७ ०१ ४१५४९३८
इमेल: nepan@nepan.org.np
वेबसाइट: www.nepan.org.np

**सम्पादन सल्लाहकार**
चेतनाथ कणेल
उत्तम उप्रेती

**सम्पादक**
फटिक थापा
तोया गौतम
डा. मीनाक्षी दाहाल
कृष्ण सुवेदी
डा. सञ्जु कोईराला
आशिष पाठक

**व्यवस्थापन सहयोगी**
तुलसी सापकोटा
जुन महत

**प्रेस**
क्रिएटिभ प्रेस प्रा.लि.
काठमाडौं, नेपाल
४४२९०५३/५४

**साजसज्जा**
आवास गौतम
९८५१०१८९९४

**आवरण, तस्बिर**
पर्वत जिल्ला, पिपलटारीका युवा महिला समूहका सदस्यहरु आफ्नो गाउँमा समूहका कारण आएको परिवर्तनबारे प्रस्तुति गर्दै ।
तस्बिर : प्लान इन्टरनेसनल नेपाल


**सहभागितामा प्रकाशित विचारहरू लेखकका निजी हुन् ।**


व्यक्तिगत मूल्य **रू १००/-**
संस्थागत मूल्य **रू २००/-**

राष्ट्रिय युवा नीति समीक्षा

# नेपाली युवाका लागि भइरहेका पहलहरू



● गोरखबहादुर बोगटी

## समयसापेक्ष परिवर्तनको खाँचो

**हालसम्म अवलम्बन गरिएका संवैधानिक तथा नीतिगत व्यवस्थामा आधारित भएर संघीय, प्रदेश तथा स्थानीय सरकारले युवा लक्षित व्यवहारिक नीति तथा कार्यक्रम निर्माण गर्ने र भएका युवा नीतिहरूलाई समय सापेक्षतामा परिमार्जजन गर्दै जाने गरेर युवा परिचालन र उनीहरूको योग्यता क्षमताको सदुपयोग गरी विकास र समृद्धिलाई टेवा पुऱ्याउने विषयमा विशेष ध्यान दिनु पर्दछ ।**

### युवाको परिचय

नेपालको सन्दर्भमा युवा तथा खेलकुद मन्त्रालय तथा राष्ट्रिय युवा परिषद् ऐन-२०७२ अनुसार १६ देखि ४० वर्ष उमेर भएको व्यक्तिलाई युवा भनिएको छ। तरपनि युवाको उमेरका विषयमा देशभित्रै फरकफरक निकायले फरक ढंगले परिभाषित गर्ने गरिएको पाइन्छ। नेपालकै अन्तरिम योजनाले १५ देखि २९ वर्ष उमेरका व्यक्तिलाई युवा भनेको छ। नेपाल सरकार,तत्कालीन कृषि विकास मन्त्रालयले ५० वर्षसम्मकालाई पनि युवा भित्र समेटेको पाइन्छ। यसैगरी नेपालका राजनीतिक संगठन तथा गैरसरकारी निकायले पनि युवाको उमेरलाइ फरकफरक ढंगले मापन गरेको पाइन्छ। विश्व सन्दर्भलाई हेर्ने हो भने संयुक्त राष्ट्र संघले १५ देखि २४ वर्ष उमेर भएका व्यक्तिलाई युवा भनि परिभाषित गरेको छ। यसैगरी भारतले १६ देखि २९ वर्ष, चीनले १८ देखि ३५ वर्ष, बंगलादेश र फिलिपिन्सले १५ देखि ३० वर्ष, दक्षिण अफ्रिकाले १५ देखि २९ वर्ष उमेरका व्यक्तिलाई युवा भनेको पाइन्छ।

### समृद्धिकालागि युवा

जे होस् युवा आफ्नो व्यक्तिगत जीवन, परिवार, समुदाय र देशका लागि विकास गर्न जोस जाँगर बोकेको एक होनहार व्यक्ति हो। युवा, समाज र देशको भविष्यका कर्णधारमात्र नभई वर्तमान राष्ट्र निर्माण एवम् समृद्धिका आधारशीला पनि हुन्। उनीहरूको ज्ञान, सीप र क्रियाशीलताले देशको वर्तमान विकास र समृद्धिलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ। राष्ट्र निर्माण तथा राष्ट्रको विकास एवं रुपान्तरणका लागि युवाहरूको अहम भूमिका रहने गरेको छ। कुनैपनि देशको राजनीतिक परिवर्तनमा युवाहरूको सक्रियताले विशेष भूमिका निर्वाह गरेको हुन्छ। त्यतिमात्र नभएर युवा शक्ति देशको राजनीतिक, आर्थिक र सामाजिक तथा साँस्कृतिक परिवर्तनका संवाहकनै हुन्। युवा, चाहे विद्यार्थी, मजदूर, कृषक अथवा अन्य कुनै व्यवसायमा संलग्न रहेका किन नहुन् उनीहरू जुन जुन आन्दोलनमा सक्रिय सहभागी हन्छन् ती आन्दोलनहरू सफल भएका उदाहरणहरू छन्। यसो पनि भन्न सकिन्छ कि देशको कुनैपनि परिवर्तन युवाहरू जागेको र आन्दोलनमा होमिएको बेला सफल हुने गरेको छ। सरकार तथा अन्य कुनै निकायबाट भएका अन्यायपूर्ण कार्यको तत्काल विरोध गरी नागरिकको पक्षमा सुधार गराउने कार्यमा युवाकै अग्रिम भूमिका रहदै आएको छ। अर्थात समृद्ध राष्ट्र निर्माणका लागि पनि युवाशक्ति परिचालनको अपरिहार्य छ।

### राष्ट्रिय युवा नीतिबारे सङ्क्षिप्त ऐतिहासिक पृष्ठभूमि

समृद्ध राष्ट्र निर्माणका लागि युवा शक्ति परिचालनको आवश्यकता छ। युवाहरूको सर्वपक्षीय क्षेत्रमा रहेको अहम भूमिकालाई ध्यानमा राखेरनै नेपालमा २०५२ सालतिरबाट सरकारी तथा गैरसरकारी क्षेत्रबाट युवाका सवालमा विशेष नीति निर्माण गरेर अघि बढ्नु पर्दछ भन्ने बहसको थालनी भएको पाइन्छ। उक्त बहसको परिणामबाटै सोही साल केदारभक्त माथेमाको संयोजकत्वमा एक उच्चस्तरीय कार्यदल गठन गरेर युवा नीति निर्माण गर्ने काम भएको थियो। तर उक्त नीति कार्यान्वयनमा आउन सकेन। त्यसको लामो समयपछि एकैपटक युवासँग सम्बन्धित सम्पूर्ण सवालहरूका बारेमा नीतिनियम निर्माण एवम् कार्ययोजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनलगायतका विषयमा नेतृत्व गर्नका लागि एक छुट्टै मन्त्रालयको स्थापना गर्नुपर्ने विषय विशेषगरी युवाहरूकै तर्फबाट टड्कारो रुपमा उठेको थियो। जसको परिणामस्वरुप राष्ट्रिय विकासमा युवाहरूको वृहत्तर सहभागिता तथा परिचालन एवं खेलकुद क्षेत्रको विकास र विस्तार गर्न युवा तथा खेलकुदसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने उद्देश्यले तत्कालीन नेपाल सरकारले २०६५ भाद्र १५ गते युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो। यसको स्थापनासँगै युवाहरूको आधारभूत अधिकारको प्रत्याभूतिगर्दै उनीहरूलाई नेतृत्वदायी भूमिकामा स्थापित गराई राष्ट्र निर्माणमा प्रमुख साझेदार बनाउने तथा खेलकुदमार्फत राष्ट्रको प्रतिष्ठा बढाउँदै मुलुकमा स्वस्थ, अनुशासित, स्वावलम्बी र मर्यादित नागरिक तयार गर्ने सरकारको उद्देश्य रहेको पाइन्छ। यो मन्त्रालयको अगुवाईमा युवाका लागि परिचालन कार्यक्रम, क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रम र उनीहरूका लागि सहयोग तथा सहकार्य कार्यक्रम सञ्चालनगर्दै आइरहेको छ। साथै युवासँग सम्बन्धित

**वर्तमान सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्यमा युवाहरूका विकास र परिचालनमा केन्द्रित महत्वपूर्ण विषय खासै समेटिएको देखिँदैन ।**

विभिन्न सवालहरूको सम्बोधन गर्नका लागि नीति निर्माण एवम् रचनात्मक कार्यहरूको थालनी भएको थियो । मन्त्रालय स्थापनापश्चात २०६६ सालमा राष्ट्रिय युवा नीति निर्माणका लागि एक उच्चस्तरीय कार्यदल गठन गरियो र त्यही कार्यदलले राष्ट्रिय युवा नीति-२०६६ को तर्जुमा गरेको हो । यो नीतिबाट निर्देशित भई युवा लक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन हुन थालेका हुन् । साथै यो नीतिले युवाहरूको समग्र विकासका निमित्त राष्ट्रिय युवा परिषद्को गठन गर्नुपर्ने कुरा औंल्याएको थियो । यही नीतिको जगमा पछिल्ला दिनहरूमा परिषद्, नियमावली तथा निर्देशिका निर्माण गरी युवा सरोकारका गतिविधिमा विस्तार गर्ने काम हुँदै आएको छ ।

## युवा विकास तथा परिचालनका लागि भएका नीतिगत पहल तथा कार्यक्रमहरू

नेपाल सरकारले विगत वर्षहरूदेखि हरेक वर्ष आफ्नो बार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यक्रममा युवाहरूलाई लक्षित गरेर शिक्षा, व्यक्तित्व, क्षमता अभिवृद्धिमार्फत उद्यमशीलता प्रवर्द्धन गर्ने, युवाहरूलाई व्यवसाय, रोजगारी, स्वरोजगारी तथा आयआर्जन गर्ने तथा उद्यमशीलता वृद्धि लक्षित तालिम तथा प्रशिक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने । यसको साथै स्वदेशी रोजगारी सिर्जना गरी बेरोजगार युवा समस्यालाई सक्रियरुपमा समाधान गर्ने, समाजमा विद्यमान गरिबी, छुवाछुत, जातीय विभेद निराकरण गर्नेलगायतका विषयमा सरोकारवाला संस्थासँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रम सञ्चालन गर्न राष्ट्रिय विकासको नेतृत्व र नीति निर्माणको तहमा युवालाई पुऱ्याउन तिनलाई नेतृत्व र नीति निर्माणसम्बन्धी विषयहरूमा क्षमता अभिवृद्धि गर्ने लगायतका कार्यक्रमहरू राख्दै आएको पाइन्छ ।

### *युवा सहभागिता वृद्धिका लागि प्रयास*

नेपालको चौधौं योजनाको उद्देश्य, रणनीति तथा दीर्घकालीन सोचमा पनि युवाको दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक, सामाजिक विकासमा युवा सहभागिता अभिवद्धि गर्ने, युवालाई सर्वाङ्गीण राष्ट्र निर्माणको सम्वाहक बनाउनु । युवालाई प्राविधिक शिक्षा तथा सीपमूलक तालिममार्फत दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने, राज्यका सबै तहको नीति तथा निर्णय प्रक्रियामा युवा सहभागिता बढाउनेलगायतका महत्वपूर्ण सवालहरू समावेश गरिएको पाइन्छ । बेरोजगार युवाहरूलाई रोजगारी प्रदान गर्नका लागि आर्थिक वर्ष २०६५/०६६ को बजेट वक्तव्य मार्फत 'युवा तथा साना व्यवसायी रोजगार कोष' कार्यक्रम ल्याइएको थियो । यसबाट पनि युवाहरूलाई बिना धितो ऋण उपलब्ध गराई रोजगारी सिर्जना गर्ने प्रयत्न गरिएको पाइन्छ । तर यो कार्यक्रम पनि त्यति प्रभावकारी भएको देखिँदैन ।

नेपालको संविधानको भाग ४ को धारा ५१ मा उल्लेखित राज्यका नीतिहरू शीर्षकअन्तर्गत ञ को सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अन्तर्गत नं.७ मा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदानगर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर पैदा गर्ने भनी उल्लेख गरिएको छ ।

संघीय सरकारले आर्थिक बर्ष २०७५/०७६ को बजेट बक्तव्यमा युवाहरूका विकास र परिचालनमा केन्द्रित महत्वपूर्ण विषय खासै समेटिएको देखिँदैन । तरपनि उनीहरूको शारीरिक तथा मानसिक विकासका लागि भन्दै सिधै खेलकुदको सवाललाई उजागर गरेको देखिन्छ । युवाहरूको सीप तथा क्षमतामा विकास गरी स्वरोगार बनाउने, उनीहरूलाई रचनात्मक क्रियाकलापमा सरिक गराउनेलगायतका विषयलाई ध्यानमा राखेर राष्ट्रिय युवा परिषद् नीति-२०७२ र यसको मातहतमा निर्माण गरी सोको आधारमा केन्द्रमा राष्ट्रिय युवा परिषद्को गठन गरिएको थियो । सो परिषद्अन्तर्गत ७७ वटै जिल्लामा युवा विकास समिति गठन गरिएका छन् । साथै केन्द्रीय युवा सूचना केन्द्र स्थापना भइ सञ्चालनमा छ । तर संरचनाको अन्यौलता, भौतिक, आर्थिक तथा मानवीय जनशक्तिको समस्याले गर्दा जिल्लामा युवा विकास समितिहरू त्यति चलायमान हुन सकेको पाइएन । हाल यी समितिहरूलाई जिल्ला समन्वयमा राखिएको छ ।

### *चुनावी घोषणामा युवाका कुरा*

बि.स.२०७४ को प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका बेला तत्कालीन नेकपा एमाले र माओवादी केन्द्रले चुनावी साझा घोषणा पत्रमार्फत आम नागरिकसामु संयुक्तरुपमा अघि सारेको साझा घोषणा पत्रमा युवाहरूलाई रुपान्तरणका संवाहक र नेतृत्वका साझेदारका रुपमा विकास गर्ने, समाजका राजनीतिक र आर्थिक क्षेत्रका जिम्मेवारी सम्हाल्न युवा नेतृत्व विकास गर्ने, उद्यमशीलता बृद्धिगरी युवालाई स्वरोजगारतर्फ आकर्षित गरिने, हिंसा दुर्व्यसन र अराजक काममा युवालाई दुरुपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रण गरिने, युवाहरूलाई स्वयंसेवामा उत्प्रेरित गरी राष्ट्र निर्माणमा परिचालन गरिने, शिक्षित र दक्ष युवालाई देशभित्रै उच्च पारिश्रमिक आधारित रोजगारी सिर्जना गरिने लगायतका विषयहरू समावेश गरिएका छन् ।

### *युवाको विकास र परिचालनामा कम चासो*

आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यमा पनि युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रम विस्तार गरिने, कृषि, पशुपंक्षी, उद्योग, वन क्षेत्रबाट सञ्चालित उत्पादन बृद्धि र सेवा क्षेत्रका कार्यक्रमहरूमा युवाहरूलाई प्राथमिकता दिइने, उत्पादन, रोजगारी र आयआर्जनका अवसरहरू सिर्जना गर्न १० युवा एक उद्यम कार्यक्रम ल्याएको थियो । वर्तमान सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्यमा युवाहरूका विकास र परिचालनमा केन्द्रित महत्वपूर्ण विषय खासै समेटिएको देखिँदैन । उनीहरूको शारीरिक तथा मानसिक विकासका लागि भन्दै सिधै खेलकुदको सवाललाई उजागर गरेको देखिन्छ । तरपनि सो वक्तव्यमा युवाहरूलाई लक्षित गरेर शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण दिने कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रम प्रस्तुत गरेको छ । यसले पनि बेरोजगार युवाहरूलाई रोजगार प्रदान गर्न सघाउने आशा गर्न सकिन्छ । तर कार्यान्वयनमा कमजोरी रहदै आएको विगतको तीतो यथार्थताका कारण युवाहरूलाई उक्त कार्यक्रमले खासै हौसला प्रदान गरेको पाईदैन ।

## राष्ट्रिय युवा नीति-२०७२ लाई हेर्दा :

देशमा पहिलो पटक निर्माण भएको राष्ट्रिय युवा नीति-२०६६ ले हरेक ५ वर्षमा युवा नीति परिमार्जन गर्नुपर्छ भनेर उल्लेख गरेको थियो । सो नीतिमा युवाहरूको समग्र विकासका निमित्त राष्ट्रिय युवा परिषद्को गठन गर्नुपर्ने कुरा औंल्याएको थियो । सोही प्रावधानअनुसार अलिकति ढिलै भएपनि युवा तथा खेलकुद मन्त्रालयले २०७२ सालमा राष्ट्रिय युवा नीति परिमार्जन तथा युथ भिजन-२०२५ तथा दशवर्षे रणनीतिक योजना निर्माण कार्यदल गठन गरेको थियो । सो कार्यदलले राष्ट्रिय युवा नीति २०६६ को परिमार्जन स्वरुप राष्ट्रिय युवा नीति-२०७२ निर्माण गरेको थियो । सोही कार्यदलले राष्ट्रिय युवा नीतिलाई एक मार्गदर्शक नीतिको रुपमा लिई यसको कार्यान्यनका लागि युथ भिजन २०२५ निर्माण गरेको छ । युवाहरूको उमेरलाई आधार मानेर युथ भिजन २०२५ ले १६ देखि २४ वर्ष उमेर समूहका युवाहरूलाई शिक्षा, व्यक्तित्व र सीप विकासको चरण मानिएको छ भने २५ देखि ४० वर्षको उमेर समूहका युवाहरूलाई व्यवसाय, रोजगारी, स्वरोजगारी र आयआर्जन गर्ने समयको रुपमा प्राथमिकता निर्धारण गरी परिभाषित गरिएको छ ।

### *युवा नीतिका पाँच आधारस्तम्धहरु*

युवा नीतिको मार्ग दर्शनमा युवाको विकास र परिचालन गर्नका लागि निर्माण भएको युथ भिजन २०२५ ले नेपाली युवालाई सवल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै उनीहरूको सार्थक सहभागिता र नेतृत्व क्षमताको विकासमार्फत आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल निर्माण भएको हुनेछ भनेको छ । यसको दीघकालीन लक्ष्य, जीवनपयोगी शिक्षा, रोजगार, स्वास्थ्य र सामाजिक सुरक्षालगायतका युवा विकासका क्षेत्रमा व्यापक लगानी गरी आम युवा सहभागिता, सहकार्य र नेतृत्व विकासमार्फत आगामी १० वर्षभित्र राष्ट्रिय समृद्धि, समानता र सामाजिक न्याय हासिलगर्दै देशलाई अतिकम विकसित राष्ट्रबाट द्रुत विकासशील राष्ट्रमा पुऱ्याउन सक्षम जनशक्ति तयार गर्ने छ । राष्ट्रिय युवा नीतिमा ५ वटा महत्वपूर्ण आधारस्तम्भहरू समावेश गरिएका छन् । जस्तैः १.गुणस्तरीय र व्यवसायिक शिक्षा २.रोजगारी, उद्यमशीलता र सीप विकास ३.स्वास्थ्य र सामाजिक सुरक्षा ४.युवा परिचालन,सहभागिता र नेतृत्व विकास ५.खेलकुद र मनोरञ्जन । यी स्तम्भहरूले युवाको विविध क्षेत्रको विकास र परिचालनमा प्रत्यक्ष सरोकार राख्दछन् ।

### *युवासम्बन्धी नीतिगत व्यवस्थाहरु*

राष्ट्रिय युवा नीतिको मार्ग दर्शनमा राष्ट्रिय युवा परिषद् ऐन-२०७२ निर्माण गरी सोको आधारमा राष्ट्रिय युवा परिषद् नियमावली निर्माण गरिएको छ । यसैको आधारमा केन्द्रमा राष्ट्रिय युवा परिषद्को गठन गरिएको थियो । युवाहरूको सीप तथा क्षमतामा विकास गरी स्वरोगार बनाउने, उनीहरूलाई रचनात्मक क्रियाकलापमा सरिक गराउनेलगायतका विषयलाई ध्यानमा राखी राष्ट्रिय युवा परिषद् ऐन-२०७२ र यसको मातहतमा राष्ट्रिय युवा परिषद् नियमावली निर्माण गरिएको छ । यिनको आधारमा केन्द्रमा राष्ट्रिय युवा परिषद्को गठन गरिएको थियो । सो परिषद्अन्तर्गत ७७ वटै जिल्लामा युवा विकास समिति गठन गरिएको साथै केन्द्रीय युवा सूचना केन्द्र स्थापना भइ सञ्चालनमा छ । तर संरचनाको अन्यौलता, भौतिक, आर्थिक तथा मानवीय जनशक्तिको समस्याले गर्दा जिल्लामा युवा समितिहरू चलायमान हुन सकेको थिएनन् । राष्ट्रिय युवा नीति-२०७२ र युथ भिजन-२०२५ को मर्म र भावनालाई ध्यानमा राख्दै युवाहरूको क्षमता विकासको माध्यमबाट उनीहरूलाई उद्यमी, सीपयुक्त, स्वरोजगारी



तथा आत्मनिर्भर बनाउने ध्येयले राष्ट्रिय युवा परिषद्ले युवा सीप तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन निर्देशिका-२०७३ र युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका-२०७३ निर्माण गरेको छ ।

**युवाहरूलाई व्यापकरूपमा परिचालन र उनीहरूको योग्यता तथा क्षमताको सदुपयोग गरी विकास र समृद्धिलाई टेवा पुऱ्याउने विषयमा विशेष ध्यान दिनु पर्दछ । यसका लागि आर्थिक तथा भौतिक श्रोतको उचित व्यवस्था हुनु पर्दछ ।**

पहिलो राष्ट्रिय युवा नीतिलाई परिमार्जन गरेर नयाँ युवा नीति निर्माणगर्दै गर्दा कार्यदलको तर्फबाट देशका ५ स्थानमा संक्षिप्त छलफल कार्यक्रम सञ्चालन गरेको र देशको विभिन्न भागको प्रतिनिधित्व गर्नेगरी केही युवाहरूलाई काठमाडौंमा उपस्थित सुझाव संकलन गरिएको देखिन्छ । त्यो छलफल कार्यक्रमलाई विस्तार गरेर कम्तिमा तत्कालीन सबै जिल्ला सदरमुकामा युवाहरूको भेलागरी सुझाव लिन सकेको भए अझै राम्रो र बढी उपलब्धिमूलक हुनसक्ने आशा गर्न सकिन्छ । किनकि देशको विविधतामा बसोबास गरिरहेका युवाहरूको सहभागिता उनीहरूको आफ्नै जिल्लामा गराएर सुझाव संकलन गर्न सकेको भए यो नीतिमा अझै थप महत्वपूर्ण सवालहरू समेटिन सक्ने र यो नीतिप्रति देशको सबैभागमा रहेका युवाहरूको यसप्रति अझ बढी अपनत्व बढाउन सकिने विषयको आशा गर्न सकिन्छ । तरपनि राष्ट्रिय युवा नीति-२०७२ मा समावेश गरिएका सवालहरूले नेपाली युवाहरूका अधिकांश सवाहरूलाई समेटेको पाइन्छ । यसमा समावेश गरिएका युवाका विषयहरूका बारेमा आलोचनानै प्रकट गर्नु पर्ने खासै देखिँदैन । तर मुलुक संघीय संरचनामा गइसकेपछि राष्ट्रिय युवा परिषद् ऐनको संशोधन मस्यौदामा जिल्लामा युवा विकास समिति खारेज गरी संघीय संरचना अनुसार केन्द्रमा राष्ट्रिय युवा परिषद्, प्रदेशमा प्रदेश युवा परिषद् र स्थानीय तहमा गाउँ तथा नगर युवा परिषद् बनाउने उक्त संशोधित ऐनमा प्रस्ताव गरिएको कुरा राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधव ढुंगेलबाट जानकारीमा आइसकेको छ । यो स्वभाविक विषय पनि हो ।

हालसम्म अवलम्बन गरिएका संवैधानिक तथा नीतिगत व्यवस्थामा आधारित भएर संघीय, प्रदेश तथा स्थानीय सरकारले युवा लक्षित व्यावहारिक नीति तथा कार्यक्रम निर्माण गर्ने र भएका युवा नीतिहरूलाई समयसापेक्षतामा परिमार्जजन गर्दै जाने गरेर युवा परिचालन र उनीहरूको योग्यता क्षमताको सदुपयोग गरी विकास र समृद्धिलाई टेवा पुऱ्याउने विषयमा विशेष ध्यान दिनु पर्दछ । युवाहरूको सीप तथा क्षमतामा विकास गरी स्वरोगार बनाउने, उनीहरूलाई रचनात्मक क्रियाकलापमा सरिक गराउनेलगायतका विषयलाई ध्यानमा राखेरनै राष्ट्रिय युवा परिषद् ऐन-२०७२ र यसको मातहतमा राष्ट्रिय युवा परिषद् नियमावली-२०७३ निर्माण गरिएको हो ।

***समयसापेक्ष नीतिहरुमा परिवर्तनको खाँचो***

राष्ट्रिय युवा परिषद् नीति, युथ भिजन २०२५ र दिगो विकासका लक्ष्य प्राप्तिलाई दृष्टिगत गरी युवाको क्षमता विकास तथा परिचालन, स्वयम्सेवा तथा विपद व्यवस्थापनमा युवा सहभागिता, विपन्न कर्जा प्रवाहबाट रोजगार तथा स्वरोजगार सिर्जनालगायतका क्रियाकलापमा केन्द्रित भई समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य हासिल गर्न सकिने आशा सरकारले गरेको पाइन्छ । यो स्वागतयोग्य कुरा हो । तर सरकारको तर्फबाट यसको व्यवहारिक कार्यान्वयन गर्ने पक्षमा हेर्ने हो भने त्यति सन्तोषजनक देखिँदैन । राष्ट्रिय युवा नीति, नेपालको संविधान, सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लेख भएका विषयहरू र सम्बन्धित मन्त्रालय, युवा परिषद्ले निर्माण गरिएका नीतिनियम, नियमावली, निर्देशिका तथा कार्यक्रम र राजनीतिक दलहरूका प्रतिवद्धतालाई कार्यान्वयन गर्नका लागि सम्बन्धित निकायनै बढी क्रियाशील हुन जरुरी देखिन्छ । हालसम्मका अनुभवले राष्ट्रिय युवा नीतिले निर्माण गरेका नीति तथा कार्यक्रमहरू राम्रा भएपनि युवाको हितमा प्रभावकारी ढंगले कार्यान्वयन हुनसक्ने विषयमा धेरैले विश्वास गर्न सकिरहेका छैनन । अतः हालसम्म अवलम्बन गरिएका संवैधानिक तथा नीतिगत व्यवस्थामा आधारित भएर संघीय, प्रदेश तथा स्थानीय सरकारले युवा लक्षित व्यवहारिक नीति तथा कार्यक्रम निर्माण गर्ने र भएका युवा नीतिहरूलाई समयसापेक्षतामा परिमार्जजन गर्दै जाने विषयमा अझै ध्यान दिनु पर्दछ ।

युवाहरूलाई व्यापकरुपमा परिचालन र उनीहरूको योग्यता तथा क्षमताको सदुपयोग गरी विकास र समृद्धिलाई टेवा पुऱ्याउने विषयमा विशेष ध्यान दिनु पर्दछ । यसका लागि आर्थिक तथा भौतिक श्रोतको उचित व्यवस्था हुनु पर्दछ । हालसम्म अवलम्बन गरिएका संवैधानिक तथा नीतिगत व्यवस्थामा आधारित भएर संघीय, प्रदेश तथा स्थानीय सरकारले युवा लक्षित व्यवहारिक नीति तथा कार्यक्रम निर्माण गर्ने र भएका युवा नीतिहरूलाई समय सापेक्षतामा परिमार्जजन गर्दै जाने गरेर युवा परिचालन र उनीहरूको योग्यता क्षमताको सदुपयोग गरी विकास र समृद्धिलाई टेवा पुऱ्याउने विषयमा विशेष ध्यान दिनु पर्दछ । हाल आएर युवा नीतिले अघि सारेका महत्वपूर्ण सवालहरूलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि सरकारको यो प्रक्रियाले राष्ट्रिय युवा नीति र त्यसको मार्गदर्शनमा बनेको राष्ट्रिय युवा परिषद्ले परिलक्षित गरेका उद्देश्य, निर्माण गरेका निर्देशिका र कार्यक्रमहरू कार्यान्वयन गर्ने गराउने विषयमा कमजोरी रहन सक्ने देखिन्छ ।

**सन्दर्भ सामग्रीः**


१. नेपालको संविधान
२. राष्ट्रिय युवा नीति-२०७२
३. युथ भिजन-२०२५
४. राष्ट्रिय युवा परिषद् ऐन-२०७२
५. राष्ट्रिय युवा परिषद् नियमावली-२०७३
६. युवा दर्पण-२०७४,राष्ट्रिय युवा परिषद्
७. तत्कालीन नेकपा एमाले र माओवादी केन्द्रको चुनावी घोषणापत्र - २०७४
८. सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्य-२०७५


*(बोगटी नेपान सदस्य एवं हुम्ला जिल्लाका पूर्वसभासद हुनुहुन्छ ।)*
इमेल : gbogati@gmail.com

# नेपालमा युवा जनशक्तिको परिचालन : किन र कसरी ?



● गम्भीरबहादुर हाडा

**युवालाई प्राविधिक शिक्षा तथा सीपमूलक तालिममार्फत् दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने, राज्यको सबै तहको नीति तथा निर्णय प्रक्रियामा युवा सहभागिता बढाउने, युवालाई विपद् व्यवस्थापन, सामाजिक विकास, वातावरण संरक्षण, खेलकुदलगायतका क्षेत्रमा स्वयंसेवकको रूपमा परिचालन गर्नुपर्छ । खेलकुद, योगाभ्यास र सामाजिक क्रियाकलापमा युवाहरूको संलग्नता बढाउने रणनीतिका साथ युवाका कार्यक्रमलाई सफल पार्न प्रयास गर्नु पर्दछ ।**

राष्ट्रिय जनगणना २०६८ अनुसार हाम्रो देशमा किशोरकिशोरीको जनसंख्याले कूल जनसंख्याको झण्डै २४ प्रतिशत भाग ओगटेको छ । त्यस्तै प्रकारले झण्डै २० प्रतिशत जनसंख्याको भार युवायुवतीले ओगटेका छन् । यसो गर्दा युवावस्थामा रहेका व्यक्तिको जनसंख्या करिब ४४ प्रतिशत हुन आउँछ । नेपालको राष्ट्रिय युवा नीति २०६६ ले १६-४० वर्षको उमेर समूहलाई युवा जनाउँछ । कुल जनसंख्याको ८३ प्रतिशत ग्रामीण क्षेत्रमा र १७ प्रतिशत शहरमा बसोबास गर्दछन् ।

## युवा : कर्मठ जनशक्ति

संख्यात्मक र गुणात्मक दुवै दृष्टिकोणले युवावर्गलाई मुलुकको सबैभन्दा महत्वपूर्ण वर्गका रुपमा लिइन्छ । युवावर्गलाई राष्ट्रनिर्माणको कर्मठ र सक्रिय जनशक्तिको रुपमा लिने गरिन्छ । युवावर्ग राष्ट्रको मेरुदण्ड हुन् । मुलुकलाई विकासको अग्रपंक्तिमा लैजानका लागि युवावर्गको महत्वपूर्ण र अग्रगामी भूमिका तथा योगदान रहने कुरालाई कसैले नकार्न सक्दैन । तसर्थ देशविकासमा यस वर्गलाई स्तम्भको रुपमा स्वीकार गरिन्छ । तर राष्ट्रनिर्माणमा युवावर्गको यत्रो महत्वपूर्ण भूमिका र दायित्व रहँदा रहँदै पनि युवावर्गमा विभिन्न किसिमका चुनौतीहरू छन् ।

अधिकांश युवावर्ग आत्मविश्वासको कमीबाट ग्रसित छ । विभिन्न कारणहरूले गर्दा उनीहरूलाई मुलुकको आर्थिक तथा सामाजिक विकासमा अपेक्षित रुपले परिचालन गर्न सकिएको छैन । युवाशक्तिलाई ठोस रुपमा परिचालन गर्ने उद्देश्य लिई २०५२ असोज ६ गते युवा, खेलकुद तथा संस्कृति नामक छुट्टै मन्त्रालय गठन भयो । तर २०५८ मा युवा र खेलकुद शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत एउटा शाखाका रुपमा कार्यरत रहेको छ । मन्त्रालयको खेलकुद तथा युवा कार्यक्रम शाखाले युवासम्बन्धमा विगतदेखि विभिन्न क्रियाकलापहरू जस्तैः युवापरिचालन, युवानिबन्ध प्रतियोगिता सञ्चालन, अन्तर्राष्ट्रिय युवा दिवस मनाउने कार्य, युवानीतिको मस्यौदा निर्माण, खेलकुद प्रतियोगिता सञ्चालन, युवा बुलेटिन प्रकाशन, युवा अनुभव आदानप्रदान कार्यक्रम, गैरसरकारी संघसंस्थासँग सहकार्य आदि सञ्चालन गर्दै आएको छ ।

नेपालमा रोजगारीको लागि औद्यौगीकरणलाई बढावा दिने सरकारी नीति भए पनि रोजगारीको अवसरमा उल्लेखनीय ह्रास आएको छ । केन्द्रीय तथ्यांक विभागले तयार गरेको औद्योगिक गणना २०५९ को प्रतिवेदन अनुसार २०५४ को तुलनामा २०५९ मा संचालनमा रहेको १० वा यस भन्दा बढी रोजगारी दिने उद्योगहरूको संख्या ३ सय ४४ ले घटेको छ । प्रमुख रूपमा औद्योगिक उनी गलैंचा, टेक्सटायल र तयारी पोशाक उद्योगहरूको संख्यामा व्यापक ह्रास आएको छ । उनी गलैंचा उद्योगका कर्मचारीहरूको संख्या पनि धेरै घटेको छ । थोरैमात्र भएका ती उद्योगहरू बन्द भएकोले रोजगारीका अवसरहरू पनि गुमेका छन् ।

यस्तो परिस्थितिमा ७ वर्ष अघि सरकारले राष्ट्रिय युवा नीति २०६६ ल्याएको थियो धेरै कुरा समेटिएको हेर्दा राम्रो देखिएको उक्त नीतिमा उल्लेख भए अनुसार ५ वर्षको अवधिमा खासै कार्यान्वयन गर्न सकिएको देखिदैन् दोस्रो संविधान सभाको निर्वाचन पछि युवा विकासको दुरदृष्टि तय गरी आगमी १० वर्षको लक्ष्य र सूचक तयार गर्ने, युवा विकासका मुलभुत आभार स्तम्भहरू तयार गने युवानीति २०६६ ले निष्दिष्ट गरेका नीति र कार्यनीतिहरूलाई कार्यन्वयनको लागि मार्गदर्शन गर्ने, युवाक्षेत्रको विकासका मुल समस्या , चुनौति र सम्भावनाको पहिचानगरी योजना कार्यक्रम तयार गर्ने , राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास लक्ष्यसंग एकाएक गर्दे सबल सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर युवा तय गर्ने उद्देश्यका साथ भिजन २०१५ कार्यदल गठन भएको छ । युथभिजन २०२५ को उद्देश्य दुरदृष्टि र दीर्घकालिन लक्ष्यलाई पुरागर्नको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्था, उद्योग व्यावसायी, विषय विज्ञ, अर्थविद्धका साथै हामीसंग भएका श्रोत साधनको प्रयोग र कार्ययोजना सहित १० वर्षमा नेपाली युवाहरूको क्षेत्रमा केही परिवर्तन देखिने कुरा उल्लेख गरिएको छ । तर भिजनलाई पुरागर्न ४०.३४ प्रतिशत जनसंख्या ओगटेको युवाहरूलाई संम्बोधन गर्ने युवा मन्त्रालयसंग एकलै केहीपनि छैन् तसर्थ युवा सरोकार राख्ने राष्ट्रिय योजना आयोग देखि सबै मन्त्रालयहरू पार्टी, दातृ निकाय

तथा उद्योगीहरूको साथ सहयोग आवश्यक रहेको छ ।

## श्रम बजार, युवा र विदेश पलायनका बहुसन्दर्भ

नेपालमा कुल जनसङ्ख्याको करिब ३० प्रतिशत अर्द्धबेरोजगार जनशक्ति रहेको अनुमान छ । वर्तमान अवस्थामा वार्षिक ४ लाख ५० हजारभन्दा बढी व्यक्ति श्रम बजारमा प्रवेश गर्दछन् । देशभित्र पर्याप्त रोजगारीका अवसरहरू नभएकोले दैनिक सयौं व्यक्ति रोजगारीका लागि विदेशिनु परिरहेको स्थिति छ । हालको अवस्थालाई हेर्दा, वैदेशिक रोजगार विभागको पुनर्गठन र सुधार कार्ययोजनाको कार्यान्वयन, बेरोजगारहरूको लगत सङ्कलन, न्यूनतम ज्याला दर निर्धारण, वैदेशिक रोजगारको क्रममा समस्यामा परेका नेपालीहरूको उद्धार तथा आर्थिक राहतको व्यवस्था, आप्रवासन सूचना केन्द्रको स्थापना, श्रम सहचारीको व्यवस्था, विभिन्न मुलुकसँगश्रम सम्झौता, बालश्रम गुरुयोजनाको तर्जुमा, निकृष्ट प्रकृतिका श्रममा संलग्न बालश्रमिकको उद्धार, दिवा शिशु स्याहार तथा अनौपचारिक शिक्षा केन्द्रहरूको सञ्चालन हुनु आदि यस क्षेत्रका केही उपलब्धि हुन् । वैदेशिक रोजगारीको लागि हालसम्म १०९ मुलुक खुल्ला गरिएको, आर्थिक वर्ष २०६९/७० सम्म नेपालबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा (भारत बाहेक) जानेहरूको संख्या करिब ३० लाख पुगेको पाइन्छ ।

जबसम्म समग्र युवा वर्ग रोजगारीमा संलग्न हुँदैन तवसम्म न मुलुकको आर्थिक विकासले गति लिन सक्छ न अशान्ति कम हुन्छ, न त अपराधिक घटनामा नै कमि आउँछ । पछिल्लो तथ्याङ्क अनुसार विभिन्न मुलुकमा दैनिक १ हजार ५ सयभन्दा बढी युवा विदेशिएका छन् । विगत ५ बर्षको अनुभव हेर्दा बर्षेनी २५ प्रतिशत भन्दा बढी युवा विदेसिँदै छन् । यसै अनुपातमा तराईबाट पनि युवाहरू पलायन भइरहेका छन् ।

युवा पलायनले कृषि धरासायी भएकै छ । वैदेशिक रोजगारीले दशमा फाइदामात्र पुऱ्याएजस्तो देखिएपनि केही समययता यो क्षेत्र फाइदासँगै अनेक खाले चुनौती र बिकृतिहरूको चाङले घेरिन पुगेको देखिन्छ । वैदेशिक रोजगारीमा जानेहरूमध्ये ७५ प्रतिशत अदक्ष छन् । यसकै कारणले थ्रिडी अर्थात कठिन, खतरनाक र फोहोरी काम गर्न बाध्य छन् । वैदेशिक रोजगारीमा जाने अधिकांश महिला अशिक्षित, अदक्ष र ग्रामिण क्षेत्रका छन् जसका कारणले गर्दा यस क्षेत्रसँग सम्बन्धित समस्या बढ्दै गएको छ ।

अन्तर्राष्ट्रिय रुपमा हेर्दा सन् २०१४।१५ मा विश्व बैंङ्कले निकालेको एक प्रतिवेदन अनुसार विदेशमा काम गर्ने नेपालीले सन् २०१४।१५ मा कुल गार्हस्थ उत्पादन (जिडिपि) को तुलनामा २९.२ प्रतिशत रकम अर्थात रेमिट्यान्स आफ्नो देश (नेपाल) पठाएका थिए । यसरी सन् २०१४/०१५ मा जिडिपीको अनुपातभन्दा बढी रेमिट्यान्स भित्र्याउने पाँच देशमा नेपाल तेश्रो स्थानमा रहन सफल भएको थियो पहिलोमा ताजिकिस्तान ४१.०१ प्रतिशत दोश्रोमा किर्गिस्तान ३०.०३ प्रतिशत तेश्रोमा नेपाल २९.२ प्रतिशत भित्र्याउन सफल मुलुक हो ।

**नेपालको संविधान २०७२ को धारा ५१ को राज्यका नीतिहरूमा राष्ट्रिय विकासमा युवा सहभागिताको अभिबृद्धि गर्दे, राजनैतिक, आर्थिक , सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने उल्लेख छ ।**

नेपालको अर्थतन्त्रमा रेमिट्यान्सको योगदान कुल गार्हस्थ उत्पादनमा करिब २८ प्रतिशत पुगेको छ भने कृषि क्षेत्रको योगदान घट्दो छ । विश्वका पांच सबैभन्दा बढी रेमिट्यान्स भित्र्याउने देशमा नेपाल पनि परेकोले यो पेसा वा व्यवसाय नेपालीका लागि रहरको बनेको छ । औपचारिक क्षेत्रबाट रेमिट्यान्स आप्रवाहको आकार बार्षिक करिब रु.६०० अर्बको भएपनि अनौपचारिक क्षेत्रको रेमिट्यान्स पनि सो बराबर नै मानिन्छ । तसर्थ औपचारिक र अनौपचारिक क्षेत्रबाट गरी बार्षिक सालाखाला रु.१० खर्ब बराबरको रेमिट्यान्स नेपालमा भित्रिएको मानिन्छ । कुल आप्रवाहको रेमिट्यान्सको उत्पादनशिल क्षेत्रमा प्रयोग मुस्किलले ३ प्रतिशत पनि देखिँदैन । रेमिट्यान्सले नेपालीको उपभोग, रहनसहन, बसाइसराई जीवनशैलीमा राम्रै परिवर्तन गराएको भए पनि बेरोजगारी, बचत, उत्पादन, पूर्वाधार विकास लगानी आदिमा तात्विक फरक ल्याउन सकेको देखिँदैन । रेमिट्यान्सले समाजमा संस्कार, संस्कृति, सद्भाव र परम्परामा छाया पारेको पनि आभास गरिएको छ । नेपालले अव चाहेर पनि बैदेशीक रोजागरको अवसरलाई संकुचन गर्न सक्दैन तसर्थ करिब ५० लाख नेपालीले पठाएको रेमिट्यान्सको कसरी सदपयोग उपयोग गर्ने हो भन्ने बिषयमा सोच्नुपर्छ । गैर आवासीय नेपालीले नेपालको अर्थतन्त्रका विभिन्न क्षेत्रमा लगानी गर्न थालेसँगै रेमिट्यान्सको महत्व थपिएकाले अव सबै वैदेशिक रोजगारीमा गएका नेपालीलाई यस्ता लगानीका क्षेत्रमा समेटन सक्नुपर्छ ।

## युवा परिचालनमा सक्रियता र चासो

माथि चर्चा गरिएको भयावह अवस्थाबाट पार पाउनका लागि मुलुकले प्रयासहरू गरिरहेको पनि पाइन्छ । कुनै पनि देशको विकासका लागि युवा जनशक्ति उक्त देशको मेरुदण्ड एवं ऊर्जा हुन् । युवाशक्ति सक्षम रहेको र उक्त जनशक्तिले स्वदेशमा उपयुक्त काम गर्ने अवसर पाएका अवस्थामा नै देशले विकासको Take-off राष्ट्रिय चरण लिएको विश्वका विकसित मुलुकको अनुभवले देखाएको छ । युवाशक्ति देशको सबैभन्दा बढी गतिशील र ऊर्जावान् जनशक्ति हो । यसर्थ वर्तमान अवस्था नेपाली युवाका लागि सम्भावना र अवसरहरूसहितको अवस्था हो ।

नेपालको संविधान २०७२ को धारा ५१ को राज्यका नीतिहरूमा राष्ट्रिय विकासमा युवा सहभागिताको अभिबृद्धि गर्दे, राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने उल्लेख छ । साथै यवा ससक्तिकरणका लागि शिक्षा, स्वाथ्य , रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यात्तित्व विकासमा सहयोग परयाउने उल्लेख छ । अर्थमन्त्रालयको बजेट २०७३ २०७४ ले यथ भिजन २०२५ मा उल्लेख गरिएका पाँच विषयहरू ग्णस्तरीय व्यावसायिक शिक्षा, रोजगारी, उधमशिलता र सीप विकास, यवा स्वाथ्य तथा सामाजिक सरक्षा, परिचालन र सहभागिता, नेतृत्व विकास र खेलकद अनि मनोरञ्जन कार्यन्वयनमा लयाईने उद्घोष गरिएको छ ।

हाम्रो राष्ट्रिय युवा नीति २०७२ को मूल मर्मभित्र रहेर युवाविकासको दश वर्षे रणनीतिक योजना युथ भिजन २०२५ ले ५ वटा युवाविकासका



*सामुदायिक उत्थानशीलताबारे काठमाडौं नाइलेभारेका युवाहरु छलफलमा ।*

प्राथमिकताक्रम तय गऱ्यो । ती हुन् : १. गुणस्तरीय र व्यावसायिक शिक्षा, २. रोजगारी, उद्यमशीलता र सीप विकास, ३. युवा स्वास्थ्य र सामाजिक सुरक्षा, ४. परिचालन, सहभागिता र नेतृत्व विकास अनि, ५. खेलकुद र मनोरञ्जन । सबै प्राथमिकता कार्यान्वयन गरिएको सुनिश्चितता प्राप्त गर्न आवश्यक (आधार वर्ष सन् २०१४) पहिलो ५ वर्षका लक्ष्य र पछिल्लो ५ वर्षका लक्ष्य गरी १० वर्षका लक्ष्य निर्धारण गरिएको छ ।

विकासमा युवा सहभागिताबाट समृद्ध राष्ट्र निर्माणको सोचका साथ युवाहरूलाई राष्ट्रको सर्वाङ्गीण विकासमा मूलप्रवाहीकरण गर्ने लक्ष राखेर युवाको दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक-सामाजिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्ने र युवालाई सर्वाङ्गीण राष्ट्र निर्माणको संवाहक बनाउने उद्देश्यका साथ वर्तमान चौधौ योजना २०७३– २०७६ मा युवा विकास कार्यक्रम आएको छ ।

युवालाई प्राविधिक शिक्षा तथा सीपमूलक तालिममार्फत् दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने, राज्यको सबै तहको नीति तथा निर्णय प्रक्रियामा युवा सहभागिता बढाउने, युवालाई विपद् व्यवस्थापन, सामाजिक विकास, वातावरण संरक्षण, खेलकुदलगायतका क्षेत्रमा स्वयंसेवकको रूपमा परिचालन गर्ने र खेलकुद, योगाभ्यास र सामाजिक क्रियाकलापमा युवाहरूको संलग्नता बढाउने रणनीतिका साथ यो कार्यक्रमलाई सफल पार्न प्रयास गर्नु पर्ने देखिन्छ ।

यसो हुन सकेमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवावर्गको भूमिका, साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण यो वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोतका रुपमा क्रियाशील हुने निर्विवाद छ ।

## सन्दर्भ सामग्रीहरू :


- तुलसी प्रसाद घिमिरे, नेपालको आर्थिक वृद्धि प्रवितीर उचच आर्थिक वृद्धिका लागि चाल्नपर्ने कदमहरू , मिमिरे वर्ष४५, अंक ५, पर्णक ३४२ पष माघ २०७३ , नेपाल राष्ट बैक वालवाटार काठमाडौं नेपाल
- नरायण प्रसाद आर्चाय , नेपालमा सहकारी र यसको महत्व मिमिरे वर्ष४५, अंक ५, पर्णक ३४२ पष माघ २०७३ , नेपाल राष्ट बैक वालवाटार काठमाडौं नेपाल
- वर्तमान चौधौ योजना २०७३ – २०७६ , नेपाल सरकार, राष्ट्रिय योजना आयोग काठमाण्डौ नेपाल २०७३, सिहदरवार काठमाडौं
- Lamichhane , P.R , Geneder, issues, Reproducctive Rights, स्वर्णद्धार, स्वर्णजयन्ती विशेषाकं, भक्तपर वहमखी क्याम्पस भक्तपर नेपाल २०६६ ।
- Rural Tourism for MA RD Second year, ved Prasad kharel, sarada khanal, Acxcess Foundation Kathmandu Nepal . publication , 2068 Ashad.
- Businesss Economics –I Micro economics- , Rajan Dhakal, Samjhana Publication Min bhasvan Kathmandu Nepal Second Edition 2016
- Hom bahadur Chhetri Importance aspect of foreign aid in Nepal, मिमिरे वर्ष४५, अंक ५, पर्णक ३४२ पष माघ २०७३ , नेपाल राष्ट बैक वालवाटार काठमाडौं नेपाल
- Nepal's Public financial management reform strategy and program PFMRP phase II , 2016/2017- 2025/2026 , July 2016 Government of Nepal , Kathmandu, Nepal
- Main features of the constitution of Nepal , Government of Nepal , Ministry of law and justice 2016,Kathmandu Nepal



*(नेपानका आजीवन सदस्य हाडा भक्तपुर बहुमुखी क्याम्पसमा अर्थशास्त्र विषयका सह-प्राध्यापक हुनुहुन्छ ।)*

इमेल : *gambhir.hada@gmail.com*

# 'युवाहरू समृद्धिका महान बाहक हुन्'

राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष हुनुहुन्छ माधव ढुङ्गेल । समग्र नेपालको युवाहरूको नेतृत्व गर्ने परिषद् 'युवा परिषद्'का नेपालका सबै जिल्लामा शाखा छन् । देशभरिका युवाहरूको छाता संगठनका रूपमा यसले काम गर्दै आएको छ । युवाको सहभागितालाई यसले अपरिहार्य मानेको छ र युवाको सक्रिय परिचालन र सहभागिताबाटै देश अगाडि बढ्ने विश्वास राख्दछ । राष्ट्रले लिएको समृद्धिको यात्राको महत्वपूर्ण सपनाको आधार नै युवालाई मानेको छ परिषद्ले । आगामी दिनमा वडातहसम्म आफ्नो सञ्जाल विस्तार गर्दै युवालाई देशभित्रै रही राष्ट्रनिर्माणमा लगाउने सोच लिएको छ । तर ४० प्रतिशत युवाको छाता संगठन मानिने परिषद्सँग यथेष्ट बजेट भने छैन । नीतिगत व्यवस्थाहरू भए पनि युवाका लागि काम गर्न सधैं सरकारसँग हारगुहार गर्नुपर्ने अवस्था छ । यिनै सेरोफेरोमा रहेर युवाबारे वर्तमान नीति, युवा परिषद्ले गरेका प्रयासहरू र विकासमा युवाको सहभागिताको विषयमा केन्द्रित रहेर परिषद्का उपाध्यक्ष ढुङ्गेलसँग नेपानका लागि सन्ध्या बिडारीले गर्नुभएको अन्तर्वार्ताका अंशहरू ।



● माधव ढुङ्गेल,
उपाध्यक्ष, राष्ट्रिय युवा परिषद्

**नेपानः युवा परिषद्को स्थापना किन भएको हो ?**

**ढुङ्गेल :**नेपालमा युवाहरुको सरकारी संस्था थिएन । सबै सामाजिक क्षेत्रमा काम गर्ने युवा तथा संघसंस्थाहरु एवं राजनीतिक क्षेत्रका संघसंस्थाहरुलाई पनि नेतृत्व गर्न एक करोड नेपाली युवाहरुको छाता संगठन, त्यसका मातहतका युवाहरुका संस्थाहरुलाई संयोजन गर्ने उद्देश्यका साथ युवा परिषद्को स्थापना भएको हो । साथै, विदेश जान लाम लाग्ने नेपालीहरुको जुन पंक्ति छ, उनीहरुलाई नेपालमै सम्भावना देखाउने, परामर्श दिने, प्रेरणा दिने, सम्भावनाका रुपरेखा प्रस्तुत गर्दै उद्यमशीलताको आँखा देखाइदिने र युवाको सचेतनाको मुद्दालाई सरकारी क्षेत्रभित्र समर्थन गर्ने अनि युवाहरुलाई उपयोगी सूचना प्रवाह गर्ने उद्देश्यका साथ यो परिषद्को स्थापना भएको हो ।

**नेपानः युवा परिषद् कसरी अगाडि बढ्दैछ ?**

**ढुङ्गेल :**नेपाल संघीय व्यवस्थामा प्रवेश गरेको छ । हामीले जतिबेला राष्ट्रिय युवा परिषद् गठन गऱ्यौं । त्यतिबेला त्यो संरचना थिएन । परिषद्कै पहलमा प्रत्येक स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखा हुने करिबकरिब पक्का भईसकेको अवस्था छ । प्रदेशमा पनि युवा परिषद् बन्ने छ । यसका कानुनी प्रक्रियाहरु अगाडि बढ्दैछन् । केन्द्रको युवा परिषदलाई बलियो नीति बनाउने संयोजनकारी निकायको रुपमा यसलाई व्यवस्थित गर्ने र परिषद्का उद्देश्यहरु पूरा गर्नेगरी स्थानीयस्तरसम्म विस्तार गर्ने र अन्तरमन्त्रालय समन्वय गरेर युवाहरुलाई सक्षम बनाउने, रोजगारी दिलाउने, युवाका दुःख, अप्ठ्यारा समस्यासँग सहयोगी भूमिकाको रुपमा परिषद्लाई स्थापित गर्ने गरी हामी नयाँ परिवेशमा युवा परिषद्लाई अगाडि बढाउँदैछौं ।

**नेपानः युवाका समस्यालाई युवा परिषद्ले कसरी हेरिरहेको छ ? ती समस्याहरु समाधानका लागि परिषद्ले के-कस्ता कदमहरु चाल्दै छ ?**

**ढुङ्गेल :**युवाका समस्या पहिचानका सन्दर्भ युवा नीति, २०७२ र 'युथ भिजन सन् २०२५' कै बेलामा ठूलो बहसबाट निष्कर्ष निकालिएको कुरा स्मरण गराउँछु । त्यसको एउटा निष्कर्षस्वरुप युवाहरु किन विदेश जान्छन् भन्ने कुराको सन्दर्भ जोडेर नेपालको शिक्षाको असक्षमतालाई आधार मानी शिक्षाको गुणस्तर वृद्धि गर्नपर्छ, शिक्षालाई सबल बनाउनुपर्छ, नेपालको शिक्षा संसारभरि प्रतिस्पर्धा गर्न सक्ने खालको चाहिन्छ भनेर नै पहिलो एजेन्डाका रुपमा गुणस्तरीय शिक्षालाई स्थापित गरियो ।

त्यसैगरी युवा उद्यमशीलता रोजगारी र सीप विकास दोस्रो पिलरको रुपमा हेरियो । युवाहरुलाई सकारात्मक परामर्श दिएर, नेपालको सम्भावनाका चित्रहरु देखाउ, उद्यमी बन्ने आधार खडागरौं, त्यसका निम्ति आवश्यक सहजीकरण गरौं र रोजगार दिलाउ भन्ने उद्देश्यका साथ युवा उद्यमशीलता, रोजगारी र तालिमको परिकल्पना गरी सीप विकासलाई दोस्रो एजेन्डा बनायौं ।

त्यसैगरि तेस्रो रुपमा चाहिँ युवा नेतृत्व विकास, सहभागिता र परिचालनलाई लिइयो । यति ठूलो संख्यामा भएका युवा जसलाई परिचालन गर्न सकियो भो देशले फाईदा लिनसक्छ । उनीहरुको सीपमा निखरता आउनसक्छ र उनीहरुले काम गर्ने प्रेरणा पाएमा नोकरी खोज्न एक्सपेरियन्स् लेटर खोज्दै हिंड्नुपर्ने स्थिति बन्दैन । देशलाई ठूलो योगदान हुनसक्छ र नेतृत्वमा पनि निखरता आउँछ, भिजनरी लिडरसीप निर्माण हुन्छ भनेर तेस्रो पिलरका रुपमा यसलाई लिइयो ।

अर्को, युवाको स्वास्थ्य र सामाजिक सुरक्षाको विषयलाई लिएर महिलाहरुको सुत्केरी हुने अवस्थामा चाहिने स्याहारसुसार र उनीहरुलाई आवश्यक पर्ने पौष्टिक आहारको कुरा भयो। बालबच्चाका लागि आहार, युवाहरुको निमित्त बिरामी हुँदा पाउने सुविधा र स्वास्थ्य बीमाका कुराहरु भए। यी विषयवस्तुलाई सम्बोधन गरेर युवाको स्वास्थ्य र सुरक्षाको विषयवस्तुमा अपांग, दलित, समाजमा तल पारिएका युवाहरुको लागि राज्य छ है भन्ने कुराको सन्देश दिँदै सामाजिक सुरक्षाको अनुभूति दिने विषयका साथ अर्को पिलर खडा गरियो।

**जुन देशमा युवालाई राज्यले बिशेष स्थान दिएको छ त्यो देश छिटो अगाडि बढेको अवस्था छ ।**

त्यस्तैगरि खेलकुद् र मनोरन्जनलाई सँगै लानेगरि पाँचवटा विषयवस्तुमा युवाका समस्या पहिचान र समाधानका कडी यही हुन् भन्ने निष्कर्षका साथ यसैलाई प्राथमिकतामा राखेर कामको प्रारम्भ गरिएको छ। त्यसकारण मलाई लाग्छ युवाका समस्या यसैबाट पहिचान हुन्छन् र समाधानको आधार पनि यसैले बताउँछ।

**नेपान : युवा परिषद्ले विगतदेखि अहिलेसम्म के कस्ता ठोस काम गऱ्यो र ती कामहरु कत्तिको प्रभावकारी भएका छन् ?**

**ढुङ्गेल :**अब मैलै युवा परिषद्ले गरेका कामहरुको दृष्टान्तलाई उल्लेख गर्दाखेरि सामान्यतया अब धेरै सानातिना संरचनात्मक कामहरु हामीले धेरै गऱ्यौं। परिषद्नै सबैभन्दा पहिलो संस्था भएको हुनाले संरचनात्मक व्यवस्थापनकै कुरा पनि प्रधाननै थियो। युवा विकासका लागि केन्द्रिय निकायको स्थापना, व्यवस्थापन र सबै जिल्लामा यसको संरचना विस्तारका मुख्य काम प्रारम्भ गऱ्यौं।

हाल युवामैत्री र सुचना प्रविधिको व्यवस्थापनको प्रयास भइरहेको छ। युथ पोँटलको माध्यमबाट नेपाली युवाको एकिकृत तथ्याङ्क भण्डारण, व्यवस्थापन र अद्यावधिक गर्ने कामको थालनी गरेका छौँ। पुरस्कृत युवा प्रतिभा तथा उद्यमीको राष्ट्रिय संजाल गठन गरेका छौँ। संजाललाई हामीले एउटा प्रेरणा समूहको रुपमा यसलाई अगाडि सारेका छौँ। विभिन्न संघसंस्थाहरुसँग समन्वय र सहकार्य गर्ने संस्कृतिको विकास र त्यसलाई निरन्तरता दिएका छौँ। युवा सूचना र जागरणका लागि युवा संचार रेडियो कार्यक्रम संचालनमा छ।

नेपालको प्रथम विज्ञान, सूचना तथा प्रविधि, राष्ट्रिय युवा सम्मेलन गरी १२ वटा विभिन्न थिम्याटिक विषयहरुमा बहस चलाई १० बर्षिय टेक्निकल प्लान तयार भएको छ। खाडीमुलुकमा रोजगारका लागि गई फर्केका नेपाली युवाहरुलाई स्वदेशमै रोजगारीको वातावरण निर्माण गर्न विदेशबाट फर्केका युवाहरुको राष्ट्रिय सम्मेलन र उद्यमी बन्नको निमित्त वातावरण सिर्जना गर्ने काम हामीले गरेका छौँ। यी कार्यक्रमहरु पाईलटको रूपमा अगाडि बढीरहेका छन्।

**नेपान : विकासका कार्यहरुमा युवा सहभागिताको महत्वलाई कसरी हेरिरहनु भएको छ ?**

**ढुङ्गेल :**युवाको सहभागिता विकासका लागि अपरिहार्य छ। जुन देशमा युवालाई राज्यले विशेष स्थान दिएको छ त्यो देश छिटो अगाडि बढेको अवस्था छ। जुन देशमा युवाको विषयमा योजना बनाईदैंन, बजेट छुट्याईदैंन, युवालाई महत्व दिईदैंन त्यो देश छिटो अगाडि बढेको देखिदैंन। त्यसैले जब हाम्रो देशमा पनि युवा परिषद् बन्यो र युवाका निमित्त एउटा विषेश प्राथमिकता राज्यले दियो।

**नेपान : युवाहरु विदेशिने क्रम रोकिएको छैन। युवाहरुलाई विकासको मेरुदण्ड बनाउन के गर्नुपर्ला ?**

**ढुङ्गेल :** अब म एउटा सकारात्मक कुरा भन्छु। दुई वर्ष अगाडिको डाटा हेर्नुहुन्छ भने ५ लाख ३८ हजारको हाराहारीमा प्रतिवर्ष नेपाली युवाहरु विदेश जान्थे। जुलाई १९, २०१७ देखि जुलाई १९,२०१८ सम्म को डाटा हेर्दा ३ लाख २३ हजारमात्रै युवाहरु विदेश गएका छन्। गतसाल झन्डै २ लाख युवाहरु विदेश नजाने अथवा नेपालमै बस्ने निधो गरेको देखियो। रेशियोको हिसाबले यो ठूलो परिवर्तन हो। यसमा क्रमिक सुधार ल्याउन अलि समय लाग्छ।

तरपनि समयमा हामीले गरेको गतिविधिले युवा परिषद् गठन हुनु, युवा मन्त्रालय बन्नु, सरकारको प्लानिङमा युवा हुनु, बजेटमा युवा हुनु, १४ औं योजनामा युवा आउनु, त्यस्तैगरी संघसंस्थाहरु युवा क्षेत्रमा परिचालित हुनु, राजनीतिक युवाहरुले पनि यसमा योगदान गर्नु सबैको सहकार्यको परिणाम हो।

तीन वर्षअघि विश्व युवा सुचाङ्कमा १४५ नम्बरमा रहेको नेपाल आज ७७ नम्बरमा आईपुगेको छ। विदेश जानेको संख्या २ लाख १५ हजारको रेशियोले घटेको छ। यो दुईवटा दृष्टान्तलाई मात्र हेर्ने हो भने हामी धेरै माथिको उचाईमा आउन थालिसकेका छौं। पोलिटिकल पार्टिशिपेसनसँग पनि जोड्ने हो भने स्थानीय तहमा १३,८९३ युवाहरु नीति निर्माणकै तहमा संलग्न हुनुहुन्छ। १३० जना युवाहरु प्रदेशको सांसद हुनुहुन्छ,। ३६ जना युवाहरु प्रतिनिधि सभाको। चारजना युवाहरु राष्ट्रिय सभामा मनोनित हुनुभएको छ। यसले पक्कै युवाको एजेन्डा सबै तहमा घनिभूत ढङ्गले प्रवेश गरेको छ जस्को कारणले केही सकारात्मक सन्देशहरु, केही उर्जा, जोश र जाँगरहरु नेपालभित्रै बस्न प्रेरणा निर्माण भइरहेको छ।

**नेपान : युवाको समग्र विकास, उनीहरुको प्रतिभा प्रस्फुटन र दिगो विकास लक्ष्य प्राप्तिका लागि सरकारी तवरमा कत्तिको प्रयास भइरहेका छन् ?**

**ढुङ्गेल :** सरकारी प्रयास नभएको अवस्थामा युवा परिषद् गठन हुनु, युवा नीति घोषणा गर्नु, दशबर्षे युवा रणनीति तयार हुनु, नियमावली बनाएर यसलाई परिषद् स्थापना गरेर देशभरी संरचना खडा गर्नु, थोरै भएपनि बजेट छुट्याउने काम भएको छ। जुन सकरात्मक हो। तर अझै युवाको निम्ति सरकारले यथेष्ठ बजेट छुट्याएको अवस्था छैन। हामीले त्यसलाई आमरूपमा संयोजन गरेर ठोस परिणाममा पुऱ्याउन सकिरहेका छैनौं। हामीले गरेको यो प्रयास सन्तोषनै मान्ने अवस्था होइन। सरकारले युवा परिषद्मार्फत अलि ठूलो रकम बजेटमा छुट्याएर ठोस परिणाम निकाल्ने गरी कामको थालनी गर्नुपर्छ। त्यो रूपमा अझै यसलाई आगामी बर्ष नयाँ ढङ्गले जानुपर्छ। म सरकारसँग त्यही कुराको अलि बढी सम्बोधन गर्नेगरी जान अनुरोध गर्न चाहन्छु।

**नेपान : युवा विकासका लागि गैरसरकारी संस्थाहरुले कसरी योगदान पुऱ्याउन सक्छन् ? ती गैरसरकारी संस्थाहरुसँग परिषद्ले कसरी काम गर्ने सोचेको छ ?**

**ढुङ्गेल :** हामीले युवा क्षेत्रमा काम गर्ने संघसंस्थाहरुलाई सम्बन्धनको दायरामा ल्याउने गरी ऐनको व्यवस्था बमोजिम नियमावली बनाएर

सहकार्यको लागि जोडिने बाटो खुल्ला गरेका छौं । त्यो भनेको युवा परिषद् र कुनै पनि संघसंस्था मिलेर युवाको क्षेत्रमा युथ भिजन २०२५ को वेशमा रहेर काम गर्नको निम्ति सहज बाटा बनाएका हौं ।

अर्को कुरा भनेको अलिकति कामका डुप्लिकेसनलाई अन्त्य गर्नुपर्छ । सबै संघसंस्थाले गर्ने काम एकै किसिमका छन् । अहिले हामीले उद्यमलाई प्राथमिकता दिएका छौं भने संघसंस्थाहरुले उद्यमको पाटलाई सँगसँगै प्राथमिकता दिए भने मात्रै त्यसले उचाइ लिन्छ । सरकारको योजना एकातिर छ, संघसंस्थाको योजना अर्कोतिर । यसोहुँदा हामी रिजल्ट दिन सक्दैनौं ।

**नेपान : स्थानीयस्तरमा युवाको सहभागिता अझै सीमित देखिएको छ, धेरै युवाहरु विजय भएर स्थानीय निकायमा क्रियाशील भएपनि युवाले चाहेजस्तो काम हुन नसकेको महसुस हुन्छ । तपाईंको धारणा के छ यस्मा ?**

**ढुङ्गेल :** त्यो मैले पनि महसुस गरेको छु । जति युवाहरु निर्वाचित छन, पोलिसी मेकिङमा पुगेका छन् त्यो सकारात्मक कुरा हो । तर युवाको क्षेत्रमा काम गर्ने मेलो उनीहरुलाई मात्र हैन समग्र स्थानीय तहले पाइ राख्या छैन । किनकी यो एउटा सेटलमेन्टको संक्रमणको बेला हो । स्थानीय निकायले युवालाई बुझेको छ, युवाको निमित्त केही गर्नुपर्छ भन्ने थाहा छ तर कसरी गर्ने भन्ने कुराको बाटो खुलेको छैन । माथि कानून बनाएर तल पठाउनु पर्ने यसका कानूनी केही जटिलताहरु छन् । ती जटिलताका कारणले पनि तलकाले काममा अलि मेलो नपाइराख्या हुन् । हामीले युवा परिषद्को तर्फबाट भरपुर संयोजन गरेका छौं । गाउँपालिका महासंघमा आएको ४६० वटा पालिकाका प्रमुख, उप्रमुख, वडाअध्यक्षलाई एकैचोटि भेला गर्‍यौं । उनीहरुको विचार पनि युवाका क्षेत्रमा बुझ्यौं । उनीहरुको कमिटमेन्ट समेत हामीले लिएका छौं । सायद अर्को वर्षदेखि पक्कै गति लेला ।

**नेपान : युवालाई अगाडि नसारी देश पक्कै बन्दैन । युवा परिषद्को उपाध्यक्षको हैसियतले समृद्धिका लागि के गर्नुपर्छ जस्तो लाग्छ ?**

**ढुङ्गेल :** सबभन्दा पहिले युवा परिषद्को नेतृत्वमा अथवा युवाका क्षेत्रमा कामगर्ने संघसंस्थाहरु त्यसको कनेक्सनमा रहनु पर्‍यो । युवा परिषद् युवाको पहिलो सम्पर्क बिन्दु बन्नुपर्छ । परिषद्ले युवाका क्षेत्रमा काम गर्ने सवैसँग सहयोग लिएर अघि बढ्नुपर्छ । यसका लागि हामीले अलिकति मोटिभेसन पार्टमा काम गर्नुपर्ने देखिएको छ । युवाको रुचीको पहिचानको पाटोमा काम गर्नुपर्छ । रुची पहिचान भइसकेपछि युवालाई तालिमको व्यवस्था गर्नुपर्छ । सरकारले मात्र सवै काम गर्न सक्दैन ।

बेरोजगार युवालाई प्रोत्साहनको खाँचो छ । उनीहरुलाई रोजगारका क्षेत्र देखाउनुपर्छ । कृषि छ, पर्यटन छ, जलस्रोत छ, वन छ, जडिबुटी छ, कुन छेत्रमा तिमी तालिम लिने हो, तालिम लिएकै बिषयमा तिमी के काम गर्छौ ल प्रस्ताव गर भनेर भन्नुपर्छ । हामी प्रस्ताव आह्वान गर्छौं । प्रस्ताव अह्वान गरिसकेपछि रोजगारका निमित्त ऋण सहयोग गर्ने, अनुदान दिने संघसंस्थाहरुको एकिकृत संयन्त्र बनाउने, युवा स्वरोजगार कोषलाई युवा स्वरोजगार बैंकका रुपमा रुपान्तरण गर्ने काम गर्न जरुरी छ ।

**नेपान : युवा भनेपछि महिला र पुरुष दुबै पर्छन् । हाल देखिएको उपस्थितिमा महिला युवाको उपस्थिति एकदम न्यून छ । उनीहरुको सहभागिता वृद्धिका लागि के गर्नु पर्ला ?**

**ढुङ्गेल :** हाम्रो देशमा विभिन्न संस्कार र सँस्कृतिले उनीहरुलाई पछाडि पारेको छ । महिलाहरुले मातृत्व दिनु पर्ने कारणले पनि उनीहरुलाई केही पछि पारेको देखिन्छ । कतिपय बेला बालविवाहको कारणले पनि ठूलो समस्या खडा भएको छ । त्यसैले सवैभदा पहिला उनीहरुलाई सीप दिएर एउटा चरणसम्म ल्याइयो भने आफ्नो पढाई पूरा गर्न पाउनेछन् । उनीहरुको विवाहका लागि समय होस् । त्यसपछि उनीहरुको आफ्नो जीवनलाई सेटलमेन्ट गर्न तर्फ लागेपछि मात्रै उनीहरुले आफ्नो समयको अनुकूलतालाई मिलाएर परिवार नियोजन गरुन । बच्चा जन्माउने समय निर्धारण गरुन । जसले गर्दा उनीहरुले आफूले चाहेको काममा सहभागी हुन सकून । नत्र महिलाका निमित्त सम्पूर्ण अनुकूलता परिवारमा प्राप्त नहुने तथा जोश र जाँगर हुँदाहुँदै, सक्षमता देखाउन सक्ने तागत हुँदाहुँदै पनि परिस्थितिले ब्याक पार्दिने स्थिति छ ।

> “
> - तीन वर्षअघि विश्व युवा सुचाङ्कमा १४५ नम्बरमा रहेको नेपाल आज ७७ नम्बरमा आईपुगेको छ ।
> - युवाको निम्ति सरकारले अझै यथेष्ठ बजेट छुट्याएको अवस्था छैन । सरकारको योजना एकातिर छ, संघसंस्थाको योजना अर्कोतिर । यसो हुँदा हामी रिजल्ट दिन सक्दैनौं ।
> - युवाको क्षेत्रमा काम गर्ने मेलो उनीहरुलाई मात्र हैन समग्र स्थानीय तहले पाइराख्या छैन ।
> - अब ७५३ वटै स्थानीय निकायमा युवाका शाखाहरु निर्माणका लागि काम भइरहेको छ । ६,७४३ वडामा हामी युवाको संयन्त्र बनाउने तयारीमा छौं ।
> - यही छाताभित्र रहेर एकिकृतरुपले काम गर्न सक्यौं भने देशमा हामीले सोचे भन्दा चाँडो चेन्ज ल्याउन सक्छौं ।
> - मन्त्रालयले विनियोजन गरेका बजेटहरु युवाकालागि परिचालन गर्ने योजना हामी बनाउँछौ ।
> - नेपालको समृद्धिको यात्रामा युवा महत्वपूर्ण सरोकारवाला भएकाले त्यसका लागि युवा परिषद्ले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।
> - योजना आयोगको व्याकअप संस्थाको रुपमा युवा परिषद्लाई स्थापित गरेर लाने सोच ।
> - गत साल झन्डै २ लाख युवाहरु विदेश नजाने अथवा नेपालमै बस्ने निधो गरेको देखियो । रेशियोको हिसाबले यो ठूलो परिवर्तन हो ।
>
> ”

हामी पढ्दा २० बर्ष अगाडि स्कुलमा ८ जना मात्र छात्रा हुन्थे जबकी हामी ११० जना विद्यार्थी हुँदा । आज म स्कुलमा जाँदा छात्राको संख्या बढ्ता देख्छु छात्रको भन्दा । त्यसैगरी अहिले एसएलसीसम्म जुन रेसियोमा संख्या थियो त्यो संख्या इन्टरमा पुगेपछि महिलाहरुको संख्या घट्थ्यो । अहिले यसो हेर्दा त्यस्को मार्जिन धेरै ठूलो देखिदैन । त्यो थोरै डिफरेन्ससमा आइसक्यो । डिप्लोमा पुग्दा महिलाहरुको संख्या धेरै डिफरेन्स हुन आउथ्यो । अहिले त्यो घटेको छ । अर्को कुरा बावुआमाको हेरचाह छोराले भन्दा छोरीले बढी गरिरहेको अवस्था देखिरहेको छ । जसले गर्दा छोरीप्रति रेस्पेक्ट क्रियट भएको छ समाजमा । तर अझै त्यसलाई व्यवस्थित गरेर समान दायरामा पुर्‍याउन केही चेतना वृद्धि, केही सरकारको नीति र केही क्रियाकलापहरुमा निरन्तर काम गर्न जरुरी छ । यसले नै उनीहरुको सहभागिता वृद्धि गराउँछ ।

**नेपान : युवा परिषद् स्थानीय निकायसम्म पुग्न कसरी काम गर्दै छ ?**

**ढुङ्गेल :**सबै जिल्लामा हाम्रा विंग्स छन् । प्रदेशमा यसको कार्यालय खडा गर्ने तयारीमा छौं । अब ७५३ वटै स्थानीय निकायमा युवाका शाखाहरु निर्माणका लागि काम भइरहेको छ । ६,७४३ वडामा हामी

## के के गऱ्यो युवा परिषद्ले हालसम्म

- १५८५ जना युवालाई व्यवसायिक सीप विकासको तालिम प्रदान
- लामो अवधिको १०८७ जना र छोटो अवधिको ४९८ जनालाई सीप तथा सोका परीक्षण
- ३८९ युवा उद्यम समूहलाई पाँच लाखको दरले ऋण प्रदान
- ४७ जना युवालाई शैक्षिक प्रमाणपत्रका आधारमा उद्यमकै लागि झन्डै २ लाखका दरले ऋण प्रदान ६१९ जना अपाङ्गता भएका युवालाई निःशुल्क सहयोग सामग्री वितरण
- ७,४०० युवालाई परामर्श, सकरात्मक सोच, लागू पदार्थ दुर्व्यसनीविरुद्ध उद्यमशीलता र रोजगार विषयमा परामर्श
- ५०० जना युवा प्रतिभा उद्यमीलाई सम्मान र प्रोत्साहन
- ४०८ जना जोखिमयुक्त युवाहरुको पुर्नस्थापना
- १४ वटा पालिकामा ११८ वडास्तरीय युवा क्लब गठन
- १५ तहमा युवा संसद स्थापना
- १५०० युवा सम्बद्ध संघसंस्थाहरु ५०० सम्बद्ध संघसंस्थाहरु युवा परिचालनमा सहयोग
- ३०९ वटा युवा उद्यम समूहलाई उद्यमशीलता र वित्तीय शासनसम्बन्धी तालिम प्रदान
- तराई मधेसका १८ वटा विपन्न समुदायमा महिला समूह गठन
- ३६० जना महिलाहरुलाई उद्यम संचालनमा सहयोग
- १३८ जना युवालाई लोपउन्मुख परम्परागत सीप युवापुस्तामा हस्तान्तरण प्रबन्ध प्रमाणीकरण
- ५०० जना युवालाई अर्न्तदेशीय अन्तर्प्रदेशीय अवलोकन भ्रमणमा सहभागी

युवाको संयन्त्र बनाउने तयारीमा छौं । त्यो विस्तारले हामी ५ वर्षभित्र १२,५०० शैक्षिक संस्था हुने विद्यार्थी क्लब बनाउने र त्यो एउटा लुज नेट्वर्कको रुपमा त्यसलाई संचालन गर्ने सोचमा छौं । युवा उद्यमीहरुको संजाल बनाएर त्यही संजालले युवा संसद निर्माण गर्ने, स्वयम्सेवी संस्थाको रुपमा लिएर जाने । देशब्यापी युवालाई सकारात्मक काउनसेलिगसहितका परिचालन, उनीहरुलाई राष्ट्रप्रति समर्पित बनाउँदै राष्ट्रियताप्रति प्रतिबद्ध बनाएर परिचालन गर्ने योजना हामीसँग छ । यही छाताभित्र रहेर एकिकृतरुपले काम गर्न सक्यौं भने देशमा हामीले सोचे भन्दा चाँडो चेन्ज ल्याउन सक्छौं ।

**नेपान : ४६,३०० एनजिओ छन् नेपालमा, सिडिओमा दर्ता भएका ३ हजार भन्दा बढी युवा क्षेत्रमै काम गर्ने संघसंस्था छन् । तपाईहरु युवा संघसंस्थाले गरिरहेको कामको अनुगमन र मूल्याकंन कसरी गर्दै हुनुहुन्छ ?**

**ढुंगेल :** सरकारी संयन्त्रबाट पनि यसलाई व्यवस्थित गर्न सकेको अवस्था छैन । यद्यपि यसबारे सोच्नु पर्ने आवश्यकता छ । कि त्यो ४६,३०० संस्था चाहिन्छ त ? मैले २ साढे २ वर्षमा एनजिओ पनि बुझ्न खोजे, तर १२ देखि १५ वटा मात्र सक्रिय छन् । अरु कहाँ छन् मलाई थाहा छैन । युवा क्षेत्रमा काम गर्ने अन्तर्राष्टिय गैससहरु १० वटा जति मात्र सक्रिय देखे । युवा क्षेत्रबाहेक अरु सबै क्षेत्रमा काम गर्ने २० वटा होलान् । त्यो भन्दा बढी छैनन् । हामी यसको नियमित अनुगमन गरिरहेका छौं र व्यवस्थित गर्न खोज्दैछौं । यो सवै लर्निग बाइ डोईग हुँदैछ । हामी एकैचोटी सबै चिज गर्न सक्दैनौ । अहिले जे गरेका छौं त्यो हाम्रो बलबुताले भ्याएसम्म गरेका छौं । अब जे आवश्यक हुन्छ त्यसलाई हामीले परिपूर्ति गर्दै, संयन्त्र खडा गर्दै, व्यवस्थित गर्ने कामको यात्रामा हामी अगाडि बढ्छौं । युवा परिषद्ले यसका लागि काम गर्छ ।

**नेपान : यो बर्षको बजेटबाट युवा विकासका लागि भनेर कति बजेट छुट्याइएको छ ?**

**ढुंगेल :** युवाका लागि छुट्याएको बजेट झन्डै २३ करोडको हाराहारीमा छ । केन्द्रमा ११ करोडको मात्रै छ । प्रदेशमा ५ करोड । स्थानीय तहमा युवा परिषद्मातहतमा ७ करोड ७० लाख छ । तर अब यो मात्र होइन अरु मन्त्रालयमा पनि युवाका लागि अवसर छन् ।

**नेपान : कृषिमा युवा परिचालनका लागि यहाँले के सोच्नु भएको छ ?**

**ढुङ्गेल :** परिषद्ले अघि सारेका उद्यमहरु कृषिमा आधारित छन् । कृषि मन्त्रालय, उद्योग मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय र अन्य मन्त्रालय जुन रोजगारसँग जोडिन्छन् वन तथा वातावरण, पर्यटन सबै मन्त्रालयमा युवाका अवसरहरुलाई हामी एकिकृत गर्ने प्रयासमा छौं । ति मन्त्रालयले विनियोजन गरेका बजेटहरु युवाका लागि परिचालन गर्ने योजना हामी बनाउँछौं । प्रत्येक स्थानीयतहमा युवाका निमित्त बजेट अलोकेसन गराउन लगाउँछौं । जस्तो कर्णाली प्रदेशले युवा परिषद्मार्फत युवाका निमित्त ३ करोड रुपैयाँ छुट्याएको छ । त्यसैगरी अब प्रत्येक प्रदेशबाट युवाको नाममा बजेट अलोकेसन हुँदै जान्छ । युवा परिषद्को पहलमा त्यो काम सम्पन्न हुनेछ । प्रदेश युवा परिषद् बन्छ । त्यहाँ कार्यालय खडा हुन्छ । युवाको ५ पिलरमा आधारित सम्पूर्ण कार्यक्रमहरुको योजना गरिन्छ । आगामी बर्षबाट त्यो व्यवस्थित हुन्छ । यो साल संघियताको सेटलमेन्टको बर्ष भएको हुनाले ठ्याक्कै भने जस्तो आकार लिन सकेको छैन । यसले अर्को बर्ष आकार लिन्छ र हामी पूर्णरुपमा अघि बढ्छौं ।

**नेपान : अन्त्यमा तपाईं आफ्नो कार्यकालसम्म युवा परिषद् कस्तो भएको हेर्न चाहनुहुन्छ ?**

**ढुङ्गेल :** मैले सुरु मै पनि घोषणा गरेको हुँ । बर्षेनी ५ लाख ३८ हजारको हाराहारीमा रहेको विदेश जाने संख्यालाई ठ्याक्कै आधा घटाउने प्रतिवद्धता गरेको थिए । त्यो संख्या घटाउने अथवा नेपालमै सम्भावना देखाउने मेरो प्रयास जारी छ । नेपालमा काम गर्ने सबै युवा क्षेत्रका संघसंस्थालाई युवा परिषद्ले समन्वय र सहकार्यको एउटै दायरामा ल्याउन खोजेको छु ।

त्यसैगरी नेपालको समृद्धिको यात्रामा युवा एउटा महत्वपूर्ण सरोकारवाला भएकाले त्यसका लागि युवा परिषद्ले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । युवा परिचालनको निमित्त युवा संसद र प्रतिभाको खोजीजस्ता कार्यक्रमलाई प्रभावकारी बनाएर नेपालको भिजनमा युवाको भिजन समावेश गराउने सोच छ ।

योजना आयोगको ब्याक अप संस्थाकोरुपमा युवा परिषदालाई स्थापित गरेर लाने भनेर मैले भन्या थिएँ । त्यस्मा म अहिलेसम्मको अवधिमा भएको कामबाट सन्तुष्ट छु । अब बाँकी समय व्यबस्थित गरेर युवा परिषद्को स्पष्ट खाका कोर्दैछु । र, यो कुरामा मलाई आत्मविश्वास छ । रोजगारी, तालिम, परामर्शको क्षेत्रमा, यसलाई सुचनाका हिसाबले अपग्रेड गराउने र युवाहरुलाई इन्स्पायर गर्ने क्षेत्रमा मेरो पूर्ण प्रतिवद्धता छ ।

*(आशिष पाठक र श्रीराम केसीको विशेष सहयोगमा)*

# वैदेशिक रोजगारीमा नेपाली युवा महिलाहरू



● तोया गौतम



● रूपा बस्नेत



● बीना अधिकारी

**अध्ययनले सकभर नेपाली युवा महिलाहरू वैदेशिक रोजगारमा नजानु नै राम्रो र जानैपरे पनि सुसूचित र सुरक्षित ढङ्गले मात्र जानु उपयुक्त हुने सिफारिश गरेको छ । तर, यस्तो अवस्थाका लागि लक्षित क्षेत्रमा प्रभावकारी ढङ्गले उपयुक्त जानकारी प्रवाह गर्नुपर्ने खाँचो छ ।**

देशको खाँचो छ - आफ्नै मुलुकका युवाका मन, मस्तिष्क र पौरखले मुलुक बनाउनु पर्ने । मुलुकलाई समृद्धिको दिशातर्फ हाँक्नु पर्ने । तर, यसका लागि उपयुक्त वातावरणको अभावका कारण नेपाली युवाशक्तिको ठूलो हिस्सा नेपाल बनाउन छाडेर विदेशी मुलुक बनाउन बाहिरिइरहेका छन् । 'हुने-खाने' वर्गका युवाहरू शिक्षा आर्जनका नाममा र 'हुँदा-खाने' वर्गका युवाहरू रोजगारीका नाममा विदेश भासिने गरेका छन् । त्यसमा पनि पछिल्ला वर्षहरूमा वैदेशिक रोजगारीमा जाने 'हुँदा-खाने' वर्गका युवा महिलाको सङ्ख्यासमेत अत्यधिक रूपमा बढ्दो छ । उनीहरू वैदेशिक रोजगारमा जाने युवा पुरुषको तुलनामा बढी मात्रामा मानव बेचबिखन र असुरक्षित आप्रवासनको पीडा भोग्न बाध्य छन् । २०७२ सालको भूकम्पपछि नेपाली युवा चेलीहरू विदेशिने क्रम झन् बढेको अनुमान छ ।

यही सन्दर्भमा सहभागीमूलक कार्य-समूह (नेपान)ले सन् २०१७ मा संयुक्त राष्ट्रङ्घीय आप्रवासन सङ्गठन (आई.ओ.एम.), यु.एन.ओमेन, जोन्टा इन्टरनेसनल र नेपाल सरकारका सम्बद्ध निकायको सहयोगमा सिन्धुपाल्चोक र धादिङका केही गाउँहरूमा एउटा सहभागीमूलक अध्ययन गर्ने अवसर पाएको थियो । यो आलेख त्यही अध्ययनको सेरोफेरोमा केन्द्रित छ, जसले अध्ययनबाट प्राप्त केही मननीय तथ्यहरू उजागर गर्ने प्रयत्न गरेको छ ।

## कसरी गरियो अध्ययन ?

यो अध्ययन २०७२ सालको भूकम्पबाट बढी प्रभावित जिल्लामध्ये धादिङको धुनीबेँसी नगरपालिका र थाक्रे तथा खनियाबास गाउँपालिका एवम् सिन्धुपाल्चोकका लिसङ्खु पाखर गाउँपालिका तथा चौतारा साँगाचोक गढी नगरपालिकाका केही वडाहरूमा गरिएको थियो । विशेषगरी यो अध्ययन वैदेशिक रोजगारबाट फर्केका ९० जना प्रतिनिधि महिलाहरूमा केन्द्रित थियो । अध्ययनमा स्थलगत भ्रमण गरी 'स्नोबल स्याम्पलिङ' का आधारमा लक्षित महिलाहरूसँग भेटेर प्रश्नावली, अन्तर्वार्ता, समूह छलफल, सरोकारवालाहरूसँगको कुराकानी र सन्दर्भ सामग्रीको अध्ययनजस्ता विधिहरू अपनाइएको थियो ।

## वैदेशिक रोजगारमा जाने महिलाहरूको अवस्था

वैदेशिक रोजगारबाट फर्केका महिलाहरूसँग नेपानले गरेको यस अध्ययनमा उनीहरूको लैङ्गिकता, उमेर, शैक्षिक अवस्था, वैवाहिक अवस्था र आर्थिक स्थिति निम्नानुसार पाइएको छ ।

- वि.सं. २०६८ को जनगणनामा नेपालको करिब १९ लाख जनसङ्ख्या अनुपस्थित थियो । यसको अत्यधिक हिस्सा आप्रवासनमा रहेको अनुमान छ । जसमध्ये १२ प्रतिशत महिलाहरू छन् । उमेरको हिसाबले यो जनसङ्ख्याको ७७ प्रतिशत १५ देखि ३५ वर्षका युवाहरू छन् । नेपानले गरेको अध्ययनका क्रममा पनि वैदेशिक रोजगारबाट फर्केका करिब २६ प्रतिशत २५ वर्षभन्दा कम उमेरका महिलाहरू भेटिएका थिए भने करिब २३ प्रतिशत २६ देखि ३० वर्षको उमेर समूहका थिए । ४१ वर्षभन्दा माथिको उमेर समूहका करिब १३ प्रतिशतमात्र थिए । यी तथ्यहरूले आप्रवासनमा रहेको नेपाली जनसङ्ख्याको सबैभन्दा ठूलो हिस्सा युवाहरूकै रहेको सङ्केत गर्दछन् ।
- अध्ययन-क्रममा भेटिएका वैदेशिक रोजगारबाट फर्केका महिलाहरूमध्ये २६ प्रतिशतले माध्यमिक तहसम्मको अध्ययन गरेका, करिब ४३ प्रतिशत नेपाली भाषामा सामान्य लेखपढ गर्न मात्र जान्ने र करिब ३ प्रतिशत पढ्दै नपढेका थिए । यसबाट वैदेशिक रोजगारीमा जाने महिलाहरूको शैक्षिकस्तर अत्यन्त न्यून रहेको पाइएको छ ।
- अध्ययनको क्रममा भेटिएका वैदेशिक रोजगारबाट फर्केका महिलाहरूमध्ये करिब ७ दशमलव ५ प्रतिशत विवाहित र करिब १५ दशमलव ५ प्रतिशत अविवाहित थिए । अन्य महिलाहरू भने अलगै बसेका र सम्बन्ध विच्छेद गरेकाहरू थिए । यस तथ्यले विवाहपश्चात आफ्नो परिवारको आर्थिक अवस्था सुधार गर्ने आवश्यकता महसुस भई सोका लागि विदेश गएर भएपनि दुई-चार पैसा कमाउन सकिन्छ कि भन्ने अपेक्षाले नेपाली महिलाहरू वैदेशिक रोजगारीमा जाने गरेको देखाउँदछ ।
- अध्ययनको क्रममा भेटिएका वैदेशिक रोजगारबाट फर्केका महिलाहरूमध्ये विदेश जानुभन्दा पहिले करिब ६५ प्रतिशतको अवस्था आफ्नै खेतबारी वा स्रोत-साधनका आधारमा ३ देखि ६ महिनामात्र खानपुग्ने रहेको थियो । त्यसैले वैदेशिक रोजगारमा जानेहरूमध्ये अधिकांश विपन्न अवस्थाकै मानिसहरू रहेको पाइन्छ ।

- अध्ययनको क्रममा भेटिएकामध्ये ८६ प्रतिशत तामाङ समुदायका र १२ प्रतिशत दलित समुदायका महिलाहरू थिए । यी दुवै जिल्लाका केही अध्ययन क्षेत्रमा तामाङ जातिको बाहुल्य रहेका कारण पनि अत्यधिक सङ्ख्या तामाङ जातिको रहेको अनुमान गर्न सकिन्छ तर दलित समुदायको सङ्ख्या १२ प्रतिशत रहनु र सबै अध्ययन क्षेत्रमा तामाङ जातिको मात्रै बाहुल्य रहेको नहुनुजस्ता आधारलाई केलाएर हेर्दा वैदेशिक रोजगारमा जाने महिलाहरूमा नेपाली समाजमा पछाडि पारिएका जातिकै सङ्ख्या बढी देखिन्छ ।

कतिपय उमेर नपुगेका महिलाहरूको उमेर बढाएर आवश्यक कागज-पत्र बनाउने कामसमेत यस्ता एजेन्टहरूकै सहजीकरणमा हुने गरेको अध्ययनमा पाइएको छ ।

### नेपाली युवा महिलाका वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरू

नेपाली युवा महिलाहरूका प्रमुख गन्तव्य मुलुकहरूमा कुवेत, मलेसिया, सउदी अरब, लेबनान, दुबई, जोर्डन, मालदिभ्स, ओमन, कतार र किर्गिस्तान रहेको अध्ययनको क्रममा पाइएको छ । यी मुलुकहरूमध्ये पनि कुवेतले नेपाली युवा महिलाहरूलाई बढी आकर्षित गरेको छ । अध्ययनमा सहभागीहरूमध्ये सबैभन्दा बढी सहभागीहरू अर्थात् धादिङका करिब ३५ प्रतिशत र सिन्धुपाल्चोकका करिब ४६ प्रतिशत कुवेत गएका पाइए ।


### वैदेशिक रोजगारीका कारणहरू


यस अध्ययनमा सहभागी महिलाहरूका अनुसार युवा महिलाहरू वैदेशिक रोजगारीमा जानुको सबैभन्दा प्रमुख कारण विपन्नता नै हो । करिब ८७ प्रतिशत युवा महिलाहरू आफ्नो आर्थिक अवस्था सुधार गर्ने उद्देश्यले नै वैदेशिक रोजगारीमा जाने गरेको पाइएको छ । यसमा भूकम्पका कारण सिर्जना भएको कमजोर आर्थिक अवस्था पनि समेटिएको छ तर भूकम्पलाई मात्रै प्रमुख कारणको रूपमा भने अध्ययनमा सहभागीहरू कसैले पनि उल्लेख गरेनन् । दुई-चार पैसा विदेशबाट कमाएर ल्याउनसके आफ्ना सन्तानको शिक्षा-दीक्षाका लागि सहयोग पुग्ने थियो र आफ्नो परिवारलाई लागेको ऋण पनि तिर्न सकिन्थ्यो भन्ने दृष्टिकोण समेत यही ८७ प्रतिशतभित्र समेटिएको छ । करिब १० प्रतिशत चाहिँ नयाँ ठाउँ घुम्ने वा देख्ने रहरले एवम् साथी-सँगी, आफन्त र चिनजानका मान्छेहरूको उक्साहट वा लहै-लहैमा वैदेशिक रोजगारमा जाने गरेको पाइएको छ । यसको अलावा केही 'केस'हरूमा भने महिलाहरूले आफ्नै परिवारमा रहेको घरेलु हिंसा सहन नसक्नु पनि फेला परेको छ ।

वैदेशिक रोजगारमा नेपाली युवा महिलाहरू जाने कारणहरूलाई अध्ययन क्षेत्रमा आधारित तलको चार्टले पनि सङ्केत गर्दछ :

### वैदेशिक रोजगारीमा जाने प्रक्रिया र बाटो

वैदेशिक रोजगारीमा जाँदा नेपालकै अन्तर्राष्ट्रिय विमानस्थलको बाटो भएर जानु उपयुक्त हुने कुरा यस अध्ययनमा सहभागी धादिङका करिब ४० प्रतिशत र सिन्धुपाल्चोकका करिब ५० प्रतिशत महिलाहरूले उल्लेख गरेका छन् तर यो कुरा उनीहरूमा नभई उनीहरूलाई वैदेशिक रोजगारमा जान सहजीकरण गर्ने 'एजेन्ट'हरूमा निर्भर रहने गरेको छ । एजेन्टहरूले नेपालबाट मात्र नभई अनधिकृत रूपमा, अनधिकृत मुलुकमा र अनधिकृत काममा नेपाली युवा महिलाहरूलाई लैजानु पर्दा लुकीछिपी भारतको बाटो प्रयोग गर्ने चलन अत्यधिक पाइएको छ । उपयुक्त एजेन्टको छनौट पनि वैदेशिक रोजगारमा जाने युवा महिलाहरूको पहुँचमा रहेको पाइन्न । जुन एजेन्ट उनीहरू वा उनीहरूका आफन्तसँगको सम्पर्कमा आइपुग्छन् तिनै एजेन्टहरूमाथि प्रायशः वैदेशिक रोजगारमा जाने महिलाहरू पूर्णतः निर्भर रहेका पाइन्छन् । यस्ता एजेन्टहरूले जहाँ, जस्तो काममा, जति पारिश्रमिकमा र जुन बाटो भएर जाने कुरा गर्छन् वैदेशिक रोजगारमा जाने अधिकांश नेपाली युवा महिलाहरू त्यसैमा विश्वास गर्छन्, सहमत हुन्छन् र त्यसै अनुरूप पछि लाग्छन् । कतिपय उमेर नपुगेका महिलाहरूको उमेर बढाएर आवश्यक कागज-पत्र बनाउने कामसमेत यस्ता एजेन्टहरूकै सहजीकरणमा हुने गरेको अध्ययनमा पाइएको छ । यस्ता एजेन्टहरू मान्यताप्राप्त म्यानपावर एजेन्सीका हुन् वा होइनन् भन्ने कुरा समेत अधिकांश महिलाहरूलाई जानकारी हुने गरेको छैन ।




*स्रोतः घरधुरी सर्वेक्षण, नेपान - सन् २०१७*

## विदेशमा गएर गर्ने काम

विदेशमा गएर अधिकांश नेपाली युवा महिलाहरूले 'घरेलु कामदार'को रूपमा नै काम गर्ने गरेको यस अध्ययनमा पाइएको छ। वैदेशिक रोजगारमा गएर फर्केका यस अध्ययनमा सहभागी करिब ८० प्रतिशत नेपाली युवा महिलाहरूले आफूहरूले घरेलु कामदारकै रूपमा विदेशमा काम गरेको बताएका छन्। करिब २० प्रतिशतले भने एयरपोर्ट, अस्पताल, माछा व्यवसाय र गार्मेन्टजस्ता कम्पनीहरूमा काम गरेको उल्लेख गरेका छन्। कम्पनीमार्फत् गरिने काममा पनि धेरैजसो महिलाहरू सरसफाइ वा अन्य तल्लोस्तरका काममै बढी संलग्न हुने गरेको पाइएको छ।

## भोग्नु परेका प्रमुख समस्याहरू

अध्ययनमा सहभागी वैदेशिक रोजगारीमा गएर फर्केका महिलाहरूले उल्लेख गरेका उनीहरूले विदेशमा भोग्नुपरेका मुख्य समस्याहरू निम्नानुसार रहेका छन् :

- बिहानैदेखि रातिसम्म अर्थात् बढी समय काम गर्नुपर्ने।
- भाषा र चालचलन एवम् संस्कृति नबुझेर हैरान हुने।
- रोजगारदाताले पासपोर्ट र अन्य आवश्यक कागजात कब्जामा राखिदिने भएकाले काम परिवर्तन गर्न, एक ठाउँबाट अर्को ठाउँमा जान र आफूले चाहेको बेला स्वदेश फर्कन नपाइने।
- वैदेशिक राजगारीमा जाने बेलामा नेपालमा एजेन्टले बताए अनुसारको काम र पारिश्रमिक नपाइने (धादिङका १० प्रतिशत र सिन्धुपाल्चोकका १२ प्रतिशतले यो कुरा उल्लेख गरेका छन्)।
- रोजगारदाताले पर्याप्त खाना नदिने, कुट्पिट गर्ने र चर्पीमा समेत थुन्ने (धादिङका २५ प्रतिशत र सिन्धुपाल्चोकका २६ प्रतिशतले यो कुरा उल्लेख गरेका छन्)।
- रोजगारदाताले कहिले पारिश्रमिक दिन्छन् र घर पठाउन सकिन्छ भन्ने ठेगान नहुने।
- बिरामी पर्दा उचित उपचार र स्याहार नपाइने।
- रोजगारदाताले स्वीकार गरेकै पारिश्रमिक पनि विभिन्न बहानामा कट्टा गर्ने (धादिङका १० प्रतिशत र सिन्धुपाल्चोकका ८ प्रतिशतले यो कुरा उल्लेख गरेका छन्)।

रोजगारदाताले नेपाली युवा कामदार महिलाहरूमाथि गर्ने यौन शोषणको कुरा भने अध्ययनमा सहभागी महिलाहरूले उल्लेख गरेनन् तर यो पनि ठूलो समस्याको रूपमा रहेको अनुमान गरिएको छ।

अध्ययन गरिएका ठाउँका वैदेशिक रोजगारीमा जाने अधिकांश नेपाली युवा महिलाहरूलाई सुरक्षित वैदेशिक रोजगारीका लागि नेपाल सरकारले राखेका प्रावधानहरूका बारेमा जानकारी नभएको पाइएको छ। तलको तालिकाले अध्ययनमा सहभागी धादिङका ४० जना र सिन्धुपाल्चोकका ५० जना महिलामध्ये सुरक्षित वैदेशिक रोजगारीका लागि के कस्ता प्रावधानका बारेमा कतिलाई थाहा छ भन्ने कुरा प्रष्ट्याउँदछ :

| **सुरक्षित वैदेशिक रोजगारीका लागि ध्यानदिनु पर्ने प्रावधानहरू** | **यस्तो प्रावधानको बारेमा थाहा भएकाको सङ्ख्या (अध्ययनमा सहभागी धादिङका ४० र सिन्धुपाल्चोकका ५० जना सहभागीमध्ये)** | |
|---|---|---|
| | **धादिङका** | **सिन्धुपाल्चोकका** |
| न्यूनतम उमेर पुग्नुपर्ने | २ | ० |
| सीपमूलक तालिम लिएरमात्र जानुपर्ने | १ | ३ |
| स्वदेशकै बाटो भएर जानुपर्ने | १६ | २५ |
| श्रम स्वीकृति लिएर जानुपर्ने | ११ | ११ |
| आफ्ना कागजात र जानकारीमूलक सामग्रीका प्रति स्वदेशमा आफन्तलाई छाडेर जानुपर्ने | ७ | १२ |
| मान्यताप्राप्त म्यानपावर एजेन्सीमार्फत् जानुपर्ने | १ | ८ |


## अप्ठ्यारो पर्दा सम्पर्क

विदेशमा रोजगारीमा रहेका महिलाहरूलाई कुनै अप्ठ्यारो पर्‍यो भने कहाँ र कसरी सम्पर्क गर्न सकिन्छ भन्नेबारेमा पनि राम्रो जानकारी नरहेको अध्ययनबाट पाइएको छ। अध्ययनमा सहभागीहरूमध्ये अप्ठ्यारो परे ४१ प्रतिशतले एजेन्टसँग सम्पर्क गर्ने र २४ प्रतिशतले म्यानपावर एजेन्सीसँग सम्पर्क गर्ने तर यस्तो सम्पर्क त्यति सहज नभएको उल्लेख गरेका छन्। करिब २५ प्रतिशतलाई भने कहाँ सम्पर्क गर्ने भन्ने कुरा थाहै नभएको पाइएको छ। करिब आठ प्रतिशतले दूतावासमा सम्पर्क गर्नुपर्छ भन्नेसम्म थाहा भएको उल्लेख गरेका छन्।

**अध्ययन गरिएका ठाउँका वैदेशिक रोजगारीमा जाने अधिकांश नेपाली युवा महिलाहरूलाई सुरक्षित वैदेशिक रोजगारीका लागि नेपाल सरकारले राखेका प्रावधानहरूका बारेमा जानकारी नभएको पाइएको छ।**

## वैदेशिक रोजगारीबाट फर्कनुको कारण

वैदेशिक रोजगारीमा गएका युवा महिलाहरू स्वदेश फर्कनुका कारणमा सबैभन्दा ठूलो कारण (धादिङमा करिब ६७ प्रतिशत र सिन्धुपाल्चोकमा करिब ४० प्रतिशत) 'अवधि सकिनु' पाइएको छ। यसमा कामको अवधिका साथै भिसाको अवधि सकिनु दुवै रहेका छन्। यसपछिका प्रमुख कारणहरूमा परिवारले फर्कनका लागि दबाब दिनु, उपयुक्त पारिश्रमिक नपाउनु, बिरामी पर्नु, कामको बोझ ज्यादा हुनु र काम गर्न मन नलाग्नु जस्ता कुराहरू पाइएको छ।



*अन्तर्वार्ताका क्रममा महिलाहरुसँग कुराकानी गर्दै नेपानकी अनुसन्धानकर्मी रुपा बस्नेत*

## मानव बेचबिखनको अवस्था

विभिन्न अध्ययन-अनुसन्धानले देखाएअनुसार नेपालमा मानव बेचबिखनको अवस्था पनि अत्यन्त ठूलो रहेको छ। यसमा गरिबीको कारणका साथै ललाइ-फकाइ गरेर एवम् झुक्यानमा पारेर नेपाली युवा महिलाहरूलाई विदेशका वेश्यालयहरूमा पुऱ्याउने प्रवृत्ति देखिएको छ। नेपालभित्रै आन्तरिकरूपमा पनि नेपाली चेलीहरूको ओसार-पसार तथा बेचबिखन बढ्दै गएको छ। नेपानले गरेको यस अध्ययनमा यसरी मानव बेचबिखनमा परेर फर्केका महिलाहरूको अवस्थाका बारेमा पनि अध्ययन गर्ने सोच रहेको थियो। तर, अध्ययनका लागि समय अत्यन्त कम रहेको र अध्ययन क्षेत्रमा अध्ययनका बेला त्यस्ता महिलाहरू नभेटिएका कारण यसबारे उल्लेख्य अध्ययन गर्न सकिएन र वैदेशिक रोजगारबाट फर्केका महिलाहरूमा मात्र यस अध्ययनलाई सीमित गरियो।

## अध्ययनपश्चात गरिएका कार्यहरू

माथि उल्लेख गरिएका तथ्यहरूले वैदेशिक रोजगारमा जाने नेपाली युवा महिलाहरूका केही पक्षहरूलाई उजागर गर्ने प्रयत्न भएको छ। त्यस्ता पक्षहरू अधिकांशतः अप्रियकर नै छन्। तसर्थ, अध्ययनले सकभर नेपाली युवा महिलाहरू वैदेशिक रोजगारमा नजानु नै राम्रो र जानैपरे पनि सुसूचित र सुरक्षित ढङ्गले मात्र जानु उपयुक्त हुने सिफारिश गरेको छ। तर, यस्तो अवस्थाका लागि लक्षित क्षेत्रमा प्रभावकारी ढङ्गले उपयुक्त जानकारी प्रवाह गर्नुपर्ने खाँचो छ।

यस्तो खाँचो परिपूर्तिमा सहयोग पुगोस् भन्ने हेतुले नेपानले सन् २०१७ मै संयुक्त राष्ट्रङ्घीय आप्रवासन सङ्गठन (आई.ओ.एम.), यु.एन.ओमेन र जोन्टा इन्टरनेसनलकै सहयोगमा उल्लिखित अध्ययनमा आधारित रहँदै सञ्चार रणनीति समेत तर्जुमा गरी आई.ओ.एम.लाई उपलब्ध गराएको छ। यस रणनीतिअनुरूप तथा उपलब्ध सीमित स्रोत-साधन र समयका आधारमा केही सञ्चार-प्रवर्द्धन क्रियाकलापहरू पनि नेपानको आयोजनामा लक्षित क्षेत्रमा सम्पन्न गरिएका छन्।

## मूलभूत निष्कर्ष

माथि उल्लेख गरिएको सञ्चार रणनीति अनुरूपका सञ्चार क्रियाकलापलाई निरन्तरता दिनसके र स्वदेशमै आयआर्जनका प्रभावकारी क्रियाकलाप संचालन गर्ने वातावरण बन्नसके यस अध्ययनले इङ्गित गरेको सकभर नेपाली युवा महिलाहरू वैदेशिक रोजगारमा नजानु नै राम्रो र जानैपरे पनि सुसूचित र सुरक्षित ढङ्गले मात्र जानु उपयुक्त हुने निष्कर्षात्मक सुझावलाई प्रतिफल हासिल हुनेगरी कार्यान्वयनमा लैजान महत्वपूर्ण योगदान पुग्नसक्ने देखिन्छ।

इमेल : toyagautam@gmail.com
basnet_rupa@yahoo.com
adhikaribina@gmail.com

# युवा सहभागिता : सिद्धान्त र व्यवहार





● भोला भट्टराई ● हरि देवकोटा ● नरेन खतिवडा

**युवालाई उत्साह र क्षमताको पर्याय मानेर हेर्दा नेपालको विकासमा युवाको भूमिका उल्लेख्य हुने देखिन्छ । त्यसोभए, किन यी उर्जाशील युवाहरू मूलप्रवाहबाट बाहिर परेका छन् ? किन हाम्रो विकास पद्धति युवामैत्री बन्नसकेको छैन ? के कस्ता क्षेत्रमा थप बल गर्नुपर्ने छ ? यस्ता थुप्रै सवालहरू हाम्रा सामु खडा छन् ।**

'युवा' भन्ने बित्तिकै नयाँ विचार, ऊर्जा, सृजनशीलता, क्रियाशीलता जस्ता निकै जाँगरिला र रचनात्मक अर्थहरू मस्तिष्कमा आउन थाल्छन् (एस. नेउपाने (रेग्मी) । सन् २०१६ का अनुसार बाल्यावस्थादेखि वयस्क बन्ने अवस्थासम्म युवा अवस्था हो विश्वमा युवा तथा युवा अधिकारका बारेमा छलफल हुन थालेको पनि खासै धेरै भएको छैन । सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा जनसङ्ख्या तथा विकास सम्मेलनमा युवाका लागि विश्वव्यापी कार्ययोजना बनेपछि चाहिँ यो विषय आधिकारिक छलफलकै एजेन्डाको रूपमा आउन थालेको हो । त्यसपछि विभिन्न देशका युवामन्त्रीहरूले पटक-पटक प्रयास गरेपछि र संयुक्त राष्ट्रसङ्घले युवासम्बन्धी सवालहरूमा विशेष चासो दिन थालेपछि यो विषय साझा छलफलको एजेन्डा बन्न थालेको हो ।

## फरक फरक उमेर समूह र युवाको वर्गीकरण

युवाको परिभाषालाई उमेरको हदबाट समेत बुझ्ने गरिएको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार १५ देखि २४ वर्षको उमेर समूहका व्यक्तिहरू युवा हुन् । सोअनुसार विश्वका करिब १८ प्रतिशत मानिसहरू युवा उमेर समूहका छन् । त्यस्तैगरी युरोपियन युनियनले १४ देखि २९ वर्षको उमेर समूहका मानिसलाई युवा भनेर सम्बोधन गर्दछ । अधिकाँश अफ्रिकी देशहरूमा युवा भन्नाले १५ देखि ३० वर्षका मानिसहरू भन्ने बुझिन्छ । भारतको युवा नीतिले पनि युवा भन्नाले १५ देखि २९ वर्षको उमेर समूहका व्यक्ति भनेर परिभाषित गरेको छ । यसरी अधिकांश देशका युवासम्बन्धी परिभाषालाई हेर्दा १५ देखि ३० वर्षको उमेर समूहका व्यक्तिलाई युवा भन्ने गरेको पाइन्छ । नेपालको सन्दर्भमा राष्ट्रिय युवा नीति २०६६ ले १६ वर्षदेखि ४० वर्षको उमेर समूहका व्यक्तिहरू युवा हुने भन्ने कुरा उल्लेख गरेको छ । यदि यो उमेर समूहलाई आधार मान्ने हो भने नेपालको जनसङ्ख्याको करिब ४० प्रतिशत युवा छन् । युवालाई उत्साह र क्षमताको पर्याय मानेर हेर्दा नेपालको विकासमा युवाको भूमिका उल्लेख्य हुने देखिन्छ । त्यसोभए, किन यी उर्जाशील युवाहरू मूलप्रवाहबाट बाहिर परेका छन् ? किन हाम्रो विकास पद्धति युवामैत्री बन्नसकेको छैन ? के कस्ता क्षेत्रमा थप बल गर्नुपर्ने छ ? यस्ता थुप्रै सवालहरू हाम्रा सामु खडा छन् ।

यी युवाहरूका आवश्यकता र चाहनालाई मध्यनजर गर्दै युवाहरूलाई पनि दुईवटा उमेर समूहमा वर्गीकरण गरिएको छ । पहिलो समूहमा १६ देखि २४ वर्षका युवाहरू पर्दछन् भने २५ देखि ४० वर्षको उमेरकालाई दोस्रो समूहमा राखिएको छ । पहिलो समूहका युवाहरूलाई सीप र शिक्षामा जोड दिइएको छ भने दोस्रो समूहकालाई रोजगारी तथा नेतृत्व विकासमा । साथै, राष्ट्रिय युवा नीतिले समग्र युवालाई तीनवटा समूहमा वर्गीकरण गरेको छ । सामान्य युवा, प्राथमिकताको समूहका युवा र विशेष प्राथमिकताप्राप्त समूहका युवा । प्राथमिकताको समूहका युवामा महिला, जनजाति, आदिवासी र मधेसी युवाहरू पर्दछन् भने द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित, मुस्लिम समुदायका र कर्णाली तथा पछाडि पारिएको क्षेत्रका युवाहरू विशेष प्राथामिकताप्राप्त समूहभित्र पर्दछन् । २०६८ को जनगणनाअनुसार करिव ४० प्रतिशत युवा छन् । यस सन्दर्भमा कुरा गर्दा २०५३ सालतिर केदारभक्त माथेमाको संयोजकत्वमा युवासम्बन्धी अध्ययन गरी सरकारलाई के कस्ता कार्यक्रम बनाउन उपयुक्त हुन्छ भन्नेबारे सुझाव दिन गठिन उच्चस्तरीय कार्यदलले १६ देखि २९ वर्षको उमेर समूहका मानिसलाई युवा भन्न उपयुक्त हुने सुझाव समेत दिएको थियो । यद्यपि, युवा नीति बन्ने क्रममा विभिन्न विद्यार्थी सङ्गठनहरूले १६ देखि ४० वर्ष राख्नुपर्ने सुझाव दिएका कारण सोहीअनुरूप हुन गएको पाइन्छ । पहिले युवाहरूलाई शिक्षा मन्त्रालयको एउटा सानो युवा तथा खेलकुद शाखाले हेर्ने गर्दथ्यो भने १०-१२ वर्षको प्रयत्नपछि छुट्टै युवा मन्त्रालय बन्यो ।

## युवालाई हेर्ने हाम्रो मानसिकता

कुनैपनि समाज र राष्ट्रको विकास युवाको संलग्नता र सहभागितामा निर्भर गर्दछ (खतिवडा, २०७३) तर समाजको सांस्कृतिक, आर्थिक, सामाजिक, राजनैतिक कारणले गर्दा ती युवाहरू विकास प्रक्रियामा सहभागी हुन पाएका हुँदैनन् । हाम्रो समाजले पनि निर्णय प्रक्रियामा युवाहरूलाई पुऱ्याउन तथा उनीहरूलाई विश्वास गर्न सकेको पाइन्न । सधैं केटाकेटी नै देख्ने मानसिकता छ । सानो उमेरमा केही गर्न खोज्यो भने 'जान्ने न हो' वा 'बढी जान्ने बन्छ' जस्ता अविश्वासयुक्त भाषाहरू

पाकाहरूबाट अभिव्यक्त हुन्छन् । नयाँ तथा कुनै फरक काम गर्नबाट सधैं रोक्ने हाम्रो सामाजिक प्रचलनले गर्दा युवाहरूले आफ्नो किसिमको नवीनतम् काम गर्ने वातावरण पाइरहेका हुँदैनन् । दुई-चार अक्षर पढेपछि जागिर नै खानुपर्छ भन्ने मान्यता समाजमा विकास भएका कारण उद्यमशीलता फस्टाउन पाएन । विगत लामो समयसम्म युवाहरूको हक-अधिकारका लागि राज्यबाट खासै कुनै काम हुन सकेन । यसका कारण युवाहरूको पलायन बढ्दै गयो । आज हामीलाई चाहिने युवा शक्ति मलेसिया, कोरिया र खाडी मुलुकहरूको निर्माणमा लागेका छन् । दुई-चार पैसाका लागि देश छोड्न बाध्य छन् । राष्ट्र निर्माणमा हामीले ती युवाहरूको सहभागिता खोज्न सकेनौं । उनीहरूलाई विश्वास गरेनौं । त्यसैले आज उनीहरू अन्य देशमा गएर काम गर्न विवश छन् । युवाका लागि लक्षित कार्यक्रमहरू पनि कनिका छरेजस्ता देखिन्छन् ।

राष्ट्र निर्माणमा हामीले ती युवाहरूको सहभागिता खोज्न सकेनौं । उनीहरूलाई विश्वास गरेनौं । त्यसैले आज उनीहरू अन्य देशमा गएर काम गर्न विवश छन् ।

## युवा सहभागिताको औचित्य

विकास प्रकृयाअन्तर्गत सहभागितालाई सर्वमान्य अवधारणाको रूपमा स्वीकार गरिएको छ र विकास प्रकृयामा युवा सहभागिता त झनै महत्वपूर्ण विषय बन्न पुगेको छ। संयुक्त राष्ट्रसङ्घले सामाजिक रूपान्तरण, आर्थिक वृद्धि, प्राविधिक विकास र प्रवर्द्धनमा युवाको सहभागितालाई लामो समयदेखि पहिचान गरेको छ। संयुक्त राष्ट्रसङ्घले युवाको क्षमता वृद्धि, शिक्षा, रोजगारी, सहभागिता, अन्तर-पुस्ता सम्बन्ध, स्वास्थ्य, वातावरण लगायतका क्षेत्रमा युवा लक्षित कार्यक्रमहरू घोषणा गरी कार्यान्वयन गर्दै आएको छ। यसैगरी युवा सहभागिताका सम्बन्धमा विश्व बैङ्क (सन् २००७) ले आफ्नो प्रतिवेदनमा विकास प्रकृयामा युवा सहभागितालाई तीनवटा अवधारणाबाट व्याख्या गरेको पाइन्छ ।

### युवा सहभागिताका तीन आधारभूत अवधारणा




यसअन्तर्गत युवालक्षित कार्यक्रमको विकास र कार्यान्वयन, युवालाई प्रमुख साझेदार बनाउने कुरा र युवालाई नेतृत्वदायी भूमिकामा पुऱ्याउनेगरी सहयोग गर्नुपर्ने कुरालाई जोड दिइएको छ (DFID- CSO Youth working Group 2010)। अर्कोतर्फ, सहभागिताको सवालमा अग्रवाल (सन् २०१०) को दृष्टिकोण छ । 'जेण्डर एण्ड गभर्नेन्स' नामक पुस्तकमा उहाँ उल्लेख गर्नुहुन्छ, 'कतिपय सन्दर्भमा सहभागिताको नाममा सहभागीमूलक बहिष्करण (Participatory Exclusion) मा पर्ने सम्भावना रहन्छ । युवा सहभागितालाई कुनस्तरको वा कुन किसिमको सहभागिता भनेर विश्लेषण नगर्ने हो भने युवाको उपस्थिति त हुन्छ तर उनीहरूको अर्थपूर्ण र प्रभावकारी सहभागिता हुँदैन ।' नेपाल र भारतको वन व्यवस्थापनको चर्चा गर्दै अग्रवालले उल्लेख गर्नुभएको छ, 'प्रभावकारी सहभागिताका लागि तल्लोस्तरदेखि उच्चतहसम्मको सहभागिताको ग्यारेन्टी हुनुपर्दछ ।' प्रत्येक प्रकारको सहभागितालाई परिभाषित गरिनु पर्ने उहाँको तर्क छ। उहाँले सहभागितालाई छ प्रकारले विभाजन गर्नु भएको छ ।

१. नाम मात्रको सहभागिता
२. निष्क्रिय सहभागिता
३. परामर्शका लागि सहभागिता
४. कार्यक्रम (गतिविधि)का लागि सहभागिता
५. सक्रिय सहभागिता
६. अन्तरक्रियात्मक (सचेतना सहितको) सहभागिता

माथि उल्लेखित सहभागिताका प्रकारलाई नियाल्ने हो भने स्थानीय तहदेखि अन्तर्राष्ट्रिय तहसम्मै युवा सहभागिता पहिलो चार तहको सहभागितासम्म भएको पाइन्छ । युवाको सक्रिय तथा पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित हुन भने बाँकी नै छ । यसका लागि केही प्रयासहरू भएपनि सार्थक उपलब्धि हासिल हुन सकेको छैन ।

## नेपालमा युवा सहभागिता : नीति तथा व्यवहार

युवाको सहभागिता भन्ने बित्तिकै सरकार र आममानिसको पनि बुझाइ 'खेलकुद' तिर गइहाल्छ । गाउँमा दर्ता भएका अधिकांश युवा क्लबहरूको काम पनि वर्षमा एकपटक खेलकुद प्रतियोगिता आयोजना गर्नु वा भाग लिनुमा नै सीमित देखिन्छ तर युवा सहभागिताको विषय गहन र महत्वपूर्ण छ। युवाशक्तिको जोश र जाँगरले मात्र देशको विकास गर्न सकिन्छ भन्ने कुरा अधिकांश विकसित देशको उदाहरण हेरेर पनि सहजै अनुमान गर्न सकिन्छ।  नेपालको सन्दर्भमा युवा सहभागिता अत्यन्तै महत्वपूर्ण विषय बनेको छ। हामीले देखेकै पनि छौं, नेपालको प्रमुख राजनैतिक परिवर्तनमा तिनै युवाहरूको सहभागिता थियो जसको कारण २०४६ र २०६२/६३ को आन्दोलनले सफलता प्राप्त गऱ्यो । यद्यपि, राजनैतिक परिवर्तनका संवाहक युवालाई नीति-निर्माण तथा लाभको अवसरमा भने सधैं वञ्चित गरिँदै आएको छ ।

विकाससम्बन्धी गतिविधि, सुलभ शिक्षा, आर्थिक अवसर, प्रतिनिधित्व, स्रोतमाथिको पहुँच र नियन्त्रणमा युवाहरू वञ्चित छन् । यसको कारण ठूलो मात्रामा युवाहरू मूलप्रवाहबाट बहिष्कृत छन् । यस अवस्थाबाट युवालाई मूलप्रवाहमा ल्याउन नेपालमा केही नीतिगत प्रयास समेत भएका छन् जसलाई छोटकरीमा तल उल्लेख गरिएको छ :

**क) राष्ट्रिय युवा परिषद्:** युवाहरूको चौतर्फी विकासका लागि नीतिगत तहमा राष्ट्रिय युवा परिषद् गठन भएको छ। यसले युवाको सहभागितालाई सुनिश्चित गर्ने तथा सहभागिताका लागि युवाको क्षमता विकास गर्ने काम गर्दछ। राष्ट्रिय युवा परिषद् ऐन, वि.सं. २०७२ लागू भएपछि गठन भएको  परिषद्ले केही सकारात्मक कामको थालनी गरेको भएतापनि अबका नयाँ संरचनाअनुसार यसको भूमिका के हुने भन्ने कुरा किटान हुन सकेको छैन ।

**ख) युथ भिजन सन् २०२५ को तयारीः** सन् २०१५ देखि २०२५ को दश वर्षे रणनैतिक योजनाको रूपमा युथ भिजन २०२५ तयार भएको छ । यसले युवाको विकासका लागि पाँचवटा आधारस्तम्भहरू तयार गरेको छ : क) गुणस्तरीय र व्यावहारिक शिक्षा, ख) रोजगारी, उद्यमशीलता र सीप विकास, ग) युवा स्वास्थ्य र सामाजिक सुरक्षा, घ) परिचालन, सहभागिता र नेतृत्व विकास, तथा ङ) खेलकुद र मनोरञ्जन । युवाको विकासका लागि यी महत्वपूर्ण प्रावधानहरू

उल्लेख गरिएको भएपनि पर्याप्त बजेटको अभावमा यसको प्रभावकारी कार्यान्वयन भएको छैन ।

**ग) राष्ट्रिय युवा नीति वि.सं. २०६६/७२** : सहभागिताको सवालमा राष्ट्रिय युवा नीतिले महत्वपूर्ण प्रावधान समेटेको छ । नीतिमा उल्लेख छ, देशको समग्र आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणको प्रकृयामा युवाको भूमिकालाई उच्च महत्व दिँदै सो प्रकृयामा युवाको संलग्नता र नेतृत्वलाई बढावा दिइने छ। नीतिको विभिन्न बुँदामा युवाको हक र हितका बारेमा उल्लेख गरिएको भएपनि मन्त्रालयका कार्यक्रमहरूलाई हेर्दा ठोस र नतीजामुखी योजनाहरू भने प्रस्तुत भएको देखिँदैन ।

नेपालमा सञ्चालन भएका प्रत्येक राजनीतिक आन्दोलनहरूमा युवाहरू परिचालन भएका छन् तर, राजनीतिक परिवर्तनपश्चात् प्राप्त भएको लोकतन्त्रको फल युवाहरूले चाख्न पाएका छैनन् । प्रत्येक राजनीतिक दलहरूसँग युवाहरू आबद्ध छन् ।

**घ) विभिन्न मन्त्रालयमा युवा फोकल पर्सन :** सरकारले प्रत्येक मन्त्रालयमा एक-एकजना युवा 'फोकलपर्सन' तोकेको छ जसको कारण पनि विभिन्न मन्त्रालयस्तरीय युवा छलफल तथा युवा कार्यक्रलाई एकीकृत गर्दै लगेको देखिन्छ ।

**ङ) युवा स्वरोजगार कोष :** सरकारले युवाको स्वरोजगारका लागि भनेर प्रधानमन्त्रीको कार्यालयअन्तर्गत छुट्टै कोष खडा गरेको छ यद्यपि, सरकारी तथा राजनैतिक पक्षपोषणले गर्दा यस कोषको काम प्रभावकारी भएको छैन ।

**च) गैरसरकारी क्षेत्र :** युवा सहभागिताको सन्दर्भमा गैरसरकारी संघसंस्थाले तुलनात्मक रूपमा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । स्थानीयस्तरदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा युवा सहभागिता गराउने आवश्यक भूमिका गैरसरकारी क्षेत्रले खेलेको पाइन्छ ।

राज्यले युवाहरूको सहभागिता सुनिश्चित गर्नका लागि केही नीतिगत, कानुनी र संस्थागत प्रयास गरेको भएपनि व्यावहारिक रूपले नीति-निर्माण तथा विकास प्रकृयामा युवाको सार्थक सहभागिता हुन सकेको छैन । नेपालमा सञ्चालन भएका प्रत्येक राजनीतिक आन्दोलनहरूमा युवाहरू परिचालन भएका छन् तर, राजनीतिक परिवर्तनपश्चात् प्राप्त भएको लोकतन्त्रको फल युवाहरूले चाख्न पाएका छैनन् । प्रत्येक राजनीतिक दलहरूसँग युवाहरू आबद्ध छन् । तर, दलको नीति-निर्माण प्रकृयामा युवाहरूको सार्थक प्रतिनिधित्व छैन । एक दृष्टिकोणले हेर्ने हो भने, युवाहरू प्रत्येक राजनीतिक दलको सत्ताप्राप्तिको भऱ्याङ्गको रूपमा मात्र प्रयोग भएका छन् ।

विकास प्रकृयामा युवाको सहभागितालाई नेपालको नीति तथा कानुनले स्वीकार गरेता पनि व्यवहारमा भने यो लागू हुन सकेको छैन । अझै पनि नेपाली युवाहरूले क्षमता विकास र रोजगारीको अवसर पाउन सकेका छैनन् । युवा भनेपछि पटक-पटक तौलने र कम आँकलन गर्ने एवम् भरोसा नगर्ने जस्ता परिपाटीले गर्दा पनि युवाहरूको विकास हुन नसकेको हो । प्राविधिक शिक्षाको कमी तथा अवैज्ञानिक शिक्षा प्रणालीको कारण पनि उच्च शिक्षा हासिल गर्दा समेत युवाहरूमा परिपक्वता तथा कुनैपनि कामको पूर्ण जानकारी हुँदैन । यसले आमयुवाहरूमा मानसिक चिन्ता थपेको छ । देशमा रोजगारी र उद्यमशील वातावरणको अभावका कारण युवाहरूमा चरम मानसिक तनाव उत्पन्न हुने गरेको छ ।

युवाहरूको सहभागितालाई हेर्ने हो भने अग्रवाल (सन् २०१०) ले भनेजस्तो नाममात्र वा परामर्शका लागि गरिने सहभागितामा मात्र युवा सहभागितालाई सीमित गरिएको छ। नीति-निर्माण प्रकृया, योजनाको कार्यान्वयन तथा लाभमाथिको पहुँचमा युवा अवस्थामा पहिलेदेखि नै 'सामाजिक काममा किन लागेको ?' भनेर प्रश्न आउँथ्यो । आजपनि सो अवस्था खासै फेरिएको छैन र युवाहरूले आफ्नो भविष्यको निर्णय आफैँ गर्न पाउने वातावरण अझै तयार भएको छैन । अझ कतिपय ग्रामीण भेगका युवाहरूले त सूचनाका स्रोत-साधनमा सम्मपनि आफ्नो पहुँच पुऱ्याउन सकेका छैनन् ।

## युवा सहभागिता र नीतिगत समस्या

नेपालको युवा सहभागिताको कुरा गर्दा नीतिगत समस्याका कारण पनि युवाको सहभागिता हुन सकेको छैन । मुख्यतयाः ३० वर्षको उमेर कटेका युवाहरूले अधिकाँश ठाउँमा प्रभुत्व जमाउन सजिलै अवसर पाउँदैनन् । जसका कारण क्षमतावान युवाहरू सानै उमेरमा विदेश पलायन हुने समस्या समेत देखिन्छ । पढेपछि अवसर नपाउने वा कम उमेर समूहका युवाहरूको अवसरमा पहुँच नपुग्ने हुँदा उनीहरू आफ्नो ज्ञान, सीप र क्षमतालाई सीमिततामा राख्न बाध्य छन् । हामीकहाँ उमेर हदको कारण एउटै परिवारका बाबु-आमा र छोराछोरी दुवै युवा हुने अवस्था छ, जस्तैः कोही व्यक्तिले १८ वर्षमा विवाह गऱ्यो भने ३६ वर्ष पुग्दा उसका छोरा वा छोरी पनि १८ वर्ष पुग्छन् । जो सुन्दा पनि अचम्मलाग्दो हुन्छ । अर्कोतर्फ बाबुआमा र छोराछोरी दुवैको इच्छा तथा चाहना फरक हुने गर्दछ, जुन कुरा युवा नीतिले समेटेको देखिँदैन । यसले गर्दा युवाको उमेरलाई १६ देखि २९ वर्ष कायम गर्नु अथवा १६ देखि २९ र ३० देखि ४० गरी दुई उमेर समूहमा युवालाई विभाजित गर्नु जरुरी देखिन्छ ।

## युवा सहभागिताका लागि अवसर

देशको आर्थिक, सामाजिक तथा राजनैतिक रूपान्तरणको क्षेत्रमा युवा सहभागिता अभिवृद्धि गर्न स्थानीयदेखि अन्तर्राष्ट्रिय तहसम्म थुप्रै अवसरहरू सिर्जना भएका छन् । संयुक्त राष्ट्रसङ्घले सामाजिक रूपान्तरण, आर्थिक विकास र प्रविधि प्रवर्द्धनमा युवाको सहभागिता अनिवार्य रहनेगरी ठोस योजनाहरू अगाडि बढाएको छ । विभिन्न

### के हो युवा सहभागिता ?

युवाको सक्रिय, पूर्णतः सुसूचित एवम् स्वयंसेवी सहभागिताबाट स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा हुने निर्णय प्रकृयामा युवाहरूले आफ्नालागि आफैँले गर्ने सहभागितामूलक निर्णय नै युवा सहभागिता हो ।



*कालिकोट जिल्ला नामीकोटका युवा महिलाहरू अधिकारसम्बन्धी तालिममा सहभागी हुँदै ।*
*तस्बिर : दीपक सुनुवार, युवालय*

विकास साझेदारहरूले आफ्ना नीति तथा कार्यक्रमहरूमा युवा सहभागिता, नेतृत्व र उनीहरूमार्फत् नै विकास गर्ने अवधारणालाई कार्यान्वयनमा ल्याएका छन् ।

२०७२ को भूकम्प पश्चातको नवनिर्माणका लागि युवाको भूमिका महत्वपूर्ण हुनसक्थ्यो । विडम्बना, घर बनाउन विदेश गएका नेपाली युवाहरू फर्किएका छैनन् । बरु, घर बनाउन आर्थिक जोहो गर्ने बहानामा विदेशिने युवाहरू अझ बढिरहेका छन् । यसले गर्दा हाल गाउँमा काम गर्ने मानिसको अभाव छ । स्वदेशमै काम गर्नेहरूको दैनिक कमाइ रु. १,०००।- देखि १,५००।- सम्म छ जो सरदर वैदेशिक रोजगारीमा जानेको भन्दा बढी हो । यसरी स्वदेशमै काम गरे एकातिर परिवारसँग बस्न पाइने, अर्कोतर्फ टिकट खर्च र भिसा शुल्क वापत करिब १ लाख रुपैयाँको हाराहारीमा पैसा पनि बचत हुने । यो अवसर

नेपाली युवाहरूले किन छाड्ने ? लाखौ युवा देशबाहिर छन् । एकातिर खाडीमुलुक, कोरिया, मलेसिया र भारतमा श्रमिकको रूपमा युवाहरू बाहिरिएका छन् भने अर्कोतिर नेपालबाट दक्ष जनशक्तिको मस्तिष्क पलायनको सङ्ख्या पनि बढ्दो छ । नेपाल सरकारले युवा नीति तथा कानुनमार्फत् युवा सहभागितालाई प्रशस्त स्थान दिएको छ र बदलिँदो राजनैतिक परिवेशमा स्थानीय सरकारले युवा हक-हितका सवालमा आवश्यक नीति तथा कार्यक्रम तर्जुमा र लागू गर्नसक्ने अवस्था पनि छ । यसरी नै 'दिगो विकास लक्ष्यहरू'को कार्यान्वयनमा युवा सहभागिता प्रत्याभूत गरेर विकास लक्ष्य प्राप्त गर्न सकिने सम्भावनालाई सबै विकास साझेदारहरूले सघाउन सक्ने भएकाले युवाहरूले स्वदेशमै विकासका सबै क्षेत्रमा आफ्नो सहभागिता र पहुँच अभिवृद्धि गर्नु श्रेयस्कर हुने स्थिति छ ।

## निष्कर्ष

युवाहरूको जनसङ्ख्याको आधारमा राज्यका हरेक तह र तप्कामा युवाहरूको अर्थपूर्ण सहभागिता हुनु आवश्यक छ । युवाहरूको अर्थपूर्ण सहभागिताले मात्र युवा स्वयम् र देशको विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ । नेपालमा युवाहरूको सहभागिता सुनिश्चित गर्नका लागि केही नीतिगत, कानुनी र संस्थागत व्यवस्था गरिएको भएपनि यसको प्रभावकारी कार्यान्वयन भएको अवस्था छैन । युवाहरूको सार्थक सहभागिताको अभावले एकातिर युवाको समग्र विकास हुन सकेको छैन भने अर्कोतिर उनीहरूले आफ्नो क्षमताअनुसार देश विकासमा महत्वपूर्ण योगदान गर्न सकेका छैनन् । तसर्थ, युवाहरूको नीति-निर्माण तथा विकास प्रकृयामा सार्थक सहभागिता सुनिश्चित गर्नु नै आजको मुख्य आवश्यकता हो ।

## स्रोत सामग्रीहरू :


- Neupane (Regmi), S. (2016 A.D.); Youth Education for Sustainable Development. Nepal Youth Journal, Vol. 1 (1), Kathmandu, Nepal; Youth Advocacy Nepal.
- खतिवडा, नरेन (वि.सं. २०७३); राष्ट्रिय युवा नीति र युवा विकास कार्यक्रम; युवा लोकतन्त्र र सामाजिक सञ्जाल युवा संवाद-३; काठमाडौँ, नेपाल; युथ एडभोकेसी, नेपाल ।
- DFID- CSO Youth Working Group (2010 A.D.) Youth Participation in Development, London, UK.
- Agrawal, B (2010 A.D.). Gender and Governance, The Political Economy of Women's Presence within and beyond Community Forestry; New Delhi, India; Oxford University Press.



*(भट्टराईले विगत २० वर्षदेखि वन तथा जलवायु परिवर्तन, दिगो विकास लगायतका सवालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा अधिकारको पक्षमा काम गर्दै आउनुभएको छ । देवकोटा एकीकरण-गोर्खाका निर्देशक हुनुहुन्छ । खतिवडा युथ एडभोकेसी नेपालका अध्यक्ष हुनुहुन्छ ।)*
*इमेल : bhola_bhattarai@hotmail.com*



ज्येष्ठ नागरिकका सवालमा नेपालकै
पहिलो अनुसन्धानात्मक पुस्तक

**बुढ्यौली आवाज**

नेपाली तथा अङ्ग्रेजी दुबै भाषामा
नेपान सचिवालयमा उपलब्ध छ ।

# युवाशक्ति र शक्तिप्रति अथक भक्ति !



• चेतनाथ कणेल

**जाँगर भनेको आफैं निकाल्ने कुरा रहेछ । कसैले जबर्जस्ती गरेर बेलुनमा हावा भरेझैं जाँगर र जोश भरिरहन सक्दैन । मनलाई कामप्रति उत्प्रेरित गर्ने पहिलो काम आफ्नै हो, आफूबाटै उद्गमित हुनुपर्छ । अरूले त हल्का उकेरा लगाइदिने मात्र हुन् । चाहनाहरू आफूमा आफैंबाट सृजना गर्ने हो । यही नै मनप्रतिको भक्ति हो । अहिलेका युवावर्गले यो कुरा राम्रोसँग मनन गर्नुपर्छ ।**

हरेक देशका लागि युवाशक्ति एक 'अमूल्य शक्ति' हो । हरेक समाजका लागि युवाशक्ति समाजलाई नै भर्भराउँदो बनाउने एउटा अतुलनीय बलियो ऊर्जा हो । युवाशक्ति र ऊर्जामाथि नै समाज-गतिशीलता, विकास र रूपान्तरणका सारा प्रक्रियाहरू आडेस लागेका हुन्छन् । प्रसिद्ध भनाइ नै छ, 'युवावस्थामा नगरे कहिले गर्ने ?'

साँच्चै हो, काम गर्ने मान्छेका लक्षण केटाकेटी र किशोरवयमा नै देखिए पनि यथार्थमा ती 'चिल्ला पात'को प्रतिविम्बन भने युवावयमा गएर मात्र हुने गर्छ । 'हुने बिरुवाको चिल्लो पात'ले युवावस्थामा राम्रो फल दिन सकेन भने यथार्थमा पहिलेको भनाइ सार्थक हुन सक्दैन । प्रबुद्ध व्यक्तिहरू यसै भन्छन् ।

### ४० कटेपछि रमाऔंला !

उमेरमै सबै काम गर्नुपर्छ भनेको कतिपय काम सम्पन्न गर्ने भनेको हो, कतिपय काम थालनी भइसकेको हुनुपर्छ भनेको हो । सोह्र देखि ४० सम्मको भर्भराउँदो उमेरलाई हामीले युवा मान्ने हो भने त्यस उमेरमा भइसक्नुपर्ने के के हुन् त ? यो सीधा प्रश्नको प्रस्ट जवाफ भन्न त गाह्रो पर्ला, तर केही उत्तर दिनुपर्दा भने हामी भन्न सक्छौं :

क) बिहेवारी गर्ने हो भने त्यो बिहेको काम सम्पन्न गरिसकेर एक वा दुई, कति सन्तान जन्माउने हो, त्यो सम्पन्न भइसकेको हुनुपर्छ ।

ख) पढाइको निरन्तरता छ भने मास्टर्ससम्मको पढाइ पूरा भएको हुनुपर्छ र समयले साथ दिएको छ भने ४० कै हाराहारीमा पिएचडी पनि सक्दा धेरै राम्रो हुने हाम्रो अनुभव छ ।

ग) जागिर वा व्यापारमा लागेर आफ्नो एउटा स्थान, पद, पहिचान बनाएको हुनुपर्छ ।

घ) साहित्य सृजना वा लेखनमा लागेको व्यक्तिले कमसेकम एक दुई पुस्तक चालीसभित्रै निकालेको हुनु राम्रो । र, त्यतिबेलासम्म आफू कवि वा कथाकार, नियात्राकार वा निबन्धकार वा समालोचक, वा नाटककार, वा यस्तै विविध विधामध्ये एउटामा आफ्नो नाम साहित्यिक जगतमा आउने बन्नुपर्छ ।

ङ) उत्पादन वा व्यापारमा लाग्ने मानिसले पनि लगभग चालीसको उमेरमा एउटा पहिचान बनाउनै पर्छ ।

च) वैदेशिक रोजगार खासगरी शारीरिक श्रम (मस्सल) मा गएको व्यक्ति पनि चालीसपछि स्वदेश फर्केर आफ्नै देशमा जम्ने योजना बनाउनु धेरै राम्रो । पछिल्लो समयमा निस्किएको 'सुन साहिँली ......' भन्ने गीतले चालीसपछि रमाऔंला भनेर भन्नुको खास अर्थ पनि त्यही नै हो ।

छ) जागिर वा व्यवसाय जे गरे पनि आफ्नै पौरखमा आफ्ना लागि घर वा आवासको व्यवस्था गर्ने क्षमता राख्ने मान्छे पनि ४० को उमेरमा त्यस्तो घर वा आवास बन्नुपर्ने नेपाली समाज मान्यता राख्दछ । यद्यपि सबैले घर नै बनाउनुपर्छ भन्ने छैन ।

पछिल्लो समयमा धेरैले एक वा दुई सन्तान (एक छोरा एक छोरी, वा दुई छोरा, वा दुई छोरी) मा नै सीमित भई बस्न चाहने हुनाले पहिले-पहिलेजस्तो धेरै घर बनाउनुपर्छ भन्ने धारणा पनि विस्तारै परिवर्तन भइरहेको छ । तर आफ्नो ठाउँ छाडेर नयाँ पुस्ता अर्कै ठाउँमा बसोबास गर्ने प्रवृत्ति बढ्दो भएकोले स्वदेशी सहरमा भए पनि वा विदेशी सहरमा भए पनि आजकाल ४० को हाराहारीको मान्छेलाई 'घर बनाइस् ?' भनेर सोध्ने संस्कृति बढेको छ । हुन पनि हो घडेरी किनिस् ? वा घर बनाइस् ? भनेर सोध्नुको अर्थ आफ्नै खुट्टामा उभिएर ' आफ्नो जिन्दगीलाई अलिकति भए पनि सुरक्षित बनाइस् ?' भनेको रहेछ । हाम्रो जस्तो देशमा सामाजिक सुरक्षा पद्धति र प्रणाली थितिको र सशक्त नभइसकेको हालतमा आफैं नै केही सम्पत्ति जोरजाम गर्न नसकेमा आपत्‌विपत् पर्दा 'सडकको बास' हुन बेर लाग्दैन ।

काठमाडौं महाराजगञ्ज क्षेत्रमा बस्ने नेपाल सरकारका एकजना पूर्व अधिकृत असाध्य बिरामी पर्नुभयो । उपचारमै करिब ४०/५० लाख रुपैयाँ सकियो । धन्न उहाँसँग त्यही तीस-चालीसकै उमेरमा जोडेका केही घडेरीहरू थिए । घडेरीको भाउ उर्लंदै जाँदा उहाँका औषधी-उपचारका सपनाहरू पनि तिनैबाट पूरा भए । समयमै धन खर्च गर्न सकेकाले उहाँ निको हुनुभयो । उहाँले पुनर्जीवन प्राप्त गर्नुभयो ।

उहाँ अहिले फेरि आफ्नो विशेषज्ञतामा आधारित केही व्यावसायिक काम र सामाजिक सेवाहरूमा पनि सक्रिय हुनुहुन्छ । उहाँको जीवन अरुका लागि पनि सिक्नलायक छ ।

राजनीतिक नेताले त सरकारबाट उपचार खर्च जति लागे पनि पाउलान्, तर सामान्य जनतालाई त्यो कुरा सम्भव छैन । आफ्नै आधार नभएमा रोगग्रस्त भएका क्षण कि त मृत्युवरण गर्ने हो, कि त सडकको बासका लागि तयार हुने हो । सम्पत्ति समयमै किन जोड्नुपर्छ भन्ने कुरा मैले उहाँको जीवन हेरेपछि बढी थाहा पाएँ । म अहिले पनि कसैसँग कुरा गर्दा भन्ने गर्छु, 'आकस्मिक उपचारका लागि कमसेकम २०/३० लाख रुप्पे खर्च गर्ने सामान्य हालत बनाएर बसेन भने नेपालमा टिक्न गाह्रो छ ।' यी सबै काम भनेका वास्तवमा चालीस वर्ष उमेरकै हाराहारीमा हुनुपर्छ भन्ने मेरो भनाइ हो ।

प्रकृतिले दिएका ८ शक्तिको प्रयोग हामीले गर्न सकेनौं । ती शक्तिप्रति हाम्रो आशक्ति र भक्ति जाग्न सकेन । भक्ति जाग्नु भनेको तिनको प्रयोग, अनुशीलन र परिशीलन गर्नु हो । सम्मान गर्नु हो । शक्ति प्रयोगको सुसंस्कार अन्तरआत्मादेखि नै बढाउनु हो ।

## शक्ति र उमेरका केही मननीय कुरा

'युवा तिमी राष्ट्रका आँखाका हौ जुहार' भनेर धेरै वर्षअघि नेपाली कान-कानमा गुञ्जने गीतले भनेझैं, युवामा अथाह जोश, जाँगर, आँट र शक्ति हुन्छ । तन, मन, धनको सन्तुलन यो उमेरमा हुन सक्यो भने त्यो मानिस समाजमा स्थापित हुनसक्छ, जिउँदो मान्छे भएर देखापर्छ । भगवान सधैं दाहिना भएको मानिन्छ । सर्वशक्ति प्राप्त भएको ठानिन्छ ।

भागवत् गीतामा भनिएको छ, 'पृथ्वी, जल, अग्नि, वायु, आकाश, मन, बुद्धि र अहंकार यी आठ विभिन्न शक्ति हुन्' (गीता, ७:४) । भगवान भनौं वा प्रकृतिबाट यी अजस्र शक्ति हरेक व्यक्तिलाई प्राप्त भएका हुन्छन् । तर शक्ति प्राप्त हुँदैमा ती प्रयोग हुन्छन् भन्ने छैन । घाम लाग्दैमा सबैले घाम ताप्न कहाँ पाएका हुन्छन् र ? देशभर पानीका अमूल्य स्रोत खेर गइरहँदा हामीले अहिलेसम्म ती पानीका स्रोतलाई कति नै प्रयोग गरेका छौं र ? त्यस्तै वरिपरिको हावा, ओगटेको माटो (धर्ती) र आफूमाथिको आकाशको हामीले कति प्रयोग गरेका छौं ?

धर्ती बाँझो भएर हामी नेपालीलाई यतिबेला नेपाल-आमाले सरापिरहेकी छन् । जापानबाट चामल ल्याएर खाने, भारतबाट तरकारी किनेर ल्याउने, चीनबाट फलफूल ल्याउने, इन्डोनेसियाबाट घर बनाउने काठ ल्याउने आदि आदि नेपाल-आमाले नरुचाउने प्रवृत्ति र संस्कार किन हामीले बढाइरहेका छौं ? यसको मूल कारण हो, प्रकृतिले दिएका ८ शक्तिको प्रयोग हामीले गर्न सकेनौं । ती शक्तिप्रति हाम्रो आशक्ति र भक्ति जाग्न सकेन । भक्ति जाग्नु भनेको तिनको प्रयोग, अनुशीलन र परिशीलन गर्नु हो । सम्मान गर्नु हो । शक्ति प्रयोगको सुसंस्कार अन्तरआत्मादेखि नै बढाउनु हो । माथिका ८ शक्तिमा पहिला ५ शक्ति हाम्रा वरिपरि जहाँतहीँ घुमिरहेका छन्, छरिएका छन् । तिनलाई 'ट्याप' गर्ने, वा प्रयोग गर्ने वा अनुशीलन गर्ने भनेको हामी मान्छेमा रहेका थप ३ शक्तिः  मन, बुद्धि र अहंकारबाटै हो ।

हामीले पढेका, सुनेका, देखेका केही व्यक्तिहरू यो संसारका लागि कसरी चिरपरिचित बने ? यिनै मन, बुद्धि र अहंकारको सही परिचालनबाटै हो । इतिहास र साहित्यका केही पाना पल्टाउँदा थाहा लाग्छ :

- गौतम बुद्धले बुद्धत्व प्राप्त गर्दा जम्मा ३५ वर्षका थिए,
- सन् १४६० मा जन्मेका भास्कोडिगामाले ३८ वर्षको उमेरमा सन् १४९८ मा भारत पत्ता लगाएका थिए,
- 'असम्भव भन्ने यो संसारमा कुनै कुरा छैन' भन्ने प्रसिद्ध अन्वेषक कोलम्बसले ४१ वर्षको उमेरमा अमेरिका पत्ता लगाएका थिए,
- सुविख्यात बेलायती लेखक शेक्सपियरले ३० वर्षको उमेरमा आजभन्दा करिब ४२४ वर्षअघि लेखेको विश्वप्रसिद्ध पुस्तक रोमियो एन्ड जुलियट अहिलेसम्म हामी पढ्दैछौं,
- महाकवि लक्ष्मीप्रसाद देवकोटाले २६ वर्षकै उमेरमा दिएको अनुपम कृति मुनामदनले अहिले पनि हामीबीच गहिरो छाप पारिरहेको छ,
- राष्ट्रकवि माधव घिमिरेले ३९ वर्षको उमेरमा गौरी खण्डकाव्य दिएर नेपाली साहित्यलाई असीम योगदान गरे,
- पृथ्वीनारायण शाहले काठमाडौं खाल्डोमाथि आक्रमण गरी भुरे राजाहरूलाई जित्दा ४६ वर्षका थिए,
- राजनीतिज्ञ तथा साहित्यकार बीपी कोइराला ४५ वर्षको उमेरमा विसं. २०१५ मा प्रधानमन्त्री बनेका थिए,
- नेपाली बाम आन्दोलनका होनहार व्यक्तित्व मदन भण्डारीले ४१ वर्षको कलिलो उमेरमा ज्यान गुमाउनु परे पनि उनको उच्चता ४० वर्षको उमेरसम्ममा धेरै माथि आइसकेको थियो ।

यी केही दृष्टान्त हुन् : उमेरमा काम गर्न सकियो भने विश्वले अर्थात् मानवजातिले हजारौं-हजार वर्षसम्म पनि सम्झिने रहेछ । राम्रो काम गर्नेहरूका लागि 'स्वर्ग' अर्थात् 'देवभूमि' भनेको यहीँ नै हो । सुकाम र सुकर्मले नै मान्छेलाई स्वर्गतुल्य अथवा भगवान/ईश्वर/देउता बनाउने हो । सुकामका लागि सुमन चाहियो । सुमन अर्थात् राम्रो मन । जाँगरिलो मन । फुर्तिलो र स्वस्फूर्त मन !

मन भएमात्र सबै कुरा सम्भव छ । विहान उठ्न पनि मन हुनुपर्छ, हातमुख धुन वा नुहाउन वा खान पनि मन हुनुपर्छ । खान पनि मन नभएमा काम गर्न मन लाग्दैन । काम नगर्नेले फेरि कसरी खाने ? 'स्वादे जिब्रो' भनेर हाम्रो समाजले काम नगर्नेलाई खुब गिज्याउँछ । कामप्रतिको मन पहिलो शर्त हो सच्चा मानिस बन्ने । युवामा यो मन भएन भने परिवार, समाज, देश र विश्व नै पछि पर्छ । जाँगर भनेको आफैं निकाल्ने कुरा रहेछ । कसैले जबर्जस्ती गरेर बेलुनमा हावा भरेझैं जाँगर र जोश भरिरहन सक्दैन । मनलाई कामप्रति उत्प्रेरित गर्ने पहिलो काम आफ्नै हो, आफूबाटै उद्गमित हुनुपर्छ । अरुले त हल्का उकेरा लगाइदिने मात्र हुन् । चाहनाहरू आफूमा आफैंबाट सृजना गर्ने हो । यही नै मनप्रतिको भक्ति हो । अहिलेका युवावर्गले यो कुरा राम्रोसँग मनन गर्नुपर्छ ।

मनलाई परिचालन गर्न जोश र जाँगरले मात्र पनि नहुने रहेछ । 'बुद्धि' पो ठूलो कुरा रहेछ । बुद्धि भनेको ज्ञान मात्र पनि होइन । ज्ञान र विवेक मिसाउँदा मात्र बुद्धि बन्दोरहेछ । कतिपय अहिलेका सांसदज्यूहरूले भन्ने गर्छन्, 'खोई निर्वाचनबाट त आइयो, के बोल्ने, कसरी काम गर्ने अझै आइडिया भा'छैन ।' हो यसमा सत्यता छ । शक्ति र पद प्राप्त हुँदैमा सही प्रयोग हुन्छ भन्ने छैन भन्ने कुरा यहाँ पनि लागू हुन्छ ।

अवसर पाउँदैमा व्यक्ति सही बाटोमा हिँड्छ वा हिँड्न सक्छ भन्ने छैन । मनको नियन्त्रण, अनि जन तथा धनको नियन्त्रणका लागि बलियो बुद्धिबहादुर चाहिन्छ वा बुद्धिप्रसाद वा बुद्धिकुमारी ! यी सबैका लागि समयमै ज्ञान प्राप्त हुनु जरुरी छ । ज्ञानपछि अनुभव र विवेकशीलता बढ्दै गएपछि बल्ल त्यो परिपक्व बुद्धि बन्छ । कसैकसैले ज्ञानलाई नै 'बुद्धि' भन्छन्, तर होइन, एउटा अंश मात्र हो, पूर्णाङ्ग होइन । बुद्धि र ज्ञानप्रति भक्ति जगाउनु भनेको निश्चित डिग्री हासिल र त्यसपछिको नियमित अध्ययन, बहस, लेखन, अभिलेखन नै हो । ज्ञान र बुद्धि जति बाँड्यो त्यति बढ्दै जान्छ भन्छन् । यसका लागि नेटवर्किङ ज्यादै महत्वपूर्ण कुरा रहेछ । सञ्जालीकृत मानिससँग अरुसँग भन्दा बढी ज्ञान र सूचना हुन्छ । जोसँग बढी ज्ञान र सूचना छ, ऊसँग बढी शक्ति हुन्छ । भनिन्छ, 'इन्फर्मेसन इज पावर' ! तर सूचना र ज्ञान हुँदैमा बुद्धि र विवेक आउने होइन, सही प्रयोग महत्वपूर्ण कुरा हो । यो कुरा सबै युवाले बुझ्नुपर्दछ ।

अर्को शक्ति 'अहंकार' रे । गीताले यही भन्छ । तर अहंकारलाई हाम्रो समाजमा घमण्ड, रीस वा यस्तै भनेर बुझ्ने चलन छ । हो, हरेक मानिसमा रहेको एउटा शक्ति हो यो । 'इख नभएको मान्छे र विष नभएको सर्प के काम ?' भनेर हाम्रा ज्येष्ठ नागरिकहरूले बाजे-जिजुबाजेबाट त्यसै सिकेका होइनन् । यथार्थमा मानिसमा क्रोधपन पनि चाहिन्छ, आँट चाहिन्छ । होशसहितको जोश चाहिन्छ । यही अहंकार हो । समयमा रीसराग पनि चाहिन्छ । भर्खर जन्मेको बच्चा आमासँग रिसाएन भने दूध चुस्न पाउँदैन । क्रोध देखाउनुको अर्थ रुनु हो, रुवाइबाट नै आमाले थाहा पाउँछिन् बच्चालाई भोक जागेर रिसायो, अनि रोयो । अहंकार हरेक व्यक्तिमा हुने आठ शक्तिमध्ये एउटा शक्ति हो । अन्य सात शक्तिका साथ अष्टशक्तिको रूपमा यो शक्ति हरेक जीवित प्राणीमा रहेको हुन्छ ।

मानिसमा आउने रिस, आवेग, घमण्डले पनि धेरै सकारात्मक काम बन्छन् भन्ने कुरा हामीले महाभारतकालीन समयदेखि नै धेरै कुरा सिक्दै, सुन्दै र बुझ्दै आएका छौं । हाम्रो समाज नै त्यसरी बनेको छ । जीवित वस्तुको परिवेश र अस्तित्व नै त्यसमा अडेको छ । एउटा कुकुरले आफ्नो 'टेरिटरी' (निजी क्षेत्र) बनाएको हुन्छ । त्यो टेरिटरीमा नै उसको खाद्यसुरक्षा भएको हुन्छ । यदि अर्को अपरिचित कुकुर त्यो क्षेत्रमा आयो भने त्यहाँ खानाको अनिश्चितता हुनसक्छ, नपुग्न सक्छ । तसर्थ कुनै पनि नयाँ कुकुरलाई त्यहाँ स्वागत हुँदैन । भुकेर, टोकेर एकैछिनमा डाँडो कटाइन्छ । बाँदर, बाघ, भालु, आदि धेरै जनावरमा यो कुरा लागू हुन्छ । यो प्रकृतिले दिएको नैसर्गिक गुण र शक्ति हो । डार्बिनले भनेको 'सर्भाइवल अफ दि फिटेस्ट' को सिद्धान्त पनि यही शक्ति-सिद्धान्त हो ।

अहंकार सधैं 'नेगेटिभ' (नकारात्मक) नै हुन्छ भन्ने छैन । एकातिर नेगेटिभ देखिएला, तर अर्कोतिर पोजिटिभ (सकारात्मक) ऊर्जा प्राप्त भएको हुन्छ । प्रधानमन्त्री केपी ओलीले भारतीय नाकाबन्दीविरुद्ध सकारात्मक अहंकार नदेखाएको भए नेपालीको शिर अहिलेसम्म झुकेको झुक्यै हुन्थ्यो । तर उनको अडानले हाम्रो शिर ठडियो । हाम्रो शान र क्षमता बढ्यो । चीन र अन्य मित्र राष्ट्रहरूसँग हातमा हात जोडेर साथसाथ अघि बढ्ने रणनीतिक शिक्षा भारतीय नाकाबन्दीले हामीलाई दियो भन्नुपर्छ । यो सकारात्मक कुरा हो । अहंकार भनेको ' अडान' र 'समाधानको तत्परता' हो । 'द्वन्द्व व्यवस्थापन'का लागि पनि दुबैपक्षको जीत हुनुपर्छ भनिन्छ । यसका लागि पनि अहंकार आवश्यक छ । पलायन होइन । पलायन भए एक पक्षले हारेको मानिन्छ । हारले मान्छेको शक्ति क्षीण गर्छ । शक्ति आर्जन गर्नमा पनि अहंकारको आफ्नै भूमिका रहेछ भन्ने यहाँ बुझिन्छ । विवेकपूर्ण अहंकारभक्ति पनि आवश्यक रहेछ भन्ने कुरा म अहिले बुझ्दैछु । उत्तर कोरियाले देखाएको अहंकारले पनि उसलाई यतिबेला राम्रो काम गरेको छ । उत्तर र दक्षिणको मिलन सकारात्मक मोडतिर अघि बढ्दैछ । अमेरिका वा अरु मुलुकसँग 'त्वम् शरणम्' गरेको भए कोरियाली प्रायद्वीपमा अर्कै राजनीतिक अवस्था देखापर्थ्यो ।

अतः कतिपय कुरामा अडान राख्न जान्नुपर्छ, अहंकार देखाउने विवेक पनि कहिलेकाहीँ प्रयोग गर्नैपर्छ भन्ने कुरा यहाँ भन्न खोजिएको हो । हरेक व्यक्तिमा प्रकृतिले यो 'शक्ति' दिएको छ । यसमा उचित भक्ति गर्ने काम हाम्रो विवेक र अनुभवमा भर पर्ने हो । आपत् परेको बेला यही अहंकार शक्ति प्रयोग गरेर शत्रु र अवरोधकहरू हटाउने कुरा आध्यात्मिक ग्रन्थ गीताले सबैलाई सिकाएको हो । हामी विकासकर्मीहरूले पनि यो यथार्थ मर्म बुझ्न सक्नुपर्छ । अर्जुनलाई 'राम्रो परिणामका लागि युद्ध गर' भनेर त्यसै सम्झाएका होइनन् कृष्णले !

## युवा वृद्धहरू र वृद्ध युवाहरू !

अन्त्यमा, उमेरकै कुरा गरौं । चालीस वर्षमुनिको उमेरले युवालाई जनाउन खोजे पनि ८०, ८५ वर्ष उमेरको मान्छेमा पनि युवा जोश हुनसक्छ भन्ने कुरा हाम्रा केही अग्रजलाई हेर्दा थाहा हुन्छ । भैरव रिसाल दाइ (९१), सत्यमोहन जोशी दाइ (९८), माधव घिमिरे दाइ (९९) ले हाम्रो समाजलाई गजबको पाठ पढाइरहनुभएको छ । उहाँहरूको दैनिकी र सक्रिय जीवन हेर्दा हामीलाई लोभ लाग्छ । यस्ता सक्रिय जनलाई किन भन्नु वृद्ध ? बरु ४० पनि नपुग्दै सेलाएका, अल्छी गर्ने वा काम गर्न नसक्ने, बुबाआमालाई सताउने, घरबार राम्रोसँग चलाउन नसक्ने, दिशाहीन जिन्दगी जिउनेहरू वृद्ध हुन् । युवावयको सही सदुपयोग गर्न नजान्ने सबै यो समाजका लागि वृद्ध हुन् । सक्रिय बुढ्यौली जिउने कोही पनि वृद्ध होइन, 'युवा' नै हो । युवा भनेको शरीर होइन, मन हो । काम हो । योगदान हो । अशक्तता त धेरै कारणले १५ वर्षकै उमेरमा पनि आउन सक्छ ! हाम्रो प्रयास हो सशक्त अर्थात् शक्तिवान र शक्तिप्रति भक्तिमान युवा जमात् कसरी तयार पार्ने ? सक्रिय 'युव्यौली' र बुढ्यौलीको संयोजन र प्रवर्द्धन कसरी गर्ने ? आदर्श युवाशक्ति कसरी बढाउने ? आउनोस् युवाहरू, जाग्नोस् ! प्रकृतिले दिएका आठ शक्तिलाई पूर्ण प्रयोग गर्नोस् । शिक्षा, रोजगारी, सुख र समृद्धि कसैले टपक्क हातमा ल्याएर राखिदिने होइन । आफैं मिहिनेत गर्ने हो ।

आफ्नै आँगनमा छिमेकी देशका मिस्त्री र डकर्मी आएर दैनिक आठ सय/हजार रुपैयाँ खाँदै काम गरेको देख्दा पनि हामी 'सरकारले काम दिएन, रोजगारी भएन' भनेर युवाजमात तयार पारी सडक, चौर, चियापसल र रेस्टुरेन्टमा क्यारमबोर्ड खेल्दै कसैलाई गाली गर्नमा व्यस्त त छैनौं ? भूकम्पप्रभावित केही जिल्लाको भ्रमणपछि मैले देखेको 'स्थलगत अवस्था'ले म यी कुरा लेख्न बाध्य भएको हुँ । अब युवाले आफ्नो शक्तिको पूजा गर्नुपर्छ । शक्तिप्रति भक्ति जाग्नुपर्छ । युवाशक्तिप्रति राष्ट्रले पनि भक्ति देखाउनुपर्छ । भक्ति भनेको 'ओठेभक्ति' होइन, 'गोठेभक्ति' हुनुपर्छ । अर्थात् युवालाई अध्ययनशील, उद्यमशील र उत्पादनशील बनाउने भक्ति । होस्टेमा हैंसे थप्ने जुक्ति, शक्ति र भक्ति ! जय युवाशक्ति ! जय आदर्श युवाशक्ति !

*(कणेल सहभागीमूलक विकास पद्धतिका प्रवर्द्धक, हाल नेपानका अध्यक्ष हुनुहुन्छ र काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययनमा विद्यावारिधि पनि गर्दै हुनुहुन्छ ।)*

इमेलः *chetnathkanel@gmail.com*

# समृद्ध नेपालको अभियानमा युवाहरू र बुद्धको शिक्षा



● महेन्द्रकुमार शाक्य

**बुद्धको शिक्षाबाट हाम्रा युवाहरू एवम् नेता र राष्ट्रसेवकहरूलाई शीलवान् र नैतिकवान् हुन प्रेरणा मिल्थ्यो भने यसले व्यक्तिगत सुःख र शान्तिमात्र होइन, समग्र देशकै विकासमा अनमोल योगदान पु¥याउन सक्थ्यो ।**

'समृद्ध नेपाल' नेपालीहरूको साझा चाहना हो। नेताहरूले देखाउँदै आएको सपना हो। तर, नेपाल समृद्ध भएको देख्ने दशकौं पुरानो नेपालीहरूको चाहना पूरा हुने लक्षण अझै देखिएको छैन। भ्रष्टाचारविरुद्ध कार्यरत ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०१७ मा प्रकाशित प्रतिवेदनअनुसार नेपाल दक्षिण एसियामा बङ्गलादेश र अफगानिस्तानपछि तेस्रो सबभन्दा भ्रष्ट देश हो। प्रतिवेदनले राजनीतिक दल र नेतालाई सबैभन्दा भ्रष्ट देखाएको छ। राजनीतिक दलहरूकै संरक्षणमा मौलाउँदै गएको भ्रष्टाचार, दण्डहीनता, गैरजिम्मेवारीजस्ता विकृतिहरूका कारण देश अहिले ओह्रालो लागिरहेको आमबुझाइ छ। देशमा राजनीतिक परिवर्तन भए, व्यवस्था बद्लिए, विभिन्न दलहरू सरकारमा आए तर नेपालीहरूको समृद्ध नेपाल देख्ने दशकौं पुरानो सपना अहिलेसम्म अधुरै छ।

हामीले ३० वर्षसम्म राजाको प्रत्यक्ष शासन भोग्यौं। त्यसबेला राजतन्त्रलाई 'देशको विकास प्रयासमा सबैभन्दा ठूलो बाधा' भनियो। 'देशको समुन्नतिका लागि बहुदलीय प्रजातन्त्र अपरिहार्य छ' भनियो। २०४६/४७ को आन्दोलनबाट बहुदलीय प्रजातन्त्र पुनःस्थापना भयो। संसदीय चुनावमा प्रष्ट बहुमत ल्याएर नेपाली काँग्रेसको सरकार बन्यो तर जनताका अपेक्षाहरू अधुरै रहे। नेपाली जनताका आधारभूत आवश्यकताका वस्तुहरूको स्वदेशमै उत्पादन होस्, परमुखी हुनु नपरोस् भनेर मित्रराष्ट्रहरूले बनाइदिएका उद्योग, कलकारखाना सबै निजीकरणको नाममा बेचिए। आफ्नो निहित स्वार्थका लागि शिक्षा र स्वास्थ्यजस्ता जनताका आधारभूत अधिकारका विषयहरूमा पनि व्यापारीकरणको बाटो खोलियो (रविन्द्र मिश्र, २०७५)। देशले २५ वर्ष लामो भागबन्डाको अस्थिर राजनीति झेल्नुप¥यो। देशभन्दा पनि आफैं धनी बन्ने प्रवृत्ति र जसले जसरी जति कमाए पनि छानबिन नहुने दण्डहीनता हावी भयो। १७ हजारभन्दा बढी नेपालीले माओवादी विद्रोहको नाममा ज्यान गुमाए।

## समृद्धिको सपना र युवा

लामो समयको अस्थिरता र उतार-चढावपछि संविधानसभाबाट नयाँ संविधान बनेको छ। केन्द्र र प्रदेश सबैमा अहिले पूर्ण बहुमतको सरकार छ। देशको समुन्नतिका लागि अपरिहार्य ठानिएको राजनैतिक स्थिरताको आधार तयार भएको छ। हामीले लामो समय प्रवासमा बसेर क्रान्ति गरेका नेपाली काँग्रेसको सरकार भोग्यौं। भूमिगत बसेका कम्युनिष्टहरूको सरकार देख्यौं। दश वर्ष जनयुद्ध लडेका माओवादीको सरकार पनि देखियो। भोलि कुनै नयाँ दल सरकारमा आउलान् तर जबसम्म हामी जनता, हाम्रा नेता, कर्मचारीतन्त्र, व्यापारी र व्यवसायीहरू इमानदार, स्वाभिमान र जिम्मेवार बन्न सक्तैनौं, जुनसुकै दल सरकारमा आएपनि त्यसले खासै फरक पार्ने छैन। व्यवस्था जति नै राम्रो भएपनि जबसम्म शासन संयन्त्रमा लोभी र भ्रष्टहरूको बाहुल्य रहन्छ तबसम्म समृद्धि सम्भव छैन। यस यथार्थलाई देशको समृद्धिका लागि अपरिहार्य हाम्रा युवाहरूले पनि हृदयङ्गम गर्नु जरुरी छ।

## भ्रष्टाचार र दरिद्र मानसिकता

अहिले देश गम्भीर अवस्थाबाट गुज्रँदै छ। देशमा इमानदार, स्वाभिमान र जवाफदेहिता हराएको अवस्था छ। देशको उच्च हैसियतमा रहेका राजनीतिक दलहरूबाटै भ्रष्टाचारीहरूको संरक्षण हुनु नेपालमा भ्रष्टाचार नियन्त्रण हुन नसक्नुको एउटा मुख्य कारण भएको विशेष अदालतका पूर्वअध्यक्ष, गौरीबहादुर कार्कीले कान्तिपुर टेलिभिजनसँगको एउटा अन्तर्वार्तामा बताउनु भएको छ। तस्करहरूको संरक्षणमा नेता, प्रशासन र अदालतसमेत लागेको खुलासा बहालवाला गृहमन्त्री स्वयम्ले गर्नुले पनि यसको पुष्टि हुन्छ। तीव्र गतिमा बढिरहेको व्यापारघाटाको कारण देशको अर्थतन्त्र धराशायी भइरहेको अवस्थामा पनि ठूलो सङ्ख्यामा जिम्मेवार राष्ट्रसेवकहरू' बजेट सिध्याउनकै लागि विदेश भ्रमणमा जानुले राष्ट्रप्रतिको उनीहरूको गैरजिम्मेवारी मात्र हैन दरिद्र मानसिकता उजागर भएको छ। प्रदेशमा प्रादेशिक सरकार रहने अहिलेको राज्य संरचनामा बढीमा १५ वटा मन्त्रालय भए पुग्ने विज्ञहरूको प्रतिवेदनको बेवास्ता गर्दै केन्द्रमा मन्त्रालयको सङ्ख्या २२ पु¥याइसकिएको छ। भागबन्डाकै लागि मन्त्रालय टुक्र्याई राष्ट्रलाई अर्बौंको थप आर्थिक भार बोकाउने राजनैतिक दल र नेताहरूको गैरजिम्मेवारी अझै पनि यथावत रहनु दुर्भाग्यपूर्ण छ। दशकौं लामो राजनीतिक अस्थिरता, मौलाउँदै गएको भ्रष्टाचार र दण्डहीनताका कारण सर्वसाधारणको अवस्था दयनीय बन्दै गएको

> **शील र सदाचारका विषयहरूले पाठ्यक्रममा महत्व नपाउँदा युवापुस्तामा आमाबुवा र समाजप्रतिको नैतिक जिम्मेवारी एवम् इमानदारिता बोधमा कमी आएको छ ।**

छ। अहिले नेपालमा इमानदार भएर पनि बाँच्न सकिन्छ भन्ने विश्वास हराउँदै गएको छ। ठाउँमा आफ्नो मान्छे नहुनेहरूका लागि उच्च शिक्षाको प्रमाण-पत्र कागजको खोस्टोभन्दा बढी हुनसकेको छैन। लाखौं नेपाली युवाहरू खाडी देशहरूमा मरुभूमिको चर्को गर्मीमा पसिना चुहाउँदै ज्यानैसम्म जाने जोखिमपूर्ण काम गर्न बाध्य छन्। युवाहरूको विदेश पलायनले कृषिप्रधान देशमा कृषियोग्य भूमि बाँझो रहने अवस्था आएको छ भने धेरै समाजिक विकृतिहरू पनि भित्रिइरहेका छन्। देश अहिले युवाविहीन बन्ने दिशातिर अग्रसर भइरहेको छ।

## इमानदार नैतिकता वोधमा किन कमी आयो ?

शदियौंदेखि स्थापित हाम्रा धार्मिक एवम् सांस्कृतिक परम्पराविरुद्ध विद्यमान राजनीतिक अस्थिरताको फाइदा लिएर अनेकन अतिक्रमणका प्रयासहरू भएका छन्। शील र सदाचारका विषयहरूले पाठ्यक्रममा महत्व नपाउँदा युवापुस्तामा आमाबुवा र समाजप्रतिको नैतिक जिम्मेवारी एवम् इमानदारिता बोधमा कमी आएको छ। यस्तो अतिक्रमणले ल्याएको सामाजिक, धार्मिक र सांस्कृतिक विचलनले गर्दा पनि देशमा भ्रष्टाचार र बेथिति ह्वात्तै बढेको छ। युवाहरूमा विदेश र विदेशी संस्कृतिप्रतिको मोह बढ्दै जानु, आफ्नोभन्दा पनि पाश्चात्य संस्कृतिप्रतिको आकर्षण बढ्नु र १० जोड २ कक्षा उत्तीर्ण गरेपछि विदेश जाने लहरले समृद्ध नेपालको सपनालाई कहाँ पुऱ्याउने हो ? चिन्ताको विषय भएको छ।

## आध्यात्मिक चिन्तनको महत्व

अहिले हाम्रो देशमा जताततै धार्मिक मूल्य र मान्यतामा ह्रास आएको छ। पापको फल भोग्नुपर्छ भन्ने डर कसैमा भएजस्तो देखिँदैन। यो नै भ्रष्टाचार र बेथिति बढ्नुको एउटा प्रमुख कारण हो भन्नुमा अत्युक्ति नहोला। धर्म-नीति ठीक हुन्थ्यो र पाप गरेपछि दण्डित हुनैपर्छ भन्ने डर रहन्थ्यो भने यस्तो दण्डहीनता र छाडापन मौलाउने थिएन। बेइमानीको बाटो हिँडेर कसैले पनि सुःख र शान्ति प्राप्त गर्न सक्तैन भन्ने तथ्य बुझाउन सकिन्थ्यो भने यतिविधि भ्रष्टाचार फस्टाउने नै थिएन। घरमै छाडेर जानुपर्ने सम्पत्ति घाटसम्म मात्र आउने छोराछोरी र आफन्तका लागि जोड्न मृत्युपर्यन्त छायाँझैं सँगसँगै आउने भ्रष्टाचार जस्तो दुष्कर्म गर्ने मूर्खता मानिसले गर्ने थिएनन्। त्यसैले भ्रष्टाचार पाप हो र पापको अन्त्य अश्रुपूर्ण र पीडादायी हुन्छ भन्ने धार्मिक तथ्य नेता, राष्ट्रसेवक, व्यापारी, सर्वसाधारण सबैमा बुझाउनु जरुरी छ। 'समृद्ध नेपाल' को अभियानमा अहम् भूमिका रहेका युवाहरूले पनि यो आध्यात्मिक तथ्य बुझ्नु जरुरी छ।

भ्रष्टाचार गर्नमा रमाइरहेका भ्रष्टहरूलाई धम्मपदमा रहेका यस्ता बुद्ध-वचनहरू लेखिएका ठूला-ठूला होर्डिङ बोर्डहरू सातैवटा प्रदेशका प्रशासकीय भवन र ७५३ स्थानीय निकायहरूमा राखेर खबरदारी गर्नु जरुरी छ।

भ्रष्टाचारको जालोबाट कुनैपनि निकाय अछूतो नरहेको नेपालको अहिलेको अवस्थामा भ्रष्टाचार नियन्त्रण कार्यमा युवाहरूको भूमिका अपरिहार्य छ। न्याय र दण्ड दिने निकायहरूको भूमिकानै विवादास्पद रहेको हाम्रो देशमा अहिले 'सानालाई ऐन, ठूलालाई चैन' भन्ने उक्ति चरितार्थ भएको छ। कानुन र दण्ड साना र कमजोरलाई मात्र भएको तर धनी र बलियालाई यसले छुनै नसकेको तीतो यथार्थ हाम्रा सामु छ। यस्तो अवस्थामा भ्रष्टाचार नियन्त्रणको लडाइँमा धर्म एउटा दीर्घकालीन र दिगो विकल्प हुनसक्छ। नैतिक, इमानदार र जिम्मेवार नागरिकहरूको बाहुल्यता बढाउँदै समृद्ध नेपालको सपना साकार पार्न धर्म विकल्परहित माध्यम हुन सक्दछ।

## बुद्धबाट सिक्ने अभियान

सन् २०१८ मार्च ३ मा नेपाली युवाहरूको अग्रसरतामा काठमाडौँको टुँडिखेलमा 'Buddha was Born in Nepal' (बुद्ध नेपालमै जन्मेका थिए) अभियान सम्पन्न भयो। करिब ७५ हजारको उपस्थिति अपेक्षा गरिएको सो कार्यक्रममा एक लाखभन्दा बढीको उपस्थिति रहेको अनुमान गरिएको छ। यस अभियानले बुद्ध कुनै एउटा जाति र सम्प्रदायका मात्र नभई सिङ्गो देशकै गौरव र प्रतिष्ठा हुन् भन्ने सन्देश सबैले आत्मसात गरेको पाइएको छ। बुद्ध जन्मेको देश भनेर यत्रो अभियान चलाइरहेको अवस्थामा नेपाली युवाहरूले सबैभन्दा पहिले आफ्नै देशमा जन्मेका महामानवले विश्वसमुदायलाई कस्तो शिक्षा दिनुभएको रहेछ भनेर बुझ्नु जरुरी छ। बुद्धको जन्मभूमिको गौरव प्राप्त देशका बालबालिका र युवाहरूलाई उहाँको शील, समाधि र प्रज्ञाको शिक्षा बुझ्ने अवसर उपलब्ध गराउनु आवश्यक छ। बुद्ध जन्मेको देश' भन्नुलाई नै सम्पूर्ण उपलब्धि ठानेर सन्तुष्ट भैरहेको अहिलेको अवस्थामा 'बुद्धभूमि' हाम्रा लागि 'नजान्नेलाई खुर्पाको बिँड' मात्र भएको छ। बुद्धको शिक्षाबाट हाम्रा युवाहरू एवम् नेता र राष्ट्रसेवकहरूलाई शीलवान् र नैतिकवान् हुन प्रेरणा मिल्थ्यो भने यसले व्यक्तिगत सुःख र शान्तिमात्र होइन, समग्र देशकै विकासमा अनमोल योगदान पुऱ्याउन सक्थ्यो।

देशमा इमानदार र जिम्मेवार नागरिकहरूको सदैव बाहुल्य बनाउन भविष्यका तारा मानिएका बालबालिकामा बाल्यकालबाटै धार्मिक चेतनाको अभिवृद्धि गराउनु जरुरी छ। आफूले गरेका राम्रा र नराम्रा कर्महरूको फल आफैँले भोग्नुपर्छ भन्ने तथ्य बुझाउनु जरुरी छ। पापकर्म गर्नेले दण्ड-सजाय नभोगी छुट्करा पाउँदैन भन्ने तथ्य बुझेका बालबालिकाबाटै इमानदार र जिम्मेवार भावी नागरिकहरूको अपेक्षा गर्न सकिन्छ। त्यसैले, विद्यालयहरूमा प्राथमिक तहबाटै शील-सदाचारका शिक्षा र ध्यान-अभ्यासलाई समावेश गर्दै लानु आवश्यक छ। तर अहिले, बुद्ध जन्मेको देश नेपालमा सर्वसाधारण नागरिक मात्र हैन स्वयम् आफूलाई बौद्ध भन्नेहरू पनि बुद्ध र उहाँको शिक्षाबारे अनभिज्ञ रहनुपरेको खेदपूर्ण अवस्था छ। हाम्रा पाठ्यपुस्तकहरूमा बुद्ध र उहाँको शिक्षासम्बन्धी एक वा दुई पृष्ठको लेखसम्म पनि समावेश नगरिनु दुर्भाग्यपूर्ण हो।

भारतवर्षका महान् मौर्य सम्राट अशोकले आफ्नो राज्याभिषेकको बीसौँ वर्षमा आफ्ना गुरु भिक्षु उपगुप्त महास्थविरका साथमा नेपाल आएर बुद्धको जन्मस्थल लुम्बिनीमा स्तम्भ राख्नुका साथै त्यहाँका जनतालाई करमुक्त गर्नुभएको थियो। त्यस्तै, उहाँले काठमाडौँ उपत्यकामा बुद्धको अस्थिधातु राखेर चारवटा साना र एउटा ठूलो गरी पाँचवटा चैत्य बनाउनुभएको थियो। जो अहिलेसम्म पनि यथावत् छन्। भारत वर्षका

अति व्यस्त सम्राट यातायातका कुनैपनि विकसित साधन नभएको समयमा महिनौं वा वर्षौं लगाएर नेपाल आई स्तम्भ र चैत्य निर्माण गराउनु भएबाट बुद्धको शिक्षाप्रति उहाँको श्रद्धा कत्ति प्रगाढ थियो भनेर आकलन गर्न सकिन्छ। प्रजालाई सन्तानसरह ठान्ने सम्राटबाट बुद्धप्रति त्यत्रो समर्पण किन भयो ? बुद्धको शिक्षामा उहाँले त्यस्तो के पाउनु भयो ? यो हाम्रो युवापुस्ताका लागि मननयोग्य छ। सम्राटको समर्पणबाट प्रेरणा लिएर हाम्रा युवाहरूले बुद्धको शील, समाधि र प्रज्ञाको शिक्षाबारेमा बुझ्न एवम् अध्ययन र अभ्यास गर्न जरुरी छ।

## विपश्यना ध्यान के हो ?

शरीरमा निरन्तर उत्पन्न हुँदै, नष्ट हुँदै गर्ने संवेदनाहरूको अनित्य स्वभावलाई समभावले हेर्दै परम् सत्यसम्म पुग्ने साधना विधि नै विपश्यना हो। भगवान बुद्धको समयबाटै 'गुरु-शिष्य परम्परा' अनुसार एउटा पुस्ताबाट अर्कोमा हस्तान्तरण हुँदै आएको कारण यो विद्या सुरुकै अवस्था र स्वरुपमा पवित्र रहेको गुरुहरूको मान्यता रहिआएको छ।

विपश्यनाका साधकहरूलाई प्राणी हिंसा नगर्ने, चोरी नगर्ने, ब्रह्मचर्यको पालना गर्ने, झूटो नबोल्ने, मात लाग्ने नसालु पदार्थ सेवन नगर्नेजस्ता पञ्चशील पालन गर्न लगाइन्छ। पहिलो साढे तीन दिन आफ्नो स्वास-प्रस्वासमा केन्द्रित रहने 'आनापाना ध्यान' गर्न लगाइन्छ र बाँकी साढे छ दिन आफ्नो शरीरमा निरन्तर उत्पन्न हुँदै-नष्ट हुँदै रहने संवेदनाहरूको अनित्य स्वभावलाई हेर्न लगाइन्छ। शिविरको पहिलो नौ दिन पूर्ण मौन बस्न आवश्यक हुन्छ र दशौं दिन 'मङ्गल मैत्री' अथवा 'पुण्यको अंश बाँड्ने' ध्यानसँगै शिविर समापन हुन्छ।

यसरी १० दिनसम्म पूर्ण अनुशासन र सदाचारको पालना गरी विपश्यना ध्यान अभ्यास गरेका साधकहरूमा आध्यात्मिक रूपान्तरणको साथै आचरणमा पनि सकारात्मक सुधार हुने अपेक्षा गर्न सकिन्छ। यसरी पवित्र शील-सदाचारको सघन अभ्यासबाट आफ्नो पेशागत जीवनको सुरुआत गरेका राष्ट्रसेवकबाट भ्रष्टाचार जस्तो निकृष्ट कार्य हुने सम्भावना न्यून हुनु स्वभाविक छ। पवित्र शील सदाचारको जगमा उभिएर ध्यान अभ्यास गर्ने अवसर पाएका युवाहरूबाट इमानदारिता र राष्ट्रप्रतिको जिम्मेवारी बोधको अपेक्षा गर्न सकिन्छ।

ईसापूर्व ३०० मा भारतवर्षका सम्राट अशोकले आफ्नो विशाल साम्राज्यको शासन-प्रणालीमा सुधार ल्याउन विपश्यनालाई साधनको रूपमा प्रयोग गरेको पाइन्छ। फलस्वरूप सम्राटको शासनकालमा भारतवर्षको शासन-प्रणाली मानव इतिहासमै अतुलनीय मानिन्छ। अहिले उपत्यका लगायत देशका प्रमुख शहरहरूमा नि:शुल्क खाने-बस्ने व्यवस्थासहित १० दिवसीय विपश्यना शिविर सञ्चालनमा छन्। हाम्रा नेता, सांसद, राष्ट्रसेवक र युवाहरूलाई बुद्धको शिक्षासँग परिचित गराई उनीहरूमा नैतिक जिम्मेवारी तथा राष्ट्र र जनताप्रतिको उत्तरदायित्व बोध गराउन विपश्यना ध्यानलाई प्रवेश बिन्दुको रूपमा सदुपयोग गर्नु आवश्यक छ।

## अन्त्यमा,

नेपालमा भ्रष्टाचार र गैरजिम्मेवारी पन झन्झन् बढिरहेको परिप्रेक्ष्यमा सुधार ल्याउन र सुशासन कायम गर्न विपश्यना एउटा सस्तो र भरपर्दो विकल्प हुनसक्छ। भारत सरकारले आफ्ना राज्यहरूमा कर्मचारीतन्त्रमा सुधार ल्याउन उत्तम विकल्पको रूपमा विपश्यना साधनालाई अङ्गिकार गरिसकेको छ। त्यहाँ विपश्यना साधनाबाट कैदीहरू तथा गृह र प्रहरी प्रशासनमा कार्यरत कर्मचारीहरूमा आएको सकारात्मक परिवर्तनबाट सिक्दै हाम्रो सरकारले पनि नेपाल प्रहरी, मालपोत, नापी, गाउँ तथा नगरपालिका र बैङ्कजस्ता जनतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यालयका कर्मचारीलाई आधारभूत प्रशिक्षणकै अंशको रूपमा विपश्यना शिविरमा संलग्न गराउँदै लाने नीति अवलम्बन गर्नु जरुरी छ। त्यसैगरी राष्ट्रको समृद्धिमा अहम् भूमिका रहेका युवाहरूलाई पनि विपश्यना शिविरमा संलग्न गराई उनीहरूमा राष्ट्रप्रतिको जिम्मेवारी बोध गराउनु जरुरी छ। पूर्व मुख्यसचिव लिलामणि पौडेलको कार्यकालमा नवनियुक्त शाखा अधिकृत, प्रहरी अधिकृत, चिकित्सकहरूलाई विपश्यना शिविरमा सहभागी गराउन थालिएको पहललाई पुनः निरन्तरता दिन युवाहरूले अग्रसरता लिनु आवश्यक छ। नेपाली युवाहरूले पनि विपश्यना साधनालाई बुद्धको शिक्षासँग परिचित हुने र अभ्यास गर्ने सौभाग्यको रूपमा सदुपयोग गर्नु जरुरी छ। ताकि, बुद्ध जन्मेको देश भनिरहँदा उहाँको शिक्षाबाट समग्र देश लाभान्वित हुन सक्नुपर्छ, समृद्ध नेपालको अभियानमा युवाहरूले महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ।

*(शाक्य नेपान सदस्य हुनुहुन्छ र 'नेपालको सुशासन सुधारमा बुद्ध धर्मको भूमिका' विषयमा लुम्बिनी बौद्ध विश्वविद्यालयबाट विद्यावारिधि गर्दै हुनुहुन्छ।)*
इमेल : *shakyamahendra@hotmail.com*



सन्दर्भ : १९औं अन्तर्राष्ट्रिय युवा दिवस

# युवाका लागि किन सुरक्षित वातावरण ?



● सन्जोग ठकुरी

**युवाको शिक्षा र स्वास्थ्यको अधिकार सुनिश्चित गरिएन भने, उद्दमशीलता र स्वरोजगारको वातावरण निर्माण नगरिएको खण्डमा र उनीहरूका निम्ति बनाइने नीति, नियम, योजनामा उनीहरूको सहभागिता सुनिश्चित गरिएन भने यो जनसंख्या उर्जा र स्रोत नभएर संख्यामा मात्र सीमित हुनेछ जसले आफैले पनि चरम निराशाको अनुभव गर्नेछ फलतः मुलुकलाई पनि यसले गाँज्नेछ । तसर्थ युवाका लागि सुरक्षित वातावरण आजको निःशर्त आवश्यकता हो ।**

## युवाको भूमिका

युवा देशको वर्तमान र देश विकासको मेरुदण्ड हुन् । संसारभरका कुनै पनि मुलुकमा भएका ठूला ठूला राजनीतिक, आर्थिक र सामाजिक रुपान्तरणको इतिहास कोट्याउने हो भने हामी त्यहाँ भएको युवा नेतृत्व र व्यापक युवा संलग्नताको उपजकै कारण परिवर्तन भएको पाउँछौं । अलेक्जेन्डर होस् या नेपोलियन बोनापार्ट, वैज्ञानिक एडिसन हुन् वा अल्बर्ट आईन्सटाइन यी सबैले युवा उमेरमै विश्व हल्लाए । संसारकै चर्चित माइक्रोसफ्टका विल गेट्स, एप्पल कम्पनीका स्टिभ जब्स र फेसबुकका संस्थापक मार्क जुकरवर्ग नै किन नहुन् युवावस्थाको यिनका सिर्जनशिलता र प्रगतिले संसार थर्कायो । पछिल्लो समयमा बेरोजगारीको कारण स्पेनमा उर्लिएको जनसागर, अमेरिकाको वकुपाई वालस्ट्रिट देखि काठमाडौंको वक्कुपाई बालुवाटार सबै युवा नेतृत्व र सहभागिताले सफल तुल्यायो । नेपालकै सन्दर्भमा पनि पृथ्वीनारायण शाहले एकिकरणको नेतृत्व लिँदा, जंग बहादुर राणाले सत्ता कब्जाको यात्रा सुरु गर्दादेखि हाम्रा अमर चार शहिदहरूको शहादत, सात सालको क्रान्तिदेखि ४६ सालको जन्आन्दोलनसम्म युवाकै देन रह्यो । पछिल्लो समयको जनआन्दोलन भाग २ अर्थात् २०६२/६३को जनआन्दोलन, मधेस आन्दोलन, संविधानको दबाबमुलक अभियानहरूदेखि डा. गोविन्द केसीको समर्थनले ल्याएको परिवर्तन युवाको भूमिकाकै उपज हो ।

## समाज परिवर्तनको संवाहक

अब एकैछिन भूकम्पकै कुरा गरौं । २०७२ साल वैशाष १२, १३ र २९ गतेको भूकम्पले सारा देशलाई मर्माहत तुल्यायो । तर त्यत्ति हुँदाहुँदै पनि युवाले देखाएको साहस, उत्साह र मुलुकप्रतिको जिम्मेवारीपनले अबको पुस्ता भर गर्न लायकको छ भन्ने कुरा पुष्टि भएको छ । त्यत्ति मात्र नभएर युवाले मानवीय कार्यमा लिएको नेतृत्वको स्थानीयदेखि राष्ट्रियस्तरसम्म मात्र नभएर अन्तर र्ाष्ट्रियस्तरमा समेत यो ठूलो चर्चाको विषय बन्यो । सारा विश्वले नेपाली युवाको यस किसिमको कार्यको मुक्त कण्ठले प्रशंसा पनि गरेको छ । अतः माथिका र यस्तै अन्य घटनाक्रमलाई आधारमानि हामी समाज परिवर्तनको संवाहकका रुपमा युवालाई व्याख्या गर्न सक्छौं ।

## युवाका निमित्त गरिएका प्रयासहरू

को हन यवा ? यसको परिभाषामा विभिन्नता पाउँदछौं । खासगरी देशले आफ्नो आर्थिक, सामाजिक, राजनीतिक अवस्थालाई ध्यानमा राखेर युवाको परिभाषा बनाउने गरिएको छ । नेपालको राष्ट्रिय युवा नीति २०७२ ले १६ देखि ४० वर्ष उमेरसम्मका व्यक्तिलाई युवा भनी परिभाषित गरेको छ । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण यो वर्ग राष्ट्रको प्रमुख धरोहरको रूपमा स्थापित छ, जसलाई राष्ट्र निर्माणको प्रमुख स्रोत समेत भनिन्छ । नेपालको जनगणना २०६८ अनुसार हाल मुलुकमा युवाको जनसङ्ख्या कुल जनसङ्ख्याको ४० दशमलव ३ प्रतिशत छ । यति ठूलो परिमाणमा रहेका युवा अझैपनि राजनीतिक र सामाजिक पृष्ठभूमिमा अघि आउन सकेका छैनन् । आर्थिकरुपमा मुलुकभित्र र बाहिर रहेको देशको सङ्कटलाई टालिरहेको यो समूह अघि आउन नसक्नुमा वर्षौंदेखि हामीमा रहेको पुरातन सोच र सँस्कृतिकै कारण हो ।

हामीलाई थाहा नै छ प्रत्येक दिन ८०० देखि १२०० को दरमा युवा मुलुकबाट सपनाको आकाशमा उड्ने गर्दछन् भने झण्डै ८ देखि १० युवाहरू सपनाको आकाशबाट बाकसमा मुलुक भित्रिन्छन् । संक्रमणकालिन हाम्रो मुलुक तिनै प्रत्येक दिन बाहिरिने र बन्द बाकसमा भित्रिने सपनाहरूको रेमिट्यान्सले चलिरहेको छ । तर पनि राज्य तिनीहरूलाई कुनै पनि प्रकारको नेतृत्व हस्तान्तरण गर्ने पक्षमा छैन । त्यसोभए मुलुकमा युवाका लागि केही पनि नभएको हो र ? युवाप्रति राज्य सधैं असहिष्णु मात्र छ त ? त्यसो पनि हैन । सरकारले नै युवाको महत्वलाई दृष्टिगत गर्दै खेलकुद मन्त्रालयमा युवा सवाल थप्दै युवा तथा खेलकुद मन्त्रालय बनाएको छ भने युवाका लागि हेर्न छुट्टै निकायको माग गरिरहेको युवा नागरिक समाजको लामो द्वन्द्वको सम्बोधन राष्ट्रिय युवा परिषद् ऐन र यसको गठनले अन्त्य गरिदिएको छ । पछिल्लो समयमा परिषद्को विस्तार

जिल्लामा ६० जिल्लामा भइसक्नु, युवा नीति २०६६ परिमार्जन गरी राष्ट्रिय युवा नीति २०७२ र युवाको दशवर्षे विकासको सोच युथ भिजन २०२५ अघि सारिनु युवाका क्षेत्रमा राज्यको तर्फबाट भएका सकारात्मक सम्बोधनहरू हुन् ।

नेपालमा राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५, युवा परिषद् गठन, प्रत्येक जिल्लामा जिल्ला युवा समितिको गठन, अनुमानित झण्डै ५ हजार को हाराहारीमा युवा संगठन र पछिल्लो समयमा बालक्लबबाट हुर्केका बालक्लबका पूर्व सदस्यहरूको युवाको क्षेत्रमा बढ्दो आकर्षण हाम्रो मुलुकका केही उल्लेखनीय उपलब्धीहरू हुन् ।

## युवा दिवस र युवाको क्षेत्रमा बढ्दो आकर्षण

युवा दिवस, युवाहरूको चाड । संसारभर युवा तथा युवा सरोकारका संस्थाहरूले विभिन्न कार्यक्रमहरू गर्दै यो दिवस मनाईन्छ । युवाहरूका निम्ति जिम्मेवार मन्त्रीहरूको विश्व सम्मेलन (ध्यचमि ऋयलाभचभलअभ या :ष्लष्कतभच च्भकउयलकष्दभि ायच थ्यगतज) को सिफारिस अनुसार संयुक्त राष्ट्रसङ्घको १७ डिसेम्बर १९९९ मा सम्पन्न ५४ औं साधारण सभाले अगष्ट १२ का दिनलाई अन्तर्राष्ट्रिय युवा दिवस ९क्षलतभचलबतष्यलबर्ा थ्यगतज म्बथ० का रूपमा मनाउने निर्णय गरेको थियो । तत्पश्चात सन् २००० देखि संसारभर प्रत्येक वर्ष अगस्ट महिनाको १२ तारिखका दिन युवा दिवस मनाइदै आइरहेको छ । नेपालमा सन् २००४ देखि युवा दिवस मनाउन थालिएको देखिन्छ । यस वर्ष नेपालमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद् र यसका जिल्ला समितिहरू, युवा संस्था, युवा संजाल तथा युवा समूहहरूले आ-आफ्नो तवरबाट मनाए । सन् २०१० लाई संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय युवा वर्ष मनाउने घोषणा गरेपछि नेपालले पनि सन् २०१० लाई राष्ट्रिय युवा वर्षको रुपमा घोषणा गरेको थियो । नेपालमा राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५, युवा परिषद् गठन, प्रत्येक जिल्लामा जिल्ला युवा समितिको गठन, अनुमानित झण्डै ५ हजार को हाराहारीमा युवा संगठन र पछिल्लो समयमा बालक्लबबाट हुर्केका बालक्लबका पूर्व सदस्यहरूको युवाको क्षेत्रमा बढ्दो आकर्षण हाम्रो मुलुकका केही उल्लेखनीय उपलब्धीहरू हुन् ।

## युवाका लागि सुरक्षित वातावरण किन ?

संयुक्त राष्ट्र सङ्घले यो वर्षको युवा दिवसको नारा “Safe Spaces for Youths” अर्थात् युवाका लागि सुरक्षित वातावरण तय गरेको छ । सन् २०१५ को संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले युवा शान्ति र सुरक्षासम्बन्धी संकल्प प्रस्ताव २२५० पारित गरिसकेको छ तथापि संसारमा हिंसा, द्वन्द्व, परिवर्तनजस्ता मुद्दाहरूमा युवाहरूको परिचालनले उनीहरूको जीवनमा पनि प्रत्यक्ष असर गरिरहेको हुन्छ । फलस्वरुप हाम्रो समाज, हाम्रो मूल्य मान्यताहरू विविध कारणबाट युवाहरूका निम्ति असुरक्षित बन्दै गइरेको छ । युवाहरूको निम्ति यसकारण पनि सुरक्षित वातावरण आवश्यक छ ताकि उनीहरू एकै स्थानमा भेला भई आफ्ना विविधखालका आवश्यकता र चाहनासँग सम्बन्धित कार्यक्रमहरूमा संलग्न हुन सकून्, आफ्नो जीवनमा प्रभाव पार्ने निर्णयहरूमा प्रत्यक्षरुपमा अर्थपूर्ण तवरले सहभागिता

*अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा आयोजित युवा र्‍याली । तस्वीर : संयोग के.सी.*



## हामी के गर्न सक्छौं ?

- युवाका लागि सुरक्षित वातावरण किन आवश्यक छ भन्ने विषयमा आफ्नो वरपर, आफ्नो सामाजिक सञ्जालमार्फत सूचना प्रेषित गर्न सक्दछौं ।
- किन युवालाई सुरक्षित वातावरण आवश्यक छ भन्ने विषयमा आफ्ना परिवार, साथीभाईहरूलाई जानकारी गराउन, आफ्नो युवा क्लब, कार्यालयहरूमा छलफल र बहस चलाउनका लागि विभिन्न किसिमका छलफल कार्यक्रमको आयोजना गर्ने वा आफू संलग्न हुन सक्दछौं ।
- यदि युवाहरूले सुरक्षित वातावरण (भौतिक, सार्वजनिक, नागरिक, राजनीतिक, डिजिटल) प्राप्त गरेमा कसरी ती अवसरको उपयोग गरी जीवनमा अघि बढ्न सक्दछन् भन्ने विषयमा आफूमा रहेको ज्ञान अरुमा बाँड्न सक्दछौं ।
- आफ्ना साथीहरूलाई आफ्नो वरपर रहेको वातावरण युवाहरूका निम्ति सुरक्षित भए नभएको पत्ता लगाउन प्रोत्साहित गर्न सक्दछौं । खासगरी फरक भुगोल, फरक क्षमता (अपांगता), युवा महिला, तेस्रो लिंगी समुदायका निम्ति हाम्रो वातावरण समावेशी तवरले सम्मानपूर्ण भएको सुनिश्चित गरिनु पर्दछ ।
- यदि युवाका विषयमा छलफल गर्ने कुनै साझा मञ्च नभएको आफ्नै पहलमा त्यस्ता मञ्चहरूको सिर्जना र सुरुवात गर्न सक्दछौं ।
- कसरी स्थानीय सरकार तथा सरोकारवालाहरूले युवाका निम्ति सुरक्षित वातावरणको निर्माण गर्न सक्दछन् भनी जनचेतना अभिवृद्धि गर्नका लागि समुदायस्तरमा अन्तरपुस्ता संवाद, अभिमुखीकरण लगायतका विविध कार्यक्रमको आयोजना गर्न सक्दछौं ।
- कसैगरी आफैले नेतृत्व लिएका कार्यक्रमको आयोजना गर्न नसकेको खण्डमा अन्य युवाहरूको कार्यक्रममा सहभागी हुन र सीप र ज्ञानलाई थप परिस्कृत गर्न सक्दछौं ।

जनाउन सकून् र आफ्ना विचार निर्धक्कसँग विना संकोच व्यक्त गर्न सकून् । सुरक्षित वातावरणले युवाहरूको जीवनलाई मर्यादित बनाउनेछ । सुरक्षित वातावरण मध्येको एक अर्थात् नागरिक मञ्चले युवाहरूलाई शासन व्यवस्था र यससँग जोडिएका सवालहरूमा प्रत्यक्षरुपमा संलग्न हुन मद्दत गर्दछ । सार्वजनिक स्थानमा युवाहरू खेलकुद र फुर्सदका समय व्यतित गर्न सक्दछन् भने त्यस्ता डिजिटल मञ्च जहाँ सुरक्षित प्रविधिको मद्दतले उनीहरू फरक धर्म, देश, परिवेशका युवाहरूसँग जोडिन सकुन् ।

### युवाका लागि नि:शर्त आवश्यकता

भर्खरैको संघीयतामा बामे सर्दै गरेको नेपालको संविधानले स्थानीय सरकारलाई यथेष्ठ अधिकारहरू प्रत्यायोजित गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐनले पनि युवाका विषयमा स्थानीय सरकारकालाई जिम्मेवार बनाएको छ । एकातिर देशको ठूलो हिस्सा युवाले ओगट्नु र अर्कोतर्फ स्थानीय सरकार युवाका सवालमा जिम्मेवार हुनु नेपालको लागि एउटा ठूलो अवसर पनि हो । तर यदि मुलुकमा युवाको शिक्षा र स्वास्थ्यको अधिकार सुनिश्चित गरिएन भने, उद्द्मशीलता र स्वरोजगारको वातावरण निर्माण नगरिएको खण्डमा र उनीहरूका निम्ति बनाइने नीति, नियम, योजनामा उनीहरूको सहभागिता सुनिश्चित गरिएन भने यो जनसंख्या उर्जा र स्रोत नभएर संख्यामा मात्र सीमित हुनेछ जसले आफैले पनि चरम निराशाको अनुभव गर्नेछ फलतः मुलुकलाई पनि यसले गाँज्नेछ । तसर्थ युवाका लागि सुरक्षित वातावरण आजको नि:शर्त आवश्यकता हो ।

### युवाका सवालहरूको सम्बोधन विना दिगो विकास असंभव

युवा देशका वर्तमान हुन् । देशको मेरुदण्ड आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक आयामका बलियो खम्बा नै आजका युवा हुन् । तसर्थ उनीहरूको अधिकार र कर्तव्यबारे व्यापक प्रचारप्रसार गर्न, उनीहरूका आवाज सरोकारवालासम्म पुऱ्याउन युवा दिवस आवश्यक छ । नेपालको सन्दर्भमा हाल राष्ट्रिय युवा परिषद् र जिल्ला युवा समितिहरूको गठन र विस्तार भएको अवस्थामा यसको महत्व अझैं बढी चुलिएको छ । विश्व युवा विकास सुचकाङ्कमा १४५ औं स्थानमा रहेको नेपाल राष्ट्रिय युवा नीति, २०७२, युथ भिजन २०२५ का साथसाथै नेपालको संविधान, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूले यस वर्षको युवा दिवसको महत्वलाई अझ सार्थक तुल्याएको छ । साथै पछिल्लो समयमा दिगो विकास लक्ष्यप्रति युवाको चासो र संलग्नतामा वृद्धि, गैरसरकारी महासंघको पहलमा गठित नेपाल एसडिजि फोरम र यसका उपसमितिअन्तर्गत युवा पनि रहनु आजका सुन्दर पक्षहरू हुन् भने यस विषयलाई राधानी मात्र केन्द्रीत गरि जिल्लामा यसको बारेमा व्यापक प्रचारप्रचार नहुनु आजको चुनौति । तथापि चरम गरिबी, बेरोजगारी, राजनीतिक नेतृत्वमा बहिस्करण, हिंसा-युद्ध जस्ता विषयमा उनीहरूको प्रयोग आजका सवाल हुन् । यी र यस्ता सवालहरूको सम्बोधनविना हामी सुन्दर र दिगो नेपालको परिकल्पना गर्न सक्दैनौं भने दिगो विकासका लक्ष्यहरू पनि पूरा हन सक्ने देखिन्न ।

*(ठकुरी युवा नेतृत्वको युवा संस्था युवालयका संस्थापक हुन् । बालबालिका, युवा र लैंगिक समानताका विषयका एक दशकदेखि क्रियाशील छन् ।)*
*इमेल : nicesanjog@gmail.com*

# अन्तर्राष्ट्रिय युवा दिवसमा भाग लिएपछि



● संयोग के सी

**म सबैलाई चिन्दिन तर डोल्पामा पैसा नलिइकनै पढाउने शिक्षक हिमाली सर (विनोद शाही)का बारेमा सुनेर खुशी लाग्यो । उहाँ विश्वका ५० उत्कृष्ट शिक्षकहरू मध्ये एकमा पर्नुहुँदो रहेछ । नेपालमा पनि यस्ता राम्रा युवाहरू रहेछन् भन्ने थाहा पाए ।**

म पहिलो पटक युवा दिवस मनाउन यो वर्ष काठमाडौंको भृकुटी मण्डप गएको थिए । अगष्ट १२ तारिखका दिन अन्तर्राष्टिय युवा दिवस मनाइदो रहेछ । यो दिवस मनाउन त्यहाँ विभिन्न संघसंस्था, सरकारी निकाय र युवाहरु भेला भएर र्‍याली जाने क्रममा थिए । म पनि सो र्‍यालीमा सहभागी भए ।

ऱ्कयालीमा जाँदै गर्दा मैले भृकुटीमण्डप, शहिदगेट, हुँदै रत्नपार्कबाट सभागृह छिरे । र्‍यालीमा म जिन्दगीकै पहिलो चोटी भाग लिन पाउँदा मलाई एकदम खुशी लागिरहेको थियो । यो र्‍यालीको अघि अघि खेलकुद मन्त्री समेत हामीसँग हिड्नु भएको थियो । सबै जना आफूलाई रमाइलो महसुस गरिरहको जस्तो लागिरको थियो । यो वर्षको नारा चाहिँ युवाका लागि सुरक्षित वातावरण भन्ने थियो ।

जव हामी र्‍याली सकेर सभागृहमा छिऱ्यौ, त्यहाँ फोटो खिच्ने कार्यक्रम पनि रहेछ । मलाई पनि फोटोखिचेर प्रतियोगितामा भाग लिन मन लाग्यो । फोटो खिचाए । नेपाल युवा परिषद् लेखिएको इन्स्टाग्रामको बोर्ड राखिएको थियो । जहाँ मैले पनि फोटो खिचाए किनभने यो फोटो फेसवुकमा राखिने भनिएको थियो । जसले धेरै लाइक पाउँछ उसले नगद पाउँछ भनेपछि धेरै जनाको भीड थियो । र मलाई पनि सवैले चिनून जस्तो लाग्यो ।

र्‍यालीमा हिड्दै गर्दा मलाई कागजको एउटा टुक्रा दिएर मन्त्री, तथा युवा परिषद्का उपाध्यक्षलाई प्रश्न सोध्न भनिएको थियो । मैले पनि सो कागजमा प्रश्न लेखिदिए । मैले खेलकुद मन्त्रीलाई सोध्नु भनेर प्रश्न लेखे । मेरो प्रश्न थियो, नेपालीहरुले क्रिकेट खेलेको १९ महिना वितिसक्दा पनि तलव पाउन किन नसकेको होला । त्यस्तै, रक्षा मन्त्रीलाई हाम्रो देशको सिमाना किन खुला राखिएको हो भनेर सोधेको थिए । यो प्रश्नको कागज मैले स्वयमसेवकलाई दिएको थिए । थाहा छैन त्यो कुराको जवाफ मैले कसरी पाउँछु ।

त्यसपछि म सभा हलतिर लागे । त्यहाँ औपचारिक कार्यक्रम हुन लागेको थियो । त्यो कार्यक्रममा खेलकुद मन्त्री, रक्षा मन्त्री, युएनडिपिका प्रमुख लगायत नेता, विद्यार्थी, पत्रकारहरु र युवाहरु जम्मा भइसकेका थिए । युएनडिपिका प्रमुख रायन नोयरले कार्यक्रममा भनेको कुरा मलाई निकै राम्रो लाग्यो । उहाँले युवाका लागि सुरक्षित स्थान भनेको खुला ठाउँ हो भनेर भुकम्पको कुरा जोड्नु भएको थियो । युवालाई सुरक्षित हुनको लागि खुला ठाउँ चाहिने रहेछ ।

यो कार्यक्रममा युवा जीवनको महत्व, युवाले देशका लागि गर्न सक्ने योगदानबारे धेरै ठूला ठूला कुरा भए । मलाई चाहिँ यति धेरै कुरा किन गरेका होला भनेर दिक्क लागिरहेको थियो । किनभने त्यत्रो कार्यक्रममा एकजना पनि युवाहरुले बोलेको देखिन् । त्यही कार्यक्रममा युवा दिवसको अवसरमा दश जना प्रतिभाशाली युवाहरुलाई सम्मान गरिएको थियो । म सबैलाई चिन्दिन तर डोल्पामा विना पैसा पढाउने शिक्षक हिमाली सर बारेमा सुनेर खुशी लाग्यो । उहाँ विश्वका ५० उत्कृष्ट स्वयमसेवी शिक्षकहरु मध्ये एकमा पर्नुहुँदो रहेछ । नेपालमा पनि यस्ता राम्रा युवाहरु रहेछन् भन्ने थाहा पाए ।

औपचारिक कार्यक्रम सकेपछि हामीलाई खाजाको प्रवन्ध गरिएको रहेछ । खाजा चौरमा बसेर खाइयो । त्यसपछि कार्यक्रम स्थलमा राखिएको विभिन्न स्टलहरु घुम्यौ । जहाँ युवाहरुले काठले बनाएका सामगीहरु हेऱ्यौ । भक्तपुरको जुजु धौ पनि थियो । जुम्लाको मार्सी चामल, ओखर, सिस्नुको धुलो र अन्य घरायसी सामानहरु पनि थिए । सबै स्टलहरुमा युवाले गरेका राम्रा कामहरुको बारेमा जानकारी दिइएको थियो ।

खाजापछि युवादिवस मनाउन रमाइला कार्यक्रमहरु पनि थिए । कलाकारहरु आएका थिए । उनीहरुले आफनो कला देखाए । मलाई चाहिँ राजा राजेन्द्रको कमेडी निकै मन पऱ्यो । मलाई मात्र होइन हलका सवैलाई उहाँको कलाले तानेको थियो । सवैजना मस्तले हाँसिरहेका थिए ।

यो भन्दा अघि युवा दिवस हुन्छ भन्ने मैले थाहा पाएका थिइन् । पहिलो चोटी यसरी यो कार्यक्रममा सहभागी हुन पाउँदा निकै रमाइलो लाग्यो । तर देशका युवाहरु दिनदिनै एक हजार भन्दा बढी विदेशमा जाने गरेको समाचारमा सुन्दा चाहि मलाई नरमाइलो लागि रहेछ । उनीहरुलाई आफ्नै देशको विकासमा लगाउन सके कति राम्रो हुन्थ्यो होला ।

*(तारकेश्वर नपा वडा ७, फुटुग, काठमाडौका संयोग कक्षा ९ का विद्यार्थी हुन्)*

# स्थानीय सरकारको सफलतामा के गर्न सक्छन् युवाले ?



• प्रेक्षा लामिछाने

**यद्धपी अबको पिंढीले जनप्रतिनिधिलाई मात्रै दोष लगाएर समाज परिवर्तनको बाटोबाट अलग्गिन मिल्दैन । युवाहरूले स्थानीय सरकारसंग मिलेर युवा वर्गका लागि उपयुक्त कार्यक्रमहरूको तय आफै गर्न सक्नुपर्छ ।**

नेपालमा १६ वर्षदेखि ४० वर्ष समूहका महिला, पुरुष र तेस्रो लिङ्गीलाई युवा भनी व्याख्या गरिन्छ। शारीरिक र मानसिक रुपले समेत उर्जाशील र सिर्जनशील हुने समय नै युवा अवस्था हो। यस उमेर समूहका युवाले समाजलाई केही दिन सक्ने क्षमता राख्छन् भन्ने धेरै उदाहरणहरू हामीले दैनिक जीवनमा देखेका छौं। युवाहरूमा समाज बदल्न सक्ने ताकत हुने भएकोले नै युवावर्गलाई समाज रुपान्तरणका मूल संवाहकका रुपमा हेर्ने गरिएको हो। त्यसैले त विश्वविख्यात राजनीतिज्ञ नेल्सन मन्डेलाले भनेका छन, आजका युवा भोलिका नेतृत्वकर्ता हुन्।

मुलुकमा दुई दशकपछि भएको निर्वाचनले सबैभन्दा बढी उत्साह युवावर्गलाई नै दियो। पछील्लो समय कतिपय युवाहरू काम र पढाइको सिलसिलामा विदेशिने, सरकार र राजनीतिक नेतृत्व प्रति नकारात्मक धारणा राख्दै विदेशतिर बँसाईसराई नै गर्ने परिपाटीको विकास हुँदै गएको भएपनि नेपालमा भएको तीनै तहको चुनाबमा ४० प्रतिसत भन्दा बढी मतदाता युवा भएको निर्वाचन आयोगले जनाएको थियो। यद्धपी यी निर्वाचनहरूबाटमा सबैभन्दा बढी जनप्रतिनिधिहरू भने ४० वर्ष काटिसकेको निर्वाचन आयोगको तथ्याङ्कले देखाएको छ।

स्थानीय निर्वाचनमा आफूले चिनेजानेको उमेदवारलाई भोट दिन पाउने भएकोले पनि स्थानीयस्तरमा हुने चुनाबलाई जनताले बढी चासोको रुपमा हेरेका हुन्छन भने चुनाबी अभियान र मतदान प्रक्रियामा समेत उल्लेखनीय सहभागिता भएको हुन्छ। त्यस्तै निर्वाचनमार्फत् बनेको स्थानीय सरकार पनि आफ्नो ठाउँको विकास र उन्नतिमा सक्रिय हुने गर्छन्। यसमा समाजमा केही गरौ भन्ने जुफारु युवाहरूको महत्वपूर्ण भूमिका हुने नै भयो।

विगत ५ वर्षदेखि पर्वत जील्लाको श्री जन प्रकाश आधारभूत विद्यालयमा शिक्षण गरीरहेका युवा शिक्षक, किशोर शर्मा युवाहरूलाई चुनाबी शक्तिको रुपमा मात्र प्रयोग गरिएको र स्थानीय सरकारले युवा लक्षित कार्यक्रमहरू चुनाबी नारामा मात्र सीमित बनाई युवाहरूलाई भन्दा पनि पार्टीका कार्यकर्तालाई मात्रै पोस्ने काम नयाँ अनुहारबाट समेत दोहोरिएकोले युवाको भूमिका र सहभागितामा स्थानीय सरकारले चासो नदिएको तर्क राख्छन्। त्यसो त अधिकांश जनप्रतिनिधिहरू स्थानीय सरकारले युवालाई समेट्न नसकेका गुनासाहरू आएपनि युवाहरूको आवाजलाई सम्बोधन गरीएको बताउँदै युवाहरू पनि आफ्नो कर्तब्य र दायित्व बोध गर्नुपर्ने धारण राख्छन्।

बदलिदो परिस्थितिमा युवाहरूलाईनै समाजमा कस्तो परिवर्तन चाहिन्छ भन्ने थाहा हुन्छ। तसर्थ हरेक कार्यक्रमको योजना गर्दा युवाहरूलाई अग्रसर बनाउन र उनीहरूका जायज मागप्रति स्थानीय सरकारले सम्बोधन गर्न सक्नुपर्छ। यद्धपी अबको पिंढीले जनप्रतिनिधिलाई मात्रै दोष लगाएर समाज परिवर्तनको बाटोबाट अलग्गिन मिल्दैन। युवाहरूले स्थानीय सरकारसंग मिलेर युवा वर्गका लागि उपयुक्त कार्यक्रमहरूको तय आफै गर्न सक्नुपर्छ।

## सूचना प्रविधिको सही प्रयोग

नेपाल दुरसंचार प्राधिकरणका अनुसार देशको २ करोड ६० लाख ४९ हजार जनसंख्याको ५६ प्रतिशत अर्थात १ करोड ५० लाख १८ हजार जनसंख्याले ईन्टरनेटको प्रयोग गर्छन जसमध्ये ६३ प्रतिशत प्रयोगकर्ता युवाहरूनै छन्। फेसबुक र ट्वीटर लगायतका नयाँ डिजिटल मिडियालाई नियाल्ने हो भने अधिकांश युवाहरूले राजनैतिक कुराहरूको टिप्पणी गरेको, शेयर गरेको र स्थानीय सरकारलाई खबरदारी गरेको देख्न सकिन्छ। अवश्य पनि सुचना प्रविधिको प्रयोग गरी सत्य, निष्पक्ष र विश्वसनीय सुचनाहरू समाजमा फैलाउने कार्यमा समेत युवाको सहभागिता हुनु सराहनिय पक्ष हो।

स्थानीय सरकारको अगुवाईमा समुदायमा के भईरहेको छ, बजेटको बाँडफाँड तथा युवाको हकहितमा कार्यक्रमहरू कस्ता छन् साथै नीति नियम र सुशासनसम्बन्धी सुचनाको बारेमा जनप्रतिनिधिहरूसंग चासो राख्ने र समुदायको हितमा काम गर्न उनीहरूलाई खबरदारी गरीरहने परिपाटीको विकास युवाहरूले गर्नुपर्छ भने स्थानीय सरकारले समेत युवाहरूको सकारात्मक आलोचनाको कदर गर्नुपर्छ।

## नीति नियम पालना भएको छ या छैन चासो देखाउने

युवाहरूले स्थानीय सरकारका प्रतिनिधिहरूलाई आफ्नो आवाज सुन्ने बनाउनु पर्छ। युवाहरू स्थानीय सरकारले राखेका हरेक कार्यक्रम वा बैठकमा सहभागी हुनुपर्छ। युवाहरूले नै स्थानीय स्तरमा पिछडिएका

वर्ग, महिला र अपाङ्गता भएकाका लागि कस्ता कार्यक्रम ल्याउने भनेर सहभागीमूलक तरिकाले नीति नियमको पालना भए नभएको चासो देखाउनुपर्छ।

**स्थानीय सरकारले समाजमा व्याप्त सामाजिक कुरिती र विकृतिहरूको पहिचान गरी युवा लक्षित कार्यक्रमहरू योजना तर्जुमादेखि कार्यान्वयन प्रकृयासम्म युवाहरूलाई नै समाबेश गरी लैजान सक्नुपर्छ।**

### निष्पक्ष भई स्थानीय सरकारलाई सघाउने

सक्षम युवाहरू पार्टीगत धारणाबाट माथि उठ्न सक्नुपर्छ। जसले गर्दा समाजको सर्वाङ्गिण विकास हुन सकोस्। गलत कदमलाई खबरदारी गर्ने र सही कामको प्रशंसा गर्दा जनप्रतिनिधिलाई समेत उत्साह मिल्छ। साथै युवाको सहयोग र प्रेरणाले स्थानीय सरकारका काम कार्वाहीमा जबाफदेहिता र पारदर्शिता समेत देखिन्छ। गाउँ टोलमा हुने सबै कार्यक्रम समुदायकै लागि हुने भएकाले युवाहरू त्यस्ता कार्यमा सहभागी भइ आफूले सकेको योगदान गरेर नै उदाहरण प्रस्तुत गर्न सकिन्छ। यस्ता कार्यले युवाको उचाइ त बढाउने नै भयो, अरु युवालाई समेत प्रेरणा मिल्छ।

### उद्यमशीलतामा जोड

विशेषगरी बेरोजगार युवाहरूलाई भन्दै स्थानीयस्तरमा विभिन्न खाले रोजगारीमुलक कार्यक्रम र तालिमहरू सरकारले ल्याएको देखिन्छ। कतिपय अवस्थामा ती कार्यक्रमहरू आफ्नो ठाउँलाई नसुहाउने खालको पनि हुन सक्छ। यस्तो परिस्थितिमा आफ्नो भूगोल सुहाउँदो र स्थानीय श्रोत साधनहरूको पहिचान गरी युवाहरूले नै त्यस्ता रोजगारीमुलक र उद्यमशीलताका अवसरहरूको बारे प्रस्ताव राख्न सक्नुपर्छ। उद्यमशीलताले समाजमा धरै मानिसलाई काम दिने वातावरणको सिर्जना हुन्छ। स्थानीयस्तरमै आर्थिकरुपले सबल हुन सके मात्रै बसाँई सराई र विदेश पलायन हुने स्थितिमा कमी आउन सक्छ। राष्ट्रले लिएको समृद्धिको नारालाई उद्यमशिलताको विकास र प्रवद्धनले मात्रै बलियो टेवा पुग्ने हुन्छ।

### विकास निर्माणको नेतृत्व लिने

युवावर्गले नै समाजमा हुने विकास निर्माणका कार्यमा नेतृत्व लिनुपर्छ। साथै बजेटको सही सदुपयोग गरी निर्माणकार्य समयसीमा भित्र सम्पन्न गरी जिम्मेवारी बहन गर्दा समाजमा अग्रजहरू साथै जनप्रतिनिधिको समेत विश्वास जित्न सकिन्छ। यसले युवाहरूको विकासप्रतिको लगाव बृद्धि गराउँछ भने आफ्नै ठाउँमा केही गरौ भन्ने भावनाको विकास गराउँछ। नेतृत्वमा पुगी काम गरेको अनुभवले भविष्यलाई समेत उज्यालो पार्न महत्वपर्ण भूमिका निर्वाह गर्ने हुन्छ।

### सक्रिय युवा संजालको गठन

समाज र समुदायको दिगो विकासका लागि यूवा संजाल वा क्लबहरूको गठन गर्ने, युवाहरूको वृत्तिविकासका लागि तालिमहरू दिने, गुणस्तरीय शिक्षा र स्वास्थ्यको आवश्यकताको प्रचारप्रसार गर्ने साथै स्थानीय निकायसंग साझेदारी गर्ने र युवा संजाललाई संस्थागतरुपमा विकसित गर्नुपर्छ। सुशासन र विकासको पक्षमा र भ्रष्टचारविरुद्धमा सक्रिय युवा सञ्जालले सचेतनामुलक कार्यक्रमहरू निरन्तर गरी समुदायमा चेतना फैलाउने कार्य गर्नुपर्छ।

स्थानीय सरकारले समाजमा व्याप्त सामाजिक कुरिती र विकृतिहरूको पहिचान गरी युवा लक्षित कार्यक्रमहरू योजना तर्जुमादेखि कार्यान्वयन प्रकृयासम्म युवाहरूलाई नै समाबेश गरी लैजान सक्नुपर्छ। बालविवाह रोकथाम, लैङ्गिकता र जातीय विभेदको अन्त्य, यौनिक तथा प्रजनन अधिकारको सुनिश्चितता, शिक्षा र रोजगारीका अवसरहरू सृजना गर्न स्थानीय सरकारको पहिलो प्राथमिकता हुनुपर्छ। र, यि कार्यमा युवाको अनिवार्य सहभागितालाई मुख्य मन्त्र बनाइनु पर्छ।

त्यस्तै स्वच्छ राजनीतिक वातावरणविना विकासको सम्भावना समाजमा असम्भव नै छ भन्ने कुरा दुई दशकको राजनैतिक द्वन्दले देखाईसकेको छ। तसर्थ युवाको चासो, सक्रियता र सहभाागितालाई स्थान दिएर युवामैत्री समाजको निर्माण गर्ने जिम्मेवारी स्थानीय सरकारले लिनुपर्छ।

*(लामिछाने स्वान नेपालकी संचार तथा अभिलेखन अधिकृत हुनहुन्छ।)*
इमेल : prekxya@gmail.com



# युवा र दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण



• बिनिता कार्की

**दिगो विकासका लक्ष्यहरू मुख्यतः कसैलाई पछि नछाडौँ भन्ने मान्यताका साथ स्वीकारिएको विश्वव्यापी कार्ययोजना हो जसको मुख्य उद्देश्य सन् २०३० सम्म विश्वमा गरिबीको अन्त्य गरी शान्त र समुन्नत विश्व निर्माण गर्नु हो ।**

नेपाल युवा संस्था सञ्जाल (आयोन) देशभर ४४ जिल्लाका ९२ युवा संस्थाहरूको छाता संस्था हो । सन् २००५ मा स्थापित यस संस्थाले स्थापना कालदेखि नै आफ्नो उद्देश्य अनुरुप युवाहरूको नीति निर्माणमा सहभागिता, युवा पैरवी, क्षमता अभिवृद्धि तथा युवासँग सम्बन्धित अनुसन्धान लगायतका कार्यहरू गर्दै आइरहेको छ । हाल चाहिँ आयोन दिगो विकासका लक्ष्यहरू प्राप्तिमा युवा संलग्नताको मुद्दा उठाउँदै आइरहेको छ ।

२०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएसँगै नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्र मुलुक भएको छ । वर्तमान प्रशासनिक संरचना अनुसार हाल नेपालमा ७ प्रदेश र ७५३ ओटा स्थानीय निकाय छन् । देशको वर्तमान विकेन्द्रिकृत प्रशासनिक संरचनाले सबै भूगोल र क्षेत्रको समानुपातिक विकासमा टेवा पुग्ने अपेक्षा राखिएको छ ।

### गरिबी अन्त्यको लक्ष्य

दिगो विकासका लक्ष्यहरू सन् २०१५ सेप्टेम्बर २५ मा विश्वका १९३ मुलुकका नेताहरूको सहमतिमा मानिस, पृथ्वी र समृद्धिका लागि तयार पारिएको कार्ययोजना हो । दिगो विकासका लक्ष्यहरू मुख्यतः कसैलाई पछि नछाडौँ भन्ने मान्यताका साथ स्वीकारिएको विश्वव्यापी कार्ययोजना हो जसको मुख्य उद्देश्य सन् २०३० सम्म विश्वमा गरिबीको अन्त्य गरी शान्त र समुन्नत विश्व निर्माण गर्नु हो ।

### नेपालमा युवाको प्रतिनिधित्व

नेपालमा १६–४० उमेर समुहका व्यक्तिलाई युवा मानिन्छ जसको सङ्ख्या कुल जनसङ्ख्याको ४० दशमलव ३ प्रतिशत हुन आउँछ । २०७४ सालमा सम्पन्न सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो निर्वाचनमा युवाहरू पनि निर्वाचित छन् । निर्वाचन आयोगको तथ्याङ्कअनुसार स्थानीय तहमा करिब ४० प्रतिशत, प्रदेश सभा निर्वाचनमा २३ दशमलव ६३ प्रतिशत, प्रतिनिधि सभामा १३ दशमलव ०९ प्रतिशत र राष्ट्रिय सभामा ६ दशमलव ७७ प्रतिशत युवा प्रतिनिधि निर्वाचित छन् । यो तथ्याङ्ले स्थानीय तहदेखि राष्ट्रिय तहमा युवाको सहभागिता क्रमशः घट्दै गएको तथ्य प्रस्ट्याउँछ ।

### युवाको अर्थपूर्ण सहभागिता किन ?

युवा देशको शक्ति हो र दिगो विकासका लक्ष्य देशलाई समृद्धिको बाटोतर्फ लैजाने बलियो कार्ययोजना हो । युवाको अर्थपूर्ण सहभागिता र योगदानबिना दिगो विकासका लक्ष्यहरू प्राप्त गर्नु सायदै सम्भव छ । नेपाल सरकारको आर्थिक वर्ष २०७५/७६ को बजेट भाषणमा पनि युवा रोजगारी र व्यवसायलाई प्रोत्साहन गर्न विविध कार्ययोजना ल्याईएको छ । सरकारका योजनामा सबै नागरिकलाई काम र रोजगारीको अवसर सिर्जना गर्ने क्षेत्रहरूको अवसर प्रदान गरिने, उच्च शिक्षा हासिल गरेका युवालाई व्यवसायमा आकर्षित गर्न शैक्षिक प्रमाण पत्रको धितोमा ५ प्रतिशत ब्याज अनुदानमा रू. ७ लाखसम्म ऋण उपलब्ध गराउने, प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गरिने र आगामी ३ वर्षभित्र स्थानीय तहमा निजी क्षेत्र समेतको सहभागितामा उद्योग ग्राम स्थापना गरिने जस्ता महत्वपूर्ण कार्यक्रमहरू छन् जसले युवाको संलग्नतामा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न महत्वपूर्ण योगदान दिनेछ । एक वर्षमा करिब ३ लाख युवा विदेश पलायन भईरहेका मुलुकमा उनीहरूका लागि स्वदेशमै अवसर सिर्जना हुने किसिमको कार्यक्रम आउनु भनेको अति नै महत्वपूर्ण उपलब्धि हो । उल्लिखित कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित निकाय नचूकोस् ।

### स्थानीय निकायमा युवाको खबरदारी

देश ७५३ ओटा स्थानीय तहमा विभाजित भएसँगै दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण हुनु पनि उत्तिकै आवश्यक छ । नेपालमा अपेक्षाकृत समावेसी विकास नहुनुमा स्रोत साधनको विकेन्द्रिकरण अभाव पनि एक हो भन्ने विज्ञहरूको भनाई छ । तसर्थ गाउँगाउँमा सिंहदरबार भन्ने नारालाई प्रभावकारी ढङ्गले व्यवहारमा लागू गर्नु स्थानीय निकायका लागि ठूलो चुनौति हुन सक्छ । यसरी आफ्नो स्थानीय निकायका काम, कर्तव्य र अधिकारबारे जानकार भई उनीहरूका कार्ययोजनालाई पारदर्शी र प्रभावकारी ढङ्गले कार्यान्वयन गराउन सहयोग र खबरदारी गर्नु युवाको कर्तव्य हो ।

### दिगो विकास लक्ष्य स्थानीय तहमा कसरी कार्यान्वयन गर्ने

हाम्रा स्थानीय तहमा हुने हरेक काम दिगो विकासका लक्ष्यसँग




जोडिएका हुन्छन् । त्यस्ता कामहरू नियमपूर्ण तरिकाले सम्पन्न गर्न सहयोग गर्नु भनेको हामीले दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान दिनु हो । युवाले निम्न पहल र कार्यहरू मार्फत दिगो विकासका विश्वव्यापी लक्ष्यहरूलाई स्थानीय तहमा कार्यान्वयन गर्न सक्छन् ।

- आफ्नो महानगरपालिका, उप–महानगरपालिका, नगरपालिका तथा गाउँपालिकामा बन्ने कार्ययोजनाबारे जानकार हुने र नीति निर्माण तहका वैठकहरूमा युवा प्रतिनिधिका रुपमा आफ्नो सहभागिता जनाउने ।
- दिगो विकासका लक्ष्यहरू र यसको महत्वबारे स्थानीय निकाय, बुद्धिजिवी तथा सरोकारवालाहरूलाई जानकारी प्रदान गर्ने ।
- स्थानीय निकायले बनाउने कार्ययोजना दिगो विकासमुखी बनाउन पहल गर्ने ।
- स्थानीय युवाहरूलाई उद्यमशिलतामा प्रोत्साहित गर्न स्थानीय निकायबाट लगानी गर्न सकिने वातावरणको सिर्जना गर्न पहल गर्ने ।
- आफ्ना समुदायका सबै बालबालिकाको शिक्षामा पहुँच पुर्‍याउन पहल गर्ने ।
- स्थानीय समुदायका व्यक्तिहरूलाई दिगो विकासका लक्ष्यहरूप्रति उत्तरदायी बन्न अभिप्ररित गर्ने ।
- आफ्नो समुदायमा भए गरेका नवीन कार्यहरूलाई अन्य समुदायसम्म पुर्‍याउन सहयोग गर्ने ।

## युवाको सोच, अग्रजको सहयोग

युवा नै यस्तो समुह हो जसले विश्वस्तरमा भएका नवीन उपलब्धीलाई स्थानीय परिवेशअनुसार कार्यान्वयन गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । युवासँग सोच हुन्छ, तर त्यो सोचलाई उपयुक्त आकार दिन अग्रजहरूको सहयोग चाहिन्छ । युवासँग साहस हुन्छ जसको सकारात्मक प्रयोग गर्न अग्रजहरूको हौसला आवश्यक हुन्छ । युवालाई सूचना प्रवाह गर्ने र विरोध गर्ने कार्यमा मात्र संलग्न गर्ने सँस्कार मौलाउँदै गएको हाम्रोजस्तो मुलुकमा अब युवालाई नीति निर्माण तहदेखि नीति कार्यान्वयनसम्मको कार्यक्रममा सहभागी गराउनु आवश्यक छ ।

## युवामैत्री कार्यक्रमको लागि दवाव जरुरी

देशका ४० प्रतिशत युवा जनशक्तिको विवेक, क्षमता, शक्ति र सोचको समुचित उपयोग गर्न नसक्नु भनेको त्यो देशको लागि ठूलो दुर्भाग्य हो । नेपाल अहिले यस्तै दुर्भाग्यको शिकार भएको छ । देशको काँचुली फेर्न अहोरात्र खटिनु पर्ने युवा जनशक्ति आफ्नो पासपोर्टमा खाडी मुलुक या त विकशित मुलुकको भिसाको छाप लगाउन आतुर देखिन्छन् । वार्षिक ३ लाखको हाराहारीमा युवाहरू वैदेशिक रोजगारीमा गईरहेका बेला आर्थिक वर्ष २०७५/७६ को बजेटमा उल्लेख गरिएका युवा रोजगार र व्यवसायमैत्री कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन नेपाललाई दिगो विकासको बाटोमा लैजाने आधार साबित हुन सक्दछ । हामीजस्ता युवाले सरकारको खेदो मात्रै खन्नुभन्दा युवामैत्री कार्यक्रमको कार्यान्वयनका लागि दवाव दिनु जरुरी छ । हामीले देख्ने सपना कुनै दोस्रो मुलुकको समृद्धिमा सहयोग गर्ने नभएर आफ्नै देशको समृद्धिको हिस्सा बन्ने हुनु पर्दछ ।

## युवाको सोचमा लगानी

अतः दिगो विकासका लक्ष्यहरूको प्राप्तिमा सिङ्गो विश्वले कार्यक्रम बनाएर कार्यान्वयनमा अग्रसर भएका छन् । नेपालजस्तो मुलुकमा दिगो विकासका लागि यो जतिको उपयुक्त अवसर अरु हुनै सक्दैन । हामीजस्ता युवाको लागि पनि देशको समावेशी विकास र समृद्धिमा योगदान दिने राम्रो अवसर हो यो । तसर्थ विश्व्यापी विकासका लक्ष्यहरूको स्थानीयकरणका लागि युवाले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् र गर्नु पर्दछ । नीति निर्माण तथा कार्यान्वयन तहमा युवाको अर्थपूर्ण सहभागिता र युवाको सोचमा लगानी नभएसम्म दिगो विकासका लक्ष्यको प्राप्ति एउटा महत्काँक्षा मात्र हुनेछ । दिगो विकासका लक्ष्यको प्राप्तिका लागि सरोकारवाले युवालाई पनि आफूसँगै लैजानु अत्यन्तै आवश्यक छ ।

नेपालका युवा संस्थाहरूको प्रनिधित्व गर्दै दिगो विकासका लक्ष्य प्राप्तिमा युवाको अर्थपुर्ण सहभागिताका लागि आयोन अग्रसर भइरहेको छ । विपद् व्यवस्थापनका लागि सरोकावालासँग जवाफदेहिता संवाद, गरिबी निवारण गरी सामाजिक उद्यममा युवालाई प्रोत्साहित गर्न युथ कोल्याब, संघीय नेपालमा स्थानीय तहमा युवाको सहभागिता बढाउन सुशासनका लागि युवा कार्यक्रम आदि आयोनले गर्दै आइरहेका कामहरू हुन् । यसरी दिगो विकासका लक्ष्य प्राप्तिमा युवा परिचालन गर्दै आएको आयोन, अन्य युवा संस्थालाई पनि दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान दिन आह्वान गर्दछ ।

*(कार्की नेपाल युवा संस्था सञ्जाल (आयोन) की सञ्चार अधिकृत हुनुहुन्छ ।)*
*इमेल : communication1@ayon.org*

# विदेश जाने युवालाई कसरी रोक्ने ?



● पुष्करनाथ भण्डारी

**राम्रो वातावरण बन्दै जाने, हरेक युवा रोजगार बन्ने, उद्यमी युवाले सहयोग पाउने, उत्पादनले बजार पाउने, उदाहरणीय काम गर्नेले सम्मान पाउने वातावरण बन्ने हो भने नेपाली युवालाई विदेश जाने रहर शायद नपलाउला ।**

अहिले सबैको चिन्ता छ : युवा विदेशतिर पलायन भए, गाउँ रित्तिए । के यो चिन्ता गर्ने विषय हो ? एक कुराले सोच्दा यो चिन्ता गर्ने विषय होला, तर अर्कोतिरबाट सोच्ने हो भने यो कुरा राम्रो पनि हो । कमसेकम यहाँका बेराजगार युवा भौँतारिएर यताउता डुलेर दिन बिताउनुभन्दा विदेश गएर धन कमाएका छन्, नयाँ सीप सिकेका छन्, विकासका नयाँ नयाँ कुरा देखेर नेपालमा ल्याउने गरेका त छन् ।

अहिले करिब ५० लाख युवा देशबाहिर भएको कुरा हाम्रा मन्त्रीहरूले नै भन्ने गरेका छन् । करिब ३ करोड जनसंख्यामा ५० लाख जति व्यक्ति बाहिर गएर स्वदेशमा रेमिट्यान्स (विप्रेषित पैसा) पठाइरहेका छन् । त्यही पैसाले देश धानिएको छ । गरिबका घरमा पनि अहिले टिनले घर छाइएका छन् । हरेकको हातमा मोबाइल छ । हरेक घरमा टिभी छ । 'आधुनिक' बनेको अनुभूति सबैले गर्दैछन् ।

हुन त यही आधुनिकताले गर्दा हाम्रा गाउँका खेत र बारी बाँझिएका छन् । जसजसले रेमिट्यान्स पठाउने गरेका छन् तिनका श्रीमती र छोराछोरी गाउँमा छैनन् । छोराछोरी पढाउन भनी सहर र जिल्ला सदरमुकाम पसेका छन् तिनीहरू । गाउँमा गाई र भैंसी पाल्ने घरहरू एकदम कम छन् । एक मानु वा एक लिटर दूध किनेर खाने परिवार गाउँमा धेरै नै भएका छन् । अझ गाउँ त साँच्चै बुढाबूढीमय मात्र बनेको छ । एक हिसाबले कतिपय गाउँमा मलामी जाने युवा मान्छे भेट्न पनि गाह्रो छ । पछिल्लो समयमा भएको गाउँको यो रूपान्तरण अचम्म लाग्दो छ ।

## युवामा देखिएका समस्या

स्वदेशमा बसेर काम गर्न अहिलेका युवालाई खास मन छैन । यहाँ भनेजस्तो काम नपाइने, पढेको शिक्षाले काम नपाइने, पैसा कम हुने, स्वतन्त्रता कम हुने, महिनैपिच्छे आउने आम्दानी उही महिनामा सकिने, आम्दानीको टुंगो नलाग्ने यस्ता अनेक समस्या देखाउँछन् युवाहरू । विदेशमा गएपछि बढी कमाइ हुने एउटा यथार्थ छ । अझ कतिपय युवाले पढ्दै, काम गर्दै पनि गरेका छन् । उनीहरूका लागि तीन-चारवटा फाइदा छन् त्यसो गर्दा । पहिलो, बढी पैसा । दोस्रो, नयाँ सीप सिक्ने अवसर । तेस्रो, पढाइ गर्ने अवसर । र, चौथो, लामो समय बस्न पाएमा उतैको रासनकार्ड, ग्रीनकार्ड, नागरिकता वा स्थायी नागरिक बन्ने वा अन्य दीर्घकालीन लाभ पाउने पुर्जा प्राप्त हुने अवसर (जो धेरै नेपालीको लुकेको चाहना पनि हो) । अहिलेका युवाहरू यिनै विविध कुरा र कारणहरूले विदेश जान लालायित हुन्छन्, उतै बस्न रुचाउने गरेका छन् । खाडी मुलुकमा पनि ५ वर्ष, १० वर्ष भिसा लम्ब्याउने अवसर हुने हो भने सायद बेलायत, अमेरिका, क्यानाडा, जापान, अष्ट्रेलिया, फिनल्याण्ड, कोरिया

*तस्बिर सौजन्य : दि हिमालयन टाइम्स*



आदि मुलुकमा जाने युवाहरूजस्तै उनीहरू पनि दशौं वर्ष उतै बस्ने थिए । लगानी उतै गर्थे, आउने थिएनन् । तर अहिले देशलाई खाडी मुलुक र कोरिया, मलेसिया गएका युवाहरूले नै बढी रेमिट्यान्स पठाइरहेका छन् । प्रायशः हरेक एक वा दुई वर्षमा स्वदेश आउँछन् ।

चाहेका युवा सबै विदेश जान सक्दैनन्, पाउँदैनन् । पासपोर्ट बोकेर, अन्तर्वार्ता दिएर वा ईपीएस जाँच दिएर पनि भिसाको अभावमा नेपालभित्रै बस्न बाध्य युवा थुप्रै छन् । उनीहरू विदेश जाने मनस्थिति बनाएर बसेकाले न यता काम, न उता काम भएर बस्छन् । त्यसले गर्दा कतिपय युवामा चुरोट, गाँजा, रक्सी, लागूपदार्थको लत लाग्ने गरेको पनि छ । जति-जति युवा बेरोजगारी बढ्छ, त्यति-त्यति अन्य विकृति र विसङ्गति पनि बढ्छ । यो एउटा सत्य कुरा हो । कतिपय युवामा यौन विकृति पनि फैलिएका छन् । चोरी, डकैती, हत्या, लुटपाट, बलात्कार आदिका घटना पनि हरेक प्रदेशबाट नियमितजस्तो आउने गरेका छन् । यी हाम्रा लागि चिन्ताका विषय हुन् । विकृति रोक्ने भनेको नै युवालाई काममा बढीभन्दा बढी संलग्न गराउनमा सबैको ध्यान जानुपर्ने कुरा हो । संगतले गर्दा युवामा विकृति आउने हो । तसर्थ असल संगत होस् भन्ने खालको वातावरण अनुभवी र जिम्मेवार व्यक्तिहरूले मिलाउनु पर्दछ ।

**नेपाली युवालाई बाहिर नपठाउने भनेर अड्डी कसिहाल्नुपर्छ भन्ने छैन । तर नेपालजस्तो सानो देशबाट ५० लाख बहिर जानु भनेको निश्चय नै राम्रो होइन ।**

मैले शिक्षण पेशामा करिब ४ दशक बिताएँ । यस अवधिमा हजारौं किशोरकिशोरीलाई पढाएँ । कतिपय अहिले ठूलाठूला व्यवसायी, पदवाला व्यक्ति भएका छन् । कतिपय धेरै पढ्न नसकेर किसान र मजदुर पनि भएका छन् । पढेर किसानीमा लाग्ने कमै छन् । कतिपय विदेशमा गएर फर्केकै छैनन् । कतिपय भने स्वदेशमा नै काम गरेर रमाएका छन् । प्रगति पनि गरेका छन् । शिक्षकले यस्ता दर्जनौं चर्तिकला देख्न पाउनु सामान्य हो । मजस्तै अरु शिक्षकले पनि यस्तो अवसर पाउँछन् । मेरो अवलोकन र अध्ययनका आधारमा नेपाली युवालाई बाहिर नपठाउने भनेर अड्डी कसिहाल्नुपर्छ भन्ने छैन । तर नेपालजस्तो सानो देशबाट ५० लाख बहिर जानु भनेको निश्चय नै राम्रो होइन । स्वदेशमा राम्रो अवसर भएमा परिवार छोडेर विदेशमा लामो समय बस्ने कसैलाई मन हुने थिएन । यो कुरा भने सत्य हो । तर युवालाई देशभित्रै रोक्ने कसरी ?

## युवालाई देशभित्रै रोक्ने कसरी ?

धेरै अनुभव त मसँग पनि छैन, तर करिब साढे पाँच दशकको यो उमेरमा आइपुग्दा आफूलाई मनका लागेका केही उपाय सुझाउनु मेरो कर्तव्य ठानेको छु । ती हुन् :

१. सरकारले युवाको तथ्यांक राम्रोसँग राखेर को रोजगार र को बेरोजगार भन्ने कुरा जुनसुकै बेला थाहा हुने तरिका बनाउनु पर्छ । अब यो काममा स्थानीय सरकारहरू लाग्नुपर्छ ।

२. बेरोजगार युवालाई शिक्षाले मात्र पुग्ने होइन, विशेष तालिम पनि चाहिन्छ । तालिम दिएपछि बल्ल उनीहरूले आफ्नो विशेषज्ञता यो हो भनेर भन्न सक्छन् । विशेषज्ञताका आधारमा कामको प्रबन्ध गर्नुपर्छ ।

३. युवालाई सहुलियतमा ऋण दिने प्रक्रियालाई सजिलो बनाउनुपर्छ । धितोका कुरा गरेर युवालाई अल्झाउने होइन कि उनीहरूका शैक्षिक प्रमाणपत्रहरूलाई नै धितोमा राख्नुपर्छ । अथवा सामूहिक जमानीको प्रक्रियालाई लागू गर्नुपर्छ । गाउँमा बढी ब्याजमा ऋण लिएर डुबेका युवालाई एकपटक सरकारले उठाउनुपर्छ । त्यो बढी ब्याज लिने संस्कार बन्द गर्नुपर्छ । सबैतिर बैंक स्थापना गरेर १० प्रतिशतभन्दा बढी ब्याज कतै पनि हुनुहुन्न भन्ने अभियान सरकारले नै चलाउनुपर्छ ।

४. गाउँगाउँमा युवा समूह गठन गरेर व्यावसायिक र सामाजिक काममा उनीहरूको विशेष सहभागिता बढाइनुपर्छ । समाजमा विकृति रोक्न, भ्रष्टाचार रोक्न पनि यस्तै युवालाई नै विशेष जिम्मेवारी दिनुपर्छ । असल युवालाई गाउँगाउँमा हरेक वर्ष सम्मान र पुरस्कार दिनुपर्छ । यसो गरेमा मात्र युवाहरू आफ्नै गाउँठाउँमा बसी केही गर्न प्रोत्साहित हुनेछन् ।

५. युवाले उत्पादन गरेका वस्तुहरूको बिक्री व्यवस्था सरकारले मिलाइदिनुपर्छ । उचित मूल्य दिएर सरकारले नै खरिद गरेर बिक्री गर्ने व्यवस्था मिलाउनु पनि राम्रो हुनेछ ।

६. उद्यमी युवालाई स्वदेशका राम्रा ठाउँ तथा विदेशमा समेत भ्रमण र अध्ययनका व्यापकरूपमा अवसरहरू दिनुपर्छ । युवा खेलकुद कार्यक्रमलाई पनि शारीरिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य बहुमुखी युवा विकास र समृद्धिसँग आबद्ध गरी लानुपर्छ ।

७. एक गाउँ एक उत्पादनको नारालाई सार्थक बनाउनुपर्छ । अहिलेसम्म काम भएन, नारा मात्र बढी भयो । गुल्मीको कफी, पाल्पाको अदुवा, स्याङ्जाको सुन्तलालाई गाउँगाउँमा विस्तार गर्न ढिलाइ भएको छ । कतिपय कुरा 'एक गाउँ एक उत्पादन' होइन कि 'एक जिल्ला एक उत्पादन'को अवधारणामा नै लानुपर्छ । आवश्यक स्रोत र साधन जुटाइदिने काम सरकारकै हुनुपर्छ ।

८. युवालाई शिक्षा, तालिम, प्रविधि, रोजगारी दिने काममा गैरसरकारी संस्था, सहकारी संस्था र निजी संस्थाहरूले सरकारलाई पूरा सहयोग गर्नुपर्छ । हरेक गाउँमा युवा नेतृत्व विकास हुने गरी प्रशिक्षण कार्यक्रम चलाइनुपर्छ । यस्ता युवाले ज्येष्ठ नागरिक समूह, बालबालिका क्लब, आमा समूह आदिलाई पनि सरसल्लाह दिने संयन्त्र विकास गरिनुपर्छ । यी युवाहरू राम्रा सहजकर्ता र परिचालक बन्न सक्छन् ।

९. युवालाई परिचालन गर्ने तरिका स्थानीय तहका व्यक्तिहरूलाई कमै जानकारी छ । अतः नेपान, राष्ट्रिय युवा परिषद्, गैरसरकारी संस्था महासंघ, युवा सञ्जाल र यस्तै अन्य सम्बद्ध संस्थाहरूले स्थानीय तहमा त्यस्ता तालिमहरू प्रदान गरी युवा परिचालनका सही रणनीतिहरू सिकाई दीर्घकालीन योजना बनाउनमा पनि सहयोग र सहजीकरण गर्नुपर्छ ।

१०. स्थानीय तहका सरकारले युवालक्षित के के कार्यक्रम ल्याएका छन् र कति बति बजेट छुट्याएका छन् भन्ने कुरा वडा अध्यक्ष र सदस्यहरूले आफ्ना युवालाई राम्रोसँग जानकारी गराई झारा टार्ने खालको होइन, सही हिसाबले नै युवामा बजेट पुगोस्, युवाहरू असल उद्यमी बनून्, गाउँगाउँमा रोजगारी बढोस् भन्नेमा सबैको ध्यान पुग्नुपर्दछ ।

## निष्कर्षमा,

पूर्णरूपमा विदेशमा रहेका युवालाई नेपाल फर्काउन त सम्भव नहोला । भाषण गरेर मात्र हुँदैन । तर अबदेखि युवा विदेशिने क्रमलाई भने अवश्य कम गर्न सकिन्छ । पछिल्लो समयमा केही कम भइसकेको स्थिति पनि छ । अझै राम्रो वातावरण बन्दै जाने, हरेक युवा रोजगार बन्ने, उद्यमी युवाले सहयोग पाउने, उत्पादनले बजार पाउने, उदाहरणीय काम गर्नेले सम्मान पाउने वातावरण बन्ने हो भने नेपाली युवालाई विदेश जाने रहर शायद नपलाउला । नेपालको भविष्य उज्ज्वल छ । स्वर्ग यहीं छ । अबको नेपाल स्वर्ग बनाए पनि नर्क बनाए पनि यिनै युवाका हातमा छ । युवाको जय होस्, नेपालको जय होस् !

*(भण्डारी ज्ञानोदय नमूना मावि, चन्द्रकोट- ७, मझुवा, गुल्मी (रुपाकोट)का शिक्षक हुनुहुन्छ ।)*
*(आभार : चेतनाथ कणेल)*
इमेल : *diwapuskardeep@gmail.com*

# युवाका पीडा, विदेश पलायन र हाम्रो चिन्तन



● तिलप्रसाद न्यौपाने

**तीनैतहका स्थायी सरकारले शासन प्रणालीलाई सदाचार र सुशासित तुल्याउँदै 'सुखी नेपाली-समृद्ध नेपाल' भन्ने सरकारले नै अघि सारेको नारालाई साकार पार्ने जिम्मेवारीका लागि देशका युवा-युवतीहरूलाई स्वदेशमै उत्पादनशील र विकासमूलक काममा रोजगारी दिएर परिचालन गर्नु पर्दछ ।**

युवा-युवतीमा जवानीको तागत हुन्छ । त्यसैलाई युवा शक्ति पनि भनिन्छ । तागत वा शक्तिबिना कुनैपनि काम गर्न सकिँदैन । तर, त्यही युवा शक्ति योग्यता, दक्षता र कार्यक्षमताका आधारमा योग्य भएर पनि काम नपाएर भौँतारिनु कदापि सान्दर्भिक वा सुहाउँदो कुरो होइन । यो त बेथा हो, हाम्रो लोकतान्त्रिक विकासोन्मुख मुलुक नेपालको । उपयोग नगरिएको शक्तिले आफैँ बाटो खोज्छ भने झैँ स्वदेशमा उपयोग हुन नसकेपछि नेपालको यो युवाशक्ति पनि विदेशिएको हो । आजकल युवक हुन् या युवती, बाल उमेरका हुन् या उमेर पाको हुनथालेका अधवैँशेहरू, नेपालबाट विदेशिने क्रम दिन प्रतिदिन तीव्र रूपमा बढिरहेको छ ।

नेपालको इतिहास हेर्ने हो भने नेपाली युवाहरूको बहादुरी विश्वमै अग्रस्थानमा पर्छ । कस्ता-कस्ता बुद्धिमत्ता र बहादुरीपूर्ण काम गरेर सम्मान पाएका छन्, हाम्रा पुर्खाहरूले । तर, त्यही बहादुर नेपालीको सन्ततिको रूपमा रहेको युवा पुस्ता समयमै राज्यले सही ढङ्गले स्वदेशमै रोजगारी र उपयुक्त अवसर दिई व्यवस्थित गर्न नसक्दा लाखौँको सङ्ख्यामा विदेशिइरहेको छ । दैनिक १२ सयदेखि १५ सयसम्म युवाहरू विदेशिने गरेको अनुमान छ ।

हाम्रो समाजका १०-१५ वर्षका बालबालिकालाई 'तिमी ठूलो भएपछि र धेरै पढेपछि के गर्छौ ?' भनेर सोध्यो भने जवाफ सिधै आउँछ, 'म विदेश जान्छु, अनि पैसा कमाएर ल्याउँछु ।' उसले आफ्ना बाबु-आमा, दाइ वा काका या छिमेकका अङ्कल-आन्टीहरू विदेश गएको देखेको छ । तिनको चाल-ढाल र तडक-भडकले उसको बालमनस्थितिमा राम्रो लाउने र पैसा कमाउने भनेको स्वदेशमै केही गरेर होइन, बरु विदेश गएर मात्रै सम्भव हुन्छ भन्ने परिरहेको छ । यो मनोवृत्ति हाम्रो समाजमा हिजो-आज लगातार विकास भइरहेको छ ।

## नेपाली युवाहरू विदेशिने कारण

किन यसरी नेपाली युवाहरू विदेशिइरहेका छन् त ? विदेशप्रतिको आकर्षण किन बढिरहेको छ ? स्वदेशमै काम दिएर रोक्न सकिँदैन ? यो सन्दर्भमा बहस गर्नु जरुरी भइसकेको छ ।

**विदेशमा रोजगारीको अवसर**

सर्सर्ती बुझ्दा विश्वका हरेक देश जब शान्ति, सुशासन र स्वतन्त्रताको खुड्किलोमा उकालो चढ्दै जान्छन् तब त्यहाँ विकास-निर्माणको कामले गति लिन थाल्दछ । चाहे दक्षिण-पूर्वी एसियातिर होस् या खाडी मुलुकहरूमा नै किन नहोस्, विकास निर्माणको काम तीव्र रूपमा हुन थालेपछि रोजगारीका लागि त्यहाँ स्वदेशी नागरिकले नपुगेर विदेशी नागरिकको माग समेत छ । सो मागअनुसार रोजगारी दिन थालेपछि त्यसबाट प्रभावित हुँदै नेपालबाट पनि ती मुलुकहरूमा काम गर्न जानेको सङ्ख्या दिनप्रतिदिन बढ्न थालेको छ ।

**युवाका लागि गर्नुपर्ने कामहरू भाषण र घोषणा-पत्रमै सीमित**

युवाहरूकै सक्रियतामा नेपालमा २०४६ साल र २०६२-६३ सालका राजनीतिक परिवर्तनका आन्दोलनहरू भए । युवा सक्रियतामा भएका यिनै आन्दोलनहरूबाट राजनीतिक दलहरू सत्तामा पुगे । उनीहरूले भन्ने गरेका छन् - 'राजनीतिक परिवर्तनमा युवाहरूको महत्वपूर्ण योगदान छ । नेपाली युवाहरूले अब रोजगारीका निम्ति विदेश जाने अवस्थाको अन्त्य हुनेछ । हामी स्वदेशमै काम पाउने र पैसा कमाउने वातावरण बनाएर युवा बेरोजगारीको समस्या समाधान गर्छौं । स्वदेशमै उद्योग-कलकारखानाहरू खोल्छौं ।'

यस्ता कुराहरू केवल भनाइमै सीमित छन् । राजनीतिक दलका भाषण-बाजी, चुनावी नारा र घोषणा-पत्रहरूबाट बाहिर निस्केर कार्यरूपमा परिणत हुन सकेका छैनन् । बरु २०४६ सालअघि स्वदेशमा सञ्चालनमा रहेका नेपालीहरूलाई रोजगारी दिनसक्ने उद्योगधन्दाहरू पनि बन्दै हुँदै गएका छन् । राजनीतिक द्वन्द्व, निजीकरण, लोडसेडिङ्ग र राजनीतिक दलका नेताहरूको अकर्मण्यता यसका प्रमुख कारण बनेका छन् । युवालाई रोजगारीको अवसर नहुँदा कामको खोजीमा विदेशिन बाध्य भएका छन् । बाँच्ने आधारकै लागि युवाहरू विदेशिनु परिरहेको छ ।

### वैदेशिक शिक्षा, उतैको प्रलोभन र यताको विकर्षण

कामका लागि मात्र नभई, उपयुक्त शिक्षाका लागि पनि हाम्रो युवाशक्ति विदेशिने गरेको छ । विदेशमा पढेकाहरू कमैमात्र नेपाल फर्कने गरेका छन् । राम्रो पढेलेखेका, स्वदेशमै मनग्य अवसर पाइरहेका र पाउने सम्भावना भएका युवासमेत बढी आर्थिक प्रलोभनमा परेर जापान, अमेरिका, क्यानाडा, युरोप, चीन, अष्ट्रेलिया लगायतका देशहरूमा जाने गरेको पाइन्छ । कतिपय युवा-युवतीहरूमा आफ्नै देशमा बसेर देश, समुदाय, घरपरिवार वा आफ्नालागि मात्रै भएपनि केही गरौं भन्ने चाहना नभएको भने पक्कै होइन तर यस्तो सार्थक सोच भएका युवालाई राज्यले प्रोत्साहित गर्न र प्रश्रय दिन सकिरहेको छैन । यसले गर्दा देशलाई माया गरौं भन्ने भावना भएका युवाहरू पनि निरुत्साहित हुँदै गएका छन् र नचाहँदा नचाहँदै पनि विदेश पलायन हुन बाध्य छन् ।

> **सीप, क्षमता र शैक्षिक योग्यताअनुसारको उपयुक्त एवम् दिगो ढङ्गको रोजगारी स्वदेशमै पाउनसके नेपाली युवाहरू विदेश पलायन हुने क्रममा ठूलो कमी आउने छ ।**

### विकासको गलत आयाम

हाम्रो मुलुकको विकासको आयाम पनि ठीक ढङ्गले अघि बढ्न सकिरहेको छैन । महङ्गा बोर्डिङ्ग स्कुल र सस्ता सामुदायिक विद्यालयले उत्पादन गर्ने दुई खाले नागरिकहरू देशमा उत्पादन भइरहेका छन् । यस्तो शैक्षिक विकासले हामीलाई कता पुऱ्याउने हो, थाहा छैन । मुलुकको सर्वाङ्गीण विकास-निर्माणमा कैयौं नकारात्मक कुराहरू छन् । गाउँ-गाउँमा पर्यावरणीय, भौगर्भिक र सम्भाव्य प्राकृतिक जोखिमहरूको कुनै वास्ता नगरी डोजर ड्राइभरले खनेका वर्षभर चल्न नसक्ने बाटोहरूको निर्माण र मुलुकलाई सात प्रदेश सहितको सङ्घीय संरचनामा विभाजन गर्ने बाहेकका अरू उल्लेखनीय विकास-निर्माणका कामहरू हुन सकेका छैनन् । यस्तो प्रवृत्तिले पनि युवाहरूलाई स्वदेशमै रहन र काम गर्न प्रोत्साहित गर्दैन ।

### विरोधको गलत शैली

अघिल्लो वा आफ्नो विपक्षको सरकारले गरेका राम्रा कामलाई पनि नराम्रो मानेर लात मार्ने गलत प्रवृति, मौलाउँदो भ्रष्टाचार, अनावश्यक आन्दोलन, मजदुर एवम् भातृ सङ्गठनलाई उचालेर चाहिँदा-नचाहिँदा माग र दबाब तेर्स्याई गरिने बाधा-अवरोध मुलुकको विकासमा युवाहरूलाई अग्रसर गराउने बाटोका अन्य तगाराहरू हुन् । अर्को पार्टी वा पक्षले गरेको राम्रो कामलाई राम्रो भन्न नसक्ने र विरोधै मात्र गर्नुपर्ने मानसिक रोग शिक्षित वर्गमा समेत देखिएको छ । सयौं अशिक्षित मानिसहरू बिग्रनुभन्दा एउटा शिक्षित मानिस बिग्रनु देशका लागि ठूलो दुर्भाग्य बन्दछ भन्ने कुरामा स्वयम् बुद्धिजीवीले नै हेक्का राखेको पाइन्न ।

### हाम्रो आमचिन्तन

राजनीतिक दल र तिनकै चश्मा लगाएका कथित बुद्धिजीवीको मात्र हैन हाम्रो आमचिन्तन पनि अर्को ठूलो अवरोध हो । आधुनिक र सभ्य मानिने हिजोआजको हाम्रो नेपाली समाजमा आफ्ना छोरा-छोरीहरू विदेशमा पढ्दैछन् भन्न पाउँदा गर्व गर्ने प्रवृत्ति बढ्दो छ । तपाईंका छोरा-छोरी कहाँ पढ्दैछन् ? र, कहाँ काम गर्दैछन् ? भनेर आफ्ना आफन्तजन या कोही-कसैले सोध्दा विदेशिएका छोरा-छोरीमाथि कत्ति न गर्विलो काम गरेझैं 'मेरा छोरा-छोरीहरू अमेरिकामा पढ्दैछन्, अमेरिकामा काम गर्दैछन्, अष्ट्रेलियामा पढ्दैछन्, अष्ट्रेलियामै जागिर खान्छन्, फ्रान्स, बेलायत, जर्मन, डेनमार्क वा क्यानाडातिर छन्' भन्न पाउँदा हर्षले छाति फुलाएर गर्विलो महसुस हुने आमप्रवृत्ति हामीमै छ । हिजोआज हाम्रो समाजमा कतिसम्मको समय आयो भने 'मेरा छोरा-छोरीहरू नेपालमै छन्, यहीं काम गर्छन्' भन्नुपर्दा आफूलाई तुच्छ नागरिक भएको महसुस हुन थालेको छ । हाम्रो यो गलत आमचिन्तनले पनि युवाहरूलाई विदेश पठाउन ठूलै मलजल गरेको छ । यही आमचिन्तनका कारण छोराछोरीले गतिलो लेखपढ गरेर, छात्रवृत्ति पाएर भन्दा पनि आफ्नो पुर्खाले पसिना बहाएर जोडेको र पुस्तान्तरण हुँदै आएको जग्गा-जमिन वा पुर्ख्यौली सम्पति बेचबिखन गरेर या बन्धकी राखेर अथवा लाखौंलाख ऋण गरेर किन नहोस् विदेश पठाउने तीव्र होडबाजी चलेको तीतो यथार्थ हामीबीच छँदैछ ।

### युवाहरूको विदेश पलायन रोक्ने उपायहरू

युवाहरूको विदेश पलायन रोक्ने मुख्य उपाय भनेकै स्वदेशमै उपयुक्त रोजगारीका अवसरहरूको सिर्जना गर्नु हो । सीप, क्षमता र शैक्षिक योग्यताअनुसारको उपयुक्त एवम् दिगो ढङ्गको रोजगारी स्वदेशमै पाउनसके नेपाली युवाहरू विदेश पलायन हुने क्रममा ठूलो कमी आउने छ । त्यसैले नियम-कानूनलाई बलियो बनाई योग्यता, सीप र जाँगरअनुसार काम गर्ने, सबै बिषय पढ्न पाउने, पढेर पनि निर्विवाद रूपमा काम पाउने वातावरण सरकारले बनाइदिए विदेशमा चर्को तापक्रममा पसिना चुहाएर काम गर्न कोही युवा पनि जाने थिएनन् ।

सरकारले उद्योग कलकारखाना खोलेर वा खोल्ने तथा दिगोरूपमा संचालन हुने वातावरण बनाइदिएर स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गर्न ढिलो भइसकेको छ । अब त देशमा सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरू पनि गठन भइसकेका छन् । बहुमतको स्थायी सरकार देशले पाएको छ । त्यसैले तीनैतहका स्थायी सरकारले शासन प्रणालीलाई सदाचार र सुशासित तुल्याउँदै 'सुखी नेपाली-समृद्ध नेपाल' भन्ने सरकारले नै अघि सारेको नारालाई साकार पार्ने जिम्मेवारीका लागि देशका युवा-युवतीहरूलाई स्वदेशमै उत्पादनशील र विकासमूलक काममा रोजगारी दिएर परिचालन गर्नु पर्दछ ।

*(न्यौपाने अधिकारकर्मी हुनुहुन्छ ।)*
इमेल : *tilprd@gmail.com*

# बलात्कार नियन्त्रणमा युवाको चासो र चिन्ता



● सीता भण्डारी कँडेल

**गरिबी, बेरोजगारी र अज्ञानताले पनि महिलालाई बलात्कारको पीडातिर धकेलेको छ । कतै कतै त गरिब र बेरोजगार मात्र नभएर धनी र कामदार महिलाहरू पनि बलात्कारको शिकारमा परेका छन् ।**

जति जति बलात्कार र बलात्कारपछिका हत्याहरूसम्बन्धी अति निन्दनीय प्रचारप्रसारहरू बाहिर आइराखेका छन् अर्थात् बलात्कारी वा यौनअपराधीहरूलाई कडाभन्दा कडा सजाय दिनुपर्छ भन्ने नाराहरू घन्किरहेका छन् उति नै हरेक ठाउँमा दिनहुँजसो यस्ता घटनाहरू दोहोरिरहेका पनि छन् । यो साह्रै दुख लाग्दो र लाजमर्दो कुरा हो ।

कसले गरिरहेको छ त बलात्कार ? उत्तर सहज छ, अधिकांश घटना युवा र वयस्कहरूबाटै हुने गरेका छन् । कतिपय ठाउँमा ६०/७० वर्षका ज्येष्ठ नागरिकहरूबाट पनि यस्ता अपराधहरू हुने गरेका छन्, तर ती नगन्य छन् । वर्तमान युवापिँढी र बयस्कहरू नै बढी जिम्मेवार छन् यस्ता यौनजन्य घटना घटाउनमा । हिंस्रक पुरुषहरूका यी हर्कतहरू सुन्दा अचम्म र धिक्कार लाग्छ ।

एउटा भर्खर तोते बोल्न सिक्दै गरेकी बालिकामाथि बलात्कार गरेर कति सन्तुष्टि लिन सक्छ होला त्यो मानवरुपी राक्षस ? बुढेसकालले चाउरी परेको बृद्ध आमाको शरीरमाथि कसरी खेल्न सक्छ होला त्यो मानवरुपी दानव ? भर्खर सुत्केरी भएर प्रसव पीडाको थकानबाट उत्रिन नपाउदै दूध चुसिरहेको बालकलाई आमाबाट छुटाएर कसरी लुछ्न सक्छ होला ती सुत्केरी महिलाका अंगप्रत्यंगहरू ??

केही समययता सार्वजनिक भएका घटनाहरूमध्ये दाङ फुलबारीका एक परिवारका सदस्यहरू आफन्तको घरमा गएको बेला १५ दिनकी सुत्केरी एक्लै भएको मौका छोपी मध्य रातमा ढोका फोडेर भित्र छिरेको एकजना नकाबधारीले महिलालाई जवरजस्ती करणी गऱ्यो। केही समय ती महिलाले डरैडरले केही भन्न नसके पनि पीडा र दुखाइ सहन नसकेपछि आफ्नै देउरानीसँग कसैलाई नभन्नु है भनी मनको बह पोखिन् । तर देउरानीले केही समय कुरा लुकाए पनि बिस्तारै सासुसँग बेलिबिस्तार गरिन् र सासुले महिलाकै पतिलाई भनिन् । घटना एक कान दुइ कान मैदान भयो । तर अपसोच जव यो कुरा पतिले थाहा पाए उसबाट केही आड-भरोसा मिल्नुको साटो उल्टै महिलाकै गल्ती देखाएर जाइलाग्न पो थाले । पीडित महिलालाई सताउनु, दुर्व्यबहार गर्नु र उसबाट मुक्ति पाउनको लागि घर छाडेर विदेशतिर लाग्नु पतिदेवको घिन लाग्दो व्यवहार देखियो ।

परिवारबाट पनि थप यातनाका साथ घरनिकाला गरिनु र त्यही श्रीमान विदेशबाट फर्केर अर्की श्रीमती भित्र्याउनुले एउटी निर्दोष महिलाप्रति गरिने क्रुर र निच हर्कतको पर्दाफास सजिलै हुन्छ । यो त एउटा घटना मात्र भयो यस्ता कैयौ अपराधहरू सार्वजनिक नभै बिलाउँछन् र त्यो महिला सधैँ यातनाको भुमरीमा फसी नै रहेकी हुन्छे ।

दाङको तुल्सीपुरमा एउटी किशोरी मामाघर जाने क्रममा केही नरपशुहरूबाट बसभित्रै सामूहिक बलात्कारको शिकारमा पर्छिन् । एउटा मात्र नभएर जमातमा आएका नरपशुहरूबाट बलात्कृत भएकै कारण रगताम्ये भएको शरीरको उपचारपश्चात् घरमा लगेर सम्झाउनु बुझाउनुको साटो घर जान खोज्दाखोज्दै पनि परिवारले घरभित्र लान अस्वीकार गर्छन् र जवर्जस्ती संरक्षण गृहमा लगी मनोसामाजिक परामर्श दिएर बिस्तारै मानसिक र शारीरिक रुपले केही स्वस्थ बनेपछि पनि घरपरिवारले फिर्ता लान मान्दैनन् । तर महिलाअधिकारकर्मीको सहायताले धेरै लामो समयपछि घर लगेता पनि उनीहरूको सोचमा सकारात्मकता देखिएन । अनेक गाली-गलौजका साथै दुर्व्यबहार गर्दै १३ बर्षकै उमेरमा गाउँकै एउटा युवक खोजी जवर्जस्ती किशोरीको इच्छाबिपरीत नै बिहे गरेर पराइको घरमा पठाइदिन्छन् । आफ्नै आमाबाबुले त छहारी दिन सकेनन् भने अर्काको घरमा त्यो किशोरीले खेप्नुपर्ने चुनौतीहरू के-कति होलान् त्यो त भोग्नेलाई नै थाहा हुन्छ ।

केही हप्ताअघि मात्र घटेको कन्चनपुर महेन्द्रनगर भीमदत्त नगरपालिकाकी १३ बर्षीया बालिका निर्मला पन्तको दर्दनाक कथा पनि उस्तै छ । पन्तको आफ्नै घरनजिक उखुबारीमा लगेर बलात्कारपछि हत्या भएको थियो । त्यस्तै निर्मला हत्याकाण्डको लगत्तैपछि काभ्रेको तिमाल गाउँपालिकामा गत असार २० गते ९ बर्षीया बालिका एलिसा तामाङको बलात्कारपछि हत्या भएको थियो । बिराटनगर मोरङको सुनबर्षी नगरपालिकामा पनि घाँस काट्न गएकी ७ बर्षीया बालिकाको घरनजिकैको मकैबारीमा लगेर हत्या गरिएको थियो । सुन्दा कथाजस्तो लाग्छ तर यी सत्य घटनाहरू अनगिन्ती छन्, कोही देखिन्छन् कोही दबिन्छन् । फरक त्यत्ति मात्र हो ।

यी विविध घटनाहरू सुन्दामात्र पनि शरीर जिरिंग हुन्छ । अझ प्रत्यक्ष भोग्नेलाई कस्तो हुन्छ होला ? कल्कलाउँदा र भर्खर फक्रिँदै गरेका बालिका र किशोरीहरूमाथि उनीहरूको बाँकी जीवन तहसनहस हुने गरी सामूहिक बलात्कार गरेर के रमाइलो हासिल गर्छन् होला ती अन्धापशुहरू ?

परिवार तथा समाजले पीडितलाई न्याय दिलाउनुको साटो उल्टै दोष जति पीडितलाई नै थोपरेर पर पर भाग्न खोज्छन् । छरछिमेक, साथीसँगी र परिवारका सम्पूर्ण सदस्यहरू पीडितको पक्षमा बोलेर डराउनु र पीडित पनि चुप लागेर गुमसुम बस्नुले पनि यस्ता घटनाहरू दिनानुदिन बढ्दै

गएको हुनसक्छ । त्यसैले यस्ता अन्याय र अत्याचारहरूमा कसैले पनि रमिता हेरेर बस्नु हुँदैन । यदि त्यसरी नै टुलुटुलु हेरेर कोही बस्छ भने यस्ता घटनाहरू झन् झन् बढ्दै जान्छन् र भोलिका दिनमा आफैं नै अपराधीको जालमा फस्न कत्ति बेर लाग्दैन ।

**कडा कानुन ल्याएर त्यस्ता गलत व्यक्ति, अपराधीहरूलाई हदैसम्मको सजाय दिने तर्फ राज्य र यसका निकायहरू कस्सिनुपर्छ ।**

### आफ्नै भन्नेहरू पनि

बलात्कारका घटनामा बिशेषगरी पीडित पक्षका आफ्नै नातेदार र चिनेजानेका मान्छे नै बढी संलग्न पाइएका छन् । आफ्नै घरपरिवारबाट अपहेलित बन्दै आफ्नै श्रीमान र घरका अरु सदस्यको मिलेमतोमा अरुलाई बलात्कार गर्न लगाएर बेइज्जत गरी घरबाट निकालिदिएका घटना पनि बेलाबेलामा सुन्नमा आएका छन् । फरक यत्ति हो कि कोही घटना तत्काल बाहिर निस्किन्छन् भने कोही घटनाहरू भित्रभित्र लुकाएर र जबरजस्ती दवाएर पनि राखिएका छन् । समाज आफन्त र घर परिवारबाट अपहेलित हुनुपर्ने डरले भित्र भित्र मानसिक तथा शारीरिक रुपमा बिक्षिप्त बनेका छन कतिपय महिलाहरू । पुरुषको दाँजोमा महिलाहरू नै यस्ता अनेक यौनजन्य यातना भोग्न बाध्य छन् ।

आफैंले जन्माएको र आफ्नै काखमा हुर्किएकी छोरीमाथि पनि कसरी गिद्धे नजर लगाउन सकेका होलान ति आफ्नै बाबुले । भर्खर स्कुल पुगेर ज्ञान आर्जन गर्न तम्सिरहेका किशोरीहरू माथि नयाँ नयाँ शिक्षा बाड्नुको साटो शिक्षकबाटै बालिका एवं किशोरीहरूको शारिरीक शोषण कसरी गर्न सकेका हन शिक्षक आफैले । यतिमात्र कहाँ हो र सुरक्षा दिनकै लागि खटिएका प्रहरी समेत बेलाबखत यस्ता निन्दनीय कार्यहरूमा संलग्न भएका खवरहरूले त जो कोहीलाई पनि चिन्तित बनाउछ । उदाहरणकै लागि, विरेन्द्रनगरमा नौ कक्षामा पढ्दै गरेकी बालिकालाई घर पुर्‍याइदिने भन्दै नजिकको जंगलमा लगेर बलात्कार गर्नु र त्यही अपराधी प्रहरी धरौटीमा छुट्नुले पनि हाम्रो देशमा नियम कानुन र अनुशासन भन्ने कुरा ज्यादै फितलो भएको पाइन्छ । सरकारी तलब खाएर सुरक्षा दिन खटिएको प्रहरी जवानमा नै अनुशासन हुँदैन भने अरुले कसरी अनुशासन पालना गर्छन् होला ?

### नियन्त्रणका उपायहरू, सजगता र सहभागिता

यस्ता जघन्य अपराधहरूलाई कुनै कडा किसिमको कारबाही नगरी सामान्यरुपमा छोडिदियो भने यस्ता घटनाहरू झनै दोहोरिन्छन् त्यसैले हरेक अपराधीहरूलाई कडा भन्दा कडा कारवाही हुनु अति जरुरी छ । जो पीडित छ त्यो ब्यक्ति नै केही नबोली बस्यो भने जे गर्दा पनि हुन्छ भनेर अपराधी झन् अपराधमा संलग्न बन्न सक्छ त्यसैले पीडित पनि अन्याय र अत्याचारको बिरोधमा मैदानमा उत्रिनुपर्ने हुन्छ । हरेक स्कुल र कलेजहरूमा पनि समय यी विविध घटनाहरू सुन्दामात्र पनि शरीर जिरिंग हुन्छ । अझ प्रत्यक्ष भोग्नेको पीडालाई कसले पो महसस गर्न सक्ला र ?

हुनत सवै मानिसहरू निच र अपराधी हुँदैनन् । दया, धर्म र कर्तब्यबोध भएका लाखौं मानिसहरूले नै त यस्ता अपराधहरूलाई कसरी घटाउने भनेर लागिपरेका छन् । बिभिन्न संघसंस्थाहरूको माध्यमबाट पनि अपराधहरू कम गर्नको लागि अनेकौ प्रयत्नहरू भइराखेका छन् । तैपनि मानिस किन झन्पछि झन यति क्रुर र निर्दयी बन्दैछ ? दुई चार रुपियाँ गोजीमा कुम्ल्याउन पाइन्छ भनेर हिंसा र बलात्कारका घटनाहरूलाई भित्रभित्रबाटै मिलाएर सजायबिना नै घर पठाइदिने प्रवृत्तिले पनि यस्ता अपराध घट्नुको साटो झन् बढ्दै गएको हुनसक्छ ।

मदिरा र मदिराजन्य पदार्थहरूको खुल्लमखुल्ला बिक्री बितरण र अत्यधिक सेवन गर्ने बानीले पनि होस गुमाएकै अवस्थामा कतिपय बृद्धा र असक्त नारीहरूमाथि पनि बलात्कारका घटना हुन पुगेका छन् । त्यसैले मदिरालाई पनि बिक्रीबितरण र अत्यधिक सेवनमा निगरानी राख्न सक्यो भने मात्र यस्ता घटना थोरै भए पनि रोकिने छन् ।

समयको बिकाससँगै निस्किएका नयाँ नयाँ प्रविधिहरूको दुरुपयोगले पनि समाजमा यस्ता अपराधहरू बढेको हुन सक्छ । यसमा पुरुषमात्र नभएर महिलाहरू अझ खासगरी युवतीहरू दोषी भएको पाइन्छ । एउटा अपरिचित पुरुषसँग उसको बारे केही कुरा थाहा नहुँदा नहुँदै पनि उसको बिश्वासमा परेर आफ्नो जीवन बर्वाद गर्नु युवतीहरूको आफ्नै गल्ती र कमजोरी हो ।

गरिबी, बेरोजगारी र अज्ञानताले पनि महिलालाई बलात्कारको पीडातिर धकेलेको छ । कतै कतै त गरिब र बेरोजगार मात्र नभएर धनी र कामदार महिलाहरू पनि बलात्कारको शिकारमा परेका छन् । त्यसैले ठाउँठाउँमा हरेक महिला तथा पुरुष दुबैलाई नै समेट्ने गरी परामर्श दिनु अति जरुरी छ । क्षणिक आनन्दको लागि मात्र अर्काको शरीर लुछ्ने, एकछिनको रमाइलोको लागि अरुको बहकाउमा लागेर जे पनि गर्न तत्पर रहने, अर्काको जिन्दगी सधैंसधैंको लागि बर्वाद नै हुने गरी खेलौना सम्झेर प्रयोग गर्न आँट गर्न सक्ने महिला या पुरुष जो सुकै हुन् ती सवै एक किसिमका मानसिक रोगी नै हुन् । त्यसैले त्यस्ता अबुझ र असमझदारहरूलाई सम्झाउन र बुझाउनको लागि ठाउँठाउँमा परामर्श केन्द्रहरू खोलेर एउटा गल्तीले कति र कहाँसम्म हानि पुऱ्याउँछ भन्ने कुराको जनचेतना दिनु अति नै जरुरी छ । आफ्नै घरपरिवारका सदस्यलाई माया-ममताको छहारी दिनुको साटो उल्टै जीवन बर्वाद हुने गरी यातना दिलाउन खोज्ने पारिवारिक सदस्यलाई पनि परामर्श दिनुपर्छ । हरेक महिला तथा पुरुषहरूले पनि एकआपसमा चिनेर बुझेर मात्र व्यवहार गर्नुपर्ने हुन्छ । गाउँ-गाउँ र गल्ली-गल्लीहरूमा सामुहिक प्रतिबादका नाराहरू घन्काउँदै महिलाहरू नै जागरुक हुनुपर्दछ ।

### निष्कर्ष

हरेक महिला पनि असल हुन्छन् भन्ने छैन र हरेक पुरुषहरू पनि असमझदार र खराब हुन्छन् भन्ने छैन । त्यसैले कोसँग कस्तो ब्यबहार गर्दा राम्रो हुन्छ सकेसम्म आफैंले पहिचान्ने कोशिस गर्नु पर्दछ र आफूलाई आफैंले नै हिंसा बलात्कार र अपराधबाट टाढा राख्ने प्रयास गर्नुपर्दछ । हरेक पीडा र समस्याहरूसँग जुध्नुपर्ने आफैंले नै हो । त्यसैले समस्याहरूको निरुपण के कसरी हुन्छ आफैंले नै सक्दो भूमिका खेल्नुपर्ने हुन्छ । कडा कानुन ल्याएर त्यस्ता गलत व्यक्ति, अपराधीहरूलाई हदैसम्मको सजाय दिने तर्फ राज्य र यसका निकायहरू कस्सिनुपर्छ । जागरुक युवा-युवतीहरूले अझै बढी भूमिका खेल्नुपर्ने अहिलेको समयको माग हो ।

*(राष्ट्रिय विकास केन्द्रसँग आबद्ध कँडेल सामाजिक पक्षका विविध आयामका बारेमा सिर्जनात्मक कलम चलाउनुहुन्छ ।)*

इमेल : sitakandel2051@gmail.com

# विकासमा जनसहभागिता र सुशासन

## गुल्मी जिल्लाको अभ्यास र अनुभव



• हीरा कुँवर

**विकासमा जनसहभागिता हुनु अनिवार्य विषय हो । समाजमा हुने हरेक विकास निर्माणका काममा जनताको अपनत्व सिर्जना गर्न र विकास हाम्रा लागि हो भन्ने अनुभूति दिलाउन योजना छनौटदेखि, कार्यान्वयव तथा योजना सम्पन्न भइसकेपछि योजनाको मर्मतसम्भारमा समेत जनसहभागिता हुनु अति आवश्यक हुन्छ ।**

नेपालमा धेरै वर्ष पहिलेदेखि नै विकास निर्माणमा जनश्रमदानको अभ्यास रहेको पाइन्छ। पौराणिक मठमन्दिर, पाटीपौवाहरू पनि जनश्रमदान र सहभागिताबाटै बनाइएका थिए। जयप्रकाश मल्लले बारुदखानाका लागि चाहिने कच्चापदार्थ जनश्रमबाटै गराएको उदाहरण लिउँ वा पृथ्वीनारायण शाहको पालामा जनश्रमदानबाट सम्पन्न विभिन्न विकास निर्माणको इतिहास हेरौं। विकासमा जनश्रमदानको इतिहास लामो छ। नेपालमा २००७ सालमा प्रजातन्त्र आएसंगै झारा प्रथाको विकास भयो। यसपछि हरेक विकास निर्माण काममा जनताको सहभागिता बढ्दै गयो र पछि राणकालीन समयमा समेत यो प्रथालाई झन् महत्व दिइयो। यी प्रथाहरूमा जनश्रमदान त भयो तर योजनाको छनौट गर्ने, कार्यान्वयन गर्ने विषयमा अर्थपूर्ण रुपमा जनसहभागिता भएन। जनता आफै निर्णय गर्ने पहुँचमा नभएर अह्राएको काम अनिवार्य रुपमा गर्नुपर्ने आदेशपालक मात्रै भए।

### योजनावद्ध विकास र सहभागिता

नेपालमा २०१३ सालमा योजनाबद्ध रुपमा विकासको सुरुवात भएसंगै छैठौं पञ्चवर्षीय योजनादेखि विकासमा जनसहभागिता बढाउने नीतिको अवलम्बन गरिन थालियो। त्यसपछिका योजनाहरूमा जनसहभागितालाई महत्वपूर्ण रुपमा समावेश गरिएको पाइन्छ। विकासमा जनसहभागिता हुनु अनिवार्य विषय हो। समाजमा हुने हरेक विकास निर्माणका काममा जनताको अपनत्व सिर्जना गर्न र विकास हाम्रा लागि हो भन्ने अनुभूति दिलाउन योजना छनौटदेखि, कार्यान्वयव तथा योजना सम्पन्न भइसकेपछि योजनाको मर्मतसम्भारमा समेत जनसहभागिता हुनु अति आवश्यक हुन्छ। जनसहभागिताले कार्यक्रमको गुणस्तरीयता अभिवृद्धि गर्नुका साथै स्थानीय जनशक्ति श्रोतसाधनको परिचालन गरी विकासलाई दिगो र परिणाममुखी बनाउनका लागि अहम भूमिका हन्छ। साथै नागरिक र राज्यबीच पारस्परिक दायित्वको समेत बोध गराउँदछ। विकासमा अधिकारमुखी अवधारणासंगै जन सहभागीमूलक दिगो विकासको अवधारणाको थप विकास भएको पाइन्छ।

### जनसहभागिताका लागि गरिएका प्रयत्नहरू

नेपालमा परम्परागत रुपमा अवलम्बन गरिएका प्रथा परम्परा र स्वतः स्फूर्त रुपमा गरिएका जनश्रमदानका उदाहरणहरूसंगै कानुनी र नीतिगत रुपमा पनि व्यवस्था भयो। मुलरुपमा स्थानीय स्वायत्त शासन ऐन २०५५ को प्रस्तावनामा नै विकेन्द्रीकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था गर्ने लगायतका विषयहरू समावेश गरिएकोले यो ऐन जारी भएसंगै विकासमा जनसहभागितालाई नीतिगत रुपमै अनिवार्य र अपरिहार्य रुपमा लिइएको पाइन्छ। परिणामस्वरुप सरकारले पनि योजना तर्जुमा प्रक्रियालाई १४ चरणमा विभाजन गरी बस्तीस्तरका योजना छनाटैदेखि नै लाभान्वित वर्गको प्रत्यक्ष रुपमा सहभागिताका लागि प्रयास गरेको पाइन्छ। यसलाई नेपालमा भएका विभिन्न राजनीतिक उपलब्धिसंगै जोडेर हेर्दा एक असल प्रजातान्त्रिक अभ्यासको रुपमा लिन सकिन्छ। जहाँ जनताले आफ्नो लागि आवश्यक विकासको तर्जुमा आफैं गर्दछन् र यसको कार्यान्वयनमा समेत पूर्णरुपमा सहभागी भई विकासप्रति अपनत्व लिने गर्दछन्।

### चरणगत योजना छनौटमा जनसहभागिता

साविकको स्थानीय निकायमा १४ चरणको योजना छनौट प्रणालीको अभ्यास हुँदै आएको थियो तर हालका स्थानीय तहमा ७ चरणको योजना छनौट प्रणालीको अवलम्बन गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहको योजना तर्जुमा प्रक्रिया व्यवस्थित गर्न सरकारले स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरणसम्बन्धी निर्देशिका २०७४, जारी गरेसंगै यस वर्षदेखि वैशाखबाट योजना तर्जुमा प्रणाली सुरु भई असार मसान्तसम्ममा स्थानीय सरकारले योजना तथा बजेट तयारी गरिसक्नुपर्दछ।

जसअनुसार पहिलो चरण बजेटको पूर्वतयारी चरण छ। जसअन्तर्गत स्थानीय तहले आयव्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण संघीय सरकारमा पेश गर्ने पौष मसान्तभित्र, संघ र प्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने चैत मसान्तभित्र गरीसक्नुपर्ने व्यवस्था छ। योजना तर्जुमाअन्तर्गत स्रोत अनुमान तथा सीमा निर्धारण वैशाख १० भित्र, बस्तीतहका योजना छनौट वैशाख मसान्तभित्र, वडातहमा योजना छनौट र प्राथमिकीकरण जेठ १५ भित्र गरीसक्नुपर्ने व्यवस्था छ। योजना तर्जुमाका ७ चरणअनुसार बजेट तथा कार्यक्रम तर्जुमा असार ५ गतेभित्र, गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृत असार १० भित्र र गाउँ तथा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति असार मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था छ। यसरी नेपाल सरकारले अहिलेको योजना तर्जुमा प्रक्रियामा पनि मुलतः बस्तीस्तरका योजना छनौटदेखि नै जनसहभागितालाई वृद्धि गर्ने कुरामा जोड दिइएको छ।

## गुल्मी जिल्लाको अभ्यास

गुल्मी जिल्लामा २ नगरपालिका र १० गाउँपालिका गरी १२ वटा स्थानीय तहहरू छन्। जसमध्ये कुनै पनि गाउँ तथा नगरपालिकाले योजना तर्जुमासम्बन्धी ७ चरणको मापदण्डलाई तोकिएको समयमा नै पूरा गरी प्रक्रियाको कार्यान्वयनलाई पूरा गरेको पाइदैन। तोकिएको समयमा मार्गदर्शन प्राप्त गर्ने, बजेटको सीमा निर्धारण गरी बस्तीस्तरका योजना छनौट गर्नुपर्ने विषयमा समेत ढिलाई भएको देखिन्छ। जेठको दोस्रो हप्तादेखि सुरु भएका योजना तर्जुमासम्बन्धी अभिमुखीकरण अहिले पनि सञ्चालन भइरहेका छन्। कतै ढिलाइको कारणले हतार हतारमा गरिने योजना छनौटमा समुदायको मागमा आधारित योजना छनौट नभएर चुनावका प्रतिबद्धता पूरा गर्ने खल्तीका योजनाले प्राथमिकता पाउने हुन् कि भन्ने चिन्ता जनमानसमा छ।

**स्थानीय तहको निर्वाचनबाट चुनिएका जनप्रतिनिधिहरूको प्रमुख दायित्व जनतालाई उनीहरूको आवश्यकतामा आधारित विकासको प्रत्यक्ष अनुभूति दिलाउने नै रहेकोले विकासमा कर्मचारी र निर्वाचित प्रतिनिधि एकजुट भइ लाग्नुपर्दछ ।**

## बृहत छलफल र विश्लेषण आवश्यक

आर्थिक वर्ष २०७४/७५ मा सम्पन्न योजनाहरूको छनौट प्रक्रियालाई हेर्दा कतिपय स्थानीय तहमा सहभागीमूलक योजना तर्जुमाको कमी भएको देखिन्छ। बस्ती तथा टोलस्तरबाट छनौट गरिने योजनामा समेत यथेष्ट सहभागिता पाइएन। कार्यान्वयन भएका योजनामा टाठाबाठा बोलवालाहरूको पहुँच रहेको देखिन्छ। कतिपय पालिकाले प्रत्येक वडामा बजेटको समानुपातिक रुपमा वितरण भएको समेत देखिन्छ। जनसंख्या, भूगोल, लाभान्वित वर्ग आदिको विश्लेषण नगरी हरेक वडा तथा टोलमा समानरुपमा बजेट विनियोजन गर्नु न्यायोचित हुँदैन। योजनाहरू जनप्रतिनिधिले आफू एक्लैले पारेजस्तो अनुभूति जनतामा हुनुभएन। विकास हाम्रो लागि हो र छनौट तथा कार्यान्वयनको जिम्मेवारी पनि हाम्रै हो भन्ने अनुभूति जनतालाई दिलाउनका लागि पनि वडा तथा बस्तीस्तरमा वृहत छलफल र आवश्यक योजनाको विश्लेषण हुनैपर्दछ।

## वडा तहलाई थप अधिकार

हाल जुनसुकै योजनाको पनि सम्झौतादेखि निकासासम्मको सबै प्रक्रियाहरू गाउँ तथा नगरपालिकालाई अधिकार छ। ससाना २०/३० हजारका योजनाको सम्झौतादेखि निकासासम्मसमेत टाढा टाढाबाट उपभोक्ताहरू पालिकामा धाउनुपर्ने बाध्यता छ। जसमा योजनाको रकमभन्दा यातायात खर्च नै बढी लागिरहेको गुनासो छ। जसको कारण वडातहका उपभोक्ता समितिमा उपभोक्ताहरू बस्न समेत नचाहने प्रतिक्रिया पाइन्छ। तसर्थ अब गाउँ तथा नगरपालिकाले निश्चित कार्यविधि बनाई कम्तीमा पनि १ लाखसम्मको रकमका योजना सम्झौतादेखि फर्स्यौटसम्मको अधिकार वडातहलाई दिनुपर्ने देखिन्छ। तबमात्र उपभोक्तालाई सहज हुन्छ र योजनाको कार्यान्वयनमा समेत अपेक्षाकृत परिणाम आउने देखिन्छ।

## अबको बाटो : योजना कार्यान्वयनमा सुशासन र जनसहभागिता

स्थानीय तहको निर्वाचनपछि सुशासनको पाटो ओझेलमा परेको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा पनि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्था छ। योजनाको छनौट, कार्यान्वयन, मर्मतसम्भार लगायतका हरेक चरणमा जनसहभागिता बढाउनुपर्ने देखिन्छ। योजना सम्पन्न भएपछि गरिने सार्वजनिक परीक्षण कर्मकाण्डी बन्नुहुँदैन। सार्वजनिक परीक्षणको क्रममा योजनाको लाभान्वित समुदाय तथा अन्य सरोकारवालाको वृहत भेलामा योजनाको विनियोजित रकम, कुल लागत तथा प्रभावको विषयमा वृहत् छलफल गरिनुपर्दछ। योजना सम्पन्न भएपछि गरिने सार्वजनिक परीक्षण वृहत आम भेला सुशासन र जवाफदेहिता कायम गर्ने महत्वपूर्ण औजार भएकोले केवल सार्वजनिक परीक्षणको फर्म भरेर बुझाउने र प्रक्रिया पूरा गर्ने बन्नुहुँदैन। सार्वजनिक परीक्षण कार्यविधिले तोकेको विधि र प्रक्रियाअनुसार भेला आयोजना गरी सरोकारवालाबीचमा व्यापक छलफल हुनुपर्दछ। त्यसैगरी उपभोक्ता समितिलाई व्यवस्थित रुपमा अनुशिक्षण दिनुपर्दछ। उपभोक्ता समितिका सहस्यहरूको जिम्मेवारी विभाजन गरी अनुगमन समितिको भूमिकालाई समेत थप क्रियाशील बनाउनुपर्ने देखिन्छ। अहिले कतिपय ठूला योजनाहरूको पनि योजनास्थलमा होर्डिंग बोर्ड नराखेको जनगुनासो छ। तसर्थ ३ लाखभन्दा बढीका योजनाहरूमा अनिवार्य रुपमा योजनास्थलमा होर्डिंग बोर्ड राख्नुपर्दछ। जसले सार्वजनिक जवाफदेहितामा अभिवृद्धि गर्दछ र विकासप्रति जनविश्वासमा वृद्धि हुने देखिन्छ।

## सुधारका पक्षहरू

अहिले स्थानीय तहसंग यथेष्ट कानुनी अधिकार समेत रहेकोले यसलाई जनप्रतिनिधिको पहलकदमीका साथ अपेक्षाकृत सुधार गर्नु जरुरी छ। यसमा जनप्रतिनिधिको भूमिका थप बलियो बनाई योजना छनौटको प्रक्रियाले प्रजातान्त्रिक पद्धतिलाई बलियो बनाउँदछ र जनतालाई नै विकास निर्माण प्रक्रियामा समेत अधिकारसम्पन्न बनाउँछ भन्ने कुराको साझा बुझाई हुन जरुरी छ।

स्थानीय निकाय जनप्रतिनिधि वीहिन हुँदा जुन खालको अनियमितता, स्वेच्छाचारिता थियो, अब जनप्रतिनिधिहरूले कडाई गर्ने र सहभागितामुलक विकास सिद्धान्त अनुसार योजना तर्जुमा कार्यान्वयनदेखि अनुगमनसम्म प्रभावकारी ढंगबाट गराइनुपर्दछ। स्थानीय तहको ऐतिहासिक निर्वाचनबाट स्थानीय तहमा प्राप्त अधिकारको उपयोग गर्दै अब गाउँ तथा नगर कार्यपालिकाले योजना तर्जुमा, उपभोक्ता समितिलाई निश्चित कार्यविधि बनाई सञ्चालन गर्न सकेमा प्रभावकारी हुने देखिन्छ। हतार हतारमा गरिने योजना छनौटले जनसहभागिता सुनिश्चित नगर्ने र स्थानीय सरकारप्रतिको जनविश्वास कमजोर हुने भएकोले ढिलै भएपनि योजना तर्जुमा प्रक्रियाका हरेक चरणलाई पुरा गर्नुपर्दछ। जनसहभागितामा आधारित विकासको मोडल बटम अप एप्रोचको अनुशरण गर्नुपर्दछ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था भएअनुसार पालिकाको उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा गठन हुने बजेट तथा कार्यक्रम तर्जुमा समितिको कामलाई प्रभावकारी बनाउनु जरुरी देखिन्छ। साथै स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ अनुसार योजनाको प्राथमिकीकरणका लागि आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन विकास, संस्थागत विकास तथा सेवा प्रवाह गरी ५ वटा विषयगत समितिहरू तोकेको छ। यि विभिन्न समितिको कामलाई पनि थप प्रभावकारी बनाउनुपर्दछ। स्थानीय तहको निर्वाचनबाट चुनिएका जनप्रतिनिधिहरूको प्रमुख दायित्व जनतालाई उनीहरूको आवश्यकतामा आधारित विकासको प्रत्यक्ष अनुभूति दिलाउने नै रहेकोले विकासमा कर्मचारी र निर्वाचित प्रतिनिधि एकजुट भइ लाग्नुपर्दछ। यसका साथै जिल्ला समन्वय समितिले समेत गाउँ तथा नगरपालिकाहरूलाई परेका कतिपय अप्ठ्यारा काममा समेत सहयोग गर्दै समन्वयकारी भूमिका बढाउनु पर्ने देखिन्छ। तबमात्र विकासमा सुशासन र जनसहभागिताको सुनिश्चिता भई दिगो विकासको आधार तयार हुनसक्दछ।

*(कुँवर नेपान सदस्य हुनुहुन्छ।)*

इमेल : *hira.kunwar@gmail.com*

# युवा लक्षियत कार्यक्रम गाउँगाउँ लैजाऔं



● डिल्लीप्रसाद ढोटेल

**असल अभ्यासहरूलाई नीजि, गैरसरकारी एवं सरकारी निकाय मिली युवा लक्षित कार्यक्रमलाई गाऊँगाऊँ लानु पर्ने अहिलेको आवश्यकता हो ।**

## को हुन् युवा र कस्तो छ उनीहरूको अवस्था

व्यवहारमा युवाको परिभाषा फरक फरक भए पनि दक्षिण एसियाली मुलुकहरूमा नेपालले नै बढि उमेरका व्यक्तिहरूलाई युवा वर्गमा समेटेको पाईन्छ । त्यसमा पनि राजनीतिमा लागेका कतिपय नेताहरू बढ्यौली उमेर प्रवेश गर्न लागेकालाई पनि युवा नेता भन्ने चलन छ हामीकहाँ ।

नेपालको कुल जनसंख्याको ४० दशमलव ३५ प्रतिशत युवा छन । जन १०,६८९,८४२ हन आउँछ । जसमा ५४.५५% महिला युवा छन भने ४५.८% युवाहरू । युएनएफपिए को एक प्रतिवेदन अनुसार, यसमा पनि १६ देखि २५ वर्ष उमेरका ८०% यूवाहरू साक्षर छन भने २६ देखि ४० वर्ष सम्मका ६१.१% युवाहरू साक्षर छन । यस हिसावले यवाहरू नेपालको संसद र सरकारमा सोही बमोजिमको हिस्सा ओगेटिनु पर्ने हो । त्यस्तो भइरहेको छैन । करिब चार लाख युवाहरू प्रत्येक वर्ष गाउँबाट शहर झर्छन र ३० लाख भन्दा बेसी युवाहरू श्रम बेच्न कै लागि जोखिम मोलेर भए पनि भारत बाहेकका देशमा छन् । जम्मा युवाको १४% युवाहरू एसएलसी (हालको एसइइ) गर्ने वित्तिकै रोजगारी एवं पढाईका लागि विदेश जाने गरेका छन् । युवाका समस्या सम्बोधन गर्दै उनीहरूलाई विभिन्न कार्यक्रमहरूमा संलग्न गराई अगाडि बढाउने उद्देश्यसहित यवा नीति बनेको छ । सोही नीतिअनसार कार्यक्रमहरू तय हने गरेका छन् ।

## युवा नीति तथा कार्यक्रम

औपचारीक तथा अनौपचारिक विभिन्न युवा संगठनहरूको आवाजलाई बुलन्द पार्न सरकारले युवाहरूलाई राज्यका विभिन्न क्षेत्रमा अवसर प्रदान गर्ने उद्देश्यसहित युवा नीति २०६६ लागू गर्यो । खासै युवाका क्षेत्रमा परिवर्तन नभए पछि फेरी उक्त नीतिलाई विस्थापन गर्ने गरी राष्ट्रिय युवानीति २०७२ आइ लागू भएको छ । जुन नीति मुस्लिम, दलित, कर्णाली जस्ता पछाडि पारिएका एवं पछाडि परेका युवाहरूमा केन्द्रित छ । त्यसैगरी यसले द्वन्दपिडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, र अल्पसंख्यक युवालाई पनि नीतिगतरुपमा सम्बोधन गरेको छ । तर बिडम्बना अहिले पनि युवाहरूले यस कुराको महशुस गर्न सकेका छैनन र युवाहरूमा यस्ता युवा लक्षित कार्यक्रमले विश्वास जगाऊन सकेको छैन ।

नयाँ युवा नीतिले उच्च माध्यमिक तहसम्म युवाहरूको सहज पहँचलाई मध्यनजर गर्दै नि:शुल्क र अनिवार्य गर्ने भन्ने लक्ष्य राखे पनि अहिलेसम्म धेरै युवाहरू एसइइ नआऊँदै विद्यालय छोडेर श्रम बजारतीर लाग्न बाध्य छन् । जीवनपयोगी र व्यवसायिक शिक्षाको अभावका कारण कष्टकर श्रम गर्न बाध्य छन् । नीतिमा चिप्ला र चिल्ला कुरा लेखे पनि व्यवहारमा लागु हुनै बाँकी छ । यसैअन्तर्गत युवा स्वरोजगार कार्यक्रम, युवा उद्यम कार्यक्रम, न्युनतम जीवन निर्बाह भत्ता, खेलकुद विश्वविद्यालय, र प्राविधिक विद्यालय अवधारणा नभएका होइनन् ।

त्यसैगरी राष्ट्रिय युवा परिषद् अन्तर्गत हालै आएर विभिन्न ३५ वटा शीर्षकमा आर्थिक वर्षमा रु २० करोड ९० लाख नछुट्याएको पनि होईन । जुन हातीको मुखमा जिरा जतिकै देखिन्छ । यस्ता सरकारी प्रयासका बाबजुद पनि युवाहरूलाई स्वदेशमा स्थापित गराउन सकिएको अवश्था भने छैन । युवाका लागि कार्यक्रम सानै भए पनि बनेको छ तर देखिने गरि परिणाम दिन सकेको छैन । विदेश गएका युवाहरू कै कारण देशको अर्थतन्त्र धानिएको छ तर त्यो सबै परतन्त्रमुखी छ । विदेश गएका युवालाई नेपाल मै केही गर्न सकिन्छ भन्ने धारणा विकास आम रुपमा विकास गराउन सकिएको छैन ।

## गैरसरकारी संघ संस्थाको प्रयास

गैरसरकारी क्षेत्र भनेका बास्तवमा सरकारलाई परेको ठाउँमा होष्टेमा हैसे गर्ने क्लबहरू हुन । धेरै जसोले दात्र निकायले सर्त र ईच्छा अनुसार काम गर्छन् भने कतिपय अवस्थामा सर्वसाधारणहरूमा शसक्तिकरणका माध्यमद्वारा आफ्नो अधिकारका बारेमा बोल्न सिकाएको छ । यसले समाजको ससाना तप्कामा सकारात्मक परिवर्तन ल्याएको छ । आवाजविहिन युवाहरूको बोलीलाई मखरित गर्न मदत पगेको छ भने केहीलाई रोजगारीका अवसर मिलेको छ ।

केही कमिकमजोरीका बाबजुद पनि गैरसरकारी संस्थाहरूले नेपाल सरकारका नीतिमा टेकेर युवाहरूका लागि सकरात्मक कामहरू भएका छन् । जस्तो कि व्यवसायिक तालिम, उद्यमसिलता विकास तालिम, व्यवसायिक योजना निर्माण, बजारीकरण, सहकारी दर्ता एवं संस्थागत सहयोग, नेतृत्व विकास, र शसक्तिकण तालिमका साथै रोजगारीको आर्कषक गन्तब्य, सरकारी युवानीति स्थानीय तहसम्म पुर्याउने माध्यम भएका छन् । कतिपय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले युवाहरूलाई अन्तर्राष्ट्रिय भ्रमणको आदानप्रदानको अवसर दिएका छन् । यसरी हेर्दा हाम्रो देशमा गैरसकारी संस्थाको राम्रै उपस्थिति देखिन्छ । समाजकल्याण परिषद्को तथ्यांक अनुसार, परिषद्मा ४५ हजार भन्दा बढि संस्थाहरू आवद्ध छन् ।

## युवाका लागि असल छिमेकी नेपालको प्रयास

२०५९ सालमा काठमाण्डौ दर्ता भएको यस संस्थाले आफ्नै पहल तथा विभिन्न दात्र निकायहरूको सहयोगमा युवा लक्षित सामुदायिक विकासका क्षेत्रमा जीविकोपार्जन, शिक्षा, स्वाथ्य, खानेपानी तथा सरसफाई, एवं विपदसंग सम्बन्धित विभिन्न कार्यक्रम गर्दै आईरहेको छ। हालसम्म यस संस्थाले देशका १७ वटा जिल्लाहरू क्रमश मोरङ, काठमाण्डौ, ललितपुर, धादिङ, गोरखा, कास्कि, पर्वत, म्याग्दी, बर्दिया, मुगु, हुम्ला, कैलाली, डोटी, बाजुरा, र दार्चुलामा काम गरिसकेको छ। संस्थाले निम्न बमोजिमका युवा लक्षित कार्यनीति, कार्यक्रम तथा क्रियाकलाप गर्दै आईरहेको छः

**व्यवसायिक सीप तालिम तथा उद्यमशिलता विकासमा सहयोग :** व्यवसायिक सिप तथा उद्यमसिलता विकास सहयोगका लागि भनेर यस संस्थाले युवाहरूको आवश्यकता पहिचान तथा बजारको अवस्था विश्लेषण गरेर विभिन्न जिल्लाहरू धेरै किसिमका तालिमहरू संचालन गरिसकेको छ। विशेषगरी सिलाईबुना ई, प्लम्बिङ, वाईरिङ, कुकिङ, वटर, व्युटीसियन, ड्राईभिङ, ढाका सिलाईबुनाई, मोबाई मर्मत, बाँसको हस्तकलाजस्ता तालिमहरू दिईदै आएको छ। तालिमपश्चात उनीहरूलाई सिटिईभीटीमार्फत् परीक्षा दिन लगाई आफ्नो सीपको प्रमाण लिन सहजीकरण पनि गरिन्छ। यस्ता सिपहरूमा प्राय सबै युवा लक्षित छन् जसबाट विभिन्न जिल्लाका गरेर ७ हजार जति युवाहरू महिला सहितले तालिम लिएका छन्। तालिम पश्चात जागिर मेलाको आयोजना गरि जागिर प्रदायक संस्थासँग सम्बन्ध स्थापना पनि गर्ने गरिएको छ भने आफै उद्यम गर्न चाहनेलाई उद्यमशिलता तालिम र चाहिने सामग्री सहयोग गरिएको छ।

**कृषि तथा पशु पालन तालिम र सहयोग तथा व्यवसायिक योजना निर्माण :** नेपाल सरकारको प्राथमिकताको आधारमा युवाहरूलाई लक्षित गरी विभिन्न कृषि व्यवसायमा सहयोग गरेकोछ। तरकारी, गोलभेडा, स्याऊ, ओखर खेती, बंगुर एवं बाखा पालन, बेसार, मकै, आलुखेती, र आँप तथा लिच्ची खेती जस्ता कृषि तथा पशुजन्य व्यवसायिक तालिम दिनुका साथै व्यवसायिक योजना निर्माण गर्न लगाई अनुदान सहयोगमार्फत् युवा किसानहरूलाई सहयोग गरेको छ। यसरी प्रत्यक्षरुपमा लाभ पाउने १५ हजार जति युवा किसान छन् जसले कृषि समुहमार्फत, व्यक्तिगतरुपमा, र सहकारीमार्फत् आफ्नो कृषि व्यवसायलाई अगाडि बढाएका छन्।

**युवा क्लबसँग सहकार्य :** युवाहरूलाई परियोजनाको एउटा प्रमुख लक्षितवर्ग मान्दै खेलकुद विकासमा समेत सहयोग गरेको छ भने उनीहरू कै सक्रिय सहभागितामा विभिन्न चेतनमुलक कार्यक्रम भएका छन्। फुटबल, भलिबल जस्ता खेलले यवाका सस्थाहरूलाई सक्रिय रहन मद्दत पगेको छ।

**तालिम तथा योजना निर्माणमा युवाहरूलाई प्राथमिकता :** व्यवसायिक मात्र होईन ग्रामिण प्राथमिक उद्दारकर्ता तालिम, ग्रामिण चिकित्सा, उद्धारकर्ता तालिम, लाईट सर्च एण्ड रेश्क्यू, किशोरी शिक्षा, स्वाश्थ्य शिक्षा, र किशोरी शिक्षा तालिम तथा कार्यशालामा युवाहरूको संलग्नतालाई विशेष प्राथमिकतामा राखी सहभागी गराउँदै आएको छ। त्यतिमात्र होइन स्थानीय तह र जिल्लामा हुने योजना निर्माण तथा रणनीति निर्माण जस्ता क्रियाकलापमा पनि युवाहरूलाई नै सहभागी गराउने गरिएको छ।

**बजारीकरणमा सहयोग :** युवाहरूले उत्पादन गरेका बस्तुहरूलाई बजारसम्म सहज पहुँचका लागि बजारीकरणमा सहयोग होस् भनी बजारसँग सम्बन्धित विभिन्न संस्था र कम्पनीसँग मिलेर बेला बेलामा अन्तर्क्रिया गराउने, कृषि प्रदशर्नी तथा मेलाको आयोजना गर्ने जस्ता कामहरू पनि गर्ने गरेको छ। उनीहरूद्धारा उत्पादित बस्तुहरूमा लेबलिङ गर्ने, प्याकेजिङ, ब्राण्डिङ, ग्रेडिङ र प्रशोधनजस्ता कार्यहरूमा सहयोग गरिरहेका छ।



**सहकारी व्यवस्थापनमा सहयोग :** नेपाल सरकारको युवा नीतिअनुसार नै यस संस्थाले युवाहरूलाई लक्षित गरी सहकारी दर्ता र तालिममार्फत् यसको संस्थागत विकासमा सहयोग पुर्‍याएको छ। यस्ता करिब ४५ वटा जति सहकारी दर्ता, तीनको संस्थागत विकासमा सहयोग गरेको छ त्यसमा पनि धेरै जसो कृषि सहकारी नै छन्। ती संस्थाहरूमा युवाहरू कै बाहुल्यता छ।

**श्रम बजारमा पहुँच :** माथि उल्लेख गरेजस्तै तालिम पश्चात युवाहरूको श्रम बजारमा सहज पहुँका लागि रोजगार मेलाको आयोजना गर्ने गरेको छ। यसरी आयोजित कार्यक्रममा युवाहरूलाई आफ्नो बायोडाटा, र निबेदन सहित पेश गर्न मद्दत गरिन्छ।

**युवा लक्षित कार्यक्रममा सहकार्य :** यस संस्थाको अनुभव अनुसार व्यवसायिक तालिम र उद्यमशिलता तालिमहरू प्रायजसो युवाहरू कै बर्चश्व रहन्छ र यस संस्थाले पनि मापदण्ड बनाउँदा युवा उमेरकालाई विशेष प्राथमिकतामा राख्ने गरेको छ।

## अन्त्यमा

नेपाल सरकारले युवानीति ल्याएर युवाहरूलाई केही सम्बोधन गर्न खोजेको भएपनि नेतृत्व गर्ने ठाऊँमा यवाहरूको नगन्य उपस्थिति छ। अझै पनि विदेश जाने युवाहरूको भिड कम भएको छैन। युवा नीतिकै आडमा केहि गैर सरकारी संस्थाहरूले पनि होष्टेमा हैसे गरेका छन् तर ती प्रयासहरू प्रयाप्त छैनन। आलोचनामुक्त छैनन। असल छिमेकी नेपालले यही पृष्ठभूमिमा युवा लक्षित कार्यक्रमलाई निरन्तरता दिइनै रहेको छ तर हामीले समेटको क्षेत्र सानो छ। त्यसैले असल अभ्यासहरूलाई नीजि, गैरसरकारी एवं सरकारी निकाय मिली युवा लक्षित कार्यक्रमलाई गाऊँ गाऊँ लानु पर्ने अहिलेको आवश्यकता हो।

*(डोटेल असल छिमेकी नेपालका कार्यकारी निर्देशक हुनुहुन्छ।)*
इमेल : dilli.dotel@gmail.com

## संघीय पुर्नसंरचनामा
# दिगो विकास र सुशासन प्रवर्द्धनमा युवाहरूको सशक्त सहभागिता



● कर्णबहादुर नेपाली

**स्थानीय सरकारदेखि संघीयराज्य संचालनको प्रक्रिया एवं विकासको सवाल पहिचान, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनका हरेक पक्षमा युवाहरूको सहभागितालाई सुनिश्चित गरिनु पर्छ ।**

### पृष्ठभूमि
"विकास" लाई प्रष्ट्याउनु पर्दा मानिसको आफ्नै प्रयासबाट व्यक्ति वा समाजमा प्राकृतिक, आर्थिक, भौतिक, सामाजिक र मानवीय शक्तिमा हुने सकारात्मक परिवर्तनलाई नै "सन्तुलित विकास" भन्न सकिन्छ । विकास भनेको निरन्तर चलिरहने समष्टिगत, सकारात्मक र सन्तुलित परिवर्तनको प्रक्रिया हो । यसले व्यक्ति वा समुदायलाई क्रमशः स्वावलम्बनतर्फ उन्मुख गराउँदै लैजानुपर्छ । यो निरन्तर चलिरहने सामूहिक प्रक्रिया हो । त्यसकारण विकास भनेको रुपान्तरण हो र व्यक्तिको जीवन वा जीवनयापन पद्धतिमा आउने फरकपन हो । हिजो ढुंगे युगबाट आजको २१ औं शताब्दीसम्म आईपुग्दा मानिसले गरेका नयाँ, अनौठा तथा चमत्कारिक गतिविधिहरुलाई विकास भन्न सकिन्छ । २१ औं शताब्दीको विकास भनेको सूचना तथा प्रविधि अधिकम प्रयोग हो जसले विश्व एक घरको रुपमा रुपान्तरित गरिदिएको छ । त्यसकारण विकासका लागि ३ कुराहरुको आवश्यक पर्ने देखिन्छः वर्तमान अवस्थाबाट असन्तुष्टि (Dissatisfaction), योजनाप्रति लगाव (Dedication) तथा गन्तव्य (Destination) वा संक्षिप्तरुपमा 3D जस्ता पक्षहरुको सही र उपयुक्त संयोजनबाट अमेरिका, चीन, जापान लगायतका देशहरु विकासको उच्चतम विन्दुमा पुगेका छन् ।

विकास प्रक्रियालाई दिगो बनाउनका लागि समाजका सबै समुदायको अर्थपूर्ण सहभागिताको आवश्यकता छ, त्यसकारण हरेक विकासका प्रयासहरु दिगो विकासको सिद्धान्तमा आधारित हुनुपर्छ भन्ने मान्यतालाई विश्वस्तरमै सबैले स्वीकारेको अवस्था छ (Our Common Future, Oxford University Press, 1987). पृथ्वीलाई मानवका लागि बस्न र बाँच्न योग्य बनाई राख्न पनि दिगो विकासको मर्म र सिद्धान्त बमोजिम कार्य गर्न जरुरी छ । विद्यमान अवस्थामा भईरहेका विभिन्न प्राकृतिक विपद्ले के देखाईरहेको छ भने यदि हामीले बेलैमा सोच नपुरयाउँदा, हामीले हाम्रा लागि गरेको विकास नै अभिशाप सिद्ध हुन सक्छ । हामी जो सबै विकास भनेर रातदिन लागिरहेका छौं, केही गरौं भनेर सोचिरहेका छौं, तर हामीले यस पृथ्वीलाई सुरक्षित मानवको घर बनाउने प्रयास गर्नु आवश्यक छ । हाम्राजस्ता अविकसित देशहरुले त झन् बढी जिम्मेवार र गम्भीर भएर छलफल तथा बहस गर्नुपर्छ ।

संयुक्त राष्ट्रसंघको आयोजनामा विश्वका सदस्य राष्ट्रहरुको सहभागितामा दिगो विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले सन् २०१५ को सेप्टेम्बर २५ देखि २७ सम्म भई सन् २०३० सम्म विश्वको रुपान्तरण गर्नका लागि दिगो विकास लक्ष्यहरु तय गरेको छ । यसका १७ वटा लक्ष्यहरु छन् ।

### सुशासन एक परिचय
नेपालको प्रशासनिक संयन्त्रमा सुशासन शब्दको ईतिहास त्यति लामो छैन । सुशासन, असल सरकारको परिमार्जितरुपमा देखापरेको नवीनतम् अवधारणा हो । सुशासनको धारणाको तीव्र गतिमा विकास हुनुका पछाडि यसको केही पृष्ठभूमि रहेको छ । सन् ७० को दशकमा संयुक्त राष्ट्रसंघको महासभाले विकासको मुख्य केन्द्र विन्दुका रुपमा मानवलाई मानी सहभागीमूलक शासन पद्धतिमा जोड दिन थालेपछि सुशासनको जग बस्न पुगेको थियो । त्यसपछि सन् १९८० को दशकमा विश्व बैंकको लगानीमा अफ्रिकी देशहरुमा संचालित आयोजनाहरुले आशातित प्रगति हासिल गर्न नसकेको कारण सरकारी संयन्त्रको असफलतालाई औंल्याइएको थियो । यही दशकमा विकास गर्न पाउने अधिकारलाई मानवअधिकारका रुपमा स्वीकार गरियो । सन् १९९० को सुरुवातसँगै सुशासनलाई वैदेशिक सहायताको पूर्वसर्तका रुपमा राख्न थालियो । त्यसैले कमजोर एवं कुशासनबाट उत्पन्न नकारात्मक असरलाई न्यूनीकरण गर्नका लागि नै सुशासन शब्दलाई प्रचलनमा ल्याइएको हो । वास्तवमा कुशासनविरुद्ध शासकीय सुधार गर्ने मुल लक्ष्य लिएर देखापरेको आफैमा राम्रो शब्द सुशासनले विश्वव्यापी मान्यता प्राप्त गरिरहेको छ ।

### सुशासन के हो त ?
नेपाली वृहत शब्दकोषले सुशासन शब्दलाई उत्तम किसिमको शासन र असल राज्य व्यवस्था भनी अर्थ्याएको छ । प्रशासन विद्हरुका दृष्टिमा प्रशासनिक अधिकारको समुचित प्रयोग भनी परिभाषित गरिएको पाईन्छ । त्यसो त न्यायविद्हरुले न्यायिक अधिकारको समुचित प्रयोग गरी मानवअधिकारको सुरक्षालाई सुशासनको अर्थमा लिन्छन् । अर्थविद् हरुले भने पारदर्शी ठेक्का पट्टा एवं लेखा श्रेष्तालाई सुशासनको अन्तर वस्तुको रुपमा हेर्ने गर्छन् । त्यसैगरी राजनीतिक क्षेत्रमा जनउत्तरदायि शासन व्यवस्था एवं स्वच्छ र जनमुखी सरकार स्थापना गर्नु सुशासन हुनसक्छ भने व्यवस्थापन विद्हरुले छिटो, छरितो, चुस्त, दुरुस्त र पारदर्शी प्रशासनिक संयन्त्रको व्यवस्थापन गर्नुलाई सुशासनको संज्ञा दिएका छन् । त्यस्तै समाजशास्त्रीहरुले नैतिक मूल्य मान्यतालाई प्रवर्द्धन गरी भ्रष्टाचाररहित पारदर्शी र स्वच्छ प्रशासनलाई सुशासन भन्ने गरिन्छ ।

त्यसैले राज्यका व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाअन्तर्गत स्थापित विभिन्न संघसंस्थाहरुद्धारा पारदर्शी ढंगबाट अधिकारको समुचित प्रयोग गरी जनहित, जनकल्याण, सामाजिक न्याय र मानवअधिकारको प्रवर्द्धन हुनेगरी स्वच्छ, उत्तरदायी, जनमुखी र जवाफदेही राज्य व्यवस्थाको स्थापना गर्न चालिने समग्र क्रियाकलापहरुको समष्टिगत रुप नै व्यापक अर्थमा सुशासन हो। वास्तवमा जनमुखी, जनमैत्री तथा पारदर्शी शासन व्यवस्थाले मात्र दिगो विकासलाई सम्वोधन गर्न सक्छ भन्ने कुरालाई हृदयगंम गर्दै यसखाले नयाँ मान्यतालाई सधै सजीव बनाई राख्न वा जनतालाई अनुभूति गराउन सार्वजनिक निकायको भूमिकालाई सबैभन्दा बढी ध्यान दिन जरुरी छ।

## बदलिएको परिवेशमा युवाको भूमिका

नेपाल राज्य यतिबेला संघीय पुर्नसंरचनाको अभ्यासमा छ। संरचनागत हिसावले ७६१ वटा सरकारले नागरिकहरुको सेवारत शासन गरिरहेका छन्। नेपालको संविधान २०७२ अनुसार आर्थिक समृद्धि, विकास र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी, सहभागीमूलक न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणाअनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, स्थानीय श्रोत साधनको समुचित परिचालनमार्फत सहकारिता, सहअस्तित्व, पारस्परिक जवाफदेहिता र समन्वयलाई प्रवर्द्धन गर्दै भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता कायम गर्नुका साथै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाहका र परिणाममुखी कार्य गर्ने स्पष्ट व्यवस्था रहेको छ। नेपालको संविधानदेखि संघीय तथा स्थानीय सरकारका ऐन तथा कानुनहरु र दिगो विकासका अवधारणाले समेत युवाहरुको सहभागितालाई विशेष रुपमा लिएको छ।

सुखी नेपाली र समृद्ध नेपालको त्यतिबेला मात्र परिकल्पना गर्न सकिन्छ जतिबेला युवाहरुको सशक्त सहभागिता, गरिब, विपन्न, समाजको पछाडि पारिएको वर्ग, समुदाय र क्षेत्रको समतामुलक र अर्थपूर्ण सहभागिता, पहुँच र नियन्त्रण संरचनागतरुपमा ग्यारेन्टी हुन्छ। दिगो विकास, सुशासन प्रवर्द्धनका लागि समाजमा पछाडी पारिएका वर्ग, क्षेत्र, लिंग, जातजाति, अल्पसंख्यक सबै व्यक्तिहरुको साझा बुझाई, समानुपातिक तथा समाबेशी र अर्थपूर्ण सहभागिताको जरुरी छ, त्यसमा पनि यूवा भनेको यस्तो शक्ति हो जसले चाहेमा विकासलाई छिटो, प्रभावकारी तथा उचित किसिमले लिन सक्छन्

यस सन्दर्भमा दिगो विकासको प्रक्रियामा हाम्रो देश नेपाल र यसको स्थानीयस्तरमा युवाहरुको अर्थपूर्ण सहभागितालाई नजरअन्दाज गरेको देखिन्छ। युवाहरुलाई निश्चित कामका लागि उपयोग गर्ने अनि भविष्यको लागि मार्गदर्शन नगर्ने अहिलेको अवस्था देखिएको छ। प्रत्येक दिन हजारौको संख्यामा विदेश जाने युवाको लर्को देख्दा यस्तो लाग्छ नेपालमा धेरै वृद्धवद्धा, बालबालिकाहरु मत्रै रहने र अरु परनिर्भरता वद्धि हुने गम्भीर खतरा छ। कहिँकतै नेपाल युवावीहिन हुने त होइन भन्न चिन्ता अस्वभाविक होइन। त्यसैले स्थानीय सरकारदेखि संघीयराज्य संचालनको प्रक्रिया एवं विकासको सवाल पहिचान, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनका हरेक पक्षमा युवाहरुको सहभागितालाई सुनिश्चित गरिनु पर्छ। देशले विभिन्न आवधिक योजना बनाई गन्तव्यहरु तोकेको छ, ती लक्ष्यलाई परिणामुखी तवरले प्राप्त गर्न सबै क्षेत्रमा युवाहरुको उत्तिकै भूमिका निर्वाह गर्न सक्ने संभावनालाई नकार्नु हुन्न। तर, हाम्रो संस्कारमा युवाहरुलाई हेर्ने दृष्टिकोण अझै परम्परागत छ। उनीहरुलाई प्रयोग मात्र गर्ने राजनितिक संस्कार देखिन्छ।

अर्कोतिर राज्य आफै अबको बाटो भनेको सुशासन र आर्थिक समृद्धिका लागि भनिरहेको सन्दर्भमा र सुशासन प्रवर्द्धनका लागि विभिन्न नीति, ऐनहरु ल्याई कार्यान्वयन भईरहेको अवस्थामा समेत युवाले नै यसको पहल लिनु आवश्यक छ। एकातिर हाम्रा सार्वजनिक निकाय, यसको संस्कार, सार्वजनिक निकायमा रहेको कर्मचारीतन्त्रका साथै लामो समयपश्चात जननिर्वाचित प्रतिनिधिहरु सबैको कुराहरुलाई मध्यनजर गरी राज्य संचालनमा युवाहरुले सम्बन्ध सेतुको भूमिका निर्वाह गर्न सक्छन्।

नयाँ संविधानपछि बनेको पुर्नसंरचनाका कारण नागरिकहरु यतिबेला धेरै आशावादी छन्। राज्य व्यवस्था कसरी चल्छ भनी पर्ख र हेरको अवस्था छन्। त्यसैले सार्वजनिक निकायलाई बढीभन्दा बढी जिम्मेवार, जवाफदेही, उत्तरदायी बन्नका लागि घच्घच्याउने काममा युवाहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नतिर लाग्नु पर्छ। वास्तवमा अवसरको श्रृजनालाई नै सुशासन मान्न सकिन्छ। यतिबेला युवाहरुलाई उत्साह, अभिप्रेरणा र उज्ज्वल भविष्यको व्यवहारिक बाटोसहितको संचार राज्यबाट हुन जरुरी छ। चरम निराशाबाट गुज्रेका युवाहरुको वितृष्णाले गर्दा उनीहरु विकासका कार्यहरुमा संलग्न हुन सकिरहेका छैनन। जव उनीहरु संलग्ननै हुँदैनन तव शुसासनको कुरा गर्नुको कुनै अर्थ रहन्न। अतः राज्यले युवाहरुलाई परिचालन गर्ने विभिन्न कार्यक्रमहरु तत्काल संचालन गरिनुपर्छ। युवाहरुले राज्य निर्माणमा योगदान गरिरहेका छन भन्ने आभाससहितका कार्यक्रमहरु वा सम्वोधन गर्ने गतिविधिहरु राज्यले संचालन गर्नैपर्छ। परनिर्भरमुखी होईन कि अन्तरनिर्भर हुने, मितव्ययी बन्ने, लगनशील हुने, ईमान्दार बन्ने, धेरै कमाउने नभई कमाएकै बाट धेरै बचाउने जस्ता नैतिक कुराहरुको संचार तत्कालै गर्न जरुरी छ। साथै, युवाहरुलाई चाहे जति र चाहेको क्षेत्रमा अध्ययनका साथै उत्पादनमुलक, रोजगारमुलक कार्यहरुको ग्यारेन्टी गरी देश निर्माण प्रक्रियामा हातमा हात र साथमासाथ लिने तरिकाले लाग्नुपर्छ।

## संभावनाहरु

विद्यामान पुर्नसंरचित अवस्थामा संरचनागत तवरले गर्न सकिने थुप्रै सम्भावनाहरु छन्। युवाहरुलाई जीवनोपयोगी सीपका साथै विभिन्न आयमुलक तथा रोजगारमुलक कार्यमा सरिक बनाउने अवसरहरु समेत रहेका छन् र दलित, जनजाति, महिला, समाजमा पछाडि पारिएका वर्गा, समुदाय र विपन्नका साथै युवाहरुको परिचालनमा विशेष तवरले लाग्न जरुरी छ। सुशासन, यूवाशक्ति र दीगो विकासलाई तालमेल मिलाउन सकिएन भने भविष्यमा पछुताउनु बाहेक केही हुने छैन किनभने त्यतिबेला धेरै ढिला भईसकेको हुनेछ। विकास प्रक्रियामा दिगो विकास अनिवार्य शर्त हो किनभने अब आफ्ना लागि विकास मात्र गरेर हुँदैन कि भावीपुस्ताका लागि हुने आवश्यकतालाई ध्यान पुरयाएर विकास गर्नु जरुरी छ। हाल हाम्रो विकास पद्धति त्यति दिगो विकास मैत्री पनि बन्न सकेको छैन। जहाँ युवाको समुचित परिचालन हुन्छ, त्यहाँ सुशासन हुन्छ अनि दिगो विकास हुन्छ। अहिले नै सोचौं र यदि विकास प्रक्रियालाई दिगो बनाउने हो भने समावेशी, समानुपातिक र समविकासको सिद्धान्तअनुरूप युवाहरुको सशक्त, प्रभावकारी र अर्थपूर्ण सहभागिताको जरुरी छ, अहिल्यै सोचौं, हामीले नै गरौं, यही गरौं र भविष्यमा नपछुताऔं।

*(नेपाली नेपान सदस्य हुन्।)*
*इमेल : karnanepali777@gmail.com*

युवा र सोसल मिडिया

# विपद्‌मा युवा र सोसल मिडिया



• श्रीराम के सी

**विपद्‌लाई रोक्न सकिन्न तर त्यसको जोखिमलाई भने अवश्य कम गर्न सकिन्छ । युवा सोसल मिडिया प्रयोगकर्ताहरूले आम मानिसहरूलाई जोखिमबारे सचेत पार्न आवश्यक पर्ने ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न सोसल मिडियालाई प्रभावकारी रूपमा प्रयोग गर्न भने सक्छन् ।**

हिजोआज सोसल मिडिया नचलाउने युवा को नै होला र ? उनीहरु कि त फेसबुकमा व्यस्त हुन्छन् या अन्य कुनै माध्यम (ट्वीटर, इन्स्टाग्राम या यूट्युव) मा आफूलाई संलग्न गराइरहेका हुन्छन् । युवा मात्र होइन आम मानिसहरुको सोसल मिडियाप्रतिको रुचि बढ्दै गएको छ खासगरि फेसबुकको प्रयोगमा । दाङको लमहीमा दुई वर्षअघि मोबाइल पसलमा सल्यानबाट आएकी एक अधवैंशे महिलाले फेसबुक चल्ने मोवाइल दिनुस् है, भनेर पसलेसँग गरेको आग्रहको प्रसंगले नेपालमा फेसबुक आम मानिसहरुको पहुँचसम्म आइसकेको र अत्यावश्यक टुल भइसकेको रहेछ भनेर अनुमान लगाउन गाह्रो परेन । तेह्र वर्ष उमेर नपुगि बालबालिकाले सोसल मिडिया प्रयोग गर्न नपाउने प्रावधान भएपनि उनीहरु उमेर बढाएर या गलत जन्ममिति इन्ट्री गरेर समेत यसको प्रयोग प्रति आतुर भएको देखिन्छ । तथ्याङ्कअनुसार नेपालमा फेसबुकमात्रै चलाउनेको संख्या ८७ लाख पुगेको छ । र, यो नै सबैभन्दा बढी प्रयोग हुने सोसल मिडिया बन्न पुगेको छ । व्यक्तिगत मात्र होइन संस्थागत तवरमा समेत यसको प्रयोग विभिन्न प्रयोजनका लागि हुँदै गइरहेको छ । तर, प्रवृत्ति हेर्दा यो क्रोध व्यक्त गर्ने टुल होकि भन्ने भ्रम समेत पर्न थालेको छ अचेल ।

## रिस पोख्ने प्लाटफर्म बन्दैछ सोसल मिडिया

एकातिर यसको प्रयोग व्यापक हुँदै गएको छ भने अर्कातिर यो त्यतिनै अराजक, असहिष्णु पनि । विकृतिको द्वार बनिरहेको घटना प्रकाशमा आएका छन् । खासगरी यसले दूर्व्यवहार, ब्ल्याक मेलिंगमा सघाएको उजूरी प्रहरीमा छन् । अपराधिक कार्यमा समेत सोसल मिडियाको प्रयोग भएबाट यसप्रति मानिसहरुको शंशय छ । त्यस्तै हामीकहाँ यी मिडिया मनको तीतो, कसैप्रति आक्षेप, रिस, राग खन्याउने अथकित भाँडो बनिरहेका छन् । कतै शालिन तरिकाले त कतै व्यंग्यात्मक तवरले त्यस्ता क्रोधित भनाई अभिव्यक्त गर्ने माध्यम बनिरहेको देखिन्छ । कसैप्रति सोझो र प्रत्यक्षरुपमा भन्न नसकेका कुराहरुलाई घुमाउरो पारामा व्यक्त गर्ने माध्यम पनि सोसल मिडिया नै बनेका छन् । के यसलाई अभिव्यक्ति स्वतन्त्रताको रुपमा लिनु पर्ने हो, अनुत्तरित प्रश्नले घोचिरहन्छ । नेटवर्किंगको असिम सम्भावना, अनुभव आदान प्रदानको व्यापक अवसर हुँदाहुँदै पनि यसलाई प्रयोग गर्न नजानेर यसबाट लिन सकिने लाभसमेत लिन नसकिएको अवस्था छ । त्यस्ता अभिव्यक्तिले क्षणिकरुपमा कसैको रिस, आगेव क्रोध त शान्त होलानै तर कालान्तरमा त्यसले के प्रभाव वा असर पार्छ भन्नेबारे सोचिएको पाइदैन । यो विषयमा हामीकहाँ अध्ययन अनुसन्धान पनि भएकै छैनन । हामी सोसल मिडियाको उपभोक्ता होइन, उपयोगकर्ता बनौं ।

## युवा मतअभिमतको सहभागिता र सरोकार

सहभागिता एवं संलग्नताको दृष्टिकोणले यस्ता मिडियामा युवाको सहभागिता बढ्नु राम्रो हो । यसले युवाका मत अभिमत र दृष्टिकोण जान्नमा मद्दत गर्दछ । उनीहरुले आफ्नो राय प्रस्तुत गरेका हुन्छन् । कतिपय युवा समूहले कुनै विषयगत अभियान चलाउनमा पनि निकै उपयोगी भएका छन् । सार्वजनिक चासो र चिन्ताका विषयलाई व्यापकरुपमा अन्तरक्रियात्मक बनाउनमा यी मिडियाले सहयोग पुर्‍याएकै छन् । ट्वीटर फर कज भन्ने एउटा ट्वीटर समूहले यसैको माध्यमबाट सामाजिक विकासका कार्य गर्दै आउनु एउटा उदाहरण हो । त्यस्ता अरु धेरै समूह छन् । विपद्कै कारण धेरै सोसल मिडिया समुहहरु सिर्जना भएका छन् ।

## भूकम्पका बेला फेसबुक

२०७२ सालको भूकम्पको धक्का लागेको केही सेकेण्डमै फेसबुक प्रयोगकर्ताहरुले सर्वप्रथम सार्वजनिक रुपमा आफ्ना अनुभव, भनाई र गुहार अभिव्यक्त गरेको माध्यम नै फेसबुक हो । आमसंचार माध्यमले समाचार दिनु अघि फेसबुकमा धेरैहल्लाहरु भइसकेका थिए । अझ सुनेकै भरमा पोष्ट गरिएका कतिपय कुराले दवाब सृजना गरेको पाइन्थ्यो । यसका प्रयोगकर्ताहरुले स्वतस्फूत रुपमा प्रभावितलाई सहयोग गर्न विभिन्न फेसबुक पेज बनाएर अभियान नै थालेका थिए । कतिपयले राहतका लागि स्रोत खोजी गर्ने काममा पनि सघाए । फेसबुक र ट्वीटरकै माध्यमबाट आर्थिक सहयोग परिचालन गरेको उदाहरणहरु पनि छन् ।

यो पंक्तिकारले आफ्नो एक अध्ययनका क्रममा काठमाडौं साँखुका ११२ जना युवामा गरेको सर्वेक्षणले फेसबुक उनीहरुका लागि एउटा शेयरिग टुलका रुपमा देखाएको छ, खासगरि विपद्का बेला । भूकम्पको पहिलो तीन महिना अवधिमा फेसबुकको प्रयोग सम्बन्धमा गरिएको सर्वेक्षणले उनीहरुमध्ये ६५ प्रतिशतले भूकम्पले विगारेको अवस्थाबारेको फोटो शेयर गरेको उल्लेख गरे । प्रयोगकर्तामध्ये ४० प्रतिशतले दिनमा एकपटक फेसबुक हेर्ने गरेको, ३ प्रतिशतले प्रत्येक घण्टा एक पटक र १२ प्रतिशले दिनमा दुईपटक हेर्ने गरेको पाइएको थियो । सर्वेक्षणका सहभागी युवामध्ये २२ प्रतिशतले फेसबुककै मार्फत आफन्तहरुसँग कनेक्ट हुन पाएको जनाए । राहतसम्बन्धमा गरिएको प्रश्नमा २२ प्रतिशतले मात्र फेसबुकबाट उयोगी सूचना प्राप्त गरेको सुनाएका थिए । प्रयोगको दर बढेपनि वास्तविक प्रभावितका लागि फेसबुक उपयोगी बन्न नसकेको अध्ययनले देखाएको छ । यसका धेरै कारण हुन सक्छन् र उपयोगकर्ता

वा पोष्टकर्ताको ज्ञान र क्षमतामा भर पर्ने कुरा हो ।

त्यस्तै, भूकम्प लगत्तै काठमाडौं छाड्नेहरुको भीड बढिरहेको थियो । गाडीको अभाव भयो । ति गाडीवालाहरुले मनपरी भाडा लिएको कुरा जब यात्रुले प्रहरीलाई नेपाल प्रहरीकै फेसबुक र ट्वीटरमार्फत थाहा दिइयो, भाडा उसुल्ने गाडिलाई नियन्त्रणमा लिएर कारवाही गरेको उदाहरणहरु छन् । भूकम्पपछि नेपाल प्रहरीका सामाजिक संजाल निकै सक्रिय र प्रभावकारी बनेको थिए सूचना पस्कन ।

**आफ्नो गाउँपालिका र नगरपालिका वा वडालाई विपद् जोखिम कम गर्न भइरहेका पहलबारे किन नसोध्ने ? विपद् उत्थानशील समुदाय निर्माणका लागि छुट्याइएको बजेट, तिनको खर्च र अनुगमनबारे किन जिज्ञासा नराख्ने ?**

## जीवन जोगाउने सन्देश महत्वपूर्ण

विपद्का बेला सूचना पाउनु प्रभावित व्यक्ति, परिवार एवं समुदायका लागि ठूलो राहत पाए सरह नै हुन्छ । त्यो कुरा भूकम्पले प्रभावित पारेको बखत बुझिसकेका छौं । कुनैपनि विपद्का बेला आम मानिसहरुले खोज्ने भनेको उक्त विपद्बाट कसरी जीवन जोगाउने भन्ने नै हुन्छ । राहत कसरी सरल तरिकाले पाइएला भन्ने ध्येय हुने गर्छ प्रभावितको । तर हाम्रो सोसल मिडिया प्रयोगकर्ताहरु विपद्को गहिराई नबुझि मान्छेहरु कराएको, भत्केको, जस्ता संवेदनशील तस्वीर कसैको अनुमति नलिइ बेपरवाह शेयर गरिदिन्छन् । कति लाइक आयो या कमेन्ट आयो भनेर गन्नतिर लाग्छन् । विपदका बेला यस्तो संचार अन्तरक्रियाको कुनै महत्व छैन न त यसले प्रभावितको घाउमा मलम लगाउने काम नै गर्न सक्छ । यसतर्फ सचेतनाको खाँचो छ ।

## सुरक्षित हुने उपाय जानौं

नेपाल विपद् जोखिमका दृष्टिले अत्यन्तै संवेदनशील देश हो । हरेक बर्ष आउने बाढी, निरन्तर वर्षाले हुने भूक्षय र डुबान हाम्रो क्रोनिक समस्या हुन । भूकम्पीय जोखिममा त नेपाल अग्रणी स्थानमा छ । त्यसैले सोसल मिडियामार्फत् यस्ता संभावित जोखिमबाट बच्नका लागि गर्नुपर्ने पूर्व तयारीका सन्देश बाढौं । भुइचाँलो आउँदा अपनाउनु पर्ने व्यवहारहरु शेयर गरौं । बाढी आउँदा सफापानी कसरी खाने उपयोगी कुरा आदानप्रदान गरौं । भूक्षयबाट हाम्रा बनजंगल, कान्ला, पाखो जोगाउन के के गर्नुपर्छ भनौं । कसैले गरेको राम्रो कामहरु छन् भने त्यसको प्रशंसा गर्दै थप जानकारी दिऔं या मागौं । जसले गर्दा मानिसहरुमा कुनैपनि विपद्का जोखिमसँग सामना गर्ने क्षमता बढोस् । हरेकले आफू कसरी विपदका बेला सुरक्षित हुनुपर्छ भनेर यीनै सोसल मिडियाबाटै जानून ।

## विपद् उत्थानशील समुदायबारे युवा जागरण

विकासका नाममा जथाभावी बाटाहरु बने, खनाइए । आधाभन्दा बढी बाटोले बाटो होइन पहिरोका काम गरिरहेका छन् । विनाअध्ययन बनाइएका त्यस्ता बाटाले जोखिम निम्त्याइरहेका छन् । गाउँ समुदायका पहिलेदेखि आडिलो बनेर रहेका सिचाइ कुलो भत्केका छन् । विद्यालयहरु बगाएका छन् । शायद हामीले खोजेको विकास यस्तो पक्कै होइन । यस्ता कामले विपद् घटाउँछ कि बढाउँछ युवाहरुले पनि सोच्नु पर्छ । यिनै विषयमा अब युवाका सोसल मिडियामा बहस हुनुपर्छ । जागरण ल्याउने ध्येय हुनुपर्छ । त्यस्ता जोखिमबाट बच्ने उपाय खोज्नुपर्छ । सुझाउनु पर्छ । विपद् उत्थानशील समुदाय निर्माणमा युवाको भूमिका अग्रणी हुन्छ ।

## व्यवस्थित र रणनैतिक प्रयोगबाट लाभ

कुनैपनि व्यक्ति वा सामाजिक संस्था एवं कर्पोरेट हाउसहरुले सोसल मिडियाको व्यवस्थित प्रयोगबाट लाभ लिन सक्छन् । दक्ष एवं अनुभवी सोसल मिडिया विज्ञहरुको परिचालनले संस्थाका सूचना, सफलता एवं विभिन्न कार्यक्रमहरुबारे शेयर गर्ने गर्दा संस्थाको भर्चुल उपस्थित बलियो देखिन्छ भने यसका फलोअरहरुले आफ्ना धारणा एवं सुझाव र टिप्पणी दिन सक्छन् । आम मानिसका भनाई एवं सुझाव संस्थाको विकासमा उपयोगी हुन सक्छ भने संस्थाको छविलाई पहिले परिचित र पछि प्रतिष्ठित बनाउनसमेत सहयोग पुग्छ । तर, यसका लागि रणनीतिक योजना र सो अनुसारको क्षमता हुन भने जरुरी छ । अझ विपद्को पूर्वतयारी गर्न गराउन आवश्यक पर्ने सूचनाहरु आदान प्रदान गर्न सके यस्ता मिडियाहरुप्रति विश्वसनीयता वृद्धि हुन्छ ।

विपद्मा सोसल मिडियाको प्रयोगबारे अध्यनन गरेका गुल्मीका शंकर ज्ञवालीले सोसल मिडियाका सकारात्मक र नकारात्मक दुवै पाटो रहेको बताए । सोसल मिडियाकै कारण राहत पायौ भन्ने पनि भेटियो तर कतिपय अवस्थामा सोसल मिडिया प्रयोकर्ताहरुले डर त्राससमेत फैलाएर समाजको सद्भाव विथोल्न खोजेको अनुभव पनि सुनियो । उनले भने, सोसल मिडियाबाट आएका सूचनाको अनुगमन र त्यसको व्यवस्थापन कठिन चुनौति बनिरहेको छ । यसलाई व्यवस्थित गर्न सकियो भने यसबाट लाभ लिन सकिने उनको भनाई छ ।

## सोसल मिडियामा विपद् जोखिमको बहस

गृह मन्त्रालयका अनुसार हरेक वर्ष सरदर ५०० वटा विपद् हुने र त्यसबाट सरदरमा ९०० मानिसहरुले ज्यान गुमाउँछन् नेपालमा । मानवीय क्षति सँगसगै करिब १३१ करोड रुपैयाँ बराबरको क्षति हुने गरेको छ । विपद्ले महिला, बालबालिका र गरिब परिवारलाई सवैभन्दा बढी असर पुर्‍याइरहेको हुन्छ । २०७२ सालको भूकम्पलाई हेरौं, यसले करिब ७ लाख परिवारलाई घरबारवीहिन बनायो । सात खर्व रुपैयाँ भन्दा बढीको क्षति गरायो । यस्तो विपद्ले देशको अर्थतन्त्र र विकासलाई पछाडि धकेल्यो । यसबाट सवैभन्दा ठूलो मार गरिब, विपन्न र बेरोजगारलाई पार्‍यो । जबकि विकसित मुलुकमा हेर्दा ठूलठूला विपद् भए पनि त्यसको क्षति नगन्य हुन्छ । युरोपमा विपद्का बेला ५/७ वर्षको दौरानमा ३/४ जना मानिसहरु मात्रले ज्यान गुमाउँछन् । उनीहरुको पूर्वतयारी र चेतना अधिक हुन्छ ।

हामी कहाँ चाहिँ विपद् व्यवस्थापनको कुरालाई बल्ल विकासको आधार मानिदैछ । हो, यो विषयमा युवाले सोसल मिडिमा किन छलफल नगर्ने ? आफ्नो गाउँपालिका र नगरपालिका वा वडालाई विपद् जोखिम कम गर्न भइरहेका पहलबारे किन नसोध्ने ? विपद् उत्थानशील समुदाय निर्माणका लागि छुट्याइएको बजेट, तिनको खर्च र अनुगमनबारे किन जिज्ञासा नराख्ने ? विपद्का सामनाका लागि चाहिने जनशक्ति तयार छ छैन भनेर आजै फसेबुकमा पोष्ट किन नगर्ने ? भर्चुलरुपमा यति निरन्तर गरिरहनु पनि युवा सहभागिता नै मान्नुपर्छ । आवाजको शक्तिले सहभागिताको शक्तिलाई स्थापित गर्छ । विपद्लाई रोक्न सकिन्न तर त्यसको जोखिमलाई भने अवश्यक कम गर्न सकिन्छ । युवा सोसल मिडिया प्रयोगकर्ताहरुले आम मानिसहरुलाई जोखिमबारे सचेत पार्न आवश्यक पर्ने ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न प्रभावकारी भूमिका निर्वाह भने गर्न सक्छन् ।

अब के गर्ने तपाई सोसल मिडिया (फेसबुक) प्रयोगकर्ताकै जिम्मा ।

*(नेपान आजिवन सदस्य के सी संचार क्षेत्रमा क्रियाशील हुनुहुन्छ ।)*
*kc.shreeram@gmail.com*

# युवा, छातीमा हात राखेर भन - 'फस्ट वी नेप्लिज'



● पेशल आचार्य

**नेपालजस्तो बहुगुणले सम्पन्न माटो र हावापानी भएको देश संसारमा अन्त कहीँ छैन । नेपाली वीर जातिले इतिहास मात्र रचेनन् भविष्य पनि रच्न सक्छन् । अवसर पाएमा गरेर देखाउन सक्छन् भन्ने प्रमाण हजारौं छन् ।**

देश र जनता भन्नु सहयात्री हुन् । अझ सगोत्री हुन् । देशको भविष्य जनताको जस्तै हुन्छ र यो सँधै तरल हुने गर्छ । खासगरी अल्पविकसित देशको भविष्य दिन, महिना र वर्षमा तुलना गर्ने गरिन्छ ।

जसरी अहिले नेपालको भविष्यको गणना गर्ने गरिएको छ । नेपालले संविधान प्राप्ति गरी तीनै तहका चुनावहरू सम्पन्न गरेर आफ्नो ट्र्याकमा आइपुगेको छ र अब विकास र समृद्धिको यात्रातर्फ नेपाल नगई भएको छैन । हरेक देशका जीवनमा एक न एक पटक क्रान्ति कबोलने समय आउँदछ तर सधैँ क्रान्तिक्रान्ति भनेर ऊर्जाशील मानिस र अझ युवाहरूलाई भुल्याइरहन सकिन्नँ । अहिले हामी बाँचेको युगले हामीलाई क्रान्ति समापन पश्चात् देशको चौतर्फी विकासमा लाग्न निवेदन गरिरहेको अवस्था छ ।

अर्कोतर्फ देशबाट विदेशिएका दाजुभाइ र दिदी बहिनीहरूको एकल र सामूहिक प्रयासमा उद्योगधन्दा र कलकारखाना खुल्दै गरेका छन् । एनआरएनएका धनी र विवेकी नेपालीहरूको प्रशस्त पैसा आफ्नै देशमा खनिएका छन् । स्थायी शान्तिको प्रत्याभूति दिलाउन सकियो भने देशभित्र अनेकन प्रोजेक्टहरूमा अझै लगानी भित्रिने सम्भावना छन् । यीनै संभावनालाई मूर्तरूप दिने भनेको युवा नै हुन् ।

## अब युवाको समय

युवालाई हामीले तिनीहरूको सोच अनुसारको शिक्षा र सीपमा स्वतन्त्र र उत्फुल्ल रुपमा छोडिदिनु पर्छ । अबको समय भनेको युवाको हो । विश्व प्रसिद्ध राजनेता नेल्सन मण्डेलाले नै भनेका छन् -युवालाई काम बूढालाई आराम । हामीले यो भनाइको अनुशरण गर्न सक्नु पर्छ । केही अपवादलाई छाडेर नेपालमै पनि हेर्ने हो भने युवाहरू अघि बढिरहेको अवस्था छ । यो पक्कै पनि सुखद् नेपालको परिकल्पना हो । युवाहरूका सपनालाई घरपरिवार, समाज, स्कुल, कलेज र देशले नै हौसला प्रदान गरिरहनु पर्छ । तर धेरै युवा विदेशिएका छन् । त्यसैले युवा पलायन भएको देशमा कसले देश विकासको जिम्मा लिइदिने ? युवाहरू परदेशी भएका देशमा कसले आफ्नो रछ्यानको माटोको सुरक्षा गरिदिने ? दार्शनिक, कवि, लेखक, नेता र समग्र बौद्धिक व्यक्तित्वले युवालाई विभिन्न प्रतीकमा नमन गरेका छन् । मान सम्मान गरेका छन् । व्यवहारमा आईपुग्दा धेरै चुनौती छन् । युवाहरूका तर्फबाट पनि हामीले सोचेका खण्डमा उनीहरूको भविष्यका खातिर उनीहरूलाई नै निर्णय गर्ने वातावरण दिनु पर्छ । यस्ता कार्यहरू विकसित देशहरूमा झनै देखिएका छन् । उनीहरूको हामीले सिको गर्नु पर्छ । युवावयमा कतिपय देशका व्यक्तित्वहरू प्रधानमन्त्री बनेका छन् । अझ एककदम अघि बढेर भन्ने हो भने खेल जित्ने युवा, युद्ध गर्ने युवा, देश हाँक्ने युवा, राष्ट्रसेवा गर्ने युवा, साहित्य लेख्ने युवा । भनौं न जताजतै युवा । त्यसैले उनीहरूको भावनाको कदर हुनु पहिलो सर्त हो ।

## पलायनको बाढी

नेपालमा अहिले पलायनको बाढी आएको छ । पहिलो प्रतिभा पलायन, दोस्रो पूँजी पलायन र तेस्रो संस्कृति पलायन । यी तीनवटै वस्तु पलायन हुनु भनेको देशको भविष्य पनि पलायन हुनु हो । तरक्की र विकास अनिश्चित हुनु हो । यसमा युवाहरको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ । आधा करोड युवा विदेशमा हुनु अर्को ठूलो बाढी हो । जबसम्म उनीहरु आफ्नै माटोमा संभावना देख्दैनन् तबसम्म देशमा स्थायी शान्ति आउन सक्दैन ।

त्यसैले पढेलेखेका र भिजनेवल काबिल युवाहरू नयाँनयाँ पार्टी खोलेर जनताका सामु आउनु पर्‍यो । नयाँका नयाँ कुरा पुरानाले पनि सिक्ने गर्नु पर्‍यो । पुरानाले पनि नयाँ शैली थाल्नु पर्‍यो । पुराना र काम नलाग्ने काम र शैली क्रमशः छोड्दै जानु पर्‍यो । अबको नेपाली भनेको २०४६ सालपछि जन्मेको पुस्ता तन्नेरी भएको अवस्था विद्यमान् छ । युवालाई काम र बूढालाई आराम हुनु पर्‍यो । आइटी प्रविधिको भरमग्दुर प्रयोग र प्रचलन सबै क्षेत्रमा हुनु पर्‍यो । जवाफदेहितालाई सबैभन्दा पहिला राजनीतिमा स्थापित गर्नु पर्‍यो । यसमा युवाले नै भूमिका खेल्नु पर्‍यो ।

## विकासै विकासको सपना

देशमा पूर्वपश्चिम मेचीकाली छुने वैकल्पिक बाटाहरू हुनु पर्‍यो । उत्तरदक्षिण जोड्ने बाटाहरू पनि करिबकरिब पुराना अञ्चलकै



तस्विर सौजन्य : लोकान्तर

हाराहारीमा हुनु पर्‍यो। प्रदेश राजधानीलाई कम्तिमा सबै सुविधाले सम्पन्न मेघा सिटीका अवधारणामा लैजानु पर्‍यो। कम्तिमा अब राजधानी काठमाडौँमा, वीरगञ्जमा, विराटनगरमा र नेपालगञ्जमा मोनो, मेट्रो रेल र फ्लाई ओभरहरू हुनु पर्‍यो।

देशका दसबीस सहरमा कम्तिमा विकासका सबै आधुनिक पूर्वाधारहरू बनाइनु पर्‍यो। राजधानीमा भएको रिङर ोडलाई ६ लेनमा अद्यावधिक गर्दै दोस्रो रिङरोडको पनि अवधारणा मूर्त रुपमै ल्याउनु पर्‍यो। कागजमा विकास भएको जनताले धेरै देखिसके अब व्यवहारमै विकास देख्न पाउनु पर्‍यो। यी कार्यहरूका लागि काबिल युवाहरूलाई देशैभरिबाट विकासको मूल धारमा समेट्नु पर्‍यो। यसका लागि सबैभन्दा पहिला सबै राष्ट्रिय पार्टीहरूमा युवामैत्री नीतिनियमहरूको परिपालना हुनु पर्‍यो।

**आधा करोड युवा विदेशमा हुनु अर्को ठूलो बाढी हो। जबसम्म उनीहरू आफ्नै माटोमा संभावना देख्दैनन् तबसम्म देशमा स्थायी शान्ति आउन सक्दैन।**

देश भनेको सानोठूलो जोजहाँ भए पनि आफ्नो योगदानले बन्ने हो। स्वतःस्फूर्त रुपमा काम गर्ने वातावरणको विकास हुनु पर्‍यो। युनियनले हाकिमलाई र हाकिमले युनियनलाई काममा बिथोल्ने कुसंस्कारको अन्त्य हुनु पर्‍यो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'फस्ट वि अमेरिकन' भनेझैं हामी नेपालीले पनि देशभित्र जेजस्तो भए पनि ' फस्ट वि नेपलिज्' भन्ने नयाँ र असल संस्कारको विकास हुनु पर्‍यो अनि बन्छ नेपाल। नेपालीसँग पैसा नभएर नेपाल नबनेको होइन। संसार थर्काउने नेपालीले आफ्नो प्यारो घर नेपाल अवश्य बनाउने छन्। नेपाल बनेसँगै अनि मात्र बन्छन् -नेपाली।

### युवा बढ अघि

देशको भविष्य देशवासीले बनाउने हो। कम्तिमा यो कुरा अब युवाले बुझ्नु पर्‍यो। अब ऱ्याडिकल डेमोक्रेसीका कुरा गर्नु पर्छ। पाँच वर्षे सरकार चलाउने मेन्डेट लिएर आएको पार्टीलाई सरकार चलाउन निर्वाध रुपमा दिनु पर्छ। बाँकीले रचनात्मक प्रतिपक्षीको भूमिका खेल्नु पर्छ।

युवा ! बीसतीस हजारका लागि के विदेशी भरिया र परदेशका करिया बन्छौं। नेपालजस्तो बहुगुणले सम्पन्न माटो र हावापानी भएको देश संसारमा अन्त कहीँ छैन। नेपाली वीर जातिले इतिहास मात्र रचेनन् भविष्य पनि रच्न सक्छन्। अवसर पाएमा गरेर देखाउन सक्छन् भन्ने प्रमाण हजारौं छन्। अतः युवा तिमी छातीमा हात राखेर उच्च स्वरले भन -'फस्ट वी नेप्लिज।' अनि मात्र देशको विकासको गति एक, दुई, तीन गर्दै फाष्ट ट्र्याकमा अघि बढ्छ।

*(आचार्य रामेछापमा प्राध्यापन पेशामा हुनुहुन्छ र साहित्य सिर्जना पनि गर्नुहुन्छ।)*

इमेलः espeshal2023@gmail.com

दुवै हाम्रा कुरा रोजौं राम्रा कुरा

# देशजस्तै सडक पनि साझा हो



• भारद्वाज मित्र

**यो स्तम्भमा साना साना कुराहरू तर सामाजिक उन्नयनमा ठूलो महत्व राख्ने कुराहरूका बारेमा चर्चा गर्ने गर्दछौँ । ती साना कुराहरू जो हाम्रा व्यवहारमा, चलनचल्तीमा महत्वपूर्ण कुराहरूको लिष्टमा त पर्दछन् । अनि तिनै तल पारिएका कुराहरूलाई उठाउनु भनेको त्यत्ति महत्वको काम हैन भन्ने हाम्रो समाजको मानसिकता हुन्छ । तर हामी यहाँ त्यस्ता कम महत्वका कुरामा पनि हामीले गर्ने गरेका एकाथरि समाजका घातक कुरा र अर्काथरि सार्थक कुराको चर्चा सँगसँगै गर्ने हुनाले यस स्तम्भलाई दुवै हाम्रा कुरा रोजौं राम्रा कुराभन्ने गरिएको छ ।**

हामी देशलाई माया गर्ने कुरा गर्छौं । देश हाम्रो समाज, समाजमा रहेका समुदाय र भूगोलको समुच्च अभिव्यक्ति हो । त्यसैले देशलाई माया गर्ने हो भने यसका अङ्गहरूलाई पनि माया गर्नु पर्छ । नत्र त देशभक्तीका कुरा फोस्रो कुरा मात्र हुन्छ । सडक र सार्वजनिक ठाउँ भनेको मुलुकको महत्वपूर्ण अङ्ग हो । सबै अङ्ग सग्लो भए मात्र शरीर स्वस्थ हुन्छ ।

यो स्तम्भमा साना साना कुराहरू तर सामाजिक उन्नयनमा ठूलो महत्व राख्ने कुराहरूका बारेमा चर्चा गर्ने गर्दछौँ । ती साना कुराहरू जो हाम्रा व्यवहारमा, चलनचल्तीमा महत्वपूर्ण कुराहरूको लिष्टमा त पर्दछन् । अनि तिनै तल पारिएका कुराहरूलाई उठाउनु भनेको त्यत्ति महत्वको काम हैन भन्ने हाम्रो समाजको मानसिकता हुन्छ । तर हामी यहाँ त्यस्ता कम महत्वका कुरामा पनि हामीले गर्ने गरेका एकाथरि समाजका घातक कुरा र अर्काथरि सार्थक कुराको चर्चा सँगसँगै गर्ने हुनाले यस स्तम्भलाई दुवै हाम्रा कुरा रोजौं राम्रा कुराभन्ने गरिएको छ ।

### १. सडक, पेटीलाई माया गर्ने कुरा

हाम्रा सडकका पेटीहरू हिड्डुल गर्न उपयुक्त छैनन् । यस्तो नराम्रा कुरा हाम्रा कुरा भएका छन् । यी कुराहरूलाई आधार बनाएर सभ्य भनिएका सम्पन्न मुलुकका मानिसहरू हाम्रो हैसियत र अवस्थालाई लिएर नाक खुम्च्याउँछन् । हाम्रो यो अवस्था तेत्तिकै भएका हैनन् । हाम्रै समाजका ऐजेरुहरूले बनाएका हुन् । हामीमा व्यापक अज्ञानता छ । त्यसक्षेत्रका कर्मचारीहरूका लापरवाही छन् । ठेकेदारहरूका ठगी पनि छन् । ग्रामीणक्षेत्रमा बन्दै गरेका सडकहरू कुनै मापदण्डअनुकूल बनेका छैनन् । तर यस सानो आलेखमा यी सबै कुराको छिनोफानो गर्ने अभिप्रायः राखिएको छैन । यहाँ त केही साना साना सन्दर्भहरू, जो हामीले पालना गर्न सक्ने खालका छन् तिनीहरूका कुरा कोट्याउन मात्र खोजिएको छ ।

- आफ्नो अगाडिको सडक सफा गर्ने कुराको महत्व निकै छ । तर आजभोलि यो काम हाम्रो प्राथमिकतामा पर्न छाडेको छ । हामी हाम्रा घरका फोहरहरू पो कसैले नदेख्ने गरी सडकमा फ्याकी दिने गर्दछौँ । सडकमा फोहर पानी फ्याँकी दिन्छौं र कच्ची सडकहरूमा आफ्ना घर या खेत नजिकको भल बलेसी तर्काएर सडकमै लगाई दिन्छौं ।
- ठूला सडकहरू, राजमार्गहरूलाई सफासुग्गर गर्न हाम्रा क्षमताले नभ्याए पनि त्यसमा फोहर फाल्न पानी लगाई दिने जस्ता काम नगर्न त सक्छौं नी । पहिला पहिला हाम्रा पुर्खाहरूले सडकलाई माया गर्दथे । पहिला सडक थोरै मात्र थिए । बजारका सडकका छेउछेउमा भएका सडकलाई आँगन मान्ने र आँगनदेउको स्थापना गरेर दैनिक पूजा गर्ने चलन थियो । अब तरिका फेरिएला तर सडकलाई माया गर्ने हाम्रो पुरानो संस्कृतिलाई जोगाउने हो भने केही राम्रा कुराहरू सुरु गर्ने पर्छ । र, हामी गर्दै गरेका राम्रा कुराहरूलाई जोगाउनु पर्छ र त्यसलाई फैलाउनु पनि पर्छ ।
- कतिपयले सडकलाई माया नगरे पनि हामी केहीले त सडकलाई माया गर्ने गरेकै छौं । हामी आफ्ना घर नजिकका गल्ली, चोक या विद्यालयहरूका निकटवर्ति सडकहरूमा हिड्दै गर्दा कागजका टुक्राटुक्री, प्लाष्टिकका झोला, चक्लेटका खोलहरू टिपेर नजिकको डष्टविनमा या नजिकका पसलहरूमा राखिएका रद्दीका टोकरीहरूमा हाल्ने गरेका छौं । आफ्ना गल्ली, चोक या आँगनका छेउछाउमा उम्रिएका झार उखेलेर सफा पनि त गर्ने

गरेका छौँ । बालक्लव, युवाक्लव या आमा समूहकाका साथीहरू मिलेर शनिवार बिहानै हातमा कुच्चो र झोलाहरू लिएर आफ्ना गाउँ टोल, गल्ली, चोकको नियमित सफाई पनि गर्ने गरेका छौँ ।

- हामी शहर बजारका सडकमा हिड्दा पेटीमा हिडने अभ्यासलाई त्यत्ति ध्यान दिइरहेका हुन्नौं । मौका पाउनासाथ सडकमै हिड्न थाल्छौं । यसो हुनुमा हाम्रा पेटीहरू खुला र सहज नभएरै हो ।
- सडक पेटीमा माथि चर्चा गरेजस्ता अवरोधहरू हुने गर्दछन् । अब ती अवरोध हटाउँनेतिर हाम्रो ध्यान जानू पर्छ कि ? यहाँ राम्रा कुरा रोज्ने भन्नुको तात्पर्य त्यही नै हो ।

**हामीमा नागरिक सचेतना बढाऔँ, बेथितिका बिरूद्ध बोल्न थालौँ र आआफ्ना ठाउँबाट वाद प्रतिवाद अनि संवाद र प्रयोग थालौँ । सडक पनि हाम्रो देशकै अङ्ग हो । देशलाई साँचो माया गर्ने हो भने हाम्रो सडकलाई माया गरौँ ।**

- आफूले पेटीको अतिक्रमण नगरौं । अरुले पसलेहरूले सडक पेटीमा सामान राखेर, विज्ञापनमा बोर्डहरू राखेर या झुन्ड्याएर अनि फुटपाथ व्यापारीहरूले नाङ्लो, डालो, गाडा, साइकल या भूइँमै प्लाष्टिक ओच्छ्याएर सानातिना खुद्रा व्यापार गर्दै पनि सडक पेटीलाई अतिक्रमण गरिरहेका हुन्छन् । फुटपाथ व्यापारीहरूका नाङ्लो, डालो, गाडा, साइकल या भूइँका प्लाष्टिक पसलहरू हटाएता पनि घरवाला साहुजीहरूभैं नै राहु भएर पेटी अतिक्रमण गरिरहेका हुन्छन् । कतिपयले त तिनै नाङ्लो, डालो, गाडा, साइकल या भूइँमै प्लाष्टिक फैलाएर साना व्यापार गरिरहेका फुटपाथका व्यापारीहरूसँग गुप्तरुपमा पेटीको भेटी अर्थात् भाडा लिइरहेका हुने गर्दछन् ।
- सडकमा कुलो लगाई दिने, पानी बगाई दिने, भल तर्काएर सडकतिर लगाई दिने काम नराम्रो काम हो भन्ने कुरालाई आत्मसात गरेपछि ती ग्रामीण सडकमा पानी लागेको भए कुलो फर्काई दिने र भल तर्काइ दिने कुरा त राम्रो कुरा हो नी । त्यही काम पनि ढिलो हुन गएमा सडकमा चल्ने गाडीहरूले त्यसलाई जथाभावी छर्छन् । सानो तिनो पानीको स्रोतले पनि गाडीको लिकै लिक गएर सडकलाई धेरै नराम्रो गराउँछ । क्रमशः त्यहाँ खाल्टो ठूलो हुँदै गएर गाडीहरू चल्नै नसक्ने हुन्छ ।
- छतको पानीको पायप सडकमा नझर्ने कुरा पनि हामीले रोज्नु पर्ने राम्रा कुरामै पर्दछ । त्यस्तै सडकमा घरपालुवा गाई भैंसी नछाड्ने, चुरोटका ठूटा, चकलेटका कागज नफ्याँक्ने कुरा देख्दा सानो देखिए पनि यसको आफ्नै महत्व छ । सभ्य समाज निर्माणमा हामीले यस्ता कुरालाई ध्यान दिनै पर्दछ । पान, गुट्खा, सुर्ती खाएर सडकमा नथुक्ने, आफ्ना कुकुर डोऱ्याएर सडकमा दिसा, पिसाव नगराउने, गरिहालेमा पनि आफैँले सफासुग्गर गर्ने कुरा पनि अव हामी थाल्न हतार भइसकेको छ । विदेशतिर यो सामान्य प्रथाकै रुपमा रहेको पाइन्छ । सभ्य समाजका कुकुर डोहोऱ्याउने भलाद्मीहरूले पञ्जा र झोला बोकेकै हुन्छन् । अझ कतिपयले त स्प्रे बोतलमा पानी या केमिकलसहितको सफा गर्ने झोल पनि बोकेका पाइयो । जब आफ्नो कुकुरले सडकमा या पार्कमा आची गर्छ तव उनीहरू लाज घीन केही नमानी पञ्जा लगाएर आची सोहोरेर प्लास्टिकको झोलामा हाल्छन् र भूईंलाई स्प्रे गरेर अनि पुछेर पनि आफ्नो सामाजिक दायित्व पूरा गर्दछन् । राम्रो कुरा हामीले पनि किन अनुकरण नगर्ने ? यस्ता कामका लागि नगरपालिकाहरूले प्रोत्साहनमा केही पुरस्कार र समुचित दण्डको पनि व्यवस्था गर्न सक्दछौं ।

### २. भुस्याहा कुकुरका कुरा

हामी नै कुकुरलाई सडकमा छाडेर भुस्याहा कुकुर उत्पादनका कारक बनिरहेका छौं । कुकुरको छाउरा सानामा सुन्दर देखिन्छन् । हाम्रा बालबच्चाहरू त्यो देखेर लोभिन्छन् । हामी घरमा ल्याएर केही समयसम्म



त्यसलाई पाल्दछौँ पनि अनि केही पछि त्यसको दिसापिसाबको समुचित प्रबन्ध गर्न नसकेर खुवाउन, पियाउन र नुवाउन सफा गर्न नसकेर सडकमा छाडिदिन्छौँ ।

हाम्रा नगरपालिकाहरूले पनि त्यसको व्यवस्था गर्न सकेको पाइदैन । यदाकदा बिषको लड्डु खुवाएर मार्ने जस्तो क्रुर कर्म पनि गरेको पाइन्थ्यो । हालैका समुन्नत समाजमा पशुअधिकारका पनि कुरा चलिरहेको र समाजमा देख्दा पनि अशोभनीय लाग्ने हुँदा मार्ने कामको सट्टामा अब पोथी भुस्याहा कुकुरलाई बन्ध्याकरणको बन्दोवस्त हुनलागेको छ । यो पछिल्लो कुरा राम्रो हो । तर यो व्यवस्था पनि नियमित र व्यवस्थित हुन सकेको पाइँदैन । अब सबै पालिकाहरूले यसको निरन्तरतामा ध्यान पुऱ्याउन सके राम्रो ।

अत्यन्त नराम्रो कुरा : हाम्रो समाजमा खुल्ला दिसामुक्त सहर र गाउँका कुरा गरिरहेका छौँ । यो अभियानका करोडौँ रकम खर्चेर चर्को स्वरमा ढङ्का पिटाएका छौँ अनि सफलताका कथा लेखेका छौँ अनि रिपार्ट लेखेका छौँ । सहरबजारहरूमा चाहिँ कुकुरलाई आची गराएर त्यसैलाई झरीमा थिलिमिली पार्दै कुल्चिएर हिडेका छौँ । अनि सुख्खामा धुलो पारेर उडाएका छौँ । सहरीया भएर गजक्क परेका पनि छौँ । छ्या....... कति घिनलाग्दो कति लाजमर्दो । यसरी त्यो अभियानलाई लात मारेका छौँ अनि आप्नो हुर्मत मात्र फालेका छैनौँ समाज नै रोगी बनाएका छौँ ।

यही सन्दर्भमा अर्को राम्रो कुरा पनि छ । त्यो भनेको भुस्याहा कुकुरलाई स्वेच्छिकरुपमा व्यक्तिले जिम्मा लिएर घरपाला बनाउने । सडकमा अरु कुकुर नथपिने कुराको सुनिश्चितता गर्ने । यो कामलाई सामुदायिक अभियानका रुपमा चलाएर पनि यो समस्यालाई समाधान गर्न सकिन्छ । समुचित दण्ड र पुरस्कारको व्यवस्थागर्न पनि सकिन्छ । हाम्रो ध्यान त्यतातिर त्यो असल र मानवीय कर्मतिर गएको छैन । हाम्रो टोल, समुदाय अनि समाजको सुधार र सभ्यताका आरम्भ गर्न हामी त्यस्ता कामहरू पनि प्रारम्भ गर्न सक्छौँ । यो राम्रो कामको प्रशङ्ष यहाँ त्यत्तिकै ल्याएको नभई उदाहरणीय कामको थालनी गरिएको पाएर त्यसको अनुकरणको अपेक्षाले नै चर्चा गरिएको हो । मेरा श्रद्धेय मित्र प्रा.कपिल श्रेष्ठ र भाउजु मेनकाले यो सुकर्मको उदाहरण पेस गरेको पाएर म हौसिएको हुँ । उहाँहरूकहाँ सात आठ वटादेखि १०/१५ वटासम्म सडकका कुकुरहरूलाई पाल्ने अनि सफासुग्गर गरेको र राम्ररी खाना खुवाएर राखेको पाएको हुँ । यो काम उहाँहरूको जीवनको नियमित दिनचर्या नै बनेको र सहजमा चलेको देखेको छु ।

### ३. सडक पेटीहरू अपाङ्गमैत्री छैनन् र बालमैत्री पनि छैनन्

हाम्रा सडक पेटीहरू अपाङ्गमैत्री छैनन् र बालमैत्री पनि छैनन् । त्यसलाई युगानुकूल सबै ठाउँहरूमा ह्वीलचियरको सहज सञ्चालन हुने अपाङ्गमैत्री बनाउनु र बालबालिकालाई ढुककसँग पेटीमा छाडिदिन सकिने प्रकारको बालमैत्री बनाउनु पर्छ भन्ने मान्यता क्रमशः समाजमा स्थापित हुँदै छ । तै पनि पनि व्यवहारमा त्यस्तो हुन सकेको छैन । सरकारको जिम्मा भनेको त्यस्तो नीति बनाउँने र त्यसलाई कार्यान्वयन गर्ने हो । तर अत्यावश्यक र संसारले मानेको संयुक्त राष्ट्रसंघीय अपाङ्गतासम्बन्धी महासन्धिले प्रत्याभूत गरेका र दीगो विकास लक्षमा समेटिएका मापदण्ड अनि प्रतिबद्धतालाई हाम्रोमा राम्ररी अनुशरण गरेको र पालना गरेको पाइदैन । कतिपय ठाउँमा पेटीहरू नै छैनन् भने भएका ठाउँमा पनि कतिपय घरहरूले घचेटेर साँगुऱ्याएका छन् । कतिपय ठाउँमा ठूलाबडा, पावरवाला या घूस खुवाएर आफ्नो घर, पर्खालगायतका संरचना जोगाउने बलिया र स्वार्थीहरूले पेटी पूरै खाई दिएका पनि छन् । कतिपय स्थानमा बिजुलीका खम्बाले नै पेटी खाएका छन् । त्यस्ता ठाउँमा ह्विलचियर त के मान्छे पनि छिर्न नसक्ने अवस्था छ ।

### उपसंहार

अब माथि चर्चा गरिएका मापदण्डको पूर्ण पालना गर्ने बन्दोवस्त गरेर हामीले राम्रो कामको थालनी गर्न ढिला भइसकेको छ । हामीमा नागरिक सचेतना बढाऔँ, बेथितिका बिरुद्ध बोल्न थालौँ र आआफ्ना ठाउँबाट वाद प्रतिवाद अनि संवाद र प्रयोग थालौँ । सडक पनि हाम्रो देशकै अङ्ग हो । देशलाई साँचो माया गर्ने हो भने हाम्रो सडकलाई माया गरौँ ।

यो सानो आलेखमा चर्चा गरिएका कुराहरू मात्र हैन हाम्रा समाजमा नराम्रा र राम्रा दुवै कुराहरू छन् ।ती कुरा हाम्रा जनजीवनमा यो भन्दा अनेकानेक छन् । ती कुराहरूको विवेचना क्रमशः हुँदै जानेछन् । साना साना कुराहरू पनि ठूला विकासका अङ्ग हुन् भन्ने मानकको स्थापनार्थ पनि यो प्रयत्न गरिएको हो । आजलाई यत्ति ।

*(साहित्यकार मित्र मानवअधिकारकर्मी हुनुहुन्छ ।)*


**सहभागिता**

**को ५३ औं अङ्क्का लागि 'जनमत' प्रश्न**

**"सहभागीमूलक र समावेशी विकास प्रक्रिया प्रवर्द्धनमा आधुनिक सूचना प्रविधिको प्रभावकारी प्रयोग कसरी गर्न सकिएला ?"**

(कृपया ५० शब्दभित्रै सीमित रही आफ्नो विचार प्रकट गरिदिनुहोला)
प्राप्त हुनुपर्ने अन्तिम मिति : २०७५ मंसिर मसान्त ।

**- सहभागिता त्रैमासिक,**
nepan@nepan.org.np

# नेपानको २३औं कार्यकारिणी समितिको चिनारी



**चेतनाथ कणेल, अध्यक्ष**

सन् १९९७ देखि नेपानको सदस्य रहनुभएका कणेल सन् २००० देखि आजीवन सदस्य बन्नुभएको हो। सन् १९९९ डिसेम्बरदेखि सन् २००२ को अप्रिलसम्म करिब सवा दुई वर्ष उहाँले नेपानको संयोजक भएर सेवा गर्नुभयो। सदस्य भएदेखि नै उहाँले नेपानको प्रकाशन समितिमा अविच्छिन्न रूपमा र बेलाबेलामा कार्यकारिणी सदस्यको रूपमा योगदान गर्दै आउनुभएको छ। सहभागीमूलक विकास पद्धति, गरीबमुखी ग्रामीण पर्यटन तथा सहभागीमैत्री तालिम व्यवस्थापनमा उहाँ विशेष दखल राख्नुहुन्छ र ती विषयमा अध्ययन, स्थलगत अभ्यास, लेखन तथा तालिम पनि प्रदान गरेको करीब ३० वर्षको अनुभव छ। स्रोत व्यवस्थापन विषयमा बेलायतको एडिनबरा विश्वविद्यालयबाट तथा जनप्रशासन विषयमा त्रि.वि.वि.बाट गरी दुई विषयमा स्नातकोत्तर गर्नुभएका कणेलले सन् २०१४ देखि काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययन (विपन्नमैत्री पर्यटन विकास) विषयमा पिएचडी गर्दै हुनुहुन्छ। विकास, शिक्षा र पर्यटनसम्बन्धी उहाँका सयौं लेखरचना तथा केही पुस्तकहरू पनि प्रकाशित छन्। नेपाल सरकार, ओडीएरडी.एफ्.आई.डी. (पाखीबास), यूएनडीपी, एक्सन एड नेपाल, एसियाली विकास बैंक जस्ता विभिन्न संस्थामा लामो समय काम गर्नुका अतिरिक्त अन्तर्राष्ट्रिय परामर्शदाताको रूपमा भियतनाम सरकारका लागि पनि उहाँले विशेषज्ञ सेवा प्रदान गर्नुभएको छ। सहभागिताका प्रधान सम्पादक समेत रहनुभएका कणेल नेपाली तथा अङ्ग्रेजी दस्तावेज सम्पादन गर्ने विशेष दखल राख्नुहुन्छ। गुल्मीका कणेल हाल बुद्धनगर बस्नुहुन्छ।

**उत्तम उप्रेती, पदेन सदस्य, पूर्व अध्यक्ष**



नेपानसँग सन् २००१ देखि आबद्ध भई सन् २०१० मा नेपानको आजीवन सदस्य बन्नु भएका उप्रेती यस संस्थाका पदेन सदस्य हुनुहुन्छ। यो कार्यकाल अघि दुईपटक नेपान कार्यसमिति सदस्य र अध्यक्षका हैसियतले एक कार्यकाल योगदान गर्नुभएका उप्रेतीले नेपानका विभिन्न उपसमितिहरूमा योगदान पुर्याउँदै आउनुभएको छ। हाल अमेरिकी सहयोग नियोगको अनुगमन, मूल्याङ्कन तथा सीकाई परियोजनामा सीकाई तथा क्षमता विकास बिशेषज्ञका हैसियतमा कार्यरत उहाँसँग नागरिक समाजका संस्थाहरूको क्षमता अभिवृद्धि सम्बन्धी २७ वर्षको अनुभव छ। यसै सन्दर्भमा नेपाल लगायत दक्षिण, पूर्व एशिया र अफ्रिकाका गैरसरकारी तथा सरकारी कर्मचारीहरूलाई परियोजना चक्र व्यवस्थापनका विविध चरणसँग सम्बन्धित तालिमहरू पनि उहाँले प्रदान गर्नु भएको छ। त्रिभुव विश्वविद्यालयबाट तथ्याङ्कशास्त्रमा एम.एस्सी. तथा समाजशास्त्र र मानवशास्त्रमा स्नातकोत्तरसम्म अध्ययन गर्नुभएका उप्रेती हाल काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययनमा विद्यावारिधी गरिरहनु भएको छ। उप्रेती काठमाडौको बानेश्वर निवासी हुनुहुन्छ।

**फटिक थापा, पदेन सचिव, कार्यकारी निर्देशक**



सन् २००१ देखि नेपानसँग आबद्ध थापा २३ जुलाई २००८ देखि नेपान सचिवालयका कार्यकारी निर्देशकका रुपमा कार्यरत हुनुहुन्छ। पूर्वाञ्चल विश्वविद्यालयबाट 'रिजनल डेभ्लपमेन्ट प्लानिङ एन्ड डेभ्लपमेन्ट' विषयमा स्नातकोत्तर गर्नुभएका थापाले गुल्मी जिल्लाबाट सन् १९९९ मा प्रतिनिधिसभामा सांसदको रुपमा एक कार्यकाल प्रतिनिधित्व गर्नुभएको छ। सामाजिक विज्ञानको क्षेत्रमा विशेष रुची राख्ने थापाले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी तथा सम्मेलनमा भाग लिनुभएको छ। हाल उहाँ ललितपुर महालक्ष्मीस्थान बस्नुहुन्छ।



**तेज बहादुर सुनार, कोषाध्यक्ष**

सन् २००७ देखि नेपानसँग आबद्ध रहँदै आउनुभएको सुनार हाल सेन्टर फर दलित बुमन्स् इन नेपाल भन्ने संस्थाको लागि क्षमता विकास विज्ञका रुपमा काम गर्नुभएको थियो। उहाँले संयुक्तराष्ट्र सङघिय विकास कार्यक्रम (युएनडिपि) को कानुनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रममा लैंगिक तथा सामाजिक समवेशीकरण विज्ञको रूपमा समेत काम गर्नुभएको छ। समाजशास्त्रमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गर्नुभएका सुनारल जाइका, लुथरन वर्ल्ड फेडरेसन, दलित गैरसरकारी संस्था महासङ्घ, स्पेस, उत्पीडित समुदाय उत्थान केन्द्र लगायतका निकायहरूमा झन्डै २० वर्ष काम गरिसकेको अनुभव छ। परियोजना व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण, स्थानिय शासन, सामुदायिक एवं संस्थागत विकास तथा व्यवस्थापन, सशक्तिकरण तथा पैरवी, अध्ययन एवं अनुसन्धान र नीतिगत सुधारका क्षेत्रमा उहाँमा विशेष दक्षता छ। अर्घाखाँचीका सुनार हाल काठमाडौं किर्तिपुर बस्नुहुन्छ।



**डा. अनोज क्षेत्री, सदस्य**

डा.क्षेत्री २५ बर्षदेखि राष्ट्रिय तथा अन्तर ष्ट्रिय सङघसंस्थाहरू, सरकारी तथा शैक्षिक क्षेत्रमा संलग्न हुनुहुन्छ। उहाँले जीविकोपार्जन, खाद्यसुरक्षा र कृषि क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिद्वारा नतिजामुखी परियोजना चक्र व्यवस्थपन विषयमा विशेषज्ञाता हासिल गर्नुभएको छ। नेपालबाट कृषि विषयमा स्नातक तह, बेलायतबाट कृषि सूचना व्यवस्थापन विषयमा स्नातकोत्तर तह पूरा गरी आइ सि टि इन एग्रिकल्चर म्यानेजमेन्ट विषयमा विद्यावारिधी गर्नुभएका क्षेत्रीको जीविकोपार्जन ढाँचा, समावेशी आर्थिक वृद्धि, विपद् व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित अनुभवहरूलाई प्रभावशाली तथा अन्तदृष्टिपूर्ण ढंगले प्रस्तुत गर्न सक्ने क्षमता छ। क्षेत्रीले नेपाल, पाकिस्तान, भारत, बेलायत तथा थाइल्याण्डमा काम गरिसक्नु भएको छ। सन् १९९५ मा नेपानका सदस्य बन्नु भएको क्षेत्रीले नेपानको पार्टीसिपेसन अंग्रेजी जर्नलको प्रकाशनका लागि सम्पादन कार्यमा विशेष योगदान गर्दै आउनु भएको छ। रुपन्देहीका क्षेत्री हाल काठमाडौं मच्छेगाउँ बस्नुहुन्छ।



**अश्विन पुडासैनी, सदस्य**

सन् १९९७ देखि नेपानसँग जोडिनु भएका पुडासैनी नेपानका आजिवन सदस्य हुनुहुन्छ। उहाँले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापनमा एम.बि.ए., राजनीतिशास्त्रमा एम.ए. र काठमाण्डौं विश्वविद्यालय स्कुलअफ एजुकेशनबाट एमफिल सम्मको अध्ययन गर्नुभएको छ। विभिन्न विश्वविद्यालयहरूमा भिजिटिङ्ग फ्याक्ल्टीको रुपमा व्यवस्थान विषय अध्यापन गर्दै आउनुभएका पुडासैनीले परराष्ट्रमन्त्रीको सल्लाहकारको रुपमा समेत काम गर्नु भएको छ। विगतमा लामो समय पत्रकारीतामा समेत संलग्न पुडासैनी हाल साप्ताहिक रुपमा बत्तीमुनी उज्यालो www.sadrishya.com का लागि लेख्नुहुन्छ। सहभागितामुलक तालिम तथा अनुसन्धानमा संलग्न रहदै आउनुभएका पुडासैनी हाल नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, तालिम तथा विकास विभागमा म्यानेजरको रुपमा कार्यरत हुनुहुन्छ। नुवाकोटका पुडासैनी हाल गोंगुव बस्नुहुन्छ।



**श्रीराम के.सी., सदस्य**

सन् २००२ देखि नेपानमा कर्मचारीका रुपमा आवद्ध केसीले त्रिभूवन विश्वविद्यालयबाट आम संचार र पत्रकारितामा स्नातकोत्तर, पोखरा विश्वविद्यालयबाट अग्रेजीमा एमफिल र नर्वेको ओस्लो विश्वविद्यालयमा मिडिया अध्ययन गर्नु भएको छ । के.सी हाल प्लान इन्टरनेशनल नेपालमा संचार प्रवन्धकका रुपमा कार्यरत हुनुहुन्छ । यसअघि नेपानमै प्रकाशन तथा संचार अधिकृत भई करिव दुई वर्ष काम गर्नु भएका केसीले जनधारणा साप्ताहिक, राजधानी दैनिक, स्वावलम्बन विकास केन्द्रमा काम गर्नु भएको छ । विकासका विषयमा लेख्न रुचाउने केसीका कयौ सामग्रीहरू प्रकाशित एवं सम्पादित छन् । श्रव्यदृष्य सामग्री उत्पादन, पैरवी तथा विकास अभियान, सामुदायिक विकास, जनसम्पर्क तथा संचारका क्षेत्रमा क्रियाशील केसी नेपानका आजिवन सदस्य हुनुहुन्छ । काठमाडौं फुटुङ्ग निवासी केसी स्थानीय विकासका काममा पनि सक्रिय हुनुहुन्छ ।



**रुपा मुनाकर्मी, सदस्य**

सन् २०१४ देखि नेपानसँग आवद्ध मुनाकर्मीसँग १० वर्षसम्म सामुदायिक विद्यालयको अंग्रेजी शिक्षिका, खेलकूद तथा अतिरिक्त क्रियाकलापको प्रशिक्षक भइ काम गरेको अनुभव छ । साथै, नयाँ गोरेटो नामक सामाजिक सँस्थामा ५ वर्षको आवद्धतापछि उहाँले सन् २०१५ मा काठमाडौं विश्वविद्यालयबाट नै दर्शनाचार्यको उपाधि प्राप्त गर्नुभएको छ । मुनाकर्मी गुणस्तरीय शिक्षा, शान्ति सँस्कारको विकास, लैङ्गिक समानता, छाउपडी प्रथा तथा विद्यालय सुशासन विषयमा १० भन्दा बढी अध्ययन तथा मूल्याङ्कन कार्यमा सम्लग्न हुनुभएको छ । जीलू:निभा बाल सरोकार केन्द्र, रोटरी तथा नेल्टाजस्ता सँस्थाहरूमा समेत आवद्ध उहाँ हाल काठमाडौं विश्वविद्यालयबाट डेनिश फेलोसिपमा शिक्षकको पेशागत सदाचारिताको बिषयमा विद्यावारिधि गर्दै हुनुहुन्छ । मनाकर्मी काभ्रेपलान्चोकको बनेपा बस्नुहुन्छ ।



**डा. सञ्जु कोइराला, सदस्य**

२०६६ सालदेखि नेपानसँग आबद्ध डा.कोइरालाले युनिभर्सिटी अफ ओट्यागो, न्यूजिल्यान्डबाट मानव भूगोलमा विद्यावारिधि हासिल गर्नुभएको छ । डा. कोइरालाले विगत १० वर्षदेखि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग आबद्ध भएर युवा सशक्तिकरण, शिक्षा, गरिबी निवारण, प्राकृतिक प्रकोप र स्रोत व्यवस्थापनका क्षेत्रमा काम गर्नुभएको छ । उहाँले एलायन्स फर सोसल डायलग, कारितास नेपाल, नेपाल इन्स्टिच्यूट अफ डेभलपमेन्ट स्टडिज, यूएनडीपी/माइक्रो इन्टरपाइजेज डेभलपमेन्ट प्रोगाम जस्ता परियोजनाहरूमा काम गर्नुभएको छ । उहाँले सोसल साइन्समा अनुसन्धानकर्ताको रूपमा समेत काम गर्नुभएको छ । हाल उहाँ पोलिसी इन्टरप्रेनियर्स इन्करपोरेटेगमा बरिष्ठ कार्यक्रम अधिकृत हुनुहुन्छ । डा.कोइरालाको स्थायी घर गैरापाटन कास्की हो, हाल उहाँ हाल ललितपुर इमाडोलमा बस्नुहुन्छ ।



**रुपा बस्नेत, सदस्य**

२०६९ सालदेखि नेपानसँग आबद्ध बस्नेतले त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजी र जेन्डर स्टडिजमा स्नातकोत्तर र सिचुवान युनिभरसिटी चीनबाट अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा पोष्टग्रयाच्यूएट गर्नु भएको छ । बस्नेत हाल अध्ययन एवं अनुसन्धानमूलक कार्यहरूमा संलग्न हुनुहुन्छ । रुपान्तरण नेपालको वहुसरोकारवाला वन कार्यक्रममा लैंगिक तथा सामाजिक समावेशीकरण संयोजकको रुपमा साढे दुई वर्ष कार्यरत बस्नेतसँग विकासको विभिन्न क्षेत्रमा सात वर्ष काम गरेको अनुभव छ । सिन्धुपाल्चोककी बस्नेत हाल अनामनगर बस्नुहुन्छ ।



**केशव प्रसाद नेपाल, सदस्य**

सन् २००१ देखि नेपानसँग आबद्ध नेपालले भारतको मुम्बईबाट बीएचएम र बीकमसम्मको अध्ययन गर्नु भएको छ । उहाँले गैसस जिल्ला शाखा काभ्रेमा एक कार्यकाल सदस्यभई काम गर्नु भइसकेको छ । साथै, उहाँ विभिन्न गैसस र सहकारीहरूमा आबद्ध हुनुहुन्छ र सहभागीमूलक विकास पद्धतिबारे पैरवी गर्दै आउनु भएको छ । सहभागीमूलक अनुगमन तथा मूल्यांकन, अधिकारमा आधारित विकास, लैंगिक समानताका क्षेत्रमा उहाँ दखल राख्नुहुन्छ । नेपाल काभ्रेपलान्चोक चन्देनी मण्डन निवासी हुनुहुन्छ ।



**कृष्ण सुवेदी, सदस्य**

सन् २००१ मा नेपानको सदस्य बन्नु भएका सुवेदी समाजशास्त्रमा स्नातकोत्तर हुनुहुन्छ । मानवअधिकार अभियन्ताका रुपमा परिचित सुवेदी, भारद्वाज मित्रका नामले साहित्यिक वृत्तमा पनि परिचित हुनुहुन्छ । उहाँ बालअधिकार र शिक्षाका क्षेत्रमा त्यत्तिकै क्रियाशील हुनुहुन्छ । उहाँसँग समाजसेवाका क्षेत्रमा अनवरत क्रियाशील रहेको चार दशकभन्दा लामो अनुभव छ । सामाजिक विकास, शिक्षा र बालअधिकारसम्बन्धी उहाँका धेरै लेख प्रकाशित छन् । उहाँका बाल गीत तथा कविताका केही पुस्तक प्रकाशित छन् । उहाँ झुल्का बालमैत्री पत्रिकाको प्रकाशक र प्रधान सम्पादक पनि हुनुहुन्छ । बालअधिकार अभियन्ताका रुपमा चाइल्ड नेपालको स्थापना र सञ्चालनमा अगुवाई गरिरहनु भएका सुवेदीले सन् २०१४ को मानवअधिकार महाभेलाको राष्ट्रिय संयोजक भएर काम गर्नुभएको छ । बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) का अध्यक्षका रुपमा पनि उहाँको योगदान अविश्मरणीय छ । संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा नेपालका बालबालिकाको स्थिति प्रतिवेदन पठाउने र जेनेभास्थित सो समितिसमक्ष नेपाली बालबालिकाका अधिकारको संरक्षण र उन्नयनका लागि गरिने पैरवी अभियानमा पनि उहाँ २००८ देखि निरन्तर क्रियाशील हुनुहुन्छ । अन्तर्राष्ट्रिय परामर्शदाताको रूपमा बेलायती संस्था सिडबलूएस युकेका लागि पनि उहाँले डेड दशक लामो विशेषज्ञ सेवा प्रदान गर्नुभएको थियो । सिन्धुपाल्चोकका सुवेदी हाल बुढानीलकण्ठमा बस्नुहुन्छ ।



**नन्दलाल माझी, सदस्य**

२०६७ देखि नेपानसँग आबद्ध माझीले समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ । गएको २५ वर्षदेखि उहाँ सामुदायिक विकास, कृषि तथा वन, सामुदायिक वन, युवाक्लब परिचालन, महिला समूह परिचालन, स्वरोजगार आदि क्षेत्रमा क्रियाशील हुनुहुन्छ । अन्तर ाष्ट्रिय संस्था विश्व शिक्षामा १६ वर्ष कार्यगर्नुभएका माझी हाल आईडियस नेपालको सासेक रोड कनेक्टीभिटी परियोजनामा जैविक विविधता संरक्षण विशेषज्ञका रुपमा कार्यरत हुनुहुन्छ । सुनसरी जिल्ला, दुहवीका माझी हाल काठमाडौं बस्नुहुन्छ ।



**पदमा शाक्य, सदस्य**

सन् २०१३ मा नेपानको सदस्य बन्नुभएकी शाक्यले समाजशस्त्रमा स्नातकोत्तर गर्नुभएको छ । काठमाडौं तालिम केन्द्रमा गएको १६ वर्षदेखि कार्यरत हाल उहाँ सो केन्द्रकी तालिम संयोजक हुनुहुन्छ । सामाजिक परिचालनबारे प्रशिक्षण दिने, युवाहरूलाई सीपयुक्त तथा क्षमतावान बनाएर सामाजिक परिचालनको माध्यमबाट सामुदायिक विकासको क्षेत्रमा योगदान पुर्‍याउदै आउनु भएको छ । साथै सामाजिक परिचालन, सामुदायिक विकास, नेतृत्व सीप विकास, सहजीकरण सीप तथा प्रशिक्षक प्रशिक्षण तालिमको क्षेत्रमा गैरसरकारी संघसंस्थाका सदस्यहरूलाई छोटो अवधिको तालिमहरू प्रदान गर्नुको साथै तालिम निर्देशिका तथा स्रोत पुस्तिका निर्माणको कार्यहरूसमेत गर्नुभएको छ । ओखल्दुङ्गाकी शाक्य हाल ललितपुर इमाडोल बस्नुहुन्छ ।

# युवा सहभागिताका लागि नागरिक समाजमैत्री कानूनी वातावरणको अपरिहार्यता



• उत्तम उप्रेती

**प्रजातन्त्रको बैधता नै नागरिकहरूको सक्रिय सहभागितामा निर्भर हुन्छ किनकि प्रजातन्त्र भनकै कुनै ब्यक्ति विशेषलाई सबै समस्याको समाधानबारे जानकारी हुँदैन र फरक फरक विचारका बीचबाटनै उपयुक्त नीति निर्माण गर्न सकिन्छ भन्ने मान्यतामा आधारित हुन्छ ।**

### युवा सहभागिताका पक्षहरू

युवा सहभागिता सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिकलगायत विकासका हरेक दृष्टिकोणबाट महत्वपूर्ण ठानिएको बिषय हो र हरेक नीति तथा कार्यक्रमहरूमा यस बिषयलाई प्राथमिकताका साथ उठाइएको पाइन्छ । युवा सहभागितालाई एउटा प्रजातान्त्रिक समाजको अनिवार्य पक्षका रुपमा समेत बुझिन्छ । समाज आर्थिक, शैक्षिक, एवं समावेशीताका दृष्टिकोणले सुदृढ हुँदै जाँदा सार्वजनिक चासोका नीतिगत र राजनैतिक प्रकृतिका बहस तथा अन्य प्रक्रियाहरूमा युवा सहभागिता पनि बढ्दै जाने अपेक्षा गरिन्छ । युवा सहभागिताको मूल मर्म भनेको आजसम्मको प्रजातान्त्रिक प्रक्रियामा भाग नलिइरहेकाहरूको संख्यात्मक उपस्थिति बढाउनु मात्र हैन, यो त प्रजातान्त्रिक प्रणालिको दीगोपनासँग प्रत्यक्ष जोडिएको प्रश्नसमेत हो ।

केही विकशित मूलकहरूमा युवा सहभागिताको घट्दो क्रमका कारण कतै प्रजातान्त्रिक प्रणालीले नै संकट ब्यहोर्नु पर्ने त होइन भन्ने समेत चर्चा शुरु भैसकेको छ । युवाहरूको न्यून सहभागिताको सन्दर्भमा राजनैतिक सहभागिताको प्रकृति तथा गुणस्तर एउटा पक्ष हो भने संरचनागत तथा स्वेच्छिक रुपमा हुने सामाजिक, आर्थिक तथा राजनैतिक बहिष्करण अर्को पक्ष हो ।

सहभागिताका बहुआयामिक फाइदाहरू छन । सार्वजनिक जीवनमा संलग्न कुनै पनि ब्यक्तिका लागि उसको सहभागिता आफैमा एउटा शिक्षाको अवसर पनि हो जहाँ उस्ले संचार सीप, नेतृत्व कला र समस्या समाधानका सीपहरू समेत सिक्न सक्छ । यसका अलावा उसको सहभागिता समाजको बृहत्तर हितका दृष्टिले समेत महत्वपूर्ण छ । प्रजातन्त्रको बैधता नै नागरिकहरूको सक्रिय सहभागितामा निर्भर हुन्छ किनकि प्रजातन्त्र भनकै कुनै ब्यक्ति विशेषलाई सबै समस्याको समाधानबारे जानकारी हुँदैन र फरक फरक विचारका बीचबाटनै उपयुक्त नीति निर्माण गर्न सकिन्छ भन्ने मान्यतामा आधारित हुन्छ । यस्का अलावा कस्तो ब्यक्ति वा समूहको सहभागिता हुन्छ भन्ने कुराले निर्णय प्रक्रिया र नीति निर्माणमा प्रत्यक्ष प्रभाव पर्दछ । युवा सहभागिताले उनीहरूलाई नागरिक हुनुको बोध दिलाउँछ भने नीति निर्माण प्रक्रियालाई सबै नागरिकहरूका निम्ति पारदर्शी बनाउनुका साथै विशेषतः युवाहरू प्रति उत्तरदायी बनाउन ठूलो भूमिका खेल्छ । युवा भन्नाले 'युवा' शब्दसँग जोडिएर आउने एउटा निश्चित उमेर समूहका ब्यक्तिहरूको छविलाई मात्र नभएर मनोसामाजिक, आर्थिक(राजनैतिक, तथा शैक्षिक दृष्टिकोणबाट बिबिधतायुक्त एउटा सामाजिक समूहका रुपमा बुझ्नु जरुरी छ । एउटा दृष्टिकोणबाट हेर्दा उनिहरू केवल उमेर समूहका प्रतिनिधि पात्र देखिन्छन भने अर्को दृष्टिकोणबाट उनिहरूको कार्यप्रकृति (functional) वा अवस्थागत (situational) पक्षहरू पनि उत्तिकै महत्वपूर्ण प्रतित हुन्छन् ।

युवा अवस्था आफ्नो परिचय निर्माणको समय हो । नागरिक समाजका बिभिन्न कार्यक्रमहरूमा हुने युवा सहभागिताले उनीहरूको परिचय निर्माणमा तीन किसिमले सहयोग पुर्‍याउँछ । सर्वप्रथम, यसले उनीहरूमा रचनात्मक र उत्पादनमूलक काम गर्न सक्ने आफ्नो क्षमतामाथि बिश्वास दिलाउँछ । यसैगरी, सामाजिक अन्तरसम्बन्ध तथा त्यो सम्बन्धमा उनिहरूको स्थानबारे अनुभूति गर्न सहयोग गर्दछ । यस बाहेक मूल्य मान्यताका दृष्टिकोणबाट राजनैतिक चेतनासमेत बढाउन सहयोग गर्दछ ।

सामान्यतया सहभागितालाई चार किसिमले हेर्न सकिन्छः समूहमा आवद्धता, स्वयमसेवी काम, राजनैतिक चुनावी प्रक्रियामा भाग लिनु, तथा राजनीतिमा लाग्नु । समाज परिवर्तनका लागि आवश्यक विचार निर्माण तथा त्यो परिवर्तनतर्फ लक्षित काममा हुने राजनैतिक तथा नीतिगत सवालहरूमा हुने युवा सहभागिता मूलतः चार प्रकारका हुन सक्छन :

- प्रतिनिधिमुलक प्रजातान्त्रिक प्रक्रियामा सहभागिता
- सहभागितामुलक संरचनामा संलग्नता
- सार्वजनिक छलफलमा सहभागिता
- प्रजातन्त्रका विषयमा चासो ब्यक्त गर्ने तथा सिक्ने

## नागरिक समाजः सहभागिताको आधारस्तम्भ


नागरिक संगठनहरूको गठन तथा संचालन कसरी हुन्छ भन्ने ज्ञान नै प्रजातन्त्रका अन्य आयामहरूको सफलताको लागि महत्वपूर्ण पक्ष भएकाले कुनै पनि प्रजातान्त्रिक समाजमा नागरिक संगठनहरूको भूमिका अपरिहार्य हुन्छ । सार्वजनिक चासोका बिषयहरूसम्बन्धी समस्याहरूलाई समाधान गर्न प्रत्यक्ष भूमिका खेल्छन् नागरिक समाजका संस्थाहरूले । नागरिक समाजको यो भन्दा महत्वपूर्ण भूमिका भनेको व्यक्तिहरूलाई सहभागी हुने, सहकार्य गर्ने, र त्यही दौरानमा प्रजातन्त्रलाई मजबुत बनाउन सक्षम नागरिक बन्न सघाउनुमा छ ।

समाजशास्त्री तथा राजनीतिशास्त्री तकभिलेका अनुसार नागरिक संगठनहरूले व्यक्तिहरूलाई आफ्नो अस्तित्वको सीमित दायरा र चाहनाबाट बाहिर आउने सामर्थ्य विकास गर्न मद्दत गर्दछ । उनका अनुसार मानिसहरूका एक अर्काप्रतिको पारस्परिक प्रभावका कारणले गर्दानै 'विचार तथा धारणाहरूको नविकरण, हृदयको विस्तार तथा मस्तिष्कको विकास' हुन्छ ।

स्थानीयस्तरमा क्रियाशील स्वेच्छिक संस्थाहरूले नै एक अर्काप्रतिको चिनजान र बिश्वासको उपयोग गर्दै व्यक्तिगत धारणाहरूको विस्तार र नागरिक सीपको विकास गर्न प्रभावकारी भूमिका खेल्छन् । नागरिक संस्थाहरूको अभावमा आफ्ना ससाना समस्याहरू समाधानका लागि समेत उनीहरू राज्य माथि निर्भर रहनु पर्ने हुन्छ । यस्ले गर्दा झन नागरिक संस्थाहरूको भुमिकाप्रति उनीहरू कम जानकार हुने दुश्चक्रको सृजना हुन्छ ।

'नागरिक समाजका लागि आवश्यक खुला वातावरण खुम्चँदै गएको' विषयमा हुने सबै छलफलमा प्रयोग हुने अधिकांश शब्दहरू आज भन्दा करिब दुइ दशक अघिसम्म प्रचलनमा नै थिएनन तर हाल यी शब्दहरू विश्वब्यापी बनेका छन् । यसको अर्थ, 'खुम्चँदै गएको नागरिक मैत्री वातावरण' एउटा मात्र देशको चासोको विषय होइन ।

**सहभागिता एउटा ब्यापक दुरूपयोग भएको शब्द भएको छ । यसो हुनुमा सहभागिताका नाममा यस्को यान्त्रिक प्रयोग हुनु पनि हो ।**




## अर्थपूर्ण सहभागिताः आजको आवश्यकता

सहभागिता एउटा ब्यापक दुरुपयोग भएको शब्द भएको छ । यसो हुनुमा सहभागिताका नाममा यस्को यान्त्रिक प्रयोग हुनु पनि हो । कतिपय अवस्थामा कार्यक्रममा उपस्थित व्यक्तिहरूबाट समस्या समाधानका लागि उपयुक्त योगदान हुन नसकेको भनेर अन्ततोगत्वा केही 'बिज्ञ'हरूमा पूर्ण रुपमा निर्भर हुने र कार्यक्रममा उपस्थित व्यक्तिहरूको हाजिरीलाई सहभागिताको प्रमाणका रुपमा प्रयोग गर्ने गरेको पाइन्छ । यस्तो प्रबृत्ति कुनै तह र समूह विशेषमा मात्र सीमित छैन । युवाहरूको सहभागिता पनि यो प्रबृत्तिबाट अछुतो छैन ।

सहभागितामूलक प्रक्रियाबाट प्राप्त हुन सक्ने अधिकतम प्रतिफल प्राप्त गर्नका लागि केही आधारभूत पक्षहरूमा ध्यान दिनु जरुरी छ । कार्यक्रमको उद्धेश्य तथा अन्त्यमा प्राप्त गर्न खोजिएका प्रतिफलहरूको स्पष्टता एउटा प्रमुख शर्त हो । निर्णयको गाम्भिर्यता र आयामहरूबारे स्पष्ट भैसकेपछि मात्र त्यो प्रक्रियामा उपस्थित हुने व्यक्तिहरूको सहभागिताको अवसरबारे प्रष्ट हुन सकिन्छ ।

यसैगरी कार्यक्रममा सहभागी हुनुपर्ने उपयुक्त व्यक्तिहरूको उपलब्धता अर्को प्रमुख पक्ष हो । निर्णय प्रक्रियाको आयाम र गहिराइअनुसारको उपयुक्त सहभागी नहुँदा भीड त जम्मा हुन सक्छ तर अपेक्षित योगदान गर्न नसक्ने हुनाले त्यो केवल 'साङ्केतिक सहभागिता'मा सीमित हुन जान्छ । हुनत, योजनावद्ध रुपमानै यसरी भिडमात्र जम्मा गरेर केही व्यक्ति र समूहको स्वार्थ पूर्ति गर्नका लागि सहभागिताको दुरुपयोग हुने समेत गरेका धेरै उदाहरणहरू छन् ।

समुह गतिशीलताले पनि सहभागिताको स्वरूप र गुणस्तरलाई प्रभावित गर्दछ । एक व्यक्तिको उपस्थिति मात्र पनि केही व्यक्तिलाई आफ्नो धारणा व्यक्त गर्नबाट रोक्नका लागि पर्याप्त हुन्छ । केही व्यक्तिको मात्र बोलवाला हुने र धेरै व्यक्तिहरू साक्षी मात्र हुने अवस्थाबाट जोगाउन समुह गतिशीलतालाई ध्यान दिँदै उपयुक्त विधिहरू र सहभागिता प्रवर्द्धन गर्ने औजारहरूको प्रयोग गर्नु पर्दछ । यसका अलावा, उपलब्ध समय, प्रविधिहरू तथा अन्य भौतिक सुविधाहरूलाई ख्याल गरेर कसरी समुह प्रक्रियालाई सहजीकरण गर्न सकिन्छ भन्ने तयारी गर्नु जरुरी छ ।

समुहभित्र हुने निर्णय प्रक्रियालाई प्रभावकारी बनाउने उपरोक्त उपायहरू त्यतिखेर उपयोगी हुन्छन् जहाँ व्यक्तिहरू आआफ्नो चासोका विषयहरूमा संगठितरुपमा निर्वाधपूर्वक

छलफल गर्ने उपयुक्त कानूनी र नीतिगत वातावरण कायम रहन्छ । नागरिक समाजमैत्री कानूनी वातावरणको अभावमा आफ्ना प्रतिबद्धता, सीप र चासोका बावजुद कुनै पनि समुदायले अर्थपूर्ण सहभागिता जनाउन सक्दैन ।

### प्रभावकारी युवा सहभागिता : नागरिक समाजमैत्री बातावरणको अपरिहार्यता

नागरिक सहभागिता, विशेषतः युवा सहभागिताको अभावमा प्रजातन्त्रको बैधता र सामान्य नागरिकहरूको हितलाई संरक्षण गर्न समेत कठिन हुन्छ । सहभागिता शक्ति आर्जन गर्ने र वास्तविक परिवर्तनमा योगदान गर्ने कुरासँग जोडिएको हुन्छ । परिवर्तनका सन्दर्भमा उनिहरूको आवाजलाई कुनै स्थान नदिइकन केवल साङ्केतिकरुपमा गराइने सहभागिताले (जुन अहिले बढी प्रचलनमा छ) अन्ततोगत्वा युवाहरूमा 'सहभागिता' प्रति नै नकारात्मक सोचको बिकास हुने र निराशाका कारण प्रक्रियाहरूप्रति बितृष्णा पैदा गर्ने खतरा हुन्छ । यसर्थ, शासकीय प्रक्रियामा तल्लोस्तरबाट नै सहभागिताको प्रबर्द्धन गर्न जरुरी छ । नागरिक संस्थाहरू, बिशेषगरी युवाहरूका क्षेत्रहरूमा क्रियाशील संघसंस्थाहरू र उपयुक्त नीति तथा कार्यक्रमहरूनै युवा सहभागिता प्रवर्द्धनका लागि सहयोगी सिद्ध हुनसक्छन् । सन् २००० मा प्रकाशित आफ्नो एक पुस्तकमा रोबर्ट पुटनामले एउटा सिद्धान्त अगाडि सारेका छन् कि स्वयंसेवी सँस्थाहरूको कमी हुँदा त्यो समाजमा कालान्तरमा राजनैतिक एवं सामाजिक पूँजीको अभाव हुन्छ ।

सहभागिताका क्षेत्रहरू समयक्रममा परिवर्तन हुँदै जान सक्छन । त्यसैगरी प्रविधिहरूमा भएका र हुँदै गरेका तीब्र परिवर्तनहरूसंगै सहभागिताका माध्यमहरू तथा प्रकारहरू समेत परिवर्तन हुँने निश्चितप्राय छ । यो अवस्थालाई सही सम्बोधन गर्न आवश्यक कानूनी तथा नीतिगत वातावरण भने विविध प्रकारका नागरिक संस्थाहरूले संबिधान र नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय अभिसन्धिहरू समेतको मर्मअनुसारको अधिकार निर्वाधरुपले प्रयोग गर्न सक्ने कुरालाई सुनिश्चित गर्ने खालको हुनु अत्यन्त जरुरी छ ।

*(नेपान आजीवन सदस्य उप्रेती निवर्तमान अध्यक्ष हुनुहुन्छ ।)*
इमेल : uttam.uprety2010@gmail.com

### सहभागितामा विगतमा प्रकाशित युवासम्बन्धी सामग्री तथा लेखकहरुको सूची

| क.स. | लेखक | लेखको शीर्षक | विधा | पूर्णाङ्क | प्रकाशित वर्ष, महिना र अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १ | मदन पौडेल | शान्ति स्थापनाका लागि युवाहरुको दायित्व | लेख | २५ | २०५९, माघ-पुष, वर्ष ८, अङ्क ३ | ३६ |
| २ | अन्जना लुइँटेल | नेपालमा युवा सहभागिताको प्रभावकारिता | लेख | ४२ | २०६६, साउन-पुष, वर्ष १४, अङ्क १/२ | ३४ |
| ३ | देवीलाल उपाध्याय | उपेक्षित नहोऊन् नयाँ संविधानमा युवा सरोकारका सवालहरु | लेख | ४९ | २०७२, असार, वर्ष १९, अङ्क १-४ (संयुक्ताङ्क ) | ९ |
| ४ | नवराज महतारा | ओझेलमा परेका नेपाली युवा र सम्भावनाका क्षेत्र | लेख | ४९ | २०७२, असार, वर्ष १९, अङ्क १-४ (संयुक्ताङ्क ) | ६ |
| ५ | ब्रह्मध्वज गुरुङ | 'शिक्षा र सम्मानपूर्वक जिउन सकिने रोजगारीको व्यवस्थानै युवाहरुको प्रमुख सवाल हो' | अन्तर्वार्ता | ४९ | २०७२, असार, वर्ष १९, अङ्क १-४ (संयुक्ताङ्क ) | ४६ |
| ६ | मानबहादुर थापा | 'युवा परिचालनको ५० वर्षे दृष्टिकोण र रणनीति जरुरी छ' | अन्तर्वार्ता | ४९ | २०७२, असार, वर्ष १९, अङ्क १-४ (संयुक्ताङ्क ) | २ |
| ७ | रमेश नेपाल | युवाशक्ति पलायन, आसन्न संविधान लेखन प्रक्रिया र हाम्रो अपेक्षा | लेख | ४९ | २०७२, असार, वर्ष १९, अङ्क १-४ (संयुक्ताङ्क ) | ४२ |

### PARTICIPATION पूर्णाङ्क १ देखि १८ (२०५१–२०७४) सम्म प्रकाशित युवासम्बन्धी सामग्री तथा लेखकहरुको सूची

| S.N. | Author/s | Title | Category | Number | Year | Published Date | Page Number |
|---|---|---|---|---|---|---|---|
| 1 | Asmita Poude, Asin Sharma, Ashesh Karki, Milipa, Manoranjan Regmi, Niva Shakya | Youth Driven Change | Article | 18 | 20 | June 2018 | 43 |

जनमत

# युवाको सहभागिता किन र कसरी ?




**युवाको सहभागिता अपरिहार्य छ नभन्ने को होला र ? सबैले युवाको सहभागिता खोजेकै छन् । उनीहरूविना विकासका कुनै पनि कामहरू अघि बढ्दैनन् चाहे त्यो राजनीतिक होस् या सामाजिक । तर पनि किन युवाहरूको सहभागिता ओझेलमा छ । जति महत्व दिनु पर्ने त्यति दिन सकिएको छैन भने अर्कातिर युवा आफैले पनि आफ्नो सहभागितालाई त्यति धेरै महत्व नदिएका हुन् कि ? यिनै सन्दर्भमा सहभागिता सम्पादन समूहले यो वर्ष नेपानले आयोजना गरेको विभिन्न कार्यक्रममा सहभागी हुने नेपान सदस्य एवं अन्य सहभागीहरूलाई देश विकासको प्रक्रियामा युवाहरूको क्रियाशील एवम् निर्णायक सहभागिता बढाउन के के गर्नुपर्ला भनेर सोधेको थियो । यहाँ तिनै सहभागीहरूले व्यक्त गरेका विचारहरू प्रस्तुत गरेका छौं ।**

शिक्षित युवाहरू विदेश पलायन हुने प्रवृत्तिलाई रोकेर दोस्रो पुस्ताले हरेक तह र तप्कामा युवालाई अवसर हस्तान्तरण गर्नुपर्छ । सरकारको युवा लक्षित नीति नियम नारामा मात्र सीमित नभई व्यवहारमै कार्यान्वय हुनुपर्दछ । जसरी चुनाबका बेला युवाहरूको खोजी हुन्छ, त्यसरी नै सबै काममा युवाहरूको भूमिका र महत्वलाई खोजिनुपर्छ ।

*- गणेश सिंजाली, छत्रकोट गाउँपालिका ४, दिगाम, गुल्मी*

विभिन्न सीपमूलक तालिमहरू संचालन गर्ने, युवालाई प्रेरित गर्ने, विदेशमा पाइने रोजगारीहरू आफ्नै देशमा सिर्जना गर्ने, स्वदेशमै कामअनुसारको तलब बढाउने, युवाहरूलाई सेवा सुविधा प्रदान गर्ने र संभव भए प्रत्येक जिल्लामा प्राविधिक शिक्षाको व्यवस्था गर्नुपर्छ ।

*- इश्वरी कुलु, धादिङ*

सर्वप्रथम त युवाहरू स्वयंनै सशक्त र उत्प्रेरित हुनुपर्छ । डिग्री लिंदैमा युवाहरू क्रियाशील भएको अवस्था छैन । त्यसैले युवाहरूलाई कुनै न कुनै क्षेत्रमा क्रियाशील बनाउन तालिमको व्यवस्था हुन आवश्यक छ । महत्वपूर्ण कुरा त युवाहरूलाई क्रियाशील हुने अवसर स्वयं आफैले खोजी गर्नुपर्छ । आफूभित्रैबाट उत्प्रेरित भए मात्र युवाहरू क्रियाशील हुन सक्छन् ।

*- पदमा शाक्य, ओखलढुंगा*

स्वदेशमा नै रोजगार सिर्जना गर्नुपर्ला । नेपालको कुनाकुनामा छरिएर रहेका युवाकालागि कुनै पनि काम सानो ठूलो हुँदैन भनेर प्रेरणा दिने खालका सन्देशमूलक कार्यक्रमहरू गर्नुपर्छ । परियोजना वा कार्यक्रम आउँदा युवाहरूलाई अग्रसर गराउनुपर्छ ।

*- रश्मी सुनुवार, उमाकुण्ड गाउँपालिका ७, रामेछाप*

देश विकास हुनु भनेकै देशलाई अगाडि बढाउनु हो । यस क्रममा युवालाई क्रियाशील एवं निर्णायक सहभागिता बढाउन युवालाई जुनसुकै सामाजिक काममा सहभागी गराउनुपर्छ, प्रोत्साहन गर्नुपर्छ । १८ वर्षदेखि ३५ वर्षसम्मका युवालाई विकासे सेनामा भर्ति गराउनुपर्छ र बेरोजगार युवालाई रोजगार दिनुपर्छ ।

*- आयुष श्रेष्ठ, सिन्धुपाल्चोक*

## जनमत

जुन देश विकसित छ त्यो देशमा युवाहरूको भूमिका धेरै भएको पाइएको छ। नेपालमा युवाको भूमिका धेरै छ तर यहाँको सरकारले युवाको भूमिकालाई चिन्न सकेको छैन। देशका युवालाई विभिन्न खाले उद्यमशीलतासम्बन्धी सीपहरू दिएर विभिन्न सेवा वा वस्तु उत्पादन गर्न लगाउने र बजारको ग्यारेन्टि भइदिएमा विकासले फड्को मार्न सक्थ्यो। यसको लागि युवाहरूलाई विभिन्न खाले उत्प्रेरणात्मक तालिम, गुणस्तरिय शिक्षा आदि सरकारले सर्वशुलभ तरिकाले प्रदान गर्नुपर्छ। युवालाई आफ्नो देशको मायाको साथै आफ्नो योगदान यो देशले चाहेको छ भन्ने महसुस गराउनु सक्नुपर्छ। विदेश मोहको अन्त्य गराउनु पर्दछ।

*- डम्बर भण्डारी, बाजुरा*

सर्वप्रथम सम्बन्धित विषयमा गहिरो अध्ययन गर्ने। आफू स्वयं ज्ञान, अध्ययन र सकरात्मक विचार/सोचबाट सुसज्जित हुने र सोहीअनुसार व्यवहार गर्ने। दीर्घकालीन नतिजाका लागि सकारात्मक राजनीतिमा सहयोग गर्ने। यी सबै कुराभन्दा पहिला आफ्नो असल/बलियो स्वास्थ्यका लागि, स्वास्थ्यका नियम/अनुशासन अनुशरण गर्ने। खान-पानमा ध्यान दिने, योग गर्ने।

*- ध्वजबहादुर ओखेडा,*
*महालक्ष्मी न. पा. - ८, ललितपुर*

आफू जुन ठाउँमा छौं, त्यहाँबाटै कुनैपनि काम आफै सुरु गर्नुपर्छ। यसबाट मात्र सरकारकै मुख ताकेर बस्ने प्रवृत्तिमा कमी आउँछ। युवा स्वाबलम्बन कार्यहरू/कार्यक्रमहरू ल्याउनुपर्छ। सरकारी कार्यालयहरूमा सकेसम्म युवा शक्तिहरूलाई स्थान दिने नीति हुनुपर्छ। यसले नयाँ सोच, तरिका र विचारहरूको सम्प्रेषण हुन्छ। युवाशक्तिलाई आत्मनिर्भर हुने/हुन सहयोग गर्ने सीपको सुलभता हुनुपर्छ।

*-मन्जु गुरुङ्ग, ताल्चिखेल, ललितपुर*

युवाहरूका लागि रोजगारको सिर्जना गर्नुपर्छ। साना-ठूला जुनसुकै काममा पनि युवालाई संलग्न गराउनु पर्छ। ३० वर्ष उमेर पार नगरुन्जेलसम्म स्वदेशमा बसेर काम गर्नुपर्ने नियम बनाउनुपर्छ। युवाहरूलाई कृषिसम्वन्धी नयाँ- नयाँ तरीकाहरूको तालिम दिइनुपर्छ।

*- संगिता नकर्मी, सिन्धुपाल्चोक*

देश विकास हुनु भनेको हामी नेपालीहरूको आम्दानीको स्रोत साथसाथै जीवनस्तर वृद्धि हुनु हो। सैद्धान्तिक कुरा नगरि व्यवहारिक तरिकाबाट अगाडि बढ्नुपर्छ।

*- यमुना बस्नेत, बालकोट, भक्तपुर*

युवाहरूलाई सामाजिक विकास र नेतृत्व सम्बन्धीका प्रशस्त तालिमहरू दिनुपर्छ।

*- नन्दलाल माझी, रातोपुल, काठमाडौं*

युवाहरूप्रति आशा जगाउनुपर्छ, प्रेरित गर्नुपर्छ। उनीहरूको लक्ष्य किटानीमा सहयोग गर्नुपर्छ र युवा नै विकासको मेरुदण्ड हुन भन्ने अवधारणालाई बलियोसँग स्थापित गर्न सक्नुपर्छ। यसले नै उनीहरूको सहभागिता बढाउन मद्दत पुऱ्याउँछ।

*- श्रीराम के. सी. फुटुङ्ग, काठमाडौं*

युवाहरूलाई स्कुल, कलेजदेखि नै स-साना सामाजिक कार्यमा संलग्न गराउँदै जानुपर्छ। यसले युवाहरूमा सामाजिक कार्यप्रति सानैदेखि चाख र सीप विकास हुदैं जान्छ। यस प्रक्रियाबाट नेतृत्वको पनि विकास हुने हुनाले पछि नेतृत्व तहमा समेत योगदान गर्न युवाहरू सक्षम हुनेछन्।

*- महेश शर्मा, कोटेश्वर, काठमाडौं*

युवाहरूको क्षमता, ज्ञान र सीप पहिचान गर्न अर्न्तक्रिया गरी व्यवहारिक ज्ञान र सीप दिई युवा शक्तिको सदुपयोग गर्नुपर्ला।

*- रवि चित्रकार, डिल्लीबजार,*
*काठमाडौं*

युवाहरूलाई हाम्रो मूल्य/मान्यतामा आधारित विकास पद्धतिबारे औपचारिक शिक्षा दिन आवश्यक छ। साथै, प्रत्येक संरचना र योजनामा अनिवार्यरुपमा युवाको सक्रियता हुने कुराको सुनिश्चिता अनिवार्य छ।

*- भोला भट्टराई, गोरखा*

युवाहरूलाई व्यवसायीक बनाई आर्थिकरुपमा आत्मनिर्भर हुने वातावरण सिर्जना भएमा युवाहरूले निर्णायक तहमा अर्थपूर्ण सहभागिता जनाउनेछन्।

*- जानुका न्यौपाने, दोलखा*

युवाहरूलाई सहभागीमूलक विकास प्रक्रियाबारे तालिम, छलफल र अर्न्तक्रियामा सहभागी गराइनुपर्छ। साथै यस्ता तालिमहरू कलेज, संघसंस्थाहरूमा नियमितरुपमा संचालन गरिइनुपर्छ।

*- महेश दाहाल, काठमाडौं*

नेपाली युवाहरूबारे नेपानले सुचना या तथ्याङ्कमुलक विवरण तयार गर्ने, उनीहरूको शिक्षा, एवं सीपको वर्गीकरण गरि सोअनुरुप के गर्न सकिन्छ भनेर योजना आयोगलाई सुझाव दिने।

*- राजबहादुर गिरी, कोटेश्वर, काठमाडौं*

हरेक तह र निकायमा जसरी अन्य समूह तथा जातजाती, महिला पुरुषलाई आरक्षणको व्यवस्था गरिएको हुन्छ त्यसरीनै युवालाई पनि त्यस्तै खालेको व्यवस्था गरिनुपर्छ।

*- केशव प्रसाद नेपाल, काभ्रे*

युवाहरूको सीप र दक्षता अनुसारको कार्य गर्ने वातावरण बनाइदिदाँ राम्रो होला कि ?

*- दिपेश नेपाल, बनेपा, बुडोल, काभ्रे*

## जनमत

किशोरकिशोरीहरूले हालको समयमा केके विषयहरूमा आफ्नो दायित्व निर्वाह गर्ने स्पष्ट गर्नुपर्छ। वैदेशिक रोजगारमा जाने संख्यालाई कम गर्नुपर्छ।

*– गम्भीरबहादुर हाडा, बबरमहल, काठमाडौं*

स्थानीय तहमा हुने विकास निर्माण कार्यमा संलग्न गराउनुपर्छ। आरक्षण कोटाजस्तै हरेक काममा युवाको सहभागिता हुनैपर्ने व्यवस्था गरिनुपर्छ।

*- सुनिलकुमार यादव, श्रीपुर, सर्लाही*

युवा शक्तिलाई प्रोत्साहित गरी विकासका काममा सहभागी गराउनुपर्छ। साथै सीपमूलक कार्यक्रमहरूमा पनि युवालाई सहभागी गराई स्थानीयस्तरबाट विकासका काम अगाडी बढाए मात्र नयाँ नेपाल साँच्चै बनाउन सकिन्छ।

*– मदन घिसिङ, हरिवन नगरपालिका ३, सर्लाही*

स्थानीय निकायमा युवाको उपस्थिति उल्लेख्य छ। प्रमुख/उपप्रमुख एवम् वडा अध्यक्ष पनि उहाँहरू हुनुहुन्छ। विकासको दिर्घकालीन दृष्टि र सरकारी प्रणालीबारे उहाँहरूलाई जानकारी हुन जरुरी छ। त्यस्तै युवाहरूलाई भष्टाचारविरुद्ध लाग्न वातावरण निर्माण गर्न आवश्यक छ।

*– युवराज श्रेष्ठ, काठमाडौं*

युवाहरूलाई सकरात्मक कार्यको लागि सदैव व्यस्त राख्नुपर्दछ। केही पुस्तकालय खोलेर, सरकारी तथा गैरसरकारी संस्थाहरूमा स्वंमसेवकको रुपमा परिचालन गर्नुपर्छ। रोजगारीमा युवाहरूलाई प्राथमिकता दिनुपर्छ। अनुसन्धानको काममा युवाहरू परिचालन गर्नुपर्छ।

*- सञ्चमाया स्याङ्बो, सिन्धुपाल्चोक, मेलम्ची*

क्रियाशील सहभागिता र निर्णायक सहभागिताको लागि प्रभावकारी नीतिगत व्यवस्था गर्नुपर्छ। युवाहरूको क्षमता अभिवृद्धि खासगरी नेतृत्व क्षमता बढाउनुपर्छ।

*– समीर घिमिरे, हात्तिवन, ललितपुर*

युवाहरूको नेतृत्वमा सफल एवं उदाहरणीय कार्यहरूलाई बढवा दिन आवश्यक छ।

*– छिङलमु शेर्पा, बालुवाटार, काठमाडौं*

भ्रष्टचारविरुद्ध कसरी प्रभावकारी रुपले अगाडि बढ्न र बढाउन सकिन्छ त्यसमा बढी ध्यान दिनु पर्ने हो कि ?

*– द्रोण के.सी., जडीबुटी, काठमाडौं*

तालिम तथा सेमिनार आयोजना गर्नपर्‍यो। सहभागितासम्बन्धी ज्ञानमूलक सन्देशमूलक सुचनाहरू दैनिक तथा साप्ताहिक पत्रपत्रिकामा पनि आउनपर्‍यो।

*– शान्ति थापा*

सर्वप्रथम युवाशक्तिको पहिचान गरौं। विभिन्न निकायहरू, सरकारी हुन या गैरसरकारी, त्यहाँ युवाको सहभागिता सुनिश्चितताको लागि पहल गरौ। कार्यक्रमहरू सहर केन्द्रित नगरिकन विभिन्न गाउँ, समाज र टोलमा विस्तार गरिनुपर्छ।

*– माधव खनाल, कोटेश्वर, काठमाडौं*

युवाको सहभागितालाई प्राथमिकता दिनुपर्छ। त्यसका लागि युवाको शक्तिलाई महसुस गराउन उनीहरूलाई शिक्षा, तालिम एवं अभिमुखीकरण दिइनुपर्छ।

*– कृष्ण गारु, भरतपुर, चितवन*

पढाई अलवा सीप विकास गरि क्षमता बढाउनुपर्छ। पूर्वाधार तथा उद्यमशीलता बढाउन युवाहरूलाई रोजगारीमा समावेश गर्नुपर्ला। गाउँ/गाउँमा भएको युवा क्लबलाई तालिम प्रदान गरि विकास कार्यक्रममा समावेश गर्नुपर्ला।

*– प्रमोद उपाध्याय, गैरीघाट*

वर्तमान युवाका इच्छा, आकांक्षा, चाहना र उनीहरूले देश निर्माणमा पुऱ्याउन सक्ने योगदानका बारेमा उनीहरूसँगै अर्न्तक्रिया गरि ठोस योजना बनाउने तथा सोको कार्यान्वयनको लागि युवाहरूलाई नै परिचालन गर्नुपर्ला।

*- दल बहादुर जि. सी., कुपण्डोल, ललितपुर*

हाल विकासको प्रक्रियामा युवाहरूको क्रियाशील एवम् निर्णायक सहभागिता नहुनुको महत्वपूर्ण कारण भनेको युवाहरू विदेश पलायन हुनु हो। सरकारले शिक्षा तथा रोजगारीको क्षेत्रमा राम्रो लगानी गरी युवालाई देशमै रहने मानसिक तथा सामाजिक वातावरण बनाउनु पर्छ।

*- सोबिता गौतम, दोलखा*

संघीय, प्रदेशिक एवं स्थानीय तह/सरकारसम्म सञ्जाल एवं उपस्थिति हुनेगरी युवा आयोगको प्रावधान राख्ने र सार्वजनिक सरोकारका सम्पूर्ण विषयहरूमा युवाहरूको प्रतिनिधित्व र योगदान सुनिश्चित गर्ने व्यवस्था हुनुको लागि बहस पैरवी र छलफल चलाउन काम गर्नुपर्छ र नागरिक समाज एवं सम्बन्धित सघं/संस्थाहरूसगँ सहकार्य र समन्वयमा अभियान नै चलाउनु पर्दछ।

*- तेजराज दाहाल, कोटेश्वर, काठमाडौं*

गतसाल सम्पन्न स्थानीय तहको निर्वाचनलाई हेर्दा अधिकांश युवाहरू, केही हदसम्म युवतीहरू पनि राजनैतिक प्रक्रियामा संलग्न भएको देखियो। चुनावलाई युवाहरूले कमाउने र मोजमस्ति गर्ने अवसरको रुपमा लिइएको देखियो। विचारधाराको आधारमा हुने राजनैतिक प्रतिस्पर्धामा युवाहरू आउनु राम्रो हो तर राजनीतिक अपराधबाट बाहिर रहनुपर्दछ।

*- डा. नानीराम सुवेदी*

## जनमत

देश विकासमा युवाको महत्वबारे युवालाई प्रशस्त जानकारी दिने पहल गर्नुपर्छ । युवालाई विकासका काममा जति धेरै सहभागी गराइन्छ, त्यतिनै बढी विकासका कामहरू प्रभावकारीरुपमा अगाडि बढ्छन् ।

*- देविका थापा, काभ्रे*

विभिन्न जिल्लामा रहेका नेपान सदस्यहरूको सहयोगमा हरेक जिल्लामा युवा सहभागिता गराई विचार लिनुहोला । जिल्लाहरूमा युवा संजाललाई क्रियाशील गराउने काम हुनुपर्छ । नेपानको कार्य समितिमा पनि युवा सहभागिता हुनुपर्छ ।

*- विरेन्द्र राय, श्रीपुर ४, सर्लाही*

निर्णायक सहभागिताका लागि कानूनी प्रक्रियाले वाध्यात्मक स्थिति सृजना गर्नुपर्छ । सूचना, ज्ञान र सीप तथा क्षमता विकास क्षेत्रहरूमा अत्यन्तै प्रभावकारी ढङ्गले सुसूचित र क्षमतावान बनाउने कार्यक्रम संचालन गर्नु अनिवार्य देखिन्छ ।

*- रविन्द्रनाथ भट्टराई, काठमाडौं*

युवा सहभागिताका लागि राज्यद्वारा निर्मित नीति र कार्यक्रमको समुदायस्तरमा प्रचार र सचेतना अभिबृद्धि गर्ने । स्थानीय तहका सरकारका गतिविधिमा युवा समुदायको सहभागिता कहाँ, कसरी गर्न सकिन्छ विभिन्न संचार माध्यम, लेखमार्फत सूचना प्रवाह गर्ने । ग्रामीण तहमा उत्पीडित युवा समूह बीच लक्ष्यित समूह छलफल गर्ने । नेपाल सरकार स्थानीय तह, प्रदेशसँग सरकार संचालनमा गर्न सक्ने योगदानबारे क्षमता विकास गर्ने । स्थानीय तहका शासकीय संरचनामा नेतृत्वमा महिला युवाहरूको सहभागिता अभिबृद्धि गर्न राज्य, राजनीतिक दलसँग लविङ्ग गर्ने ।

*- लालबहादुर ओली, बाजुरा*

ग्रामिण युवाहरुलाई सूचना प्रविधिमा पहुँच दिँदै सामाजिक विकासको कार्यमा संलग्न गराउन उनिहरुको क्षमता विकास गर्नुपर्छ । स्थानीय सरकारहरुले त्यसका लागि विशेष लगानी गर्नुपर्छ ।

- आवास गौतम, कलंकी, काठमाडौं

## सहभागिताका लागि लेख रचना लेख्न चाहने लेखकहरूसँग अनुरोध




- लेख मौलिक र तथ्यपरक हुनुपर्नेछ,
- लेख सहभागीमूलक प्रक्रियाको प्रवर्द्धन गर्ने खालको हुनुपर्नेछ,
- लेख कम्प्यूटर टाइपिङ्ग गरी पठाउने हो भने:
  - प्रीति या युनिकोड फण्टमा हुनुपर्नेछ,
  - अक्षरको साइज १३/१४ सम्मको हुनु पर्नेछ
- नेपाली भाषामा हुनुपर्ने तथा तथ्य बारेको स्रोत खुलाउनुपर्ने छ,
- बढीमा २००० (लगभग ४ पेज) शब्दभित्र हुनुपर्नेछ,
- हस्तलिखित भएमा कागजको एक पट्टिमात्र स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ,
- लेखको साथमा लेखकको फोटो र लेखकको बारेमा छोटो विवरण पठाउनु पर्नेछ,
- आफ्नो लेखलाई सुहाउँदा फोटोहरू भएमा फोटोको क्याप्सन तथा फोटो लिने व्यक्तिका विवरणसहित पठाउनुपर्नेछ,
- लेख हुलाक, इमेल वा सिधै नेपान कार्यालयमा पठाउन सक्नुहुनेछ,
- अस्वीकृत लेख/रचना फिर्ता हुने छैन,
- लेख/रचना प्रकाशनसम्बन्धी अन्तिम निर्णय नेपानको हुनेछ ।

**थप जानकारीको लागि :**

**नेपाल सहभागीमूलक कार्य समूह (नेपान)**
दोभान टोल, सहयोगी नगर, जनता सडक,
कोटेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ९७७ ०१ ४१५४९३८
इमेल: nepan@nepan.org.np
वेबसाइट: www.nepan.org.np

# युवा मौन बस यदि गहिरो सोच छैन भने



● ज्ञानु सापकोटा

**युवापुस्ता भनेका परिवर्तन र विकासका लागि उर्जाका स्रोत हुन् । यदि अहिलेका पुस्ताले अरूको मतलब गरेनन्, उनीहरूको वरिपरि को बसेको छ, मैले गरेको क्रियाकलापले मेरो छेउमा बस्ने मान्छेलाई असर गरेको छ या छैन नसोची आफ्नै तालमा हराउन थाले भने हामीले उनीहरूबाट धेरै आशा राख्न सक्दैनौ ।**

खासै त म अरुको वास्ता गर्दिन् । तथापि, हालै म गाडीमा यात्रा गरिरहँदा ६ जना युवा जो त्यही गाडीमा यात्रा गरिरहेका थिए उनीहरुको क्रियाकलापबाट मेरो ध्यान टाढा हुन सकेन । तीन पुरुष र तीन महिलाको त्यो समूह विद्यालय वा कलेजको पोशाकमा थिए । गाडीमा अरु कोही यात्रु नभए जसरी ती युवायुवती एकअर्कासँग गफ्फिदै थिए, हाँस्दै थिए र ठूल्ठूलो आवाजमा हल्ला गर्दै थिए । घरी नेपाली, घरी हिन्दी सिनेमाका नायकनायिका र अन्य कलाकारका बारे त, घरी प्रेमीप्रेमिका तथा आफूलाई मनपरेको व्यक्ति र विदेश जानेबारे गफमा थिए । विपरितमा तीमध्ये एकले हामीले जे सोचिरहेका छौं त्यसबारे सोच्नुपर्छ भनेर तर्क राख्यो ।

तर उनीहरु आफ्नै दुनियाँमा मस्त । न त कसैले केही भन्छ भन्ने डर । न त कसैले केही सोच्छ भन्ने । त्यो माहौल अचम्मको थियो अनि म अचम्मित हुँदै नियालिरहेको थिए । जान्न आतुर थिए म उनीहरु केमा आबद्ध छन् भनेर (पढाई या काम ?) आखिर के होला उनीहरुको दिमागमा ? कसरी जिन्दगीलाई अगाडि बढाउँछु भनेर सोचेका होलान ? चिन्ता गरे, फेरि अर्कोतिर आफूले आफूलाई सम्झाउन खोजे सायद यही हो जिन्दगी । हामीले हाम्रो जीवन आनन्द अनि हाँसो खुसीको पत्रले लपेट्नु पर्छ ।

यतिकैमा उनीहरुको गन्तव्य आइपुगेर होला उनीहरु झर्न थाले । अनि एकएक गर्दै विभिन्न दिशातर्फ मोडिए । मैले उनीहरुलाई बसको झ्यालबाट नियालिरहे मानौ उनीहरु चर्चित नाटककार शेक्सपियरले लेख्ने नाटकका पात्रहरु हुन । केही समयको अन्तरालमा मेरा आशाका किरणहरु निराशामा परिवर्तन भए, उनीहरुमध्ये दुईजना किराना पसलतिर अगाडि बढे अनि हातमा चुरोट लिएर खुल्ला हावामा धुँवा उडाउन थाले । मेरो मन अनि मस्तिष्क भारी भएर आयो । शरीरका नशाहरु फत्रक्क भएझैं भयो । त्यतिकैमा हामी यात्रा गरिरहेको गाडी अगाडी बढ्यो । सँगसँगै मेरो दिमागले अनेकौं प्रश्नहरुको घर बनाउँदै थियो । के यिनै हुन हाम्रो देशका आधुनिक पुस्ताका प्रतिनिधिहरु ?

राष्ट्रिय जनगणना (२०११) अनुसार १० देखि २४ वर्षको उमेरका युवा झण्डै ९० लाख (महिलाहरु ५१ दशमलव ५ र पुरुषहरु ४८ दशमलव ५ प्रतिशत) थिए । जुन कुल जनसंख्याको एकतिहाई हो । १० देखि २४ वर्षबीचको उमेरमा नै युवाले एउटा व्यक्तिमा सामान्य हुनुपर्ने गुणको आकार लिएको हुन्छ ।

थाहा थियो पुराना भनाइअनुसार युवाहरु समाजका स्तम्भ हुन् । अनि साँच्चै ती युवापुस्ता नै हुन जसले समाज अनि समाजका अनेकौं भविष्यलाई थाम्न सक्छ, बाटो देखाउन सक्छ । परिवर्तन ल्याउन सक्छ । व्यक्तिगत परिवर्तनभन्दा पनि सामाजिक परिवर्तन जरुरी छ । अनि यो सम्भव छ । यदि मैले बसमा भेटेका ती युवापुस्ताको बहुमत बाटो देखाउने एक प्रतीक बने भने मात्रै ।

युवापुस्ता भनेका परिवर्तन र विकासका लागि उर्जाका स्रोत हुन् । यदि अहिलेका पुस्ताले अरुको मतलब गरेनन्, उनीहरुको वरिपरि को बसेको छ, मैले गरेको क्रियाकलापले मेरो छेउमा बस्ने मान्छेलाई असर गरेको छ या छैन नसोची आफ्नै तालमा हराउन थाले भने हामीले उनीहरुबाट धेरै आशा राख्न सक्दैनौ । सायद म गलत हुन सक्छु उनीहरुलाई तुलना या लेखाजोखा गर्न । तर मैले साँच्चै कुनै प्रकारको दायित्वको आभास गर्न सकिन् । उनीहरुमा, न त कुनै गहिरो सोच अनि जागरुकता नै पाए । फिल्मी स्टाइलमा चुरोट लिनु अनि आफूले आफूलाई आधुनिक देखाउनु भनेको मात्र कपट हो नकि उन्नत मानव । स्कुल एवं कलेज गएर राम्रो अंक ल्याउनुको मतलब यो हैन कि तिमी हरेक कुराको लागि पर्याप्त हकदार छौं अनि तिमीमा मानवको प्रमुख गुण छ । जबसम्म तिमीले पढेलेखेका कुरा ब्यवहारमा लागू गर्दैनौं तबसम्म तिमीले आर्जन गरेको ज्ञान बालुवाको महलजस्तै हो कुन बेला अस्तित्व सकिन्छ पत्तै हुँदैन । त्यसैले जहाँ छौं जुन ठाउँमा छौ जिम्मेवार हुन सिक, उत्तरदायित्व भनेको स्वतन्त्रता अनि मानव विकासको रुप हो ।

*इमेल : gyanu77sapkota@gmail.com*

युवा उद्यमीको अनुभव

# मैले पासपोर्ट किन 'क्यान्सिल' गरेँ ?



**मलाई सानैदेखि उद्यममा लाग्ने रहर हो । हामीजस्तो सानो पुँजी हुने मान्छेहरूले ठूलो कुरा सोचेर के गर्नु ? फेरि 'कामधाम भनेको सानैबाट सुरू गर्नुपर्छ' भन्ने भनाइ पनि छ । मलाई यो भनाइ मन पर्छ । कामको अनुभव हुँदा विस्तारै जागिरको पद र व्यापारको आकार पनि बढ्दै जाने हो । हामी दम्पती यही कुरामा सहमत छौं ।**

**• जयराम दाहाल**



हरेक युवा एकपटक विदेश जाने रहर गर्छन् भनिन्छ । आईए पास गर्नासाथ मलाई पनि त्यही भूतले सतायो । पासपोर्ट बनाएँ । तर पनि म विदेश गइनँ । म अहिले आफ्नै देशमा केही गरेर बसेको छु । यसमा मलाई गर्व छ ।

ललितपुरको महाङ्काल गाउँपालिका चन्दनपुरमा पर्छ मेरो घर । म अहिले ३३ वर्षको भएँ । स्नातकसम्मको पढाइ पूरा गर्ने धोको थियो, तर अन्तिम वर्षतिर पुगेर रोकियो । म उद्यमतिर लागेँ । उद्यम र विहेवारीले गर्दा मेरो उच्चशिक्षाको पढाइमा ब्रेक लागे पनि मेरो दाम्पत्य जीवन आफ्नै पाराले अघि बढेको छ । मेरी श्रीमती स्नातक पास हुन् । उनी पनि मसँगै उद्यममा संलग्न छिन् । हामी दुबै मिलेर यो उद्यम चलाएका छौं । दिनको चार-पाँच हजारको कारोबार सजिलै हुन्छ । अहिले त मलाई विदेश जाने रहर पनि लाग्न छाड्यो । बरु व्यवसाय बढाएर यतै जम्ने रहर छ । अब पासपोर्टका कुरा 'क्यान्सिल' नै गरियो । विदेश गएर मात्र सबै कुरा सफल हुन्छ भन्ने धारणा र सोच ममा छैन ।

उद्यम के हो त ? तपाईंलाई जिज्ञासा उठ्ला । हो मेरो उद्यम सानैखालको हो । रसमय छ । अर्थात् म फलफूलको व्यापार गर्छु, फलफूल पेलेर रस (जुस) पनि बेच्छु । काठमाडौं तीनकुने सुविधानगर कान्तिपुर अस्पतालनजिकै छ हाम्रो पसल । पसलको नाम राखेका छौं 'फ्रेस जुस सेन्टर' । हो, हामीले एकदम फ्रेस जुस बेच्छौं अनेक थरी फलफूलका ।

मलाई सानैदेखि उद्यममा लाग्ने रहर हो । हामीजस्तो सानो पुँजी हुने मान्छेहरूले ठूलो कुरा सोचेर के गर्नु ? फेरि 'कामधाम भनेको सानैबाट सुरु गर्नुपर्छ' भन्ने भनाइ पनि छ । मलाई यो भनाइ मन पर्छ । कामको अनुभव हुँदा विस्तारै जागिरको पद र व्यापारको आकार पनि बढ्दै जाने हो । हामी दम्पती यही कुरामा सहमत छौं । निरन्तर लागिपरेका छौं । लोग्नेस्वास्नी सँगै बसेर आफ्नो व्यवसाय चलाउन पाउनु पनि भाग्य नै हो भन्ठान्छौं हामी । हाम्रा बाबा (७२) र आमा (६२) गाउँमै बस्न रुचाउनुहुन्छ । बेलाबेलामा काठमाडौं पनि आउनुहुन्छ ।

### अनेक सम्भावनाबीच युवाका चाहना

हाम्रो घर भएको चन्दनपुर गाउँ एकदम रमणीय छ । चापागाउँबाट ४० किमिको दूरीमा छ । अहिलेसम्म बाटोको त्यत्ति राम्रो सुविधा छैन, कच्ची बाटो त गएको छ, तर पक्की भने भएको छैन । जब पक्की बाटो पुग्ला, त्यसपछि हाम्रो क्षेत्रका दिन फर्केलान् भन्ने आशा छ । हाम्रो क्षेत्रमा कफी धेरै फल्छ । अनेक थरी तरकारी र फलफूल फल्छन् । गाई-भैंसीपालन, बाखापालन पनि अति राम्रो छ । पछि पर्यटन विकासको पनि सम्भावना छ । चन्दनपुर क्षेत्रको झप्रेकेरा, घिउकेरा निकै प्रसिद्ध छन् । चियाखेती पनि विस्तार हुँदैछ । कागती र सुन्तलाको पनि राम्रो खेती हुन्छ हाम्रो क्षेत्रमा । अर्गानिक खेती गर्न सक्ने हो भने हाम्रो क्षेत्र साह्रै उपयुक्त ठाउँ छ ।

गाउँमा धेरै कुरा उत्पादन हुने भए पनि अहिलेसम्म त्यसले व्यावसायिकता भने पाउन सकेको छैन । उत्पादित वस्तुको बजार

पनि अझ राम्रो छैन । सरकारको जति दृष्टि पुग्नुपर्ने हो पुग्न सकेको छैन । युवालाई उद्यमी बनाउने भनेर धेरै नै गफ हुने भए पनि त्यो कुरा गाउँठाउँमा यथार्थमा लागू हुन सकेको छैन । व्यवसाय विस्तार गर्नका लागि युवाहरूले सजिलै ऋण र अनुदान पाउनुपर्ने हो, तर हाम्राजस्ता दुर्गम गाउँमा ती कुरा अझै पनि सरकारका दृष्टिमा पुग्न सकेका छैनन् । अब आशा गरौं सरकारको ध्यान उद्यम गर्न चाहने युवाका घरआँगनमा पुग्नेछ । युवालाई सीप, सहुलियतको ऋण र बजार नमिलाइदिएसम्म हाम्रा गाउँठाउँमा आर्थिक विकास र समृद्धि कसरी भित्रिएला र ?

**अब युवा बेरोजगारी पूर्णरूपमा हटाउने सरकारको ठोस कार्यक्रम चाहिन्छ । कुरामात्र गरेर हुँदैन ।**

अब युवाहरूलाई विदेश नपठाउने सरकारको नीति हो भने युद्धस्तरमा युवा शिक्षा र उद्यमशीलता बढाउनमा प्राथमिकता दिनुपर्छ । क्याम्पसमा पढ्दै गरेका युवाहरूलाई भन्दा पनि क्याम्पस पढ्न छाडिसकेका र स्कुलको शिक्षा पूरा गरी उच्चशिक्षातिर जान नपाएका युवाहरूलाई सरकारले प्राथमिकता दिनुपर्छ । लगनशील युवा पहिचान गरी पहिला तिनीहरूलाई 'सपोर्ट' गर्ने नीति बनाउनुपर्छ । युवाहरूलाई आधुनिक प्रविधि पनि दिनुपर्छ । नयाँ नयाँ प्रविधि सिकाउनका लागि उद्यमशील युवाहरू छानेर विदेशका राम्रा-राम्रा विकासका कुरा देखाउन लाने हो भने अझ प्रोत्साहन पाउने छन् । नेपालमा विशेषज्ञ र विज्ञ नभएका होइनन्, तर तिनको सेवा सच्चा किसान र ग्रामीण जनताले पाउन सकेका छैनन् । यसमा सबैले ध्यान दिनुपर्छ । उद्यम व्यवसायमा राम्रा काम गर्ने युवाहरूलाई सम्मान गर्नु पनि सरकारको दायित्व हो ।

**अन्त्यमा भन्नुपर्दा**

युवाका विषयमा आजकाल बढी नै चर्चा, छलफल र बहस हुने गरेका छन् । यो राम्रो हो । अब युवा बेरोजगारी पूर्णरुपमा हटाउने सरकारको ठोस कार्यक्रम चाहिन्छ । कुरामात्र गरेर हुँदैन । जब गाउँक्षेत्रमा उद्यमशीलता र उद्यम गर्ने वातावरण एवम् रोजगारी पाउने अवसर राम्रो बन्दै जान्छ कोही पनि युवा आफ्नो ठाउँ छाडेर बाहिर जान चाहँदैनन् । मैले पनि उद्यम-व्यापार कसरी गर्ने भन्ने कुरा सिकिसकेको छु । यो सीप, अनुभव र व्यापार नेटवर्कलाई आफ्नै गाउँमा लगेर प्रयोग गर्ने वातावरण बन्ने हो भने भोलिका दिनमा म पनि आफ्नै पालिकामा गएर पालिन चाहन्छु । आफ्नो उद्यम उतै चलाउन चाहन्छु । विदेश गएका युवा स्वदेश फर्कन चाहेझैं म पनि सहरबाट गाउँ गएर आफ्नै आमाबुबासँग बसेर असल उद्यमी बन्न चाहन्छु । आफ्नो गाउँ बनाउन चाहन्छु । अहिलेका सबै युवाको चाहना नै यही हो । आगे सरकारकै योजना ! स्थानीय सरकार र अगुवाकै योजना !

*(चेतनाथ कणेलको सहयोगमा)*
*- नमनडोल, चन्दनपुर, महाङ्काल गापा ५, ललितपुर*
*(हाल: सुविधानगर, काठमाडौं)*

## ---नेपान स्रोतकेन्द्र प्रवर्द्धनार्थ---

- सहभागीमूलक विकाससम्बन्धी प्रकाशन, भिडियो, स्लाइड, फोटो आदि जे उपलब्ध गराउन सकिन्छ, उपलब्ध गराऔं ।
- सम्बन्धित प्रकाशकहरुसँग आपसी आदान-प्रदान गर्ने गरी प्रकाशन प्रेषण गर्नका लागि आफूलाई जानकारी भएसम्मका प्रकाशकहरुसँग सम्पर्क बढाऔं र नेपान सचिवालयलाई जानकारी गराऔं ।
- आफूलाई उत्कृष्ट लागेका विकाससम्बन्धी सवालका पुस्तकहरुको विवरण उपलब्ध गराऔं ।
- जे-जसरी सकिन्छ, नेपान स्रोत केन्द्र प्रबर्द्धन गर्नका लागि योगदान पुऱ्याऔं ।
- नेपान स्रोत-केन्द्र अबदेखि नेपानको आफ्नै घरमा अझ व्यवस्थित बन्न लागेको जानकारी गराउन चाहन्छौं । यहाँको सहभागिता र सहकार्य अपेक्षित छ ।
- नेपान स्रोत-केन्द्र प्रयोगका लागि हाम्रो ढोका यहाँहरुका लागि सधैं खुला रहेको कुरा पनि जानकारी गराउन चाहन्छौं ।
- नेपानको सदस्य बनी यसको उपयोगिता अझ बढाऔं । नेपान एक स्वयंसेवी संस्था भएकोले स्वयंसेवा गर्न चाहने व्यक्तिहरुलाई हामी अझ प्रेरित गर्दछौं । नेपाल र नेपालीका लागि नेपान !

**- नेपान सचिवालय**

संस्थागत परिचय

# बिवाईसी बाग्लुङ

## विकास यात्राका ३४ औं वर्षमा

**चैतिस वर्षको अनुभवबाट दिगो, वातावरणमैत्री, युग सापेक्ष, जनअपेक्षा अनुकूलको विकासले मात्र नेपाली समाजको रूपान्तरण गर्न सक्दछ भन्ने पाठ हामीले सिकेका छौं । यही पाठलाई अझ सशक्त र प्रभावकारी बनाउँदै अघि बढ्ने बिवाइसीको पहल कदमीमा दर्जनौं संस्थाहरू र हजारौं व्यक्तिको सहयोग पाएका छौं ।**

बिवाईसी बाग्लुङ विशुद्ध सामाजिक भावनावाट अभिप्रेरित भई युवाहरुलाई सकारात्मक एवं रचनात्मक कार्यहरुमा सरिक गराई समाजमा व्याप्त भोक, रोग, गरिबी तथा अभावको न्यूनीकरणका लागि युवाहरुको अग्रसरता एवं युवाहरुकै प्रयासमा समाज रुपान्तरण गर्ने अभिप्रायका साथ २०४२ साल (सन् १९८५) मा तत्कालीन भीमापोखरा गाउँ विकास समिति हाल काठेखोला गाउँपालिका वडा नं. २ मा स्थापित नाफारहित एक गैरसरकारी सामाजिक संस्था हो ।

जिल्ला प्रशासन कार्यालय बाग्लुङमा (१३/०४२) मा दर्ता भएको यो संस्था समाज कल्याण परिषद्मा (२४०/०४६-०४७) मा आवद्ध भएको हो भने गैसस महासंघ बागलुङ जिल्ला शाखामा २०५३ सालमा आवद्ध भई यस संस्थाबाट गैसस महासंघ जिल्ला शाखा बाग्लुङको अध्यक्ष तथा पदाधिकारीहरुमा समेत विभिन्न समयमा नेतृत्व सम्हाल्दै हालसम्म निरन्तर नेतृत्वमा सहभागी हुँदै आईरहेको छ ।

युवाहरुको नेतृत्व विकास, क्षमता विकास तथा शसक्तीकरणमा स्थापनादेखि नै क्रियाशील यो संस्था राष्ट्रिय युवा परिषद्मा पनि (०००२/०७४,०७५) मा आवद्ध छ। खासगरि युवाशक्तिलाई परिचालन गरि सामाजिक पूँजीको विकास र प्रवर्द्धनका लागि थप मजवुत बनाई समाज रुपान्तरण गर्दै समृद्ध नेपाल निर्माणमा थोरै भएपनि सहयोग पुऱ्याउन विगतदेखि संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

### कार्यक्षेत्र र लक्षित समूह

गण्डकी प्रदेशअर्न्तगतको धौलागिरी अञ्चल ।
महिला, दलित, जेष्ठ नागरिक, बालबालिका, सुबिधाविहीन वर्ग तथा समुदाय ।

### समुदायको विश्वास जीत्न सफल

संस्थाले ८० भन्दा बढी दातृ निकायको सहयोगमा अनगिन्ती कार्यक्रमहरु गरि समुदायको मन जितेको छ। खासमा, लक्षितवर्ग

### 'लोकप्रिय छवि कायम राख्ने निरन्तर प्रयास'

- मणिभद्र शर्मा,
कार्यवाहक अध्यक्ष, बिवाईसी बाग्लुङ



स्थापना अवधि र उमेरका हिसावले मात्र हैन साँच्चिकै समुदायमा जनजनमा भिज्ने र दिगो विकासमा विश्वास गर्ने बीवाईसी बागलुङ स्वयंले समुदायमा गरेका कार्यहरुले एक अग्रणी, विश्वसनिय र जनताको मन जित्न सफल संस्थाको रुपमा परिचय बनाएको छ। झण्डै ५०० व्यक्तिहरु प्रत्यक्षरुपमा संस्थामा कार्यरत भइसकेका छन्। यस संस्थाका साधारण आजिवन सदस्यहरु, संस्थामा कार्यरत कर्मचारीहरु तथा सञ्चालक समितिका पदाधिकारीहरुले यसै संस्थामार्फत आफ्नो नेतृत्व र व्यक्तित्व विकास गरि महत्वपूर्ण स्थानहरुमा प्रतिनिधित्व गर्न सफल छन्।

एकातर्फ सयौ युवाहरुलाई तालिम तथा क्षमता विकासका हिसावले आफूलाई गुणात्मक विकास गराउन संस्थाको महत्वपूर्ण योगदान छ भने संख्यात्मक हिसावले पनि संस्थाले स्थापनादेखि हालसम्म विकासको मुल प्रवाहमा समेटिन नसकेका वर्ग तथा समुदायका लाभ पुग्ने विभिन्न कार्यहरु भइसकेका छन्। यिनै कार्यहरुले समुदायमा हाम्रो लोकप्रिय छविलाई कायम राख्न सकेका हौं।

चैतिस वर्षको अनुभवबाट दिगो, वातावरणमैत्री, युग सापेक्ष, जनअपेक्षा अनुकुलको विकासले मात्र नेपाली समाजको रुपान्तरण गर्न सक्दछ भन्ने पाठ हामीले सिकेका छौ। यही पाठलाई नयाँ नेपालमा अझ सशक्त र प्रभावकारी भई लागू गर्दै अघि बढ्ने बिवाइसीको पहल कदमीमा दर्जनौं संस्थाहरू र हजारौं व्यक्तिको सहयोग पाएका छौं। अबको यात्रामा पनि त्यस्तो सहयोगको झनै खाँचो छ। हामी स्पष्ट सोचका साथ सामाजिक सेवा र दिगो विकासको अविचलित यात्रामा निरन्तर अगाडि बढिरहने प्रतिबद्धता व्यक्त गर्दछौं। यसका लागि २०७५ सालभित्रै २०७६-२०८० को नयाँ पाँचवर्षे रणनीतिक योजना पनि तर्जुमा गर्दैछौं।

तथा समुदायको अधिकार स्थापित गर्न महिला लघुऋण परियोजना, खानेपानी तथा सरसफाई आयोजना, कामका लागि खाद्यान्न कार्यक्रम, सामुदायिक वनहरुको लागि उत्प्रेरणा कार्यक्रम, निर्वाचित मनोनित महिला जनप्रतिनिधिहरुका लागि क्षमता विकास कार्यक्रम, स्थानीय सडक तथा झोलुङ्गे पुल निर्माण कार्यक्रम, स्वयंसेवक परिचालन कार्यक्रम, साना लघुउद्यम सवलीकरण परियोजना, वन तथा वातावरण संरक्षण कार्यक्रम, महिला तथा किशोरीहरुको हिंसा न्यूनीकरण कार्यक्रमहरु संचालन गरिएका छन्। लक्षितवर्गका व्यक्ति तथा समुदायका लागि निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यक्रम, विकट गाउँ समुदायमा स्वास्थ्य सेवाको पहुँच बढाउन बर्थिङ सेन्टर स्थापना तथा संचालनमा सहयोग एवं स्वास्थ्य संस्थाहरुको क्षमता विकास कार्यक्रम, समुदायमा शिक्षा, स्वास्थ्य, चेतना, शसक्तिकरण तथा जीविकोपार्जनका क्रियाकलापहरुमा अहोरात्र क्रियाशील यस संस्था आत्मनिर्भर उन्मुख संस्थाको रुपमा विकास हुने प्रयासमा छ। संस्थाले स्थानीय समुदाय, सरोकारवाला निकाय, नेपाल सरकारका विभिन्न सेवा प्रदायक निकायहरु, दातृ निकायहरुसँग समन्वय र सहकार्यगर्दै सहभागीमूलक तवरमा काम गर्दै आएको हो।

परम्परागत खेती प्रणालीबाट जेनतेन जीविकोपार्जन गर्ने र जीविकोपार्जनकै लागि कठिन संघर्ष गरिरहेका विपन्न वस्ती तथा समुदायमा बिवाईसी बागलुङले व्यवसायिक सीप प्रदान गर्ने, समुदायको आयआर्जनका लागि विभिन्न आयमूलक कार्यहरु गर्न बस्तु तथा सेवाहरु उपलब्ध गराउने, व्यवसायहरु स्थापना गर्न सहजीकरण तथा सहयोग गर्दै समुदायलाई व्यवसाय संचालनमा उत्प्रेरित गरि अधिकतम स्थानीय श्रोत साधनको सदुपयोगबाट व्यवसाय संचालन एवं उक्त व्यवसायवाट उत्पादित वस्तु तथा सेवाको उपयुक्त बजारको खोजीका लागि समेत सहयोग गर्दै आईरहेको छ।

समाजसेवाको भावनाले ओतप्रोत भई स्थानीयस्तरमा पाटीपौवा, मठमन्दिर, बाटो, कुवा, पधेंरो र धारा निर्माणका कार्यहरु गर्दै स्थानीय युवाहरुलाई खेलकुदहरुमार्फत् शसक्त बनाउने अभियानसहित सामुदायिक विकासलाई सेवा र कल्याणको भावमा जोडेर यो संस्था अगाडि बढिरहेको हो। परिवर्तित र विस्तारित सामाजिक सेवाको कार्यक्षेत्रअनुसार स्थानीय समुदायको शसक्तिकरण तथा पुर्नस्थापनाका क्षेत्रमा रुपान्तरित हुँदै लक्ष्यित समुदायलाई लाभ हुने कार्यहरुतर्फ संस्थाले निरन्तर आफ्ना गतिविधिहरुलाई अगाडि बढाई रहेको छ। यसमा युवालाई विशेष ध्यान दिइएको छ।


## युवालाई केन्द्रमा

खासगरी स्थानीय युवाहरुलाई जीवनको महत्व र म किन मानव हुँ भन्ने कुरालाई राम्रोसँग बुझाएर उनीहरुलाई अरु जस्तो तिमी हैनौ, तिमीजस्तो अरुलाई बनाउ जस्का लागि तिमी आजैदेखि प्रण गर। म फरक बनाउँछु। म मेरो परिवार र समाजलाई फरक बनाउँछु र चाहन्छु। म मेरो देशलाई फरक बनाउँछु जुन फरकपनाभित्र सुन्दर शान्त, सुखी र समृद्ध समाज भएको हुनेछ। त्यसै कुरालाई आत्मसात गरि सक्षम युवा व्यक्तित्व र नेतृत्व तयार पार्ने अभियानमा यस संस्था क्रियाशील छ। परिवर्तनका संवाहक युवाहरुलाई सामाजिक रुपान्तरणको अभियानमा सरिक बनाउन सकेमात्र विकास फलदायी हुन सक्छ भन्ने आदर्शका साथ संस्था क्रियाशील छ। किशोरावस्थादेखि नै युवाहरुलाई वातावरणमैत्री विकासमा संलग्न गराउने अभिप्रायले करिव २६ वटा विद्यालयमा ग्रिन क्लवहरु स्थापना गर्न सघाएको छ। त्यसैगरि युवाहरुको सवल नेतृत्व स्थापित गर्न करिअर डेभलवमेन्ट तालिमहरु, व्यवसायिक सीप विकास तालिम, विभिन्न विद्यालयहरुमा पिएरएजुकेटर समुह गठन, छात्राछात्राहरुको सीप, दक्षता तथा आत्मविश्वास बढाई सामाजिक कार्यमा सरिक बनाउने खालका कामहरु पनि गर्दै आईरहेको छ।



## बिवाईसीले गरेका मुख्य मुख्य क्रियाकलापहरू

- ✓ २५०० जना महिलाहरु आयमूलक कार्य गर्न सक्षम व्यवसायी बन्न सफल
- ✓ ४ वटा सहकारीका १,१५७ जना शेयर सदस्यहरु १८० देखि २०० खसी बोका बजारमा ल्याउन सफल छन् भने २ वटा मासु पसललाई व्यवसायिकरुपमा स्थापित गरिएको छ। हालमा संस्थाले ९ वटा महिला उद्यमी सहकारी परिचालन गरिरहेको छ।
- ✓ १५,३३७ वटा पक्की शौचालयहरु निर्माण
- ✓ साना ठूला गरि करिब ३४ वटा सिंचाई कुलो निर्माण सम्पन्न
- ✓ करिव ९०० बढि सुधारिएको चुल्हो जडान
- ✓ ५२२ भन्दा बढि स्थानीय उपभोक्ता समुह, संस्थाहरु गठन भई परिचालन
- ✓ करिव ३५ वटा सामुदायिक भवन निर्माणमा आर्थिक सहयोग
- ✓ ३५०० जना निरक्षर व्यक्तिहरुलाई साक्षरता कक्षामार्फत साक्षर बनाउन सघाउ
- ✓ समुदायमा जलवायु अनुकुलनका लागि करिव ३५० वटा स्थानीय समुदायलाई कार्ययोजना तयार पारि कार्यान्वयनका लागि उपलब्ध गराएको छ।
- ✓ २५ भन्दा बढि स्थानीयस्तरमा साना उद्योग स्थापनामा सहयोग
- ✓ करिव ५० विद्यालयका ५,५०० भन्दा बढि विद्यार्थिहरुलाई छात्रवृत्ति वितरण



### भौतिक विकास समुदायको जग

भौतिका विकासका कार्यहरु समुदायको लागि अपरिहार्य कार्य हुन्। संस्थाले भौतिक विकास तथा निर्माण अन्तर्गत झोलुङे पुलहरु, खानेपानी धारा, सामुदायिक भवन, शौचालय तथा बाटो घाटो, विद्यालय पुस्तकालय, विद्यालयको कक्षाकोठाहरु निर्माण तथा स्थापनामा महत्वपूर्ण सहयोग पुर्‍याएको छ। त्यसैगरि वातावरण सुधारतर्फ सामुदायिक अनुकूलन कोष निर्माणमा सहयोग, डालेघाँस, भुईघाँस तथा वृक्षारोपणमा सहयोग, करेसाबारी निर्माणमा सहयोग, सुधारिएको चुल्हो जडानमा सहयोग स्थानीयस्तरमा विपद पूर्वतयारी एवं प्रतिकार्यका लागि तयार पारिएका योजनाहरु कार्यान्वयनमा सहयोग, सामुदायिक तथा विद्यालय वातावरण सुधारमा सहयोग गर्दै आएको छ। आयआर्जनका लागि विभिन्न आयआर्जन समुहहरु गठन र परिचालन, आयमूलक कार्यका लागि आर्थिक तथा जिन्सी सहयोग, सहकारी व्यवस्थापन र परिचालनमा सहयोग, समुदायको व्यवसाय छनौट व्यवसायिक योजना निर्माण तथा व्यवसाय संचालनमा सहयोग तथा व्यवसायिक तालिमहरु संचालन एवं आवश्यक सामग्रीहरु सहयोग गरिएको छ। त्यस्तै क्षमता विकास तथा शसक्तिकरणका लागि विभिन्न किसिमका तालिम तथा अध्ययन अवलोकन भ्रमणहरुमा समुदायलाई सहभागी गराइएको छ।

### यात्रा जारी छ !

देशमा पंचायती शासन व्यवस्था, बहुदलीय व्यवस्था, १० वर्षे जनयुद्ध हुंदै लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि विभिन्न कठिन एवं चुनौतीपूर्ण क्षणहरु पार गर्दै संस्थाको गतिविधिलाई निरन्तरता दिएको छ। स्वावलम्बी समाज निर्माणको परिकल्पना रहेको यस संस्थाले खासगरी युवाहरुको व्यक्तित्व र नेतृत्व क्षमता विकास गरी उनीहरुलाई सकारात्मक बाटोबाट अगाडि बढाउने र उनीहरूबाटै समाजको विकास र परिवर्तन गराउने अभियान लिएको छ। आँटेमा हरेक परिवर्तन सम्भव छ, त्यसका लागि व्यक्तिहरुको परिवर्तनप्रतिको विश्वास, निरन्तरको लगाव तथा दृढ इच्छाशक्तिको जरुरत पर्दछ भन्ने कुरामा बिवाईसी विश्वास राख्दछ। शिक्षित, स्वस्थ र आयआर्जन गर्न सक्ने बलियो आधारसहितको दक्ष जनशक्तिमार्फत् सहभागिता र समावेशीताका आधारमा सामुदायिक विकासको निरन्तरताबाट मात्र समाजको दिगो विकास सम्भव छ भन्ने कुराप्रति संस्था दृढ छ।

**संस्थाको सम्पर्क :** बिवाईसी, बाग्लुङ नपा १, बाग्लुङ बजार, रामरेखा, फोन : ०६८ ५२०१०२, इमेल : bycbgl@ntc.net.np

पुस्तक समीक्षा

# पार्क रेन्जरदेखि पार्किन्सनसम्मको यात्रा



● अश्विनकुमार पुडासैनी

नेपाल सहभागीमूलक कार्यसमुह नेपानले २०७५ सालको असार महिनामा प्रकाशित गरेको पुस्तक "पार्क रेन्जरदेखि पार्किन्सनसम्मको यात्रा" विषयक पुस्तक समिक्षा गर्ने जिम्मेवारी पाएपछि भने यो पुस्तक अद्योपान्त पढियो । ११८ पृष्ठको पुस्तक पढ्दै गर्दा नेपानकै एक सदस्यले टेलिफोन गर्नु भयो । र, सोध्नुभयो, दिपक चापाको किताब पढ्नुभयो । मैले भनें पढेर भर्खर सकाएँ । यसको समिक्षा पनि गर्दैछु । मेरो जवाफ सुनेर उनले भने सरले चापाजीसँग अन्तरवार्ता पनि गर्नु भएको रहेछ । त्यसो भए तपाईको पुस्तक समिक्षामा हामी जस्ता कमै पुस्तक पढ्नेकालागि र पाठ्याक्रम बाहेक पुस्तक नपढेका लागि पढ्नै पर्छ । भने पछि मात्रै पढ्नेहरूको लागि केहि थप कुरा पनि लेखिदिनु होला है । उनको जिज्ञासा थियो । पुस्तक किन र कसरी छापिन्छ ? पुस्तक कसरी छान्ने र पुस्तक कसरी पढ्ने भन्ने बारेमा पनि केही कुरा पढ्न पाएहुन्थ्यो । नेपान सदस्यको त्यो अनुरोधले चापाजीको पुस्तक समिक्षा अगाडि केही थप कुरा लेख्नै पर्ने भयो ।

## कसले किन पुस्तक छाप्छ ?

बजारमा थरिथरिका प्रकाशन गृहहरू छन् । व्यावसायिक प्रकाशनहरू पुस्तकको व्यापार गर्न । अर्थोपार्जन गर्न पुस्तक छाप्छन् । नाम चलेका । राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा ख्याति कमाएका सेलेब्रेटिहरूलाई लेखाएर पुस्तक छाप्छन् । घोष्ट राईटर अर्थात अरुको बारेमा लेखिदिने सम्पादक वा लेखकहरूसँग सम्झौता गरि पुस्तक प्रकाशन गर्छन् । बिक्रि वितरण गर्छन् । नाफा कमाउँछन् । उनीहरूको ध्याउन्न मार्केटिङ्ग र बजार अर्थात नाफा हो । त्यसको लागि थुप्रै लगानी गर्छन् । व्यापार प्रबद्धन गर्छन् । विमोचन गर्दछ । विज्ञापन गर्छन् । लेखकको हस्ताक्षर सहित कार्यक्रम क्याम्पियन गर्छन् ।

अर्का थरि छन् । जसले संघसंस्था वा सरकारको आदेश र वितरणको लागि पुस्तक छाप्छन् । उनीहरूको उद्धेश्य नाफा होईन सेवाका लागि पुस्तक छाप्ने हुन्छन् । त्यस्ता पुस्तकहरू अनिवार्य आबश्यकता पुस्तकहरूमा पर्छन । कतिपय साहित्यिक प्रकाशन समुहहरूले आफ्ना श्रष्ठाहरूको सृजनशिलताको प्रवर्द्धन गर्न पनि पुस्तक छाप्छन् । बजार प्रबद्धन पनि गर्छन् । अर्का थरि हुन्छन् नेपाल सहभागीमूलक कार्य समुह जस्ता नेटवर्क वा फोरम जसले फोरमका सदस्यहरूको ज्ञान, सीप र कौशलताको लिपिबद्धगरि प्रवर्द्धन तथा संस्थागत स्मरणका लागि प्रकाशनको कार्य गर्दछन् । यसरी छापिने पुस्तकमा मुनाफाको गुन्जायस हुँदैन । दिपक चापाको पुस्तक छपाई सोही प्रकृतिमा पर्दछ ।

## पुस्तक कसरी छनौट गर्ने ?

पुस्तक छनौट गर्ने सरल विधि छ । आफ्नो रुची र कामको क्षेत्रमा प्रकाशित जुनसुकै पुस्तक आबश्यकता र रुचीअनुसार छानिन्छ । पहिलो छनौट आधार विषय हो । दोश्रो छनौट लेखक र तेश्रो छनौट कसले प्रकाशन गऱ्यो ? प्रकाशक को हो । दिपक चापाको पुस्तक नेपानले छाप्यो । दिपक चापा नेपानका सदस्य र उनले रेन्जरदेखि विकासे कार्यकर्ता र विकास परामर्शदाताको रुपमा कामगर्दाका अनुभव र सो समयमा लेखेका लेख रचनाहरूको संगालो रहेकाले यो पुस्तक विकासे कार्यकर्ता र विकासे नीति निर्माता र विकास कार्यमा संलग्नहरूको छनौटमा पर्छ । पुस्तक छनौट गर्नेले पुस्तक समिक्षाहरू पढेर पनि पुस्तक छनौट गर्छन् । अर्को पुस्तक पढेकाहरूले गरेको सिफारीसको आधारमा पनि पुस्तक छनौट गर्छन् । कहिले काँहि पुस्तक हेर्दा नै पुस्तकभित्रको विषय सूची, पुस्तकको बाहिरी पृष्ठमा पुस्तक भित्रको केही अंश वा पुस्तकको बारेमा अरुले लेखिदिएको टिप्पणीको आधारमा पनि पुस्तक छनौट गर्छन् । चापाको किताब शीर्षकको आधारमा वा चापालाई चिन्नेहरूले वा दिपक चापाको बारेमा उनका सहकर्मीहरूका मन्तब्यको आधारमा पनि पाठकहरूको छनौटमा पर्छ । पुस्तकमा दिपक चापाका सहकर्मीहरू उत्तम उप्रेती, ब्रह्मध्वज गुरुङ्ग, कमल फूँयाल, नानीराम सुवेदी, हुकुम बहादुर सिंह, विनोद चापागाई, झविन्द्र भण्डारी, दलबहादुर जि.सी., बसन्त रिमाल, पूर्ण चेम्जोङ्ग, अश्विन पुडासैनी, भोला भट्टराई, बुद्धि तामाङ्ग, प्रकाश रेग्मी, शिवलाल पौड्याल, मानबहादुर थापा र अनोज क्षेत्रीले चापाका बारेमा आफ्ना अनुभव लेखिदिएकोले पुस्तक छनौट गर्न र पढ्ने हौसला जगाएको छ ।

- पुस्तकको नाम : पार्क रेन्जरदेखि पार्किन्सनसम्मको यात्रा (विकास आलेख-सँगालो)
- लेखक : दीपकराज चापा (चापागाईं)
- सम्पादक : चेतनाथ कणेल, आशिष पाठक
- प्रकाशक : नेपाल सहभागीमूलक कार्य समूह (नेपान)
- प्रकाशन वर्ष : २०७५
- मूल्य रु. : १५०।-
- पृष्ठसङ्ख्या : ११८+१४





*पुस्तक बिमोचन कार्यक्रममा नेपान सदस्य र आमन्त्रितहरुबीच लेखक चापा*

**के हुन्छ पुस्तकमा ? कसरी पढ्ने ?**

पुस्तकमा के हुन्छ भन्ने सन्दर्भमा पुस्तकको विषयसूचीले प्रष्ट पारेको हुन्छ । प्रायः पाठकहरूको पुस्तक पढ्ने तरिका पनि विषयसूचीका शिर्षकहरूको रुचीले तान्ने गर्छ । कतिपय पुस्तकहरू पहिलो दोश्रो गरि क्रमैसँग पढ्नुपर्ने हुन्छ । जस्तो आख्यान, कथा, उपन्यास, साहित्यिक र कोर्षबुकहरू क्रमैसँग पढ्नुपर्छ पहिलो नपढी दोश्रो वा तेश्रो वा चौथो बुझ्न पनि सकिदैन र सिलसिलेबार पनि हुँदैन । तर दिपक चापाको पुस्तकमा दशवटा नेपाली लेखहरू विकास, सामुदायीक वन, विकास, जलाधार, योजना तर्जुमा, सशक्तीकरण, जातीय विभेद, स्वसासन र सुशासन, गरिबी र लडाई जारी छ पार्किन्सनसँग शीर्षकहरूले विकासे पाठकहरूलाई रास्रैसँग तान्छ । त्यसैगरि अंग्रेजीका अठार वटा लेखहरू, फरेष्टरको भूमिका, युवा माटो संरक्षण, ग्रामीण विकास, वातावरणीय क्षयीकरण, फिउल क्राईसिस, नर्सरी, कागज उद्योग, बायोलोजिकल इन्जीनिएरिङ्ग, रिफरेष्ट्रेशन, नागरिक समाज, जिल्ला वन अधिकृत र पार्किन्सन्स जिवनको भोगाई जस्ता शिर्षकहरूले पाठकको ध्यान तान्दछ । पाठक आफ्नो रुचीको शिर्षक हेरेर पुस्तक पढ्छन् ।

**दिपक चापा नेपानका सदस्य र उनले रेन्जरदेखि विकासे कार्यकर्ता र विकास परामर्शदाताको रूपमा कामगर्दाका अनुभव र सो समयमा लेखेका लेख रचनाहरूको संगालो रहेकाले यो पुस्तक विकासे कार्यकर्ता र विकासे नीति निर्माता र विकास कार्यमा संलग्नहरूको छनौटमा पर्छ ।**

**प्रकाशकीय, लेखकीय र समीक्षा पढ्दै**

पाठकले पुस्तक छनौटगरि पढ्न र पुस्तकबाट लाभ लिन पढ्नै पर्ने कुराहरू भनेका पहिलो प्रकाशकीय हो । जहाँ किन यो पुस्तक लेखियो भनि पहिल्यै खुलाईएको हुन्छ । जसको कारण पाठकले सहजै पुस्तकको बारेमा संक्षिप्तमा थाहा पाउन सक्छन् । जसरी प्रकाशकले पहिल्यै पुस्तक पढिसकेकाले त्यो एक किसिमको पुस्तक समिक्षा हो । त्यस्तै दोश्रो लेखकले आफ्ना कुरा पुस्तकभित्र बताए पनि मनको कुरो एक्कै ठाउँमा पोख्छ । त्यो नयाँ पाठकको लागि पुस्तक पढ्ने एक गाईड बन्न सक्छ । तेश्रो कोही कसैले पुस्तक पढेर पुस्तकको समिक्षा विषयबस्तु भन्दा पहिल्यै लेखिदिन्छन् । भूमिका, फोरवर्ड जस्ता केही पृष्ठका लेखाईले सिङ्गै पुस्तकको नक्सांकन गरिदिएको हुन्छ । यी तीन कुरा पढेर पुस्तक पढियो भने कोरा किसिमले पुस्तक पढ्नुभन्दा बढ्ता लाभ लिन सक्छ पाठकले ।

प्रस्तुत पुस्तकमा नेपानका अध्यक्षको भूमिका लेखन, दीपकचापाको लेखकीय र दिपक चापासँगको एक दिन पढेपछि पुस्तक पढ्ने प्रेरणा जाग्दछ । सहकर्मीहरूको विचारले जसरी दिपकलाई चिनाउँछ । पुस्तकमा राखिएका तस्वीरहरूले पनि त्यत्तिकै जिवन्तता दिएको छ । यो पुस्तक समिक्षाले सहभागिताका पाठकहरूलाई र नेपानका सदस्यहरूका लागि नेपानका प्रकाशनहरू, अन्य पुस्तकहरूको पठन सँगसँगै दिपक चापाको पुस्तक पढ्ने प्रेरणा मिल्लेछ भन्ने विश्वास बढेको छ । यो प्रकाशन यस्तो किर्ती रहेछ, जसले दिपक चापालाई अजर बनाउने छ ।

# गरिखानेका नाममा अब्बल वकालत

• चेतनाथ हरित

> **यो एउटा निरन्तर सङ्घर्षको कथा पनि हो, आन्दोलनको कथा पनि हो, अझ अर्को भाषामा भन्ने हो भने जीवनमा लामो समय गरिखानेका नाममा वकालत गरेको एउटा असल दस्तावेजीकरण पनि हो ।**


नयाँबानेश्वरको एउटा कफीसपमा एकदिन म त्रिविविका एक प्रा.डा.सँग गफिँदै थिएँ । गफकै सिलसिलामा प्रसङ्ग आयो- मान्छेका प्रकारका बारेमा । मैले सोधेँ, “डा. साब यो समाजमा ‘ खाने’ हिसाबले कति थरी मान्छे हुन्छन् ?” उहाँले भन्नुभयो, ‘धेरै थरी हुन्छन् नि, के के आधारमा भन्नु ?’ ‘सात्विक भोजन खाने, राजसी भोजन खाने, अनि तामसी भोजन खाने ।’ ‘होइन, यो त गीता-ग्रन्थका अनुसार पो भयो त । यसमा त समाजमा वर्गअनुसार खाने वा जीविका गर्ने प्रवृत्ति देखिएनन् नि’, मैले भनेँ । उहाँले फेरि थप्नुभयो, ‘ए त्यस हिसाबले भन्नुभएको, अर्को तरिकाले भन्दा त ‘हुँदा खाने’ र ‘हुनेखाने’ गरी दुईथरी हुन्छन् ।’ उहाँको कुरा सकिन नपाउँदै मैले फेरि थपेँ, ‘त्यसो भए ‘गरिखाने’, ‘ठगिखाने’, ‘ बसिखाने’, ‘लुटिखाने’ आदि कुन प्रकारमा पर्छन् त ?’ त्यो प्रसङ्ग त्यहीँ रोक्यौं, एकछिन हाँसो भयो ।

तर कुरा ‘सिरियस’ थियो । वर्षौंदेखि हाम्रो समाजलाई यस प्रवृत्तिका मान्छेले नै गतिवान वा अगतिवान बनाइरहेका छन् । कतिपयले समाजलाई अगतिवान अर्थात् पछाडि धकेलेका पनि छन् । गरिखानेहरूले समाजलाई अगाडि लैजान्छन् भने बसिखाने, लुटिखाने र ठगिखानेले समाजमा भाँडतन्त्र मच्चाइरहन्छन् । समाजलाई पछाडि धकेल्छन् । तिनीहरूले समाजको रूपान्तरण र गतिशीलता रोकिदिन्छन् । ‘गाउँगाउँबाट उठ, बस्तीबस्तीबाट उठ, हातमा कलम हुनेहरू कलम लिएर उठ ......’ भनेर गायक रामेश श्रेष्ठले त्यसै गाएका होइनन् । गरिखानेहरूले नै समाजलाई माथि उठाउँछन् । तर यही वर्गले धेरै दुःख झेल्नुपर्ने हुन्छ जीजिविषाका लागि । यही वर्ग पुस्तौंपुस्तासम्म पनि पीडा भोगेर जीवन गुजार्छ ।

पछिल्लो समय यिनै गरिखानेका सन्दर्भ कोट्याउँदै बजारमा एउटा पुस्तक आएको छ : गरिखानेका नाममा । यो पुस्तकका लेखक हुनुहुन्छ- विष्णु रिमाल । उहाँ लामो समयदेखि मजदुरका सवाल (ट्रेड युनियन) मा केन्द्रित हुनुहुन्छ । तिनै अनुभवहरूलाई नै उहाँले अभिलेखीकरण गरी पुस्तक निकाल्नुभएको छ : गरिखानेका नाममा । यो एउटा निरन्तर सङ्घर्षको कथा पनि हो, आन्दोलनको कथा पनि हो, अझ अर्को भाषामा भन्ने हो भने जीवनमा लामो समय गरिखानेका नाममा वकालत गरेको एउटा असल दस्तावेजीकरण पनि हो । पुस्तकमा आमुख लेख्ने क्रममा नेता प्रदीप ज्ञवाली र मुकुन्द न्यौपानेले पनि यो पुस्तकको अब्बलताको प्रशंसा गर्नुभएको छ । प्रदीप ज्ञवाली भन्नुहुन्छ, “यो पुस्तकले श्रमशक्तिको राम्रो चर्चा गरेको छ । श्रमशक्तिको विकास गर्दै सामाजिक आर्थिक रूपान्तरण



| | | |
|---|---|---|
| **पुस्तकको नाम** | : | गरिखानेका नाममा |
| **लेखक** | : | विष्णु रिमाल |
| **प्रकाशक** | : | नेपाल ट्रेडयुनियन महासङ्घ (जिफन्ट) |
| **प्रकाशन वर्ष** | : | २०७४ |
| **मूल्य रु.** | : | ५००।- |
| **पृष्ठसङ्ख्या** | : | ४९२ |



तीव्र पार्नु र समाजवादका आधार तयार गर्नु भन्नुको अर्थ हो- देशभित्रै अधिकतम रोजगारीका अवसरहरू सिर्जना गर्नु र श्रमिकहरूलाई अवसर दिनु ।" त्यसैगरी, मुकुन्द न्यौपाने भन्नुहुन्छ, "यो पुस्तक श्रमिकहरूका कार्य र मनोक्षेत्रको एउटा 'रिसर्च' हो, तपाईं जति धेरै पढ्नुहुन्छ, त्यत्ति नै नयाँ कुरा पाउनुहुन्छ ।"

**श्रमजीवी वर्ग, युवा र किसानको हितमा काम नभै समाजवाद आउन नसक्ने हामी सबैलाई ज्ञात भएको कुरा र विश्वबाट सिकेको पाठ हो ।**

वास्तवमा नेपालको संविधान २०७२ ले पनि 'नेपाली समाजलाई समाजवादतर्फ उन्मुख गराउने' भनेको छ । श्रमजीवी वर्ग, युवा र किसानको हितमा काम नभै समाजवाद आउन नसक्ने हामी सबैलाई ज्ञात भएको कुरा र विश्वबाट सिकेको पाठ हो । लेखक रिमालले श्रमिकहरूका हक, हित र अधिकारका आवाज यस पुस्तकमा अभिलेख गर्नुभएको छ । ट्रेड युनियन (जिफन्ट) को नेतृत्व गर्ने क्रममा विभिन्न अवसर र स्थानमा दिएका सम्बोधन/भाषणहरू समेटेर उहाँले पुस्तकलाई एउटा प्रामाणिक दस्तावेज बनाउने प्रयास गर्नुभएको छ । युवावर्गका लागि यो एउटा उत्प्रेरक पुस्तक हो । कुल ६ भागमा विभाजन गरिएको यस पुस्तकको पहिलो भागमा (ट्रेड युनियन) महाधिवेशन प्रतिनिधि परिषद् र विशेष समारोह, दोस्रो भागमा मे दिवस र ऐक्यवद्धता, तेस्रो भागमा श्रमिक महिला र युवा श्रमिक, चौथो भागमा नीति/राजनीति, पाँचौं भागमा अन्तर्राष्ट्रिय सभा-सम्मेलन, र अन्तिम अर्थात् छैटौं भागमा 'विविध विषय' भनी तीनवटा विशेष लेख-सामग्रीहरू राखिएका छन्, जुन निकै रोचक, ज्ञानप्रद र यस विषयमा अनुशीलन गर्न चाहनेका लागि उपयोगी पनि छन् ।

पुस्तकमा राखिएका शीर्षकहरू अति आकर्षक छन् । पाना पल्टाउँदा नै पढूँपढूँ लाग्छ । उदाहरणार्थ पुस्तकमा भएका ६ खण्डका कुल ४३ वटा विषय-शीर्षकहरूमध्ये अति घतलाग्दा यी एक दर्जन शीर्षकहरू मात्र हेरौं :

- सामाजिक क्रान्तिको अर्थ समाजको रूपान्तरण
- श्रमको संसार अर्गानिक ब्याड हुनसक्ला ?
- असमानतालाई अन्त्य गर्नु नै समानता
- 'तीन-आठ'सँग जोडिएका तीन राष्ट्रिय कार्यभार
- आदर्श सपना नभएको मानचित्र हेर्न लायक हुन्न
- पितृसत्ता विपरीत मातृसत्ता हो ?
- जीवन लम्बाइमा होइन, गहिराइमा नापिन्छ
- शत्रुसँग लड्न सजिलो, आफैंसँग लड्न गाह्रो
- युवापङ्क्ति राजनीतिमा आउनैपर्छ
- जलवायु परिवर्तनको बहसमा ट्रेड युनियनहरू
- जति ज्याला उति नै काम
- सङ्कटमा पहिलो शिकार श्रमजीवी वर्ग ।

पुस्तकमा धेरै रोचक तथ्य, यथार्थ कथा/घटना/परिघटनाहरू परेका छन् । श्रम र श्रमजीवी वर्गसँग जोडिएका प्रसङ्ग कोट्याउँदै नेपालको नयाँ संविधान आउनु भनेको श्रममा विश्वास गर्ने जनताका लागि एउटा अपूर्व अवसर र समय आएको भनेर पनि पुस्तकमा उल्लेख गरिएको छ । लेखकको भनाइ छ, "झण्डै सात दशकदेखि हामीहरू त्यो दिनको पर्खाइमा थियौं, नेपाली जनताले आफ्ना लागि आफ्ना प्रतिनिधिद्वारा लेखिएको संविधान जारी गर्ने; आज त्यो दिन आएको छ, आज पर्खाइको घडी समाप्त भएको छ ।"

पुस्तकमा समेटिएका प्रत्येक च्याप्टरले के भन्छन् भनेर विश्लेषण गर्नु यस सङ्क्षिप्त लेखको सीमाभन्दा बाहिर पर्छ । अतः एकपटक यो पुस्तक पढ्न म सबैलाई सल्लाह दिन्छु । पुस्तकमा नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) को प्रकाशकीय पनि छ । उक्त प्रकाशकीयमा परेको एउटै वाक्यले पुस्तकको मर्मलाई प्रकाश पार्छ : "नेपाली श्रमिक आन्दोलनसँग सरोकार राख्ने जोसुकैका लागि यो पुस्तक एउटा महत्वपूर्ण सन्दर्भ-सामग्री बन्न पुगेको छ ।" पुस्तकको लेआउट र डिजाइन पनि आकर्षक छ । भाषा रसिलो छ । शुद्धाशुद्धिमा दोष दिने ठाउँ एकदम कम छन् ।

लेखकलाई हार्दिक बधाई ज्ञापन गर्दै भविष्यमा विश्व श्रमिक तथा नेपाली श्रमिक विषयमा अझ अनुसन्धानात्मक, खोजमूलक र विश्लेषणात्मक कृतिहरू लेखकले ल्याउनुपर्छ भन्ने हाम्रो आग्रह छ । भाषणहरूको सँगालोमात्र होइन, नेपाली श्रमिकसँग गाँसिएका तमाम विषयमा सैद्धान्तिक, अवधारणात्मक, अनुभवजन्य एवम् नीति परिवर्तनमा सघाउने खालका प्रकाशनहरू लेखकले ल्याउनुपर्छ । श्रमजीवी वर्गको उत्थान र गरिबी निवारणका सवालहरू अभिन्न रूपले गाँसिएको हुँदा ती पक्षमा पनि रिमालजस्ता लामो समय श्रमिककै हक, अधिकार र कल्याण सुनिश्चिततताका लागि वकालत गर्नमा व्यतीत गरेका व्यक्तिबाट नेपाली पाठकले थप गहकिला कृतिहरूको अपेक्षा राख्नु अन्यथा हुने छैन । नेपाल सहभागीमूलक कार्य समूह (नेपान) का मूल्य र मान्यताहरू (भ्याल्युज) मा 'गरिबवर्गप्रति समानुभूति' र 'समता' पनि पर्ने भएकोले नेपान सदस्यहरूका लागि पनि श्रमजीवी वर्गका मूल समस्या र समाधानका उपायहरूको खोजी गर्ने सिलसिलामा यो एक पठनीय र सन्दर्भयोग्य खुराक बन्ने निश्चित छ । श्रमजीवी वर्गको सक्रिय सहभागिता र सशक्तिकरणविना हामी दिगो विकास वा समावेशी विकास वा 'समृद्ध नेपाल, सुखी नेपाली' को परिकल्पना पनि गर्न सक्दैनौं । यो छोटो पुस्तक-चर्चा यहीं बिसाऊँ !

**सहभागिता का हरेक अङ्क-विशेष अङ्क बनाउनमा हामी प्रयासरत छौं ।**

**- सम्पादक मण्डल**

# नेपालमा महिला विकास : अझ धेरै गर्नुपर्ने छ !



● बिना गुरूङ

**नेपाली महिलाहरू विगतको तुलनामा धेरै नै अगाडि बढेका छन् । पहिला महिलाहरूको काम भनेको नै घर सम्हाल्ने हो भन्ने गरिन्थ्यो । महिलाहरूलाई कुनै पनि मान-सम्मान दिइन्नथ्यो । पढ्नमा पनि रोक लगाइन्थ्यो । तर अहिले आफैँ सक्षम भएर आवाज उठाउन सफल भएका छन् । आफ्नो हकको लागि लड्न सक्ने भएका छन् ।**

नेपाली महिलाहरूको वर्तमान अवस्था पहिलाभन्दा राम्रो भएको छ । अझ वृद्धा महिलाहरूभन्दा युवावस्थाका महिला र बालिकाहरूको स्थिति पहिलेभन्दा सुध्रेको छ । यसमा हामी खुसी हुनुपर्छ । तर सुधारका काम भने धेरै गर्न बाँकी छन् ।

अबको जिम्मेवारी युवतीहरूको काँधमा झन् बढी आएको छ । किनकि अहिलेका युवतीहरू नेपालको इतिहासमा सबैभन्दा बढी अधिकारसम्पन्न छन्, खुला वातावरण पाएका छन्, गर्न खोज्नेलाई धेरैतिर प्राथमिकता र आरक्षण पनि छ । तर यी अधिकार, प्राथमिकता र आरक्षणहरूलाई कार्यान्वयनमा बदल्न अझ सक्रियता बढाउनु जरुरी छ । यसका लागि युवा र युवतीहरू सबै मिलेर थप जुर्मुराउनुपर्ने भएको छ ।

### एउटा छलाङ

पहिला पहिला महिलाहरु घरबाट निस्किन गाह्रो मान्ने, घरको काममै सीमित हुने गर्दथे । महिलाहरू धेरैजसो अशिक्षित थिए । लैङ्गिक विभेद चरम अवस्थामा थियो । तर अहिले स्थिति केही बदलिएको छ । हाल महिला शिक्षालाई बढी प्राथमिकता दिइएको छ । महिलाहरूको स्वास्थ्यलाई सबैले ख्याल गर्न थालेका छन् । सुत्केरी हुन नसकेर मर्ने आमाहरूको संख्या धेरै नै घटेको छ । रोगको उपचार नपाएर मर्ने आमाहरूको संख्या पनि ह्वात्तै घटेको छ । यस मामलामा नेपालले छलाङ मारेर पुरस्कार पनि पाइसकेको छ ।

अहिलेको युगमा महिलाहरु पनि पढ्न चाहन्छन्, महिलाहरू पनि अघि बढ्न चाहन्छन् भन्ने कुरा पुरुषहरूले पनि राम्रैसँग बुझ्न थालेका छन् । यसकै प्रभावले गर्दा, अहिलेका आमाहरू आफू शिक्षित नभए पनि आफना छोराछोरीलाई पढ्न पठाउँछन् । आफनो घर सम्हालेर पनि केही समय निकालेर श्रीमान्‌लाई मद्दत गरेर हुन्छ या सानोतिनो व्यवसाय गरेर हुन्छ, केही आम्दानी गर्न सफल भएका छन् । महिलाहरु जागिर गरेर, व्यवसाय गरेर आफैँमा आत्मनिर्भर हुन सिकिरहेका छन् ।

अझ सहरमा भन्दा ग्रामीण महिलाहरूमा केही गर्नुपर्छ भन्ने भावना जागिरहेको छ । रात-दिन नभनेर काममा खट्न थालेका छन् । घरायसी कामका अतिरिक्त स्थानीय नेतृत्व सम्हाल्न पनि उनीहरू आतुर छन् । कला र सीप सिक्दैछन् । धन्य छन् ग्रामीण भेगका महिला दिदीबहिनीहरू !

प्रगति राम्रो भए पनि र सुधारोन्मुख भए पनि नेपालमा महिला र पुरुष विकासका तथ्याङ्क केलाउने हो भने महिलाको स्थिति अझै पनि धेरै फरक छ । पहिलेको स्थितिसँग तुलना गरेर मात्र अबको जमानामा चित्त बुझाउन सकिँदैन । महिला र पुरुष एउटै रथमा दुई पाङ्ग्रा भएकोले उनीहरू दुबैको समान विकास हुनु जरुरी छ । घरमा महिला शिक्षित हुन सकेमा पुरुष शिक्षित भएभन्दा बढी प्रभाव पर्ने कुरा तथ्याङ्कहरूले देखाएका छन् । एउटी आमाले स्वास्थ्यका कुरा राम्रोसँग बुझ्न पाएमा घर र केटाकेटी अझ स्वस्थ बन्ने कुरा पनि अध्ययनहरूले देखाएका छन् । एउटी महिलाले संस्था नेतृत्व गरेमा झनै पारदर्शी पाराले संस्था चल्ने कुरा पनि तथ्याङ्क र समाचारहरूले देखाएका छन् । यी सबै कुराले महिला विकास अझ छिटो हुनुपर्छ भन्ने हामीलाई महसुस हुन्छ । तर सोचेजति विकास हुन सकेको छैन । त्यसका पछाडि धेरै कारणहरू जिम्मेवार छन् ।




तस्विर सौजन्य : www.imartnepal.com

**किन पछाडि पर्छन् महिलाहरू ?**
नेपाली महिलाहरु पछाडि पर्नुका धेरै कारणहरू छन् । पहिलो कारण हो, पुरानो सोचाइ । हामी अहिले २१ औ शताब्दीमा छौँ जहाँ मानिस चन्द्रमामा पुगेका छन्, नयाँ-नयाँ सुपर प्रविधिहरुको आविष्कार भएको छ, तापनि हाम्रो नेपाली समाजमा पुरानो सोच राख्ने व्यक्तिहरू अझै पनि प्रशस्तै छन् । पुरानो सोच भएका व्यक्तिहरू अनुसार छोरी भनेको पराइ धन हो त्यसैले उनीहरुलाई पढाउन हुँदैन घरको काममै सीमित राख्नुपर्छ भन्छन् । यो सोचाइले गर्दा पनि महिलाहरु अघि बढ्न सकेका छैनन् ।

**नेपालमा विगतमा उपप्रधानमन्त्रीसम्म महिला बनेका छन् । आशा गरौं अब प्रधानमन्त्री पनि महिला बन्नेछन् ।**

दोस्रो कारण हो, शिक्षाको सहज अवसर नहुनु । धेरैजस्तो दुर्गम क्षेत्रहरूमा विद्यालय नै छैनन्, भए पनि पायक पर्ने ठाउँमा छैनन् । टाढा टाढाका विद्यालय, महाविद्यालयहरूमा जान बालिका, युवती र महिलाहरूलाई धेरै कठिन छ । उनीहरू स्वभावैले शिक्षाको अवसरबाट बञ्चित बन्न पुग्छन् । अझ कतिपय ठाउँमा बोर्डिङ स्कुल खुलेका हुन्छन्, तर त्यहाँ छोराहरूलाई पढ्न पठाइन्छ, तर छोरीहरूलाई सरकारी स्कुल खोज्ने गरिन्छ वा स्कुल नै पठाइँदैन । यो विभेद अझै पनि कायमै छ । यसमा प्रत्येक परिवार जिम्मेवार छन् ।

तेस्रो कुरा, श्रीमान्ले साथ नदिँदा पनि महिलाहरु पछाडि परेका छन् । कतिपय ठाउँमा महिला अघि बढ्न खोज्दा पुरुषहरूले सकेसम्म महिलाहरू घरधन्दामै सीमित भइदिए हुन्थ्यो, बाहिर ननिस्के हुन्थ्यो भन्ने चाहना राख्छन् । महिला अघि बढे भने पुरुषले दुःख पाउँछन्, घरधन्दा सम्हाल्नुपर्ने जिम्मा पुरुषका हातमा आइपर्छ भनेर डराउने चलन पनि छ । यो भ्रमको स्थिति हटाउन धेरै कठिन छ । कतिपय महिलाहरूले आफूले पाएको अधिकारको दुरुपयोग गरेको पनि देखिएको छ । तसर्थ त्यस्ता कुसंस्कार र दुरुपयोग हटाउन सक्नुपर्छ ।

## महिला विकासका संस्थाहरूको सहयोग

नेपालमा महिला विकासका लागि काम गर्ने धेरै सरकारी तथा गैरसरकारी निकायहरु छन् । मेरो विचारमा सरकारी तथा गैरसरकारी निकायबाट महिला विकासका लागि भएका विभिन्न प्रयासहरु सराहनीय नै छन् । यी निकायहरुले समय-समयमा महिलाहरुलाई सीपमूलक तालिमहरु प्रदान गर्छन् जसले गर्दा उनीहरुले सिकेका सीपहरु प्रयोग गरेर काम गर्छन र सक्षम हुन्छन् । यस्ता सीपमूलक तालिमअन्तर्गत सिलाई-बुनाइ, स्वास्थ्यसम्बन्धी, कृषि तथा अन्य आयमूलक तालिमहरू पर्दछन् । यी तालिम पाएका महिलाहरूले उद्यम गरेर बढी आम्दानी लिन थालेका छन् । घरखर्च चलाउन ठूलो सहयोग भएको छ । समूहमा काम गर्दा आत्मविश्वाससमेत बढेको छ, त्यस्तै नेतृत्व गर्ने सीप, बचत गर्ने सीप, बैंकिङ प्रणालीबारे ज्ञान अभिवृद्धि आदि तमाम खालका लाभ पाएका छन् महिलाहरूले ।

यसमा कमजोर पक्ष के छ भने ती निकायहरूले केही समयका लागि मात्र अर्थात् धेरै छोटा खालका तालिम दिन्छन्, जसले गर्दा काम गर्न चाहिने सीप पुगेकै हुँदैन । अधकल्चो तालिम पाएका महिला झन् न यता न उता भएर बसेका हुन्छन् । चाहिएको सीप पूरा नजानी थालेको बिजनेसबाट घाटा पर्ने सम्भावना हुन्छ । त्यसले गर्दा त्यो जोखिम उठाउन उनीहरूलाई कठिन हुन्छ । यो कुरा ती संस्थाहरूले बुझ्नुपर्दछ ।

त्यस्तै, कतिपय महिला दिदीबहिनीहरू पनि तालिम लिन्छन् त्यसपछि त्यसको सदुपयोग गर्दैनन् । यो पनि नराम्रो बानी हो । खालि तालिमका लागि तालिम लिने, अनि भत्ता पाइन्छ भन्ने आशले मात्र तालिम लिने प्रवृत्तिले महिलालाई अगाढि बढ्न झन् रोक्छ । यो कुरा महिला दिदीबहिनीहरूले पनि बुझ्नुपर्छ । प्रयोग नहुने तालिमको के महत्व ! त्यसैले सरकारी तथा गैरसरकारी निकायहरूले पनि तालिम प्रदान गर्दा यी कुरा ख्याल गरेर तालिम सञ्चालन गर्नुपर्छ । तालिमको खास खाँचो भएका महिला दिदीबहिनीहरूलाई लक्षित गरेर तालिम दिने कुरामा जोड दिनुपर्छ । त्यस्ता महिलाहरूलाई बढीभन्दा बढी सहयोग गर्नुपर्छ र उनीहरुलाई काम गनृका लागि प्रोत्साहित गर्नुपर्छ ।

महिला उद्यमशीलता बढाउनका लागि सीप दिइसकेपछि सकेसम्म महिला समूह बनाएर केही लगानी गरिदिए राम्रो हुन्छ, या काम दिएर पनि उनीहरूको सीप प्रयोग गर्न सकिन्छ । यसले गर्दा महिला दिदीबहिनीहरुमा हौसला बढेर काम गर्ने इच्छा बढ्ने छ । उद्यमशीलतासँगै बजारको खोजी पनि गरिदिनुपर्छ । बजारबिनाको उत्पादनमा जोड दिनुहुँदैन । अझ स्थानीय कच्चा पदार्थमा आधारित उद्यम भए झन् राम्रो । त्यस्ता कच्चा पदार्थ उत्पादनमा पनि थुप्रै महिलाहरुलाई रोजगार बनाउन सकिन्छ ।

## निष्कर्ष

नेपाली महिलाहरु विगतको तुलनामा धेरै नै अगाडि बढेका छन् । पहिला महिलाहरुको काम भनेको नै घर सम्हाल्ने हो भन्ने गरिन्थ्यो । महिलाहरूलाई कुनै पनि मान-सम्मान दिइन्नथ्यो । पढ्नमा पनि रोक लगाइन्थ्यो । तर अहिले आफैं सक्षम भएर आवाज उठ्उाउन सफल भएका छन् । आफनो हकको लागि लड्न सक्ने भएका छन् । नेपालमा अहिले महिला राष्ट्रपति हुनुहुन्छ । केही समयअघि प्रधानन्यायाधीश पनि महिला हुनुहुन्थ्यो । सभामुख पनि महिला हुनुहुन्थ्यो । नेपालमा विगतमा उपप्रधानमन्त्रीसम्म महिला बनेका छन् । आशा गरौं अब प्रधानमन्त्री पनि महिला बन्नेछन् ।

यो सफलता निश्चय नै सकारात्मक पक्ष हो । यति हुनु भनेको नेपालको महिलाहरुको लागि धेरै उपलब्धिको कुरा हो । यसरी नै नेपाली महिलाहरु अघि बढ्ने हो भने केही समयमा नेपाली महिलाहरू पनि बिकसित मुलुकका महिलाहरू जस्तै सफल र सक्षम हुनेछन् भन्नेमा शङ्का छैन । महिला विकासका लागि सर्वप्रथम त शिक्षालाई अनिवार्य गर्नुपर्छ । दुर्गम क्षेत्रमा पनि गुणस्तरीय विद्यालयहरू खोलिदिनुपर्छ ताकि उनीहरू घण्टौं हिँडेर पढ्न जान नपरोस् । शिक्षाको साथ-साथै विभिन्न खालका सीपमूलक तालिमहरु पनि दिइरहनुपर्छ जसले गर्दा उनीहरु सबै क्षेत्रमा अब्बल हुनेछन् । सरकारले पनि महिलाहरूलाई विभिन्न थप क्षेत्रमा प्राथमिकता दिनुपर्छ । महिला समूह तथा संगठनहरु गठन हुनुपर्छ । संगठनहरु नभएको होइन तर तिनलाई सरकारले पनि सहयोग गरेर अझै व्यवस्थित ढंगमा लगेर क्रियाशील र उपलब्धिमूलक बनाउनु पर्छ ।

*(गुरूङ काठमाडौंस्थित स्टेप नेपाल नामक गैससमा कार्यरत हुनुहुन्छ ।)*
इमेल : *binagurung35@gmail.com*

सहभागिता ५१ को समीक्षा

# सहभागिता ५१ पढेपछि मनमा उब्जेका केही कुरा

कम्तीमा एकपट नपढी नहुने र दीगो विकास तथा सहभागीमूलक विकास प्रेमीहरूले छुटाउनै नहुने एक पत्रिका हो सहभागिता । दीगो विकास र सहभागीमूलक विकास पद्धतिका लागि यो ओखती पत्रिका जस्तै छ । विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरूका आलेख समेटिने यस पत्रिकाको ५१ औं अंकमा स्थानीय तह/सरकार तथा विकास पद्धतिसम्बन्धी विषयहरू उठान गरिएको छ । जुन पाठकवर्गहरूका लागि निकै उपयोगी हुने देखे ।

१३६ पेजको यो म्यागजिनमा स्थानीय सरकार, श्रोत व्यवस्थापन, दन्द व्यवस्थापन, क्षमता विकास, पर्यटन, दलित तथा सिमान्तकृत समुदायको सामाजिक आर्थिक रुपान्तरण, नयाँ नेपाल निर्माण अभियानका लागि अति महत्वपुर्ण विचारहरूको विश्लेषणसहितका आलेखहरू छन् । यसका अलावा कार्यकारिणी समितिको परिचय, अन्तर्वार्ता, कविता, पुस्तक समीक्षा, नेपानका गतिविधिहरू तथा नेपान श्रोत केन्द्रमा संकलित पुस्तकहरूको विवरण, जनमत संकलन विवरण, लेखरचनाको विवरण, चिठीपत्र, नेपान अक्षयकोषको जानकारी र अनुरोध तथा कार्टुनसम्बन्धी विषयहरूको संलग्नताले यसको गरिमालाई अझै उचाई दिएको छ ।

### स्थानीयस्तरका सवाल तथा सम्भावनाको व्यवहारिक विश्लेषण

विभिन्न अनुभवी विकासकर्मी लेखकहरूले आफ्ना विचारहरू प्रस्तुत गर्नुभएको ५१औ अंकमा सबै आलेखहरूको केन्द्रविन्दु भने पुर्नसंरचित नेपालको संरचना स्थानीयस्तरका विभिन्न सवाल, सम्भावना, अवसर तथा चुनौतिहरूको बारेमा सोधखोज गरिएको छ । नेपालमा भएका विभिन्न सशस्त्र तथा ऐतिहासिक आन्दोलनको सपना भनेको आफ्नो शासन आफैले गर्ने भन्ने कुरासँग जोडिएको थियो वा सुशासनका लागि संघीयता र राज्यको पुर्नसंरचनालाई प्रमुख एजेण्डा बनाएको सन्दर्भमा स्थानीय सरकार वा तहले जनताका आकांक्षा तथा अभिमतलाई कसरी सम्बोधन गर्ने भन्ने पक्षलाई उजार गर्न खोजिएको छ । स्थानीय तहको मुख्य काम स्थानीय स्रोत-साधनको पहिचान तथा उपभोग गर्दै आफ्नो विकास आफैं गर्नु, राज्यबाट प्राप्त हुने सेवा तथा सुविधाहरू सहजरूपमा प्राप्त गर्नु र विकास तथा सामाजिक न्यायमा सबैको पहुँच पुरयाउँदै समृद्धि तर्फको यात्रा तय गर्नु हो (मदन भण्डारी फाउन्डेसन, २०७४), पृष्ठ ३, आलेख, जगतबहादुर बोगटी । यस आलेखलगायत अन्य थुप्रै पृष्ठमा स्थानीय नागरिकहरूको सपना के छ वा कसरी ती आकांक्षाहरूको परिपुर्ति हुनुपर्छ भन्ने कुरा उठाइएको छ ।

त्यसैगरी राज्यको पुर्नसंरचना हुँदै गर्दा स्थानीयस्तरमा विभिन्न खालको स्वार्थ द्वन्दहरू हुनसक्ने विषयलाई समेत पत्रिका उठाउन खोजिएको छ । यसमा भनिएको छ कि नेपालको विगतको शासकीय शैलीको समीक्षा गर्दा तराईलाई रणनीतिक महत्वले हेरिए पनि सामाजिक-राजनीतिकरूपमा त्यहाँका आमनागरिकका सरोकारहरूको सम्बोधन गर्नुभन्दा सम्भ्रान्त वर्गका केही सामन्तहरूलाई केन्द्रका शासकहरूले आफ्ना घेराभित्र ल्याई उनीहरूमार्फत् नै शासन गर्ने रणनीति अख्तियार गरेको भनी पृष्ठ नं १६, द्वन्द विश्लेषक डा. विष्णुराज उप्रेतिले उल्लेख गर्नुभएको छ । यसले के देखाउँछ भने श्रोत साधनको न्यायोचित वितरण तथा परिचालन भएन भने पुर्नसंरचना तथा श्रोतको बाँडफाँडमा फेरि विभिन्नरुपमा द्वन्दहरू आउनसक्ने कुरामा स्थानीय सरकार चनाखो बन्नु जरुरी हुनुपर्ने कुरामा जोड दिएको छ । आगामी दिनमा स्थानीय सरकारले वा तहले पर्यटनलाई विकास प्रक्रियाको प्रमुख विषय कसरी बनाउने भन्ने पक्षमा विभिन्न व्यक्तित्वहरूले विभिन्न प्रकारका उपायहरू सुझाएका छन् । स्थानीय तहले उचित तवरले संविधानतः प्राप्त अधिकारलाई समुचित तवरले कार्यान्वियन गरी नागरिकका आकांक्षालाई सम्वोधन गर्न पर्यटनलाई मुख्य आधार हुन सक्ने विषयमा वहस गरिएको छ । यसमा सन् १९९५ मा नेपालमा पहिलोपल्ट पर्यटन नीति बनेको थियो । त्यो नीतिले सन् २००८ मा आएर नयाँ रूप पायो । अर्थात् १३ वर्षपछि नयाँ

| | | |
|---|---|---|
| **पुस्तक** | **:** | **सहभागिता (सहभागीमूलक विकास पत्रिका - त्रैमासिक)** |
| वर्ष | : | पूर्णाङ्क ५१, २०७४ भदौ |
| प्रकाशक | : | नेपाल सहभागीमूलक कार्य समुह (नेपान) |
| मुद्रण | : | ड्रिमवर्क्स प्रिन्टर्स |
| मूल्य | : | व्यक्तिगत रु. १०० |
| संस्थागत | : | रु. २०० |
| पृष्ठ संख्या | : | १३६ |



पर्यटन नीति बन्यो । नेपालमा पहिलोपटक बनेको 'गरिबमुखी पर्यटन नीति' भनेर त्यसको चर्चा हुने गरेको छ । अहिले हामी त्यसै नीतिअन्तर्गत छौं भनी पृष्ठ नं २४ सहभागीमूलक विकासका अभियन्ता चेतनाथ कणेल लगायतका विज्ञहरूले सवालको उठान गर्नुभएको छ ।
यसैगरी स्थानीय तहको निर्वाचन सम्पन्न भई कार्यान्वयनको चरणमा प्रवेश गरेको सन्दर्भमा नेपालको संविधान २०७२ ले प्रदान गरेको अधिकार अनुसार सामाजिक तथा आर्थिकरुपमा पछाडि पारिएको वर्ग, क्षेत्र, समुदाय थोरै भएपनि प्रतिनिधित्व भएको तर यस सन्दर्भमा सामाजिक न्यायसहितको विकास गर्न स्थानीय सरकार संचालनका लागि नेतृत्व पाएका भाग्यमानी व्यक्तिहरूले अझै दलित, महिला तथा पछाडि पारिएका व्यक्तिहरूका लागि विशेष अधिकारको प्रत्याभुत गर्नुपर्ने विषयमा जोड दिएका छन् र नेपालको संविधान, २०७२ ले वर्गीय, जातीय, भाषिक, लैङिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी/जनजाति, मधेसी, मुस्लिम समुदाय, उत्पीडित समुदाय र पिछडिएका क्षेत्र र वर्गका समस्याहरूलाई सम्बोधन गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी समावेशी, लोकतान्त्रिक, सङ्घीय शासन प्रणालीसहितको अग्रगामी पुर्नसंरचना गर्ने प्रतिवद्धता गरेको छ । । पृष्ठ नं ४६, गम्भीरबहादुर हाडा, यस आलेखमा विस्तृतरुपमा ग्रामीण विकासको मोडालिटीसमेत प्रस्तुत गरिएको छ साथै थुप्रै लेखकहरूले नयाँ नेपालको सपनालाई पुरा गर्न संघीय पुर्नसंरचनाले योगदान पुरयाउँछ भनी आशा व्यक्त गरिएको छ ।

## उपयोगिता

५१ औं अंकको अध्ययनबाट स्थानीय तहको संचालनका लागि आवश्यक सबै बुटी प्राप्त गर्न सक्छन् । यसमा पस्किएका सबै विषयवस्तुहरू सरल तथा तार्किक छन् । हरेक लेखको सन्दर्भ र उपयोगिता अब्बल छ । हालको हाम्रो विकास पद्धति र दीगो विकासको लक्ष्यलाई प्राप्त गर्न समेत पनि यस्ता पत्रिका तथा आलेखहरू आवश्यक छन र यी विचारहरू आधारभुत वर्गसम्म पुग्न जरुरी समेत छ । यस प्रकाशनलाई नेपानले नियमित गरोस् । बढीभन्दा बढी पाठकसम्म पुग्न सकोस् । हरेक समयमा विशेष अंक बनाउने र विशेष तवरले नै प्रवर्द्धन गरोस् । यसले विकासको मूलप्रवाहबाट टाढा रहेका दलित, महिला तथा सिमान्तकृत समुदायलाई समेत सशक्तिकरण गर्न योगदान गरोस् । यस प्रकाशनलाई नियमित प्रकाशन गरिरहँदा मात्र पनि नेपालको दीगो विकास पद्धति र पाठकलाई न्याय हुनेछ ।

# नेपान



• श्री गोकुल भण्डारी

यो एउटा पवित्र मन्दिर
जहाँ आज मलाई पनि
अवसर मिलेको छ
शुभ जन्म दिनको पुष्प चढाउन
आज तेइसौं वर्षमा प्रवेश गरेको
यो संस्था जीवन्त बाँचिरहोस्
सहभागिता, समावेशिता र पारदर्शिता
यो संस्थाका पवित्र नाराहरू
गाउँ-गाउँ, बेँसी-बेँसी, हर कुना-कुनामा
घन्किरहन्छन् – तराई, पहाड र हिमालभर जतातते छाईरहनु
मेरो कणबाट यो संस्थालाई आज शुभ-जन्म दिनको शुभ-उपलक्ष्यमा
मुरी-मुरी शुभ-कामना टक्याउन चाहन्छु, यसको उत्तरोत्तर प्रगतिको कामना गर्न
नेपाल र नेपालीको उत्थानको लागि
चालेका कामहरू गतिशिल बनुन्
संस्थाले सोचेका संकल्पहरू साकार बनुन्
यो बौद्धिक जमघटहरूबाट सृजित संस्था
देश विकासकोलागि दृढ संकल्पित संस्था
दुःखी, असहाय र गरिवप्रति समर्पित संस्था
भविष्यको एउटा सपना बोकेको संस्था
यो हामी सबैको प्यारो संस्था
मेरो छातिमा पनि टाँसिएको छ
हामी सबैको माझ हाँसिरहेको छ
यो संस्थामार्फत
सहयोग र सद्भाव प्रकट गरेर
अति विकटमा तड्पिरहेका निम्नवर्गको उत्थान गर्नुपरेको छ
माया र ममताको मीठो आश्वासनले नेपालभर झलमल्ल दियो बाल्नुपरेको छ
होस्टेमा हैंसे गरेर नेपानको सपना साकार पार्नुपरेको छ ।
आजको यो शुभदिनमा यो संस्था र यो संस्थामा आवद्ध सवैमा आभार व्यक्त गर्दछु
शुभ- जन्मदिनमा शुभ-कामना प्रकट गर्न चाहन्छु ।

*(ठेगाना : हाल लण्डन)*

# युवा मनोविज्ञान बुझ्न ढिलो हुँदैछ



● देवेन्द्र अर्याल 'आँसु'

**विदेश पठाउन पचास लाख खर्च गर्ने अभिभावकले स्वदेशमा त्यही रकम लगानी गरेर उनीहरूलाई अगाडि बढ्न किन प्रेरित गर्दैनन् ।**

'तेरो भिसा लाग्यो त ?
छैन ह्यार अनि तेरो नि ?
अहँ......खोई के भो के भो ।
उसको त लागेछ नि !'

यस्तै संवादहरु सुन्न पाइन्छन् हिजोआज चिया पसल, प्रतीक्षालय, बस वा सार्वजनिक ठाउँमा । यस्तो संवादमा नेपाली युवाहरुको भविष्य वा देशको अर्थतन्त्र जोडिएको छ भनेर आँकलन गर्न सकिन्छ । देश परिवार र व्यक्तिगत समृद्धिको मियो अर्थात् आजको युवावर्ग किन यसरी सामान्य कामको खोजीमा विदेश भौतारिरहेको छ । के कामकै खोजीमा नेपाली युवाहरु विदेश पलायन हुनु परेको हो त ?

कानमा इयर फोन, हातमा मोबाइल, क्रन्च जिन्स पाइन्ट, झुस्स दारी आजका युवाका पहिचान हुन् । देख्दानै उराठ लाग्दा, मन थिरमा नभएका यी युवाहरु चिया पसलमा अर्को साथी भेटिएपछि विदेशको कुरा उठाइ हाल्छन् । यस्तै छ आजका युवा र तिनको वर्तमानको चित्र ।
चिया ख्वा न यार ।
खल्तीमा सुक्को छैन यार, आज तेरो पालो ।
सत्ते धरोधर्म छैन ।
बाइकमा तेल त हाल्न सक्या छैन ।

अर्को युवाजोडीको संवाद । यस्तै गफगाफ वाइफाइ फ्रि भएका चिया पसलमा सुनिन्छन् । त्यहाँ वरपर प्रायः युवाहरुको झुण्डनै देखिन्छ । नयाँनयाँ सूचना, जानकारी, मनोरञ्जनका सामग्री सित्तैमा डाउनलोड गर्न उनीहरुको त्यो ठाउँ हब नै बनेको छ । कोहीकोही त लुकेर पसलभित्रको पर्दाले छेकिएर चुरोट पनि फुक्छन् ।

प्रायः अहिलेका युवाहरुको सबैको गन्तव्य बनेको छ अष्ट्रेलिया । जब अष्ट्रेलियाको भिसा लाग्छ नि उनीहरु रामले रावण मारेको विजयोत्सवझैं गरी पार्टी मनाउँछन् । विदेश जाने ढोका खुलेकोमा । त्यसै साँझ वियर पार्टी हुन्छ । आफ्ना उमेर र विचार मिल्ने साथीहरुलाई उनीहरु पार्टीमा बोलाउँछन् । रमाइलो गर्दछन् । अभिभावकहरुलाई त खुसीको कुरागरि साध्दैनै भएन ।
कहिलेकाहीँ उनीहरु छिमेकमा फूर्ति लगाउँछन् । फलानाले के धाक दिनु नि त्यसको छोरोछोरी विदेश गाको छ र ? अष्ट्रेलिया गाको छ र ? यस्तै धाक लगाउँछन् मौका मिल्दा उनीहरु । तर त्यसभित्रको तितो यथार्थ कस्लाई थाहा । मुटुमाथि ढुंगा राखेर हाँस्नु परेको छ उनीहरुलाई अनि उनीहरुका अभिभावकलाई । विदेशमा गएर सजिलै काम पाए पुग्यो । पहिले त यहाँबाट जाँदाको ऋण तिर्न नै पायो भने भयो । पछि विस्तारै कमाएर पठाउँला । अष्ट्रेलियाका लागि प्रयास गरिरहेको तारकेश्वर नगरपालिकाको एउटा भाइको भनाइ हो यो । यस भनाइभित्र आजको युवावर्गका कति बोझ छ भन्ने कुरा बुझ्न सकिन्छ । विदेशमा पढ्नभन्दा उनीहरु आफ्नो कामको ग्यारेन्टी भएमा बढी खुसी हुन्छन् । यस्तो छ आजका नेपाली युवाको यथार्थता । चालिस पचास लाखको प्रपर्टी सो गराएर विदेश पुगेका युवाहरु किताब र क्याम्पसमा होइनन्, काम र दाममा आफ्नो सबैथोक देख्दछन् । घरमा सामान्य काम पनि नगरेका युवाहरु त्यहाँ गएर के काम गर्छन् । कसैलाई थाहा छैन, जानेहरु यो काम गर्दछौं भनेर कसैका सामु भन्दैनन् । विदेशको परिवेशमा भाग्य खोज्न विवश युवाहरुको भविष्यले कस्तो फल देला ? सहजै आँकलन गर्न सकिन्न ।

विदेशिने युवाहरुमा त्यहाँ विवाह गर्ने ट्रेन्ड पनि चलेको छ अचेल । हाम्रो छोराले त उतै विहे गऱ्यो नि । यस भनाइमा हाम्रो समाजको परिवर्तन आभाष हुन्छ । हिजो झ्याँइझ्याइँ बाजा बजाएर बुहारी भित्र्याउने समाज वा छोरी अन्माउने समाज आज सात समुद्रपारिको विवाहलाई अनलाइन र फेसबुकबाट मान्यता प्रदान गर्दछ । विदेशको भूमिमा नै विवाहको कारण के हो ? विदेश रहँदाको कोठेसाथी, जीवन साथी वा अन्य कुनै ? त्यसको भित्रि रहस्य पनि कसैले व्यक्त गरेको पाइन्न । आजका युवावर्गको यस प्रकारको विदेशमोह र जीवनशैलीले हाम्रो जनजीवनलाई कसरी अगाडि बढाउने हो वा कुन दिशातिर लैजाने हो । यसका बारेमा अहिले नै नजरअन्दाज गर्ने बेला भएको छैन त ? किन राज्य संयन्त्र यसतर्फ चुकेको हो ? खास प्रश्न त यो छ युवा किन पलायन हुन्छन् ? के उनीहरुको नेपाली संस्कृति र नेपालप्रतिको मोह घटेको हो ? जीवनको कुन मोडमा पुगेर उनीहरु स्वदेश फर्कने हुन् । उनीहरुको बाँकी जीवन कसरी बित्ने हो त्यो भविष्यले नै निर्धारण गर्ला ।

करोडपति हुन् वा राम्रो जागिरे उसलाई विदेश मोहले यतिसम्म फसाएको छ कि लाग्छ ऊ त्यहाँ अमृत प्राप्त गर्नकै लागि गएको छ । सावित्री सत्यवानको पौराणिक कथाजस्तो पतिव्रता सावित्रीको धर्म बनेको छ युवावर्गको विदेश पलायनको धर्म । आखिर किन र कहिलेसम्म यो क्रम जारी रहने हो । के विदेशमा गएर नै युवाहरुले नेपाली समृद्धिको पर्दा उघार्न सक्ने हुन् त ? यसप्रकारका प्रश्नले नेपाली युवाहरुलाई किन विदेश जानमात्र उत्प्रेरित गराएको छ । युवावर्गको मनोविज्ञान बुझेर अझै पनि किन योजना तर्जुमा गरिन्न । युवावर्ग पलायन हुनु भनेको स्वदेशी सिर्जनाको मूल शून्यतामा झर्नु हो । विदेश पठाउन पचास लाख खर्च गर्ने अभिभावकले स्वदेशमा त्यही रकम लगानी गरेर उनीहरुलाई अगाडि बढ्न किन प्रेरित गर्दैनन् । यसमा युवावर्ग र उनीहरुका अभिभावकले अवश्य नै सोच्नुपर्छ । के दश जोड दुई पास गरेपछि विदेश नै गन्तव्य बन्ने हो हाम्रा युवावर्गको ? किन राज्यले त्यो गन्तव्यलाई बदल्न सक्दैन । युवाको यो मनाविज्ञान बुझेर अगाडि बढ्न नसके राज्यलाई कालान्तरमा ठूलो घाटा नहोला भन्न सकिन्न ।

*(साहित्यकार अर्याल शिक्षक हुन्)*
इमेलः *arl.deven@yahoo.com*

गाउँपालिका अनुभव

# युवाका लागि युवासँगै योजना तर्जुमा : एक अनुभव



• लीलानाथ नेपाल

**युवालाई राम्रोसँग परिचालन गर्न सकियो भने स्थानीय विकास र सुशासनमा ठूलो टेवा पुग्नेछ । युवासँग यस खालको योजना तर्जुमा कार्यशाला पहिलोपल्ट भएकोले गाउँपालिकालाई पनि राम्रो सिकाइ भएको छ । युवाका सवाललाई निरन्तर अगाडि बढाउन र उनीहरूको उत्थान गर्नमा अब गाउँपालिका सक्रिय भएर लाग्नुपर्दछ ।**

नेपाल सरकारले समग्र नेपाललाई ७ प्रदेश, ७७ जिल्ला, ७५३ पालिकामा विभाजन गरी संघीय स्वरूपमा लाने निर्णय गरेपछि अब नेपालको विकास र शासन प्रक्रियाले नयाँ गति लिन थालेको छ। नेपालको संविधान २०७२ ले स्थानीय पालिका सरकार हरूलाई विभिन्न २२ वटा अधिकार दिएको छ। यी अधिकारले गाउँपालिका तथा नगरपालिका अब स्वतन्त्ररूपमा आफ्ना योजना आफैं बनाउने, आफ्ना नियमकानुन आफैं बनाउने र विकास र सुशासनका प्रक्रियामा विशेष जिम्मेवारी लिने वातावरण बन्दै गएको छ।

**कालिकास्थान अग्रस्थानमा !**

रसुवाको कालिकास्थान गाउँपालिका पनि आफ्ना अधिकार र कर्तव्यपालनतर्फ अगाडि बढिरहेको छ। स्थानीय विकास र सुशासनका सवालहरूलाई कसरी अगाडि बढाउने भन्नेबारेमा सम्बन्धित सरोकारवालाहरूसँग बारम्बार बैठक बसी योजना बनाउने, कार्यान्वयन गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्ने काम भइरहेको छ। स्थानीय विकासका काममा सरोकारवालाहरूको सहभागितालाई उच्च प्राथमिकता दिइएको छ। टोलटोल र वडावडाबाट बन्ने योजनामा स्थानीय बालबालिका, युवायुवती तथा वृद्धवृद्धाहरू पनि सहभागी हुने गर्छन्। त्यस्ता योजनाहरू पुनः गाउँपालिकास्तरमा व्यापक छलफल भएपछि मात्र वार्षिक योजना बनाउने गरिन्छ। कालिकास्थान अब दीर्घकालीन योजना बनाउने काममा पनि अगाडि बढिरहेको छ। दूरदृष्टिसहित दिगो विकासको अवधारणामा आधारित बन्ने त्यस्तो दीर्घकालीन गुरुयोजना आएपछि मात्र गाउँपालिकाको विकासमा तीव्रता आउने छ।

विकासका योजना र कार्यक्रममा स्थानीय सरोकारको प्रतिविम्बन पूर्णरूपमा हुनुपर्छ भन्ने मान्यतामा कालिकास्थान दृढ विश्वस्त छ। यस सिलसिलामा गाउँपालिकामा खासगरी सडक यातायात, कृषि विकास, शिक्षा विकास, स्रोत संरक्षण एवम् उपयोगका अहम् विकास सवालहरू प्राथमिकताका क्रममा आउने गरेका छन्। साथै युवा रोजगारी र युवा सदाचार अभिवृद्धिमा पनि गाउँपालिकाले विशेष जोड दिनुपर्ने सन्दर्भ आएका छन्।

कालिकास्थान गाउँपालिकाले २०७५ को जेठ २३ देखि २५ गतेसम्म ३ दिने विशेष कार्यक्रमको आयोजना गरी युवा विकासका स्थानीय सवालहरूको पहिचान, युवामा सदाचारिता कसरी विकास गर्ने, युवा सहभागिताका आधारमा गाउँपालिकाले कसरी काम गर्ने आदिजस्ता विविध सवालमा केन्द्रित भई एक विशेष तालिम कार्यशालाको आयोजना गऱ्यो। गाउँपालिकाका लागि समेत यो नितान्त नयाँ खालको कार्यक्रम थियो। काठमाडौंस्थित राष्ट्रिय विकास केन्द्रका निर्देशक चेतनाथ कणेल र केन्द्रकै स्रोतव्यक्तिहरू डा. नगेन्द्रसिंह ठगुन्ना तथा पदम दोङ तामाङले उक्त त्रिदिवसीय कार्यशाला सहजीकरण गर्नुभएको थियो। ४२ जना युवा (पुरुष) सहभागी रहेको उक्त तालिम कार्यशालामा युवाको भूमिका, युवाका लागि शिक्षा र तालिम, युवामा नैतिकता र सदाचारिता, युवामा आउन सक्ने कुलत र कुप्रवृत्ति, युवा रोजगारी र आर्थिक समृद्धि, युवामा आउने मानसिक तनाव र तनाव व्यवस्थापन, युवाका लागि युवाद्वारा योजनाको आवश्यकता र तर्जुमा तरिका आदि विविध विषयमाथि प्रशिक्षणका साथ गाउँपालिकाले आउँदो ३ वर्षका लागि युवाकेन्द्रित कस्ता कस्ता कार्यक्रमहरू गनुपर्छ भन्ने सवालमा व्यापक छलफल तथा बहस र तर्जुमा-अभ्यास भएको थियो। उक्त तालिमको समग्र व्यवस्थापन एवम् संयोजकको जिम्मेवारी गाउँपालिकाले मलाई नै सुम्पेको थियो। त्यसो त मलाई पछाडिबाट गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष एवम् विभिन्न सदस्य र मेरै कार्यालयका सहकर्मी मित्रहरूले बारम्बार सल्लाह दिने, घच्घच्याउने र

सहयोग गर्ने गर्नुभएको थियो । सबैको सहभागीमूलक प्रयासबाटै कालिकास्थानमा यस्तो खालको विशेष कार्यक्रम सम्पन्न गर्न सम्भव भएको थियो ।

कालिकास्थानका सम्पूर्ण अर्थात् ५ वटै वडाबाट सहभागीहरू आएका थिए । करिब २५ देखि ४० वर्षसम्मका युवाहरू सहभागी रहेका थिए । तीन दिनसम्म पूर्णकालीन तालिम भएकोले युवाहरूलार्य खाजा र केही दैनिक भत्ताको समेत व्यवस्था गरिएको थियो । 'आफ्नो लागि आफैं योजना' बनाउने भएर होला, युवाको सहभागिता उत्साहवर्द्धक थियो । प्रमुख प्रशिक्षक चेतनाथ कणेलले भन्नुभयो, 'गाउँपालिकासतरबाट भएको यस खालको युवाकेन्द्रित सघन तालिम र योजना तर्जुमा सायद नेपालमा पहिलोपटक हो । यो मेरा लागि पनि एउटा नौलो कार्यक्रम हो । यहाँका सिकाइ अब अन्यत्र पनि लानुपर्छ ।'

**गाउँपालिकास्तरबाट भएको यस खालको युवाकेन्द्रित सघन तालिम र योजना तर्जुमा सायद नेपालमा पहिलोपटक हो । यहाँका सिकाइ अब अन्यत्र पनि लग्नुपर्छ ।**

कालिकास्थानको यो कामलाई स्थानीय सरोकारवालाहरूले पनि प्रशंसा गरेका छन् । युवामा रहेको नकारात्मक धारणा हटाउन र भविष्यप्रति थप आशावादी बन्न पनि तालिमले सघाएको कुरा समापन मन्तव्यका क्रममा सहभागी युवाहरूले नै बताएका थिए । अर्को महत्वपूर्ण कुरा, युवाका लागि के गर्दा ठिक हुन्छ भन्ने कुरा स्वयम् युवाहरूले नै स्पष्ट तरिकाले बताएका छन्, ल्याएका छन् । उनीहरूकै हातबाट युवाकेन्द्रित कामको 'रूपरेखा' प्राप्त भएको छ । अब गाउँपालिकालाई पनि अगाडि बढ्न सजिलो भएको छ ।

प्रत्येक वडामा युवा सञ्जाल बनाउन पनि त्यही तालिमले अवसर दिएको छ । तालिममा बसेका युवाहरूको नेतृत्वमा अब वडावडामा युवा समूह तयार हुनेछन् । उनीहरूबीच नेटवर्किङ र अनुभव आदान-प्रदान तथा सहकार्यको क्रम बढ्नेछ । हाललाई हरेक वडाका लागि प्रशिक्षर्थीहरूबाटै संयोजक र सहसंयोजक तोकिएको छ । युवाहरू उत्साही भएका छन् । गाउँपालिकाबाट थप सहजीकरण आवश्यक पर्नेछ ।

## योजनामा कस्ता कुरालाई जोड ?

तीन दिनसम्मको छलफल, बहस, अन्तर्क्रिया र समूहगत अभ्यासका आधारमा कालिकास्थानका सबै वडाका प्रतिनिधि युवाहरूले आउँदो '३ वर्षका लागि युवा प्राथमिकता' भन्दै योजनाको खाका तयार पारेका छन् । जसमा निम्न कुरालाई अनुमानित बजेटसहित प्रस्तुत गरेका छन् । बजेटको बारेमा थप गृहकार्य जरुरी हुन्छ नै । यहाँ ती प्राथमिकता के के थिए भन्ने कुराको सूची हेरौं, जुन अरु गाउँपालिका तथा नगरपालिकाका लागि पनि केही दिग्दर्शन हुन सक्छ :

- वडास्तरीय युवा जागरण तथा युवाको विविध तथ्याङ्क संकलन कार्यक्रम
- गा.पा.स्तरीय भलिवल प्रतियोगिता तथा मैदान व्यवस्थापन
- उन्नत जातको बाखापालन तथा बेमौसमी तरकारी खेतीमा सहयोग अनुदान
- युवा रोजगारीका लागि विभिन्न तालिमहरू सञ्चालन गर्ने : जस्तै- मोबाइल तथा कम्प्युटर मर्मत तालिम, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक तालिम, फर्निचर निर्माण तालिम, तालिम हाउस वायरिङ, मोटरसाईकल वर्कसप तालिम, सुनचाँदी तथा ह्यान्डिक्र्याफ्ट तालिम, प्लम्बर तथा सिलाइबुनाई तालिम, बाखा तथा भैंसीपालन, तरकारी खेती, किवी खेती, च्याउ खेती, लोकल कुखुरापालनसम्बन्धी तालिम, बङ्गुरपालन तालिम, माछापालन तालिम, स्क्याभेटर, लोडर आदि ड्राइभिङसम्बन्धी तालिम, होटल सञ्चालनसम्बन्धी तालिम, मौरीपालन, जाम उत्पादन, अन्य सीपमूलक तालिमहरू
- विभिन्न वस्तु उत्पादनका लागि उपकरण तथा औजार सहयोग
- सुरक्षित वैदेशिक रोजगारसम्बन्धी तालिम
- खेतीपातीका लागि सिंचाइ सुविधा विकास, आदि ।

सहभागीहरूले वडागतरुपमा नै आफ्ना प्राथमिकताहरू तोकेका छन् । माथि प्रस्तुत गरिएका योजना र कार्यक्रमहरू समग्रमा कम्पाइल गरी राखिएको हो ।

## निष्कर्ष

रसुवाको कालिकास्थान निकै सम्भावना भएको क्षेत्र हो । यहाँ कृषि, पशुपालन, पर्यटन सबै क्षेत्रको विकास गर्न सकिने सम्म्भावना छ । यस क्षेत्रमा युवालाई राम्रोसँग परिचालन गर्न सकियो भने स्थानीय विकास र सुशासनमा ठूलो टेवा पुग्नेछ । युवासँग यस खालको योजना तर्जुमा कार्यशाला पहिलोपल्ट भएकोले गाउँपालिकालाई पनि राम्रो सिकाइ भएको छ । युवाका सवाललाई निरन्तर अगाडि बढाउन र उनीहरूको उत्थान गर्नमा अब गाउँपालिका सक्रिय भएर लाग्नुपर्दछ । गाउँपालिकाको दीर्घकालीन योजनामा युवाका सबै सरोकारहरू समेट्न सकियो र २०७५ जेठमा गरिएको यो छलफलले कमसेकम १ वर्षपछि फर्केर हेर्दा केही उपलब्धि भएको अनुभव कालिकाले गऱ्यो भने स्थानीय युवाका लागि त निकै लाभ हुने नै छ, साथै अन्य गाउँपालिकाका लागि पनि सिक्नलायक विषय बन्नेछ । हाम्रो प्रयास निरन्तर जारी छ । हामी चेतनाथ कणेल, डा. नगेन्द्र ठगुन्ना र पदम दोङ तामाङप्रति विशेष आधारी छौं ।

*(लेखक कालिकास्थान गाउँपालिका, रसुवाका प्रशासकीय अधिकृत हुनुहुन्छ ।)*
*इमेल : lila.nepal@gmail.com*

युवाका लागि उदाहरणीय काम, नेपानको सलाम !

# काठमाडौं तालिम केन्द्रले दियो २० हजार युवालाई तालिम, ९५ प्रतिशत रोजगार !

कञ्चनपुर जिल्लाको झलारी ४ का टुलुराम चौधरी ६ महिनादेखि सामाजिक परिचालनको तालिम लिइरहेका छन् । मुक्त कमैया परिवारका चौधरीले १५ महिने तालिम सकेर आफ्नै समुदायको सशक्तिकरण गर्ने योजना बनाएका छन् । चौधरी भन्छन्, 'समुदायमा कसरी घुलमिल हुने र कसरी उनीहरुका समस्या समाधान गर्ने भन्ने जानेको छु । तालिमपछि जागिर नपाए पनि आफ्नै गाउँको विकासका लागि काम गर्छु ।'

नेपालकै दुर्गम जिल्ला हुम्लाको मदना गाविस ६ की पारसा वैजी पनि सोही तालिममा सहभागी छिन् । सामाजिक परिवर्तनका लागि योगदान दिने लक्ष्य लिएर राजधानी आएकी वैजी अबको ९ महिनापछि जिल्ला फर्किन्छिन् । भन्छिन्, 'भोक, शोक, अभाव र विभिन्न समस्याबाट पीडित हुम्लामा महिला सशक्तिकरणका लागि काम गर्छु । मेरो प्राथमिकता जागिर हैन, क्षमता विकास हो । पाएँ भने जिल्लाभित्रै रोजगारी गरौंला नभए पनि महिला सशक्तिकरणमार्फत् समाजको रुपान्तरणका लागि केही गर्छु ।' सिन्धुपाल्चोकको बाँसबारी ५ की कविता भट्टराई पनि तालिमपछि महिला सशक्तिकरण तथा बालबालिकाको क्षेत्रमा काम गर्न चाहन्छिन् । ६ महिनामा समाजमा घुलमिल भई समस्या पहिचान गर्दै समाधानका उपाय खोज्न सक्ने क्षमता बनेको उनको अनुभव छ । 'समुदायमा रहेको विभेद घटाउन, महिलासहित पछाडी पारिएको समुदायको क्षमता विकासका लागि काम गर्छु ।' उनी भन्छिन्, ' तालिमपछि जिल्लामै रोजगारी पाइएला भन्ने सोचेको छु । नभए पनि समुदायको जीवनस्तर सुधार्नका लागि सरोकारवाला निकायसँग समन्वय गर्छु र गाउँकै विकासका लागि सहजीकरण गर्छु ।'

चौधरी, वैजी, भट्टराईसहित ४० जनालाई सामाजिक परिचालन सम्बन्धी तालिमको व्यवस्थापन काठमाडौंको बालकुमारीमा रहेको काठमाडौं तालिम केन्द्र (केटीसी) ले गरेको छ । यसअघि ५ सय जनाले सामाजिक परिचालनसम्बन्धी तालिम लिएकोमा ९५ प्रतिशतभन्दा बढीले रोजगारी पाइसकेको कुरा केन्द्रका कार्यकारी निर्देशक राजबहादुर गिरी बताउनुहुन्छ । 'सामाजिक परिचालनसम्बन्धी तालिमका लागि सीटिइभिटीबाट सम्बन्धन प्राप्त भएको छ । केन्द्र स्थापना भएको झण्डै डेढ दशकको अवधिमा करिब २० हजार जनाले छोटो अवधिको सीपमूलक तालिम लिइसकेका छन् । 'सामाजिक परिचालनसम्बन्धी १५ महिनाको तालिम हुन्छ । १२ महिने सैद्धान्तिक तालिमपछि ३ महिना प्रयोगात्मक तालिम हुन्छ । हामीले सबै प्रशिक्षार्थीलाई तलब पाउने गरी ६ महिना काममा लगाइदिन्छौं' गिरीको भनाइ छ ।



सक्षम जनशक्ति दिगो सामाजिक विकासका लागि, प्रभावकारी तालिम सक्षम जनशक्ति उत्पादनका लागि भन्ने नाराका साथ २०५९ साल साउन ७ गते केन्द्र स्थापना भएको हो । निर्देशक गिरीका अनुसार तालिम लिइसकेपछि सरकारी, गैरसरकारी तथा सामाजिक संघसंस्थामा सामाजिक परिचालकको रुपमा काम गरेर मासिक औसतमा १३ हजार रुपैयाँ आम्दानी गरिरहेका छन् । सामाजिक परिचालन सम्बन्धी तालिममा महिलाको सहभागिता उत्साहजनक छ । ७० प्रतिशत महिलाको सहभागिता रहेको कुरा केन्द्रकी तालिम संयोजक पद्मा शाक्यले बताउनुभयो । उहाँको थप भनाइ छ, 'सामाजिक परिचालनसम्बन्धी तालिममा पुरुषको सहभागिता ३० प्रतिशतको हाराहारीमा छ । सरकारी तथा गैरसरकारी निकायले पनि तालिम लिइसकेका व्यक्तिलाई पहिलो प्राथमिकता दिन्छन् । एक पटकमा ४० जनाको सीट हुन्छ त्यसमा झण्डै ४ गुणा आवेदन पर्छन् ।'

*(साभार : https://www=onsnews=com/training-in-kathmandi-training-centre/)*

## सामुदायिक विद्यालय सुधार्दै युवा !

कुशादेवी, काभ्रे । युवाहरूको एक समूह सामुदायिक विद्यालयको शैक्षिक स्तर उकास्ने अभियानमा जुटेको छ । विभिन्न दाताको सहयोग जुटाएर उनीहरू ग्रामीण भेगका विद्यालयको स्तर उकास्न लागिपरेका छन् । स्थानीय युवाको सक्रियतामा कुशादेवीमा स्थापित ग्रामीण सामुदायिक संगठन नेपालमार्फत् उनीहरूले कुशादेवी, रयाले विहावर, महेन्द्रज्योति र पनौतीका विद्यालयमा 'मोडल स्कुल' सञ्चालन गर्नुका साथै लामो दूरीका जेहेनदार विद्यार्थीलाई साइकल पनि वितरण गरिरहेका छन् । 'लामो दूरी र अंग्रेजी भाषा राम्रो नहुने बुझाइले सामुदायिक विद्यालय विद्यार्थीको रोजाइमा नपर्ने रहेछ,' स्थानीयसमेत रहेका संस्थाका कार्यकारी निर्देशक श्रीकृष्ण थापाले भने, 'आकर्षण बढाउन विभिन्न तरिका अभ्यास गरिरहेका छौं ।'

कुशादेवी उच्च माविमा अंग्रेजी माध्ययमबाट 'क्रिएटिभ क्लास' सञ्चालन गरिएको छ । नर्सरी र केजीसम्मका ६ वटा कक्षामा ९ शिक्षकले विभिन्न अतिरिक्त शैक्षिक वातावरणमा सिकाइ गर्ने गरेका छन् । सामुदायिक विद्यालयमा नै अंग्रेजी माध्यमबाट पढाइ हुने भएकाले निजी विद्यालय छोडेर भर्ना हुनेको संख्या पनि बढ्दै गएको छ । '४ कक्षासम्म चलाएको कार्यक्रमको असर समग्र विद्यालयमा नै परेको छ,' प्राचार्य रमेश पौडेलले भने, 'राम्रो पढाइ हुने थाहा पाएर दुई वर्षको अवधिमा २ सय विद्यार्थी बढेका छन् ।' प्रभाव स्वरूप विद्यालयले कक्षा १० सम्म नै अंग्रेजी माध्यममा कक्षा सञ्चालन गरेको उनले जानकारी दिए । संस्थाले 'कल्चरल स्क्चेन्स' का लागि बेलायतका ११ र ११ नेपालीसहित सामुदायिक विद्यालयमा परिचालन गर्ने गरेको छ । ' अंग्रेजी अध्यापनको लागि स्वयंसेवा लगायतका काममा सघाउने गरेका छन्,' थापाले भने, 'संस्कृति, रहनसहन सिक्न उपयोगी भएको छ ।' लामो दूरी भएकै कारण स्कुल छोड्ने समस्या टार्न उनीहरूले उत्कृष्ट नतिजा ल्याउने कुशादेवी उच्च मावि र भालचन्द्र माध्यमिक विद्यालयका ५५ विद्यार्थीहरूलाई साइकल वितरण गरेका छन् । '८ देखि १० कक्षासम्मका उत्कृष्ट ५ र लामो दूरीका राम्रो नतिजा ल्याउने विद्यार्थीलाई साइकल दिएका छौं,' कुशादेवी उमाविका प्राचार्य पौडेल भन्छन्, 'नतिजा सुधार्न प्रोत्साहन हुने रहेछ, समय बचत हुनाले विद्यार्थीले पढ्न पनि पाएका छन् ।' पनौती(४, खरिबोटका आदित्य आचार्यले साइकलको कारण बचेको समय पढाइमा खर्च गर्न पाएको बताए । विद्यालयले वार्षिक नतिजाको प्रतिशत खस्केको खण्डमा साइकल फिर्ता गर्ने सर्त राखेको छ । जिल्लाभरका सामुदायिक विद्यालयमा यो तरिका लागू गर्न सके गुणस्तर बढ्ने र विद्यार्थीको रोजाइमा पर्ने उनीहरूको विश्वास छ ।

*(साभार : नगेन्द्र अधिकारी, https://www.kantipurdaily.com/printedition/2016/05/27/20160527084141.html)*

## युवा संसद्को अभ्यास

# युवा सरकारको नीति तथा कार्यक्रम पारित

▪ सविता शर्मा

भक्तपुर, असार ३२ गते। सङ्घीय संसद्मा विधेयक प्रस्तुतमै अवरोध आइरहेका बेला युवा संसद् प्रतिनिधिसभाबाट शिक्षालाई गुणस्तरीय र व्यावसायिक बनाउने व्यवस्था गर्न बनेको विधयेक पारित भएको छ। सोमबार शून्य समय र विशेष समयमा सांसद बोल्दै सुरु भएको सङ्घीय युवा संसद् दैनिक कार्यसूचीसहित दिनभर चलेको थियो।

विषयगत मन्त्री र प्रधानमन्त्रीसँगको प्रश्नोत्तरबाट कार्यसूचीमा प्रवेश गरेको युवा संसद्मा प्रतिपक्षी दलका सांसद कुञ्जिनी परियारले 'सबै युवालाई स्वदेशमै रोजगारको व्यवस्था गरियोस्' भन्दै जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेस गर्नुभएको थियो। सङ्घीय युवा संसद्को प्रतिनिधिसभाले सोमबार नै युवा सरकारको नीति तथा कार्यक्रम पारित गरेको थियो।

राष्ट्रिय युवा परिषद्द्वारा भक्तपुरमा आयोजित सङ्घीय युवा संसद् प्रतिनिधिसभाका सांसदले गरेको संसदीय अभ्यासमा युवा सरकारको नीति तथा कार्यक्रम पारित गरिएको हो।

आफ्नो जातीय भेषभूषासहित सङ्घीय युवा संसद् प्रतिनिधिसभामा उपस्थित युवा सांसदले समसामयिक विभिन्न विषयमा शून्य समय र विशेष समयमा सरकारको ध्यानाकर्षण गराएका थिए। शून्य समयमा बोल्दै युवा सांसदले महिला हिंसा, दलितले भोग्नुपरेका छुवाछूतका समस्या, तराईको बाढी, महँगी मूल्यवृद्धि, ट्राफिक जाम, सडक यातायात, शिक्षामा आधुनिक प्रविधि भित्र्याउनुपर्ने लगायत विषयको उठान गर्दै युवा सरकारको ध्यानाकर्षण गराएका थिए।

सङ्घीय युवा संसद्का सांसद सरस्वती परियारले शून्य समयमा भन्नुभयो, "बाढी पहिरोले जनता आक्रान्त बनिरहेका छन् समृद्धिको सपना बाँड्दै सरकार बसिरहेको छ।" युवा सांसद ललितबहादुर खत्रीले भन्नुभयो, "कर्णालीका उत्पादन बजारीकरणका लागि के कस्तो व्यवस्थापन गर्दैछ सरकार ?" तराईका फाँट डुबेका छन् यथाशिघ्र सरकारले काम गरोस् भन्दै युवा संसद् रमिता चौधरीले बाढीपीडितलाई राहत वितरण गर्न पनि युवा सरकारको ध्यानाकर्षण गराउनुभयो।

विशेष समयमा प्रतिपक्षी दलका सांसद रोजिना आचार्यले भन्नुभयो, "हामी स्वाभिमानसहितको समृद्धि चाहन्छौं, सरकार समृद्धिको अभियानमा जुटिरहेको छ भोको पेट र नाङ्गो खुट्टा लिएर कुनै नेपाली पानी जहाज चढ्न इच्छुक छैनन्।"

शून्य समय र विशेष समयमा उठेका प्रश्नको जवाफ दिँदै युवा सरकारका प्रधानमन्त्री अशोक खनालले सरकारले समस्यालाई टुलुटुलु हेरेर मात्र नबसेको भन्दै युवाका समस्या समाधान गर्न प्रयास गरिरहेका बताउनुभयो।

पाँच दिनदेखि युवा संसद्लाई प्रशिक्षण गरिरहनुभएका प्रशिक्षक रमेशकुमार पौडेलले युवा संसद्को अभ्यासबाट युवाको नेतृत्व विकास, संसदीय प्रक्रिया, संसद्भित्र हुने लोकतन्त्रको अभ्यास, कार्यपालिका र व्यवस्थापिकाभित्र शक्ति सन्तुलन र नियन्त्रणबारे जानकारी हुने बताउनुभयो।

युवाको नेतृत्व, क्षमता, सीप र व्यक्तित्व विकासमा सहयोग पुऱ्याउने, नेपालको शासन प्रणाली र यसको विकास प्रक्रियाका बारेमा युवालाई सुसूचित गर्ने, युवामैत्री राष्ट्रिय नीति योजना र कार्यक्रम निर्माणका लागि राज्यलाई सुझाव दिई सकारात्मक वातावरण निर्माण गर्ने उद्देश्यले युवा संसद्को अभ्यास सुरु गरिएको हो।

युवा संसद्का सांसदहरूको भौगोलिक अवस्थिति, जातजाति, भाषा, धर्म र लिङ्गका आधारमा अधिकतम रूपमा समावेशी बनाइएको युवा परिषद्का सूचना अधिकारी ध्रुवराज पौडलले जानकारी दिनुभयो। युवा संसद्मा १६ देखि २४ वर्षका ४० जिल्लाका ६९ जना युवा सहभागी छन्।

# युवाका सवालमाथि छलफल र बहस पुगेन



• रोजी जोशी

**सहभागिता आफैं खोज्ने हो, अरूले गरिदेला र भाग पाऊँला भनेर पर्खिने हो भने हरेक कुरा धेरै ढीला र धिमा गतिमा हुनेछन् । स्थानीय सरकारले युवाहरूका लागि के गरिहेका छन्, जानौं । युवा मन्त्रालय, युवा परिषद्जस्ता अनेक संस्थाहरूले के गरिहेका छन्, खोजौं । र, युवाकै नाममा खोलिएका एनजीओ र आइएनजीओहरूले के गरिरहेका छन् त ? त्यो खोज्ने काम पनि अहिलेका युवाहरूले नै हो ।**

युवा भनेको को हो ? कहाँ छ युवाको ठोस परिभाषा ? अझै पनि हामीबीच अनेक परिभाषा छन्, उमेरको अलमल छ । कतिपय नेताहरू ५६/५६ पुगिसकेका छन्, उनीहरू आफूलाई अझै पनि 'युवानेता' भन्न रुचाउँछन् । किन ?

युवाहरूलाई परिभाषित गर्ने सामान्य दृष्टिकोण भनेका सांस्कृतिक र पारम्परिक दृष्टिकोण हुन् । सामाजिक परिवर्तन, बचपनदेखि वयस्कताबीचको अन्तर, सांस्कृतिक प्रतिक्रिया आदिले नै युवालाई परिभाषित गर्न सक्छ । तथापि, एक 'जवान' व्यक्ति हुनु भनेको एउटा प्रक्रिया हो जुन वयस्क हुनुको अर्थ र अनुभवको आधारले पनि निर्क्योल गर्छ । कसैले ६ दशक पार गर्दा पनि आफूलाई युवा ठान्छ भने त्यो राम्रो कुरा हो । तर अरुले उसलाई के भन्ने ? कानुनले के भन्छ ? उसले युवाले पाउने सुविधा पाउने कि ज्येष्ठ नागरिकले पाउने सुविधा पाउने ? केही विचारणीय पक्ष यहाँ छन् । युवा भनेको उमेर कि सक्रियता ? राष्ट्रले कुनलाई मान्ने ? छलफल अलि भावुक पनि भयो क्यार !

### ठाउँठाउँका आफ्नै परिभाषा

विभिन्न देशहरुमा विभिन्न उमेर समूहका व्यक्तिहरुलाई युवा भनी परिभाषित गरिएको छ । भारतमा १५ देखि ३५ वर्षको समूहलाई युवा भनिन्छ । जोर्डनमा १२ देखि ३५ वर्षको समूहलाई युवा भनिन्छ भने विश्व स्वास्थ्य संगठन र युनिसेफका अनुसार १० देखि १९ वर्षको समूहलाई किशोर किशोरी र १५ देखि २४ वर्षको समूहलाई युवा भनिन्छ । बेलायतले भने १५ देखि १९ वर्षको समूहलाई किशोर-किशोरी र २० देखि २४ वर्षको समूहलाई युवा भनेको छ ।

त्यस्तैगरी नेपालमा युवा र बालबालिका को हुन् भन्ने विषयमा छलफल हुँदा विभिन्न मन्त्रालय, सर्वेक्षण, संघसंस्थाहरुले अनेक तरिकाले परिभाषित गर्ने गरेको पाइयो । युवा तथा खेलकुद मन्त्रालयले १६ देखि ४० वर्ष समूहका व्यक्तिहरुलाई युवा भनेको छ भने नेपाल लेबर फोर्स सर्भेका अनुसार ५ देखि १४ वर्ष समूहका व्यक्तिहरुलाई बालबालिका भनिएको छ । त्यहाँभन्दा माथिकालाई युवावर्गमा राखिएको छ । यसरी युवाका विषयमा विभिन्न तथ्यांकले विभिन्न तरिकाले बोलिरहेका हुन्छन् ।

सियारिलियोन देशले सन् २०१४ मा रोजगारीसम्बन्धी एक सर्भे गरेको थियो । उक्त अध्ययनमा १५ देखि २९ वर्ष समूहका व्यक्तिहरुलाई युवा मानिएको रहेछ । त्यसअनुसार त्यहाँको कुल जनसंख्यामा १९ दशमलव २ प्रतिशत युवाहरु बेरोजगार रहेछन् । ६५ दशमलव ६ प्रतिशत युवाहरु दर्ता नभएका अनौपचारिक क्षेत्रहरुमा कार्यरत रहेछन् । कृषि क्षेत्रमा लागेका युवाहरु धेरैजसो १५ देखि १९ वर्ष समूहका रहेछन् ।

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) को आयोजनामा २०७५ साल वैशाख महिनाको ९ गते (२२ अप्रिल २०१८) नेपानघरको सेमिनार हलमा 'युवाका सवालहरु'माथि सहभागीमूलक छलफल बहस गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख वक्ताको रुपमा मैले प्रस्तुत गरेको अंग्रेजी कार्यपत्रलाई मूल आधार बनाई यो छोटो आलेख तयार पारिएको हो । नेपानका अध्यक्ष श्री चेतनाथ कणेल र कार्यकारी निर्देशक फटिक थापाले सहजीकरण गर्नुभएको उक्त कार्यक्रममा विभिन्न संस्थाका ८ जना महिला र १३ जना पुरुष गरी जम्मा २१ जनाको सहभागिता रहेको थियो । निकै जीवन्त रहेको सो छलफल कार्यक्रम करिव २ घण्टासम्म चलेको थियो ।

*(उक्त कार्यक्रमको समाचार आभार : http://www.newsabhiyan.com.np/news-details.php?nid=127175)*

### युवाका सरोकारका सवालमा छलफल र बहस

युवाहरु राष्ट्रका ढुकढुकी हुन्, प्राण हुन् । राष्ट्रलाई छिटो छिटो विकासपथमा लानका लागि युवाले नै महत्वपूर्ण भूमिका निभाउन सक्छन् । यसमा पक्कै द्विविधा छैन । तर हालका युवाहरुले अनेक समस्या र चुनौती भोगिरहेका छन् । युवामा बेरोजगारी, चिन्ता र मानसिक समस्या बढ्दै छन् । सामाजिक तथा सांस्कृतिक दुबैखालका चुनौती छन् युवामा ।

नेपालको शिक्षा पनि युवाका लागि व्यवहारोपयोगी हुन सकेको छैन । युवाका लागि सामाजिक सुरक्षाको प्रयास खोई । आफैँ लगानी गरी स्वउद्यममा संलग्न हुन चाहने युवालाई सहयोग गर्ने पद्धति बसेको खोई ?

गरिबी, व्यक्तिगत आचरण, नोकरी-बजारले ल्याउँदै गरेका नयाँ अवसर र समस्याहरु, बदलिदो विश्व परिवेश, नयाँ नयाँ टेक्नोलोजी, नीति-नियमहरु आदि अहिलेका युवाले सामना गर्नुपर्ने मूल सरोकारहरु हुन् । तर यिनका बारेमा छलफल र बहसहरु हुने गरेको खोई ? हाम्रो समाजमा जेजति छलफल गर्नुपर्ने थियो यी सवालहरुमा, अहँ पटक्कै हुन सकेका छैनन् । नेपानजस्ता संस्थाहरुले यस्ता बहसलाई घनभिूत गर्दै थप वकालत गर्नुपर्छ । युवा सहभागिता प्रवर्द्धनका लागि बहस र पैरवी कार्यक्रमहरु अझ सशक्त बनाउनुपर्छ । नेपालमा युवाका सवालमा थप अध्ययन गर्नु अति जरुरी छ । यसमा पनि हामीले विशेष पहल गर्नुपर्छ ।

हामीले अनेक सवालमा बहस चलाउनुपर्ने देखिन्छ । नेपालको शिक्षा पनि युवाका लागि व्यवहारोपयोगी हुन सकेको छैन । युवाका लागि सामाजिक सुरक्षाको प्रयास खोई । आफैँ लगानी गरी स्वउद्यममा संलग्न हुन चाहने युवालाई सहयोग गर्ने पद्धति बसेको खोई ? युवाको लागि दिइने ऋण सीमित स्वार्थी व्यक्तिका हातमा पुगी दुरुपयोग भएको छ, त्यसमा चासो खोई ? अझ पछिल्लो समयमा युवा जनशक्ति तीब्ररुपमा पलायन भइरहेको छ, यसलाई रोक्ने कसरी ? नेपाली युवाहरुलाई रोजगारीमूलक शिक्षाको आवश्यकता भएको कुरालाई जोडदाररुपमा उठाएको खोई ?

सवालको उठानमा युवाहरु नै विशेष सक्रिय भएर लाग्नुपर्ने हुन्छ । नेपानका युवा सदस्यको पनि यसतर्फ विशेष ध्यान जानुपर्छ । सहभागिता आफैं खोज्ने हो, अरुले गरिदेला र भाग पाऊँला भनेर पर्खिने हो भने हरेक कुरा धेरै ढीला र धिमा गतिमा हुनेछन् । स्थानीय सरकारले युवाहरुका लागि के गरिहेका छन्, जानौं । युवा मन्त्रालय, युवा परिषद्जस्ता अनेक संस्थाहरुले के गरिहेका छन्, खोजौं । र, युवाकै नाममा खोलिएका एनजीओ र आइएनजीओहरुले के गरिरहेका छन् त ? त्यो खोज्ने काम पनि अहिलेका युवाहरुले नै हो । खोजी गरौं, छलफल र बहस गरौं । नयाँ योजना र कार्यक्रमहरु ल्याऔं । युवा सहभागिता अझ बढाऔं । बस् ! (हार्दिक आभार : आशिष पाठक)

*(विकासविद् जोशी नेपानकी संस्थापक तथा आजीवन सदस्य हुनुहुन्छ र हाल युवाका विषयमा विद्यावारिधि गर्दै हुनुहुन्छ ।)*
इमेल : rojee.joshi@gmail.com

# विश्व जित्ने हामी युवा !



• रामकृष्ण ढकाल

संसारको जिम्मा छ हाम्रै काँधमा
संसारको आशा छ हाम्रै साथमा
यो जगतको भविष्य छ हाम्रो हातमा
विश्व जित्ने हामी नै हौं
धर्ती, चन्द्रमा, सगरमाथा विजय गर्ने
तेन्जिङ शेर्पा युवा नै थिए
दरवार त्यागी मान्छेको सुखको खोजी गर्ने
भगवान बुद्ध पनि युवा नै थिए !

चम्किन्छ है बस्ती-बस्ती हाम्रो सीपमा
वैज्ञानिक, दार्शनिक, सिर्जनाका ती मूल युवा नै हुन्
संसारको उन्नतिको मूल
राष्ट्रसंघको शान्तिकार्य युवाले नै सम्हाल्दछन्
संकट र प्रकोप पर्दा पनि युवा नै काँध हाल्छन्
अहो, साहसी युवा ! अहो, भरोसाका भन्याङ युवा !

युवा नै राख्छन् राष्ट्रको इज्जत
युवा नै गर्छन् परिश्रम दिनरात
नयाँ नयाँ खुल्दुली सधैं, केही गरौं लाग्ने
इतिहासको निर्माणमा सधैं सधैं जाग्ने
देशका निम्ति ज्यान दिने वीर सपुत युवा
देशका लागि सृजना गर्ने ज्ञानी विवेकी युवा
योद्धा अमरसिंह, बलभद्र, भक्ति थापा
युवाकवि मोतीराम, महाकवि लक्ष्मीप्रसाद
राजा पृथ्वीनारायण, गायक नारायणगोपाल
सबै सबै थिए युवा, जोशमा होशले काम गरे
हाम्रा हृदयमा सदा सदाका बसिरहे
सकिँदैन जति गाए पनि युवाहरूको गाथा !
भ्याइँदैन जति लेखे पनि युवा-साहसका कथा !

*(ठेगाना : चितवन, हाल : काठमाडौं)*

# नेपान घरमा बहस, सिकाई र अनुभव आदान प्रदान
# तपाई छुट्नु भएको त छैन नि ?



*नेपानको १२७ औं मासिक छलफल कार्यक्रममा विपद विज्ञ मानबहादुर थापा आफ्नो अनुभव प्रस्तुत गर्दै ।*

नेपाल सहभागीमूलक कार्य समूह नेपानले हरेक महिनाको अन्तिम आइतबार नेपान घरमा समसामयिक विकासका बारेमा खासगरी सहभागीमूलक विकासका बारेमा बहस सिकाई र अनुभव आदान प्रद्रान गर्दै आएको दुई दशकभन्दा बढी समय वितिसकेको छ । यस्ता बहसका प्रस्तोता नेपान सदस्य आफैत त कतिपय सन्दर्भमा बाह्य विज्ञहरुलाई समेत आमन्त्रण गर्ने गरिएको छ । बहसमा भाग लिन सबैका लागि खुल्ला छ । यो वर्ष पनि १० वटा जति यस्ता बहसहरु भएका छन् ।

## स्वीडिस् नागरिकको कुरा

नेपानको ११९ औ मासिक छलफल अन्तर्गत जनवरी २० तारिखका दिन स्वेडिस नागरिक Peter Söderström ले Gender Based Violence का विषयमा स्वीडेनको अनुभव सुनाउनु भयो । वहाँले स्वेडेनमा पनि महिलाहरु महिला भएकै कारण आफूमाथि हुने हिंसाका बारेमा मौन रहने प्रवृत्ति रहेको बताउनु भयो । छलफलमा २६ जना सहभागी हुनुहुन्थ्यो ।

## बहसमा चिनिया विद्यार्थीहरु

जनवरी २८ तारिखका दिन १२०औं मासिक छलफल कार्यक्रम अन्तर्गत चीनको शेन्जेन होन्डे एकेडेमीका शिक्षक र विद्यार्थीहरुसमेत १५ जना टोलीकासाथ आउनु भएका प्रा. डा. दीपकराज पन्तले हामीले धेरै गर्न नसके पनि समुदायमा रहेका मानिसहरुको संकटसन्नता हटाउन सके पनि काफी हुने बताउनु भयो । उहाँले अहिलेका युवाहरुले आफ्नो मौलिक संस्कृतिबाट विमुख हुन नहुने बताउनु भयो । टोलीकै शिक्षक क्रिस्टफर पिकेटले नेपालमा भूकम्प पीडितहरुको समस्या समाधान गर्ने काम सुस्त रहेको बताउनु भएको थियो । नेपानका सदस्य मीनाक्षी दाहालले सहजीकरण गर्नु भएको दुई घण्टाको उक्त छलफलको अन्तमा नेपानका अध्यक्ष चेतनाथ कणेलले चिनियाँ भ्रमण टोलीका सहभागीहरुले उठाएका जिज्ञासको जवाफ दिदै सहभागीहरुलाई धन्यवाद दिनुभएको थियो ।

## सामाजिक जवाफदेहिताबारे अनुभव आदान प्रदान

२०७४ चैत २३ (६ आप्रिल् २०१८) गते '१२१ औं मासिक छलफल कार्यक्रम' अन्तर्गत Social Accountability: Insights We have Gained विषयमा भएको उक्त छलफल कार्यक्रममा डच नागरिक लुसिआ नासले आफनो अनुभव र सिकाईहरु प्रस्तुत गर्नुभएको थियो । इथोपियाको सामाजिक जवाफदेहिताका बारेमा आफ्ना अनुभव राख्नु भएको थियो । छलफलमा ७ महिला र २१ जना पुरुष गरी २८ सहभागीहरुको उपस्थिति थियो । त्यसैगरि नेपानका नागरिक समाज पारस्परिक उत्तरदायित्व परियोजनाका क्षमता विकास विशेषज्ञ गोविन्द

पौडेलले सामाजिक जवाफदेहितामा नेपानका अनुभव शेयर गर्नुभयो । छफफलमा नेपानका सञ्जय राणा, ब्रह्मध्वज गुरुङ, उत्तम उप्रेती, रुपा बस्नेत, गोविन्द न्यौपाने लगायतले भाग लिनु भएको थियो । नेपानका अध्यक्ष चेतनाथ कणेलको अध्यक्षतामा भएको सो कार्यक्रमको सहजीकरण संस्थाका पूर्व अध्यक्ष तेजराज दाहालले गर्नुभएको थियो । नेपानका कार्यकारी निर्देशक फटिकबहादुर थापाले स्वागत मन्तव्य दिनुभएको थियो ।

## युवालाई रोजगारमुलक शिक्षाको आवश्यकता

अप्रिल २२ तारिख आइतवार '१२२ औं मासिक छलफल कार्यक्रम अन्तर्गत 'नेपालमा युवाका सवालहरू' विषयमा चर्चा भयो । कार्यक्रममा नेपानकी आजीवन सदस्य रोजी जोशीले 'पावर पोइन्ट प्रिजेन्टेशन' गर्दै युवाको परिभाषा, युवा सशक्तिकरण र युवा रोजगारका सवालहरुलाई उठाउनु भएको थियो । त्यस्तैगरी, रोजगारीको प्रकृतिमा भएको परिवर्तनप्रति सम्बन्धित सबैको ध्यान जानुपर्ने कुरालाई जोड दिँदै उहाँले नेपाली युवाहरुलाई रोजगारीमूलक शिक्षाको आवश्यकता भएको बताउनुभयो । उक्त कार्यक्रमको  सहजीकरण नेपानका अध्यक्ष चेतनाथ कणेल र कार्यकारी निर्देशक फटिक थापाले गर्नुभएको थियो । ८ जना महिला र १३ जना पुरुष गरी २१ सहभागीहरुको उपस्थिति रहेको सो छलफल  करिब २ घन्टासम्म चलेको थियो ।

## शोधसम्बन्धी सर्वेक्षणबारे छलफल

२०७५ साल जेठ २० (३ जुन २०१८) गते '१२४ औं मासिक छलफल कार्यक्रमको विषय थियो 'सर्वेक्षण अनुसन्धानको प्रारम्भिक निष्कर्ष' । यस छलफलमा निकोलस म्यार्थसले आफूले डक्टोरल थेसिस गर्न लागेको विषय  Poverty, Cash Transfers and Adolescent Lives: Exploring the Unintended Consequences of Nepal's Social Pension को सर्वेक्षणका बारे र आफ्ना अनुभव तथा विचार प्रस्तुत गर्नु भएको थियो । एक महिला र ८ पुरुषगरी ९ सहभागीको उपस्थिति थियो ।

## विकास समुदायकै नेतृत्वमा हुनुपर्ने

नेपानको १२५ औं मासिक छलफल अन्तर्गत २०७५ असार २४ गते (८ जुलाई २०१८) 'समुदायको नेतृत्वमा विकास : के, किन र कसरी ?' भन्ने बारेमा छलफल चल्यो । उक्त छलफलमा नेपानका आजीवन सदस्य तथा विकासविज्ञ राजबहादुर गिरीले आफ्नो अनुभव र सिकाई प्रस्तुत गर्नुभएको थियो । १३ जना महिला र २३ जना पुरुष गरी ३६ सहभागीहरुको उपस्थिति रहेको छलफलमा विकास विज्ञहरु चेतनाथ कणेल, फटिकबहादुर थापा, गोविन्दराज पौडेल, रुपा बस्नेत, डा. विनोद भट्ट, ब्रह्मध्वज गुरुङ, छिङलमु शेर्पा, गोपाल तामाङ, तोया गौतम, एकराज भण्डारी, विना गोले लगायतले आफ्ना विचार र अनुभवहरु राख्नुभएको थियो । सोही कार्यक्रमका अवसरमा विकासविद् दीपकराज चापाको विकाससम्बन्धी आलेखहरु सँगालिएको पुस्तक 'पार्क रेञ्जरदेखि पार्किन्सनसम्मको यात्रा' को लोकार्पण पनि गरिएको थियो ।

## गोल्माटार खुल्ला विश्वविद्यालय

नेपानको १२६ औं मासिक छलफल कार्यक्रम अन्तर्गत साउन ६ गते दिगो विकास र समृद्धिको कसीमा गोल्माटार विषयक मासिक छलफलको आयोजना गरियो । नेपानको करिव १८ वर्षअघि प्रकाशित सहभागिताको बाटोमा नामक पुस्तकमा गोल्माटारले खनेको बाटो नामक पुस्तकमा गोल्माटारको कथा समेटेको थियो । नेपानमा भएको छलफलमा सोही कथामा आधारित भएर छलफल चलेको हो । नेपानका अध्यक्ष चेतनाथ कणेलले दई दशकअघि कथा त लेख्यौ, तर त्यसको अवस्था कस्तो छ भनेर बहस चलाइएको बताउनु भएको थियो । छलफल कार्यक्रममा प्रा डा धर्मराज डंगोलले गोल्माटार एउटा खुल्ला विश्वविद्यालय भएकोले यसका सिकाइ र सफलताहरुलाई विस्तार गर्नु पर्ने बताउनुभयो । कार्यक्रममा गोल्माटारको विकासका बारेमा व्यक्तिगत र संस्थागत रुपमा १८ वर्ष अघि घटना अध्ययन गर्नु भएका विकास विज्ञ एवं नेपान सदस्य हिम्ममतसिंह लेकालीले

# सासंदका बजेटबारे जनस्तरमा बहस हुनुपर्नेमा जोड

२०७५ बैशाख २३ (६ मई २०१८) गते '१२३ औं मासिक छलफल कार्यक्रम' आयोजना गरियो । 'सांसदलाई विकास बजेट : कति उचित कति अनुचित ?' भन्ने विषयमा छलफल भएको उक्त कार्यक्रममा नेपानका आजीवन सदस्य, सुशासनविद् डा. कृष्णबाबु जोशीले आफूले लेखेको लेख 'सभासदज्यू, किन चाहियो पाँच करोड ?' (कान्तिपुर दैनिकमा प्रकाशित) र आफ्ना अनुभव प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतिमा जोशीले सत्ताको दुरुपयोग गर्दै प्रभावशाली सांसदहरुले पञ्चायतकाल देखि वि. सं. २०६२ सम्म नै विकासको नाममा सिधै बजेट लैजाने गरेको उल्लेख गर्नुभयो ।

गणतन्त्रमा सांसदको भूमिका कानून निमार्ण गर्नु, राज्यले लगानी गरेका परियोजनाको अनुगमन, मूल्यांकन गर्नु र जनतालाई राज्यका सेवाहरु छिटोछरितो उपलब्ध गराउने भूमिका निर्वाह गर्नु हुने भएकोमा विगतमा जस्तो सांसदलाई नै बजेट विनियोजन गर्नु उपयुक्त नहुने उहाँले धारणा राख्नुभएको थियो । जनताले तिरेको कर जथाभावी खर्च गर्ने अधिकार कसैलाई पनि नहुने बताउँदै उहाँले राज्यको ढुकुटी कसरी बढाउने, जनतालाई कसरी सेवा सुविधा दिने र भ्रष्टाचारको अन्त्य गरी सुशासन र कानुनी राज्यको प्रत्याभूति दिलाउनेतर्फ नै सांसदहरुको भूमिका रहनुपर्ने डा. जोशीले उल्लेख गर्नुभयो । कार्यक्रममा अर्का विज्ञ विष्णु पुरीले सांसदहरु अबको जिम्मेवारीबाट विचलित भई विकासका लागि बजेट माग्नु उचित नहुने बताउँदै सांसदलाई दिने बजेटबाट उधोगधन्दा स्थापना गरी लाखौं युवालाई रोजगारी दिन सकिने धारणा राख्नुभयो । विगतमा सांसदलाई दिएको बजेट सदुपयोग नभएको सन्दर्भमा पुनःदिनु न्यायोचित नहुने उहाँको भनाइ थियो ।

यसरी नै कार्यकममा उपस्थित सबैले संघीय संरचनाअनुसार मुलुकमा संघ, प्रदेश र स्थानीय तहका सरकार गठन भइसकेको अवस्थामा संघीय संसदका सांसदलाई निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि राज्यले अलग्गै बजेटको व्यवस्था गर्न नहुने भन्नेकुरामा जोड दिएका थिए ।

९ जना महिला र २२ जना पुरुष गरी ३१ सहभागीको उपस्थिति रहेको सो छलफल कार्यक्रम करिब साढे २ घन्टासम्म चलेको थियो ।संघीय संसदका सांसदहरुबाटै विगतमा जस्तै निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि बजेट जानेबारे जनस्तरमा यस खालको बहस हुनु आवश्यक रहेको नेपानका अध्यक्ष चेतनाथ कणेलले बताउनुभयो ।

गोल्माटार बारे विकासको सुरुआत, आजको अवस्था बारेमा प्रस्तुति गर्नु भएको थियो । छलफललाई रामेछापका सहभागीहरुको टिप्पणीले थप सजिव बनाएको थियो ।

## सहभागीमूलक विपद व्यववस्थापनमा जोड

नेपानको १२७ औं मासिक छलफल अन्तर्गत श्रावण २० (५ अगस्ट २०१८) गत Participatory Disaster Management and Mainstreaming DRR and CCA into Development Plans भन्ने विषयमा विशेष वहस भयो । यस विषयको प्रस्तोता नेपानका आजीवन सदस्य तथा विपद विज्ञ एवं नेपानका पूर्व अध्यक्ष मानबहादुर थापा हुनुहुन्थ्यो । १२ जना महिला र २५ जना पुरुष गरी ३७ सहभागी उपस्थित सो छलफल कार्यक्रममा विकास विज्ञहरु राजेन्द्र खनाल र मधुसुदन गौतम प्रमुख टिप्पणीकार हुनुहुन्थ्यो । सोही अवसरमा अन्य सहभागीहरुले आफ्ना विचार र अनुभवहरु समेत राखेका थिए । विज्ञहरुले विपद्को सामनाका लागि नेपालले नीतिगत रुपमा निकै राम्रा काम भएपनि व्यवहारमा त्यसलाई उर्तान कठिन भइरहेको र मानिसहरुको ध्यान कमनै भएकोमा जोड दिइएको थियो। नेपाल विपद्को जोखिमा रहेको देश भएकोले यसको सामना र पूर्वतयारीका लागि सहभागीमूलक विधि नै आवश्यक पर्नेमा सवैको जोड थियो ।

## सहभागीमूलक विकासमा फोटोग्राफी छलफल

२०७५ भाद्र १० (२६ अगस्ट २०१८) गते नेपानको '१२८ औं मासिक छलफल कार्यक्रम' अन्तर्गत "Photography: Technical and Practical Skills for Quality Photos in Participatory Development Work" विषयमा छलफल भयो । यो छलफलका प्रस्तोता नेपानका आजीवन सदस्य एवं वर्तमान कार्यसमिति सदस्य तथा पूर्व कर्मचारी श्रीराम केसी हुनुहुन्थ्यो । १३ सहभागीको उपस्थित सो छलफल कार्यक्रम निकै व्यवहारिक र सीपमुलक थियो । सोही अवसरमा अन्य सहभागीहरुले आफ्ना विचार र अनुभवहरु समेत राखेका थिए । करिव डेढ घन्टासम्म चलेको यस अनुभव आदान प्रदानको क्रममा फोटो खिच्ने तरिका, राम्रा फोटोको गुण र क्यामेरा चलाउने जानकारीहरु र सहभागीमूलक विकासका काममा फोटोग्राफीले कसरी मद्धत पुर्‍याउन सक्छ भन्ने विषया केन्द्रित थियो । सहभागीहरुले यो छलफल ज्ञानवर्द्धक तथा अन्तरक्रियात्मक भएको बताउनु भएको थियो ।

# नेपानका गतिविधिहरु

## २३ औँ वार्षिक साधारणसभा सम्पन्न

२०७४ साल भदौ २४ गते सिद्धार्थ कटेज रेष्टुरेन्ट तीनकुने, काठमाडौंमा, नेपानका अध्यक्ष उत्तम उप्रेतीको अध्यक्षतामा नेपानको २३ औं वार्षिक साधारणसभा सम्पन्न भयो । साधारणसभाको उद्घाटन लगत्तै नेपानले नियमितरुपमा प्रकाशन गर्दै आएको सहभागिताको ५१ औं अङ्क (स्थानीय तह विशेषाङ्क) को विमोचन गरिएको थियो । उक्त सभामा सहभागिताको आगामी अङ्क "युवा विशेष अङ्क" को रुपमा प्रकाशित हुने जानकारी गराइएको थियो ।

उक्त साधारण सभा उद्घाटन र सहभागिता पत्रिकाको विमोचन लगत्तै प्यानल छलफल कार्यक्रमको सुरुवात भएको थियो । प्यानल छलफलको क्रममासीता परियार, डा. मुक्ति रिजाल, डा. भोलाप्रसाद दाहाल र डा. शिवेशचन्द्र रेग्मीले प्यानालिस्टको रुपमा आ-आफ्ना विचारहरु प्रस्तुत गर्नुभएको थियो । प्यानालिस्टहरुले विकासको प्रक्रियामा स्थानीयस्तरको सहभागिता स्थानीय शासन व्यवस्थामा सहभागिताको सवाल, विद्यमान अवस्था जस्ता विषयमा आफ्ना भनाईहरु राख्नु भएको थियो । अन्तमा प्यानालिस्टहरुले सहभागीहरुबाट उठेका प्रश्न तथा जिज्ञासाको जवाफ दिनुभएको थियो ।

साधारणसभाले डीका देवी दाहाल, राम प्रसाद गौतम, सुजा राई, रुकमणि पोखेल, हीरा कुँवर, लक्ष्मी फूँयाल, देवीका थापा, नीतु भट्ट (भण्डारी), खेम बहादुर रेग्मी, बैकुण्ठ प्रसाद भण्डारी, कृष्ण गरु, माधव खनाल, कर्णबहादुर नेपाली, सुनिल बहादुर लामा, जिनिता बि.के, हीरा रेउले, एकराज भण्डारी, बिन्दु गहतराज) लाई साधारण सदस्य र आजीवन सदस्यमा कृष्ण सुवेदीलाई सदस्यता दिने सिफारिसलाई अनुमोदन गरेको छ। सभाले नेपानको लेखापरीक्षण प्रतिवेदन पनि पारित गरेको थियो ।

## नेपानको नयाँ कार्यसमिति

नेपान कार्यकारिणी समितिको रिक्त पदहरु पूर्तिका लागि भोला भट्टराईको संयोजकत्वमा बनेको तीन सदस्यीय निर्वाचन समितिले निर्वाचनसम्वन्धी आवश्यक सम्पूर्ण प्रकिया पूरा गरी निम्नानुसारका व्यक्तिहरुलाई आगामी दुई वर्षका लागि निर्विरोध रुपमा निर्वाचित गरेको घोषणा गरेको थियो ।

- चेतनाथ कणेल - अध्यक्ष
- उत्तम उप्रेती - निवर्तमान अध्यक्ष
- डा. अनोज क्षेत्री - सदस्य
- अश्विनकुमार पुडासैनी - सदस्य
- रुपा बस्नेत - सदस्य
- रुपा मुनाकर्मी - सदस्य
- श्रीराम के.सी. - सदस्य
- कृष्ण सुवेदी - सदस्य
- नन्दलाल माझि - सदस्य

**निरन्तरता दिनेहरु :**

- तेजवहादुर सुनार - कोषध्यक्ष
- डा. सञ्जु कोइराला - सदस्य
- पद्माकुमारी शाक्य - सदस्य
- केशव नेपाल - सदस्य

नेपानका कार्यसमितिका सदस्यहरुको संक्षित परिचय यसै अंकको पृष्ठ ५४ र ५५ मा समावेश छ ।

## २७औं संयुक्तराष्ट्र संघीय ज्येष्ठ नागरिक दिवस गोठाटारमा

बर्षेनी अक्टोबर-१ लाई संयुक्तराष्ट्र संघीय ज्येष्ठ नागरिक दिवसकारुपमा मनाउँदै आउने सन्दर्भमा यो बर्ष नेपानले उक्त दिवस २०७४ असोज २० (अक्टोबर ६) का दिन गोठाटारमा एक समारोहका बीच मनायो । गोठाटार ज्येष्ठ नागरिक समूह र नेपानले संयुक्तरुपमा आयोजना गरेको सो कार्यक्रममा ८० बर्षभन्दा धेरै उमेर भएका २० जना स्थानीय ज्येष्ठ नागरिकहरुलाई खादा ओढाएर सम्मान गरिएको थियो । कार्यक्रममा ज्येष्ठ नागरिक महासंघ नेपालका पूर्व अध्यक्ष गौरीशंकरलाल दास, नेपानका अध्यक्ष चेतनाथ कणेल, पूर्व अध्यक्ष उत्तम उप्रेती लगायतले ज्येष्ठ नागरिक दिवसको महत्वका बारेमा बोल्नु भएको थियो । करिब ८० जना सहभागीहरुको उपस्थिति रहेको सो कार्यक्रमको अन्त्यमा नेपान र नेपानका पूर्व अध्यक्ष ब्रह्मध्वज गुरुङ्गको सौजन्यमा चिया र खाजा वितरण गरिएको थियो ।

## योगसम्बन्धी अभिमुखीकरण

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) को समन्वय र इशा फाउण्डेशनको आयोजनामा २०७५ असार ९गते शङ्खमुल स्थित आर्टस् अफ लिभिङ्को हलमा 'योगा अभिमुखीकरण कार्यक्रम' आयोजना गरियो। अन्तर्राष्ट्रिय योग दिवस (जुन २१) को अवसरमा राखिएको सो कार्यक्रममा इशा फाउण्डेशनका प्रशिक्षित गाईड र स्वयंसेवकहरुले सहजीकरण गर्नुभएको थियो। २४ जना महिला र २५ जना पुरुष गरी ४९ सहभागीहरुको उपस्थिति रहेको उक्त कार्यक्रम करिव २ घन्टासम्म चलेको थियो। नेपानका अध्यक्ष चेतनाथ कणेलले योग निरोगी बन्नका लागि अति आवश्यक भएको बताउँदै अभिमुखीकरणमा उपस्थित भएकाहरु र कार्यक्रमका आयोजकलाई धन्यवाद दिँदै कार्यक्रमको समापन गर्नु भएको थियो।

## नयाँ नेपान सदस्यहरुलाई अभिमुखीकरण

२२ सेप्टेम्बर २०१७ मा नयाँ सदस्यहरुका लागि अभिमुखीकरण एवं शुभकामना आदनप्रदान कार्यक्रमको आयोजना गरियो। नेपानका अध्यक्ष चेतनाथ कणेलको अध्यक्षतामा सुरु भएको उक्त कार्यक्रममा नेपानका बारेमा कार्यकारी सदस्य रुपा बस्नेतले प्रस्तुतीकरण गर्नु भएको थियो। २३ सदस्य र ७ गैर सदस्यसहित ३० सहभागीहरुको उपस्थिति थियो। त्यस्तैगरी सो कार्यक्रमा २० जना नयाँ सदस्यहरुमध्ये ७ जनाको उपस्थिति थियो। नेपानका संस्थापक एवम् पूर्वअध्यक्ष रमेश सिंह पनि कार्यक्रममा सहभागी हुनु भयो। वहाँले हरेक संस्थाले झण्डै प्रत्येक २०/२२ बर्षको समयमा आफनो काम गर्ने तौरतरिका र संरचनालाई नयाँ स्वरुप दिनु पर्ने हुन सक्छ भन्नुभयो। पूर्व अध्यक्ष सिंहले नेपानका सन्दर्भमा पनि त्यो कुरा लागू हुने हो भने नेपानको काम गर्ने क्षेत्र टुंगो लाउनु पर्ने हुन सक्छ भन्ने विचार राख्नुभयो। संस्थापकहरुले देखेको उचाईमा नेपान पुगेकोमा पूर्व अध्यक्ष सिंहले नेपान टिमलाई बधाई दिँदै खुशी व्यक्त गर्नुभयो। केही समयको छलफलपश्चात शुभकामना आदनप्रदान गर्दै करिब २ घण्टापश्चात कार्यक्रम समापन भएको थियो।

## डा. क्याट्रिन हागनसँग नेपानमा अन्तरक्रिया

नेपान सचिवालयले २५ सेप्टेम्बर २०१७ का दिन नेपानघरमा डा. क्याट्रिन हागनसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो। नेपानका निबर्तमान अध्यक्ष उत्तम उप्रेतीले उहाँलाई खादा ओढाई स्वागत गर्नु भएको थियो। त्यसपछि नेपानका कार्यकारी निर्देशक फटिक थापाले डा.टोनी हागन (डा. क्याट्रिन हागनका पिता) का बारेमा केही कुराहरु राख्दै स्वागत गर्नुभयो। कार्यक्रमका सबै सहभागीले आ-आफ्नो परिचय दिए पश्चात नेपानका अध्यक्ष चेतनाथ कणेलले चरी लैजा समचार (बिपत सम्वन्धी) गीतको भिडियो देखाउनुभयो। वहाँले बाढी पहिरोबाट बर्षेनी ठूलो धनजनको क्षती हुने पहाडीमुलुक नेपालका दूरदराज जिल्लाहरुमा पुगेर डा. क्याट्रिन हागनले नेपाली जनताको सेवा गरिरहनु भएको जानकारी दिनुभयो। त्यसपछि वहाँले क्याट्रिन हागनलाई बोल्नका लागि समय दिनु भयो। क्याट्रिनले नेपालका विकट क्षेत्रमा गर्न भएको सेवा, नेपालले अपनाउन पर्ने विकास पद्धति एवं विद्यमान नेपालले भोग्नु परेको भ्रष्टाचार आदिका बारेमा आफ्ना विचारहरु राख्नु भएको थियो। सहभागीहरुले डा. क्याट्रिनसँग राखेका जिज्ञाशा र प्रश्नहरुले कार्यक्रमलाई निकै अर्न्तक्रियात्मक बनाएको थियो। केही समयको छलफलपश्चात नेपानका तर्फबाट पूर्व अध्यक्ष राघवराज रेग्मीले डा. क्याट्रिनलाई दोसल्ला ओढाई सम्मान गर्नु भएपछि नेपानका अध्यक्ष चेतनाथ कणेलले सबैलाई धन्यवाद दिँदै कार्यक्रम समापन गर्नुभयो। १७ जनाको उपस्थिति रहेको सो कार्यक्रम पछि चियापान कार्यक्रम आयोजना गरिएको थियो।

## नयाँ सदस्यहरुलाई काठमाडौं बाहिर अभिमुखीकरण

गतः अक्टोबरमा पैरवीसम्वन्धी तालिम सञ्चालन गर्न मध्यपश्चिमाञ्चलको भ्रमणमा निक्लनु भएका नेपानका गोविन्दराज पौडेलले नेपानका नयाँ सदस्य खिमबहादुर रेग्मी र कर्णबहादुर नेपालीलाई सुर्खेतमा औपचारिक रुपमा अभिमुखीकरण गराउनुभएको छ। साथै उहाँले HRPLSC, Sundar Nepal Sanstha (BNA) र प्रदेशः का कर्मचारीहरूलाई नेपानका बारेमा जानकारी गराउनु भएको थियो। यसबाट उक्त स्थानीय संस्थाहरूको सहयोगबाट मध्यपश्चिम नेपालमा सहभागीमूलक विकास प्रक्रियाको प्रवर्द्धन गर्ने सम्भावना बढेको छ।

## निर्वाचन पर्यवेक्षण

२०७४ मंसिर १० र २१ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको दुई चरणको निर्वाचनको पर्यवेक्षणमा नेपानका कृष्ण सुवेदी, फटिक थापा र दिवेश सायमीले भाग लिनु भयो। कृष्ण सुवेदीले सिन्धुपाल्चोकमा पर्यवेक्षण गर्नु भएको थियो भने फटिक थापा र दिवेश सायमी दुवैले पहिलो चरमा रसुवा र दोस्रो चरणमा वहाँहरुले क्रमशः ललितपुर र काठमाडौंमा पर्यवेक्षण गर्नु भएको थियो।

## नेपानमा म्यानमारका प्रतिनिधिमण्डलसित अन्तरक्रिया

म्यान्मारका मन्त्री, सांसद एवं त्यहाँको तानिन्थारीका स्थानीय सरकारका अधिकारी, नगर, गाउँ र वडाका प्रतिनिधिहरू सम्मिलित १३ जनाको टोलीका लागि नेपानघरमा फागुन १३ गते (२५ फेब्रुवरी) दिउँसो ३:३० देखि ६:३० बजेसम्म एक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो। नेपालमा अवलम्वन भैरहेको स्थानीय सुशासन र जवाफदेहीताका विभिन्न अभ्यास र सिकाइहरूका बारेमा छलफल गर्ने उद्देश्यले आयोजना गरिएको सो कार्यक्रममा पूर्व सभासद कृष्णप्रसाद सापकोटा र सुशासन विज्ञ गोविन्द न्यौपानेले क्रमशः स्थानीय शासन र सामाजिक जवाफदेहिता विषयमा आ-आफ्नो विचार प्रस्तुत गर्नु भयो। छलफलमा उठेका प्रश्नको नेपानका संस्थापक सदस्य सञ्जय राणा र निवर्तमान अध्यक्ष उत्तम उप्रेतीले स्पष्ट पार्नु भएको थियो। सो अवसरमा सामाजिक जवाफदेहिताको विषयमा नेपानले गरेको परियोजनाका बारेमा परियोजना अधिकृत दिवेश सायमीले संक्षिप्त जानकारी गराउनु भएको थियो। कार्यक्रमको अन्त्यमा नेपान अध्यक्ष चेतनाथ कँणेलले आगामी दिनमा नेपान र म्यानमारका बीचमा विचार आदान-प्रदान हुने इच्छा प्रकट गर्दै उपस्थित सबैलाई धन्यवाद दिनुभएको थियो।

## सहभागिता दिवस यसरी मनाइयो

अप्रिल ६ तारिखका दिन नेपानले आफ्नै कार्यालयमा सहभागिता दिवस (नेपान डे) मनायो। यस सिलसिलमा पहिलो चरणमा सामाजिक जवाफदेहिताको विषयमा छलफल कार्यक्रम र दोश्रो चरणमा सहभागिता दिवस कार्यक्रम आयोजना गरिएको थियो। करिब ३५ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा डच नागरिक लुसिया नासले इथोपियाको सामाजिक जवाफदेहीताकाबारेमा आफ्ना अनुभव शेयर गर्नु भएको थियो। त्यसैगरि नेपानका नागरिक समाज पारस्परिक उत्तरदायित्व परियोजनाका क्षमता विकास विशेषज्ञ गोविन्द पौडेलले सामाजिक जवाफदेहीतामा नेपानका अनुभव शेयर गर्नुभयो। छफफलमा नेपानका सञ्जय राणा, ब्रह्मध्वज गुरुङ, उत्तम उप्रेती, रुपा बस्नेत, गोविन्द न्यौपाने लगायतले भाग लिनु भएको थियो। नेपानका अध्यक्ष चेतनाथ कणेलको अध्यक्षतामा भएको सो कार्यक्रमको सहजीकरण संस्थाका पूर्व अध्यक्ष तेज दाहालले गर्नुभएको थियो भने संस्थाका कार्यकारी निर्देशक फटिकबहादुर थापाले स्वागत मन्तव्य राख्नुभएको थियो। दिउँसो १ बजे शुरु भई ३ बजेसम्म चलेको सो कार्यक्रम निकै प्रभावकारी र अन्तरक्रियात्मक थियो।

पहिलो चरणको कार्यक्रम सकिए पश्चात २३ वटा मैनबत्ति बाली केक काटेर सहभागिता दिवस मनाइएको थियो। कार्यक्रममा गोकुल भण्डारीले सहभागिता पत्रिकाको १४औं अंकमा छापिएको आफनो कविता र यहीं बर्षको सहभागिता दिवसकै अवसर पारेर उनले रचेको कविता वाचन गर्नु भएको थियो। सोही कार्यक्रममा अध्यक्ष चेतनाथ कणेलले आफ्ना जेष्ठ पुत्र स्व. प्रसिद्ध कणेलको स्मृतिमा हरेक वर्ष नेपानबाट १ जना विकासकर्मी लेखकलाई प्रदान गरिने रु. १०,००० (दश हजार) धनराशि र सम्मानपत्रसहितको "सहभागीमूलक विकास प्रवर्द्धन लेखक राष्ट्रिय सम्मान" प्रदान गर्नका लागि नेपानको एक अलगै 'पुरस्कार तथा सम्मान अक्षयकोष' मा रहने गरी नगद रु. १,००,००० (एक लाख) प्रदान गर्ने घोषणा गर्नु भएको थियो। त्यसरी नै गुल्मी रुपाकोट घर भई हाल लन्डन बसोबास गर्ने गोकुल भण्डारीले नेपान अक्षयकोषमा रहने गरी निःशर्त रु १५,००० (पन्ध्र हजार) नगद प्रदान गर्ने घोषणा गर्नुभयो। उक्त घोषणापछि सहभागीहरुले एक-एक गर्दै नेपानलाई २३ औं वसन्त पार गरेको अवसरमा बधाई दिनु भयो र नेपानसँगको आफ्ना अपेक्षाहरू राख्नु भएको थियो। कार्यक्रमको समापन नेपानका निवर्तमान अध्यक्ष उत्तम उप्रेतीले गर्नुभएको थियो।

### पार्टिशिपेसन-१८ का लेखक तथा सम्पादकहरुको भेला

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) को आयोजनामा २०७५ असार १५ (२९ जुन २०१८) गते नेपान हलमा 'पार्टिसिपेशन १८' का लेखक र सम्पादकहरुको भेला भएको छ। भेलामा नेपानका अध्यक्ष चेतनाथ कणेलले प्रकाशनका क्रममा आएका चुनौती र भएका त्रुटीहरुका बारेमा आफनो कुरा राख्नु भएको थियो। सम्पादकीय मण्डलका तर्फबाट प्रा. डा. नरबिक्रम थापाले आफ्ना भनाई राख्नु भएको थियो भने प्रा.डा. प्रेम शर्माले जर्नल पत्रिकामा छापिने लेखहरुको गुणस्तरीयताका बारेमा सहभागीहरु बीच आफनो धारणा व्यक्त गर्नुभयो। विभिन्न सहभागीहरुले आ-आफ्ना भनाई राखेको सो कार्यक्रममा ४ महिला र २२ पुरुष गरी २६ सहभागीहरुको उपस्थिति थियो। लेखक तथा सम्पादकहरु बीच सिकाई अनुभव आदान प्रदान गर्ने उद्देश्यले यो भेलाको आयोजना गरिएको थियो। पार्टीशिपेशन नेपालको सहभागीमूलक विकाससम्बन्धीको जर्नल हो।

### हेल्पएज् इन्टरनेशनलका प्रतिनिधिद्धारा नेपान भ्रमण सम्पन्नः

हेल्पएज् इन्टरनेशनल एशिया प्रशान्त क्षेत्रीय कार्यलय कि प्रतिनिधि बार्लि मेशूख र केट वेजउडद्धारा नेपान सचिवालयको भ्रमण गर्नु भयो। गत श्रावण ३० (१५ अगस्ट २०१८) मा सम्पन्न उक्त भ्रमणमा नेपानलाई ज्येष्ठ नागरिकसम्बन्धी काम गर्ने क्रममा कसरी सहयोग गर्न सकिन्छ र नेपालको खोज तथा आवश्यक्ता के छ त्यसबारे छलफल भएको थियो। छलफल पछि रात्रीभोजको आयोजना गरिएको थियो।

## नेपानका दुई परियोजनाहरु सञ्चालनमा

- Civil Society: Mutual Accountability Project (CS:MAP)
- Strengthening the Monitoring & Evaluation Framework for the Child Grant

**Civil Society: Mutual Accountability Project (CS:MAP):** नेपानले जनवरी २३, २०१७ देखि fhi360 को सहयोगमा Civil Society: Mutual Accountability Project (CS:MAP) परियोजना सञ्चालन गरिरहेको छ। एफएचआई ३६०ले स्थानीय नेतृत्व सहितको पद्धति अघि सारेको छ। नेपानले यस परियोजना मार्फत निम्न उद्देश्य हाँसिल गर्नका सहयोग गर्नेछ :

- प्रभावकारी नीतिगत पैरवी तथा सरकारी निकायहरुसँगको संलग्नताको लागिनागरिक समाजतथा सञ्चार क्षेत्रमाकामगर्ने सस्थाहरुको क्षमताअभिवृद्धि गर्ने
- सार्वजनिक स्रोतको प्रयोग तथा सार्वजनिक सेवाप्रदानगर्ने प्रक्रियामाथपप्रभावकारी निरीक्षण तथा संयोजन गर्ने।
- स्थानीय समाधानकाउपायहरूलाई थप बढावा दिनप्रयासरत यूएसएआईडीको प्राथमिकताका क्षेत्रहरुमा छनौट भएकानागरिक समाजका संस्थाहरुको संस्थागतक्षमतातथादिगोपनाको लागि संस्थागत सुदृढीकरण गर्ने।

उक्त उद्देश्य पूर्तिका लागि गतः बर्ष नेपानले ३४ जिल्लामा रहेका १४ वटा नागरिक समाज संस्थाहरुका लागि तालिम, गोष्ठि, मेन्टरिङ, कोचिङ फलोअप गर्ने गरेको छ।

Strengthening the Monitoring & Evaluation Framework for the Child Grant: संस्थाले नभेम्बर ३०, २०१७ देखि UNICEF, DoCR समेतको साझेदारीमा Strengthening the Monitoring & Evaluation Framework for the Child Grant कार्यक्रम संचालन गरिरहेका छ। यस कार्यक्रम अन्तरगत नेपानले निम्न कामहरु गर्नुपर्नेछ:

- अछाम/बझाङ/रौतहट जिल्लामा एक आमाका ५ बर्षमुनिका दुईजना बालबालिकालाई वितरण गरिने सामाजिक सुरक्षाभत्ताको अनुगमन मूल्यांकन ढाँचा बनाउने।
- उक्त जिल्लाका स्थानीय तहका पदाधिकारीहरुका लागि अभिमुखीकरण कार्यक्रमहरु आयोजना गर्ने।
- सामाजिक सुरक्षाभत्ता पाउने व्यक्तिहरुको सूचना समावेश भएको Information Management System (IMS) मा सुधार ल्याउने।
- मोबाइल टेलिफोनको प्रयोग गरेर अनुगमनको पाइलटिङ गरेर सामाजिक सुरक्षाभत्ताका बारेमा चेतना अभिवृद्धि गर्ने।
- सामाजिक सुरक्षाभत्ताको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने।

यस कार्यक्रम अन्तरगत गतः नेपानले अछाम र बझाङ जिल्लाका अछाम र बझाङ जिल्लाका गाउँपालिका र नगरपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुका लागि सामाजिक सुरक्षाभत्ता बितरणगर्दा ध्यानदिनुपर्ने विषय र Vital Event Registration of Social Protection-Management Information System (VERSP-MIS) का बारेमा केन्द्रीय पञ्जीकरण विभागलाई कार्यक्रम आयोजना गर्न सहजीकरण गरिसकेकोछ। त्यसरी नै रौतहट जिल्लाका केही गाउँ/नगरपालिकाका वार्ड प्रतिनिधिहरु र वार्ड सचिवहरुलाई सामाजिक सुरक्षाभत्ताका बारेमा अभिमुखिकरण गर्न केन्द्रीय पञ्जीकरण विभागले आयोजना गरेको गोष्ठिलाई थप चुस्त, दुरुस्त र व्यवस्थित पार्न नेपानले सहजीकरण गरेको थियो।

दस्तावेज

# नेपानको नयाँ पाँचवर्षे रणनीतिमा के छ ?

सन् १९९५ मा स्थापना भएको नेपाल सहभागीमूलक कार्य समूह (नेपान) ले यो वर्ष २४ औं वसन्त पार गर्दैछ। अर्को वर्ष रजत जयन्तीको सुरसार कस्दैछ। आरम्भमा ३३ जना संस्थापक सदस्यबाट अगाडि बढेको नेपानमा हाल करिब ३०० सदस्य छन्। सातै प्रदेशमा नेपानका सदस्यहरू फैलिएका छन्।

संस्थाको गतिशीलता र प्रगति सबै सदस्यहरूकै हातमा हुन्छ। सदस्यतामा आधारित, स्वयम्सेवी एवम् नेटवर्किङमा आधारित संस्था भएकोले नेपालमा यसको विशिष्ट पहिचान छ, विशिष्ट योगदान पनि रहिआएको छ। २४औं वर्षको यात्रामा नेपानले नेपालमा विभिन्न नीतिनिर्माण गर्नमा, ऐनकानून बनाउनमा, संस्थागत क्षमता अभिवृद्धि गर्नमा सघाउँदै आएको छ। नेपानको विशेष पहल ज्येष्ठ नागरिकको सवाललाई संस्थागत गर्नमा छ भनेर हामी भनिरहन्छौं। यस विषयमा निरन्तर सक्रिय भएको करिब १७ वर्ष भयो। नेपानले अन्य उमेरगत सवालमा पनि काम गर्छ। खासगरी युवा सहभागिता र बाल सहभागितामा पनि यसले नियमितरूपमा आवाज उठाउने र गुणस्तरीय सहभागिता खोजी गर्नुपर्नेमा वकालत गर्दै आएको छ। नेपानका सदस्यहरू कम्तीमा पनि दुई सय संस्थामा आबद्ध छन्। अतः सम्बन्धित संस्थामार्फत् सहभागिताका गुणस्तरीय पक्ष मूलप्रवाहीकृत गर्नमा नेपानका हरेक सदस्यको महत्वपूर्ण योगदान र भूमिका रहिआएको छ। नेपानका सदस्यहरूको क्षमता अभिवृद्धि गरी समग्रमा राष्ट्रको नै क्षमता, समृद्धि र सुख एवम् शान्तिको स्तर बढाउने हाम्रो चाहना हो।

**रणनीतिक सोच, रणनीतिक योजना**

विगतमा हामीले २ वटा रणनीतिक योजना पार गऱ्यौं। सन् २००६ देखि नै नेपानले ५ वर्षे रणनीतिक योजना बनाउने र आफ्ना कार्यक्रमहरू तिनै योजनामा टेकेर तयार पार्ने गर्दै आएको छ। सन् २००६ देखि २०१० सम्म पहिलो रणनीतिक योजना अवलम्बन गरियो। सन् २०११ देखि २०१५ सम्म दोस्रो रणनीतिक योजना अनुसार काम गरियो। सन् २०१५, सन् २०१६ र २०१७ मा नेपालमा धेरै घटना भए। देशमा भूकम्प गयो, ठूलो क्षति भयो। नेपानले आफ्ना सहयोगी हातहरू सक्दो त्यसतर्फ फैलायो। सन् २०१५ मै देशले संविधान बनायो। २०७२ असोज ३ गते जारी भएको संविधानमा नेपानले आफ्ना थुप्रै आवाज र सवाल प्रतिविम्बित भएको ठानेको छ। चुनावको अनुगमन गर्ने काममा पनि नेपान सदस्यहरू विभिन्न संस्थामा आबद्ध भएर सक्रिय भइआएका छन्। सन् २०१७ मा नेपालमा स्थानीय तह, प्रदेश तह र संघीय तह गरी तीनै तहका निर्वाचन सम्पन्न भए।

सन् २०१६ र २०१७ मा नेपानले दोस्रो रणनीतिका मूल भावमाथि टेकेर नै कार्यक्रम चलायो। अहिले हामी सन् २०१८ को यात्रामा छौं। हामीले नेपानको तेस्रो ५ वर्षे रणनीतिक योजना बनायौं। सन् २०१८ को आरम्भमा नै नेपानले काभ्रेको बल्थलीमा बृहत् छलफल कार्यक्रम राख्यो। योजना तर्जुमा गोष्ठी गऱ्यो। करिब ५० जना सदस्य त्यहाँ सहभागी भए। योजना तर्जुमाका लागि अध्यक्ष चेतनाथ कणेल तथा कार्यकारी निर्देशक (सचिव) को विशेष व्यवस्थापनमा योजनाका लागि एउटा छुट्टै कार्यदल गठन भयो। उक्त कार्यदल महेश शर्माको नेतृत्वमा गठन गरियो। सदस्यहरूमा उत्तम उप्रेती, डा. नानीराम सुवेदी, अश्विन पुडासैनी रहनुभयो। लामो समयको आन्तरिक छलफल, प्रारुप लेखनपश्चात् नेपानघरमा पुनः एक दिन बृहत् छलफल कार्यक्रम राखियो। मस्यौदा प्रस्तुतिपछि सहभागीहरूले आफ्ना थप सुझाव राख्नुभयो। त्यसरी अन्तिम मस्यौदा तयार पारेपछि फेरि त्यो मस्यौदा नेपानका पूर्व अध्यक्षहरू, नेपानका एकमात्र मानार्थ सदस्य प्रा.डा. रोबर्ट च्याम्बर्स, पूर्व संयोजकहरू, पूर्व कोषाध्यक्षहरू तथा केही अनुभवी सदस्यहरूबीच सुझावका लागि प्रेषण गरियो। थुप्रै महानुभावहरूबाट सुझाव आए। सकेसम्म समाहित गर्दै अहिले योजनाको पुस्तक छापिने अवस्थाको अर्थात् अन्तिम रुप पाएको छ। यसमा प्रा.डा. रोबर्ट च्याम्बर्सका सुझावहरूले निकै सघाउ पुऱ्याएका थिए।

**मूल विशेषता र रणनीतिक प्राथमिकता**

नेपानले सुरुदेखि नै ग्रहण गर्दै आएका मूल्य मान्यताहरू र उद्देश्यहरूमा हामी अडिग छौं। यी मूल्यमान्यताहरूलाई अझ विस्तार गर्न चाहन्छौं। उद्धेश्यको पूर्ण कार्यान्वयन चाहन्छौं। एउटा सत्य के हो भने, हामीले सोचेअनुसार हाम्रो पूर्ण क्षमता प्रयोग गर्न पाएकै छैनौं। हामीले योजना गरेका सबै काम पनि आँट्न सकेका छैनौं। तर प्रयास जारी छ। सहभागिता प्रवर्द्धनको सवाल नै निरन्तर प्रक्रिया हो, यो कुनै निश्चित गन्तव्यमा गएर टुंगिने कुरा पनि होइन। मानवअधिकार रक्षा, सहभागिता अभिवृद्धि, समतामूलक विकास, लैंगिक तथा अन्य सामाजिकीय समता, पारदर्शिता, गरिब र विपन्न वर्गका लागि विशेष सोच र काम, धार्मिक तथा राजनीतिक (दलीय) निरपेक्षता, पारस्परिक जवाफदेहिता, बहुलवाद, आपसी सम्मान र समभाव नै नेपानले प्रवर्द्धन गर्न चाहेका मूल्य, मान्यता र विकास सोच हुन्। यिनै सेरोफेरो, देशको बदलिँदो परिवेश, अन्तर्राष्ट्रिय परिस्थिति, र दिगो विकास लक्ष्य २०३० लाई समेत ध्यान दिएर हामीले सन् २०१८-सन् २०२२ को ५ वर्षे नयाँ रणनीति अख्तियार गरेका छौं। नेपाल संघीय संरचनामा गइसकेको परिप्रेक्ष्यमा नेपानले स्थानीय सुशासन प्रवर्द्धन, जनसहभागिताका आधारमा योजना निर्माण एवम् कार्यान्वयन, सामाजिक न्याय सुनिश्चितता, सहभागीमूलक विधि र तौरतरिकाको प्रवर्द्धन, नागरिक समाजको भूमिकाको वकालत, सदस्य क्षमता अभिवृद्धि, नेपानको आफ्नै संस्थागत सुदृढीकरण एवम् सञ्जालीकृत कार्यलाई कम्तीमा सातै प्रदेशमा विस्तार गर्ने विशेष रणनीतिहरू लिएको छ। समग्रमा नेपानका कार्यहरूलाई थप सिलसिलाबद्ध बनाउनका लागि निम्न ५ विषयक्षेत्र (थिम) मा केन्द्रित रहने यसको योजनामा उल्लेख छ :

१. सुशासन र पारस्परिक जवाफदेहिता अभिवृद्धि
२. मानवअधिकार तथा सामाजिक न्याय प्रवर्द्धन
३. सहभागीमूलक विधि, प्रक्रिया र संस्कारको प्रवर्द्धन
४. सहभागीमूलक विकासकर्मीहरुको नेटवर्क तथा नेटवर्किङ विस्तार
५. नेपानको संस्थागत सुदृढीकरण तथा सदस्य क्षमता अभिवृद्धि।

उपर्युक्त ५ वटा थिममा विभिन्न उद्धेश्य, क्रियाकलापहरू एवम् प्रगति मापनका सूचकहरू पनि तयार पारिएका छन्। यसको मध्यावधि समीक्षा सन् २०२० मा गरिनेछ। नेपानको समग्र कार्यशैली भनेकै तालिम, अनुसन्धान, प्रकाशन तथा सञ्चार, अभिलेखीकरण तथा स्रोतकेन्द्र व्यवस्थापन, सेयरिङ र जनवकालत भएकोले ती कार्यले थप प्रभावकारिताका साथ निरन्तरता पाउनेछन्। हरेक थिममा यी कार्यहरू क्रसकटिङको रुपमा आउँछन्।

लैंगिक, जातीय, क्षेत्रीय, उमेरगत तथा अन्य सामाजिक समावेशीकरणका सवालहरूलाई हरबखत नेपानले चनाखो भई हेर्दै र प्रयोग गर्दै आएको छ। आउँदा वर्षहरूमा ती कार्यले अझ सशक्तता पाउने विश्वास गरिएको छ। सदस्य विस्तार र सदस्यको गुण अभिवृद्धि पनि नेपानको प्रमुख उद्धेश्य भएकोले यसतर्फ सबै सदस्य र सम्बन्धित सरोकारवालाहरूको पूर्ण सहयोग अपेक्षित छ।

*(प्रस्तुति : चेतनाथ कणेल, अध्यक्ष र फटिक थापा, कार्यकारी निर्देशक)*

# नेपान स्रोत केन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू

१. Annual Report 2073/074, Sundar Nepal Sanstha, 2 Bhadra 2074

२. Forest Workers' in Nepal, National Forum for Advocacy, Nepal, Magh 2073

३. Source Book for Social Accountability Tools, PRAN, August 2013

४. Development in Practice, Intrac for Civil Society, Vol. 27, Issue 6, September 2017

५. Nepal Journal Biotechnology, Biotechnology Society of Nepal, Vol. 3, No. 1, December 2015

६. जिल्ला विकास योजना,आ. व. २०७३/ ०७४, जि. वि. स., तनहु

७. आदर्श खबर, आदर्श सेवा नवजीवन केन्द्र, राष्ट्रिय मासिक, साउन २०७४

८. आदर्श खबर, आदर्श सेवानवजविन केन्द्र, राष्ट्रिय मासिक, वर्ष १, अङ्क २, भदौ २०७४

९. विकास, मंसिर २०५६, अङ्क १५, वर्ष ८, आत्मनिर्भर विकास मञ्च

१०. विकास,असोज २०५४, अङ्क १०, वर्ष ६, आत्मनिर्भर विकास मञ्च

११. नमुना : विकास र राजनीति,भाग- १, मङ्सिर २०७३

१२. पुनर्निर्माण सम्बन्धी ऐन, नियम, मापदण्ड तथा कार्यविधिहरू, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

१३. नेपालमा नागरिक संस्थासम्बन्धी कानुनी संरचना, असोज २०७४, Go Go Foundation

१४. स्रष्टा दर्पण, नेपाल स्रष्टा समाज, वर्ष ९, अङ्क २३, असोज २०७४

१५. शहरी क्षेत्रमा गरिब - उन्मुख पर्यटनका असलअभ्यासहरू, स्टेप नेपाल, भदौ, २०७४

१६. दशौँ सामाजिक लेखाजोखा, सामुदायिकआत्मनिर्भर सेवा केन्द्र, २३ असोज, २०७४

१७. Development in Practice, vol: 27, Issue 7, October 2017

१८. Development in Practice, vol: 27, Issue 8, November 2017

१९. नेपालमा गरिबमुखी कानुनको अवस्था एक संक्षिप्त अध्ययन प्रतिवेदन, राजु प्रसाद चापागाई र दीपबहादुर मगर, असार, २०७४, जुरी- नेपाल

२०. नयाँ संविधानमा संघीयता साझाआधारको खोजी, चैत, २०७१, जुरी- नेपाल

२१. Participatory Democracy: Reflection on Process and Issues, Action Aid Nepal

२२. बालमैत्री स्थानीय शासनका सुचकहरूको अवस्था विश्लेषण, बाजुरा, २०७३

२३. गरिवी निवारण कार्यक्रम, प्रगति प्रतिवेदन २०७३, Peace Win

२४. वार्षिक प्रतिवेदन सन् २०१६, Peace Win

२५. बालबालिकाको स्थितिपत्र, त्रिवेणी नगरपालिका वडा नम्बर २, बाजुरा

२६. स्रष्टा दर्पण, नेपाल स्रष्टा समाज, वर्ष ९, अङ्क २३, असोज २०७४

२७. सुशासनको परिप्रेक्ष्यमा समृद्ध नेपालका अवरोध र आयाम, विष्णुराज उप्रेती र गोपीकेश आचार्य, एनसीसीआर, सन् २०१७

२८. नेपालमा सशस्त्र द्वन्द र यसको प्रभाव, विष्णुराज उप्रेती, एनसीसीआर, असार, २०१७

२९. सामाजिक जवाफदेहिताका २१ संयन्त्र, स्रोत पुस्तक, केदार खड्का र चिरञ्जीवी भट्टराई, PRAN दोस्रो संस्करण, मंसिर २०६९

३०. नागरिकका गुनासा र राज्यको सम्बोधन : नेपालमा सार्वजनिक सुनुवाई र सामाजिक लेखा परीक्षणका प्रावधानको मूल्याङ्कन, गोपीकेश आचार्य र विष्णुराज उप्रेती, एनसीसीआर, सन् २०१७

३१. नागरिक सहभागिता र सेवाप्रदायकको जवाफदेहिता : नेपालमा सुशासनमाथिको दृष्टिकोण, गोपीकेश आचार्य र विष्णुराज उप्रेती, एनसीसीआर, सन् २०१७

३२. Chords of Romance, Rajendra Khanal (KSHITIZ), Nepal Creative Writers' Society, Kathmandu, Nepal, February, 2018

३३. Humanism-5, SOCH Nepal

३६. Humanism in Nepal, UttamNiraula and Sanjay Khadka

३८. Humanism-3, SOCH Nepal

३९. धर्म, विवाह र महिला, प्रथम संस्करण, २०७२, कुरीतिअन्त्य समाज

४०. धर्मको ह्याङ्ओभर, दामोदर पुडासैनी (किशोर) प्रथम संस्करण, २०७२

४१. Association of British Alumni in Nepal, 4 February 2018

४२. साहित्यमा समर्पित एक दशक, १६ पुष २०७४, नेपाल स्रष्टा समाज

४३. नेपालको संविधान, कानून किताब व्यवस्था समिति

४४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुद्धिकरण आयोजना सञ्चालन निर्देशिका २०७४, केन्द्रिय पञ्जीकरण विभाग

४५. Effectiveness of Reconstruction Aid in Nepal, Humanitarian Accountability Monitoring Initiative (HAMI), 2017

४६. निर्वाचन कानुन, प्रशासन तथा व्यवस्थापन समिक्षा प्रतिवेदन, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), जेठ २०७०

४७. संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण-२०७०, मूल प्रतिवेदन, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), जेठ २०७१

४८. आदर्शखबर, राष्ट्रिय मासिक, वर्ष १, अङ्क ६, फागुन २०७४

४९. Reflection: Voter Registration Observation, Comprehensive Report, National Election Observation Committee (NEOC), February 2012

५०. Development in Practice, INTRAC , volume 28, issue 1, February 2018

५१. Tragedy and Trajectory, Reflection of the Impression of Children in Earthquake, March, 2018, first edition, INHURED International

५२. INHURED Bulletin, March- December, 2017, INHURED International

५३. लालटिनको उज्यालोमा, सरस्वती ज्ञवाली, पहिलो संस्करण, फागुन २०७४

५४. आधुनिक नेपालको इतिहास १७४३- १९५५, लक्ष्मण पन्त, भाद्र २०७४

५५. आदर्श खबर, राष्ट्रिय मासिक, वर्ष १, अङ्क ७, चैत २०७४, आदर्श सेवा नवजीवन केन्द्र तथा आदर्श खबर

५६. Rain Community, Volume 1, Issue 6, April 2018

५७. Social Inclusion and Accountability Proofing Tool, SNV, December 2012

५८. स्मारिका, नेपाल सम्पदा संघ, २०७५

५९. आदर्श खबर, वर्ष १, अङ्क १०, २०७५ असार

६०. Humanism-6, 1st edition, 2072, SOCH Nepal

६१. Humanism-3, 1st edition, 2070, SOCH Nepal

६२. Humanism in Nepal, SOCH Nepal

६३. Nepal: Maintaining Secularism an Up-hill Struggle, Dr. David Seddon,SOCH Nepal

६४. Kuriti, Sanjay Khadka and Eleanor Middleton, SOCH Nepal

६५. नेपाली लघु कथा, लघु कथा समाज, वर्ष ६, अङ्क ६, २०७५ भदौ

६६. सामाजिक प्रथाभित्रका कुरीति, मानववाद - ४, २०७०, सोच नेपाल

६७. धर्म, विवाह र महिला, २०७२, कास नेपाल

६८. आदर्शखबर राष्ट्रिय खबर, वर्ष १, अङ्क ८, वैशाख २०७५

६९. न्यायमा पहुँचः लैंगिक हिंसा पीडितको अधिकार, जुरी नेपाल

७०. २१ औं संक्षिप्त वार्षिक प्रतिवेदन, आ. व. २०७३/७४, तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

७१. Development in Practice, volume 28, Issue 2, April 2018

७२. Development in Practice, volume 28, Issue 3, May 2018

७३. Some Legends of Lalitpur, 1st edition, September 2017, Sustainable Business Initiative pvt ltd.

७४. Tarai/Madhesh of Nepal, Anthropological Study (upgraded version), Deepak Chaudhary, Second edition 2015

७५. नेपाल नवनिर्माण महाहभियान, वामदेव गौतम, पहिलो संस्करण, २०७४

७६. Diagnostic Study of Local Governance in Federal Nepal, 2017, Australian Aid

७७. बृद्धाश्रम, ज्येष्ठ नागरिक र आजकायुवा, वि. पी. बडाल, प्रथम संस्करण, २०७१

७८. Annual Report- 2016/17, Help Age Sri Lanka

७९. The Economic Implications of Ageing, HelpAge Asia- Pacific Regional Conference 2016, Conference Proceeding

८०. Reflections and Learning 2017, Action Aid Nepal

८१. Implementation status of Sustainable Development Goals (SDGS) and School Sector Development Plan (SSDP) in Nepal, Civil Society Education Report, National Campaign for Education Nepal (NCE- Nepal)

८२. स्तरीय शिक्षाआजको आवश्यकता, नागरिक समाज सूक्ष्म प्रतिवेदन, शिक्षाकालागि राष्ट्रिय अभियान नेपाल, २०७४ मार्ग

८३. Youth and Entrepreneurship, Nepal Youth Journal, volume 2, December 2017

८४. पशु सेवा तालिम पाठ्यक्रम, पशु सेवा तथा तालिम तथा प्रसार निर्देशनालय, आ. व. २०७१/२०७२

८५. पशु सेवा तालिम पाठ्यक्रम, पशु सेवा तालिम तथा प्रसार निर्देशनालय, आ. व. २०७२/२०७३

८६. The Snow Leopard, Annual Journal, Volume 3, May 2017

८७. Forestry for Sustainable Rural Development, Ford Foundation

८८. The Improvement and Civic Culture Component, Ministry of Forest and Soil Conservation, January

८९. Proceedings of the Eco- tourism Management Workshop, Institute of Forestry

९०. Protecting Our Planet Securing Our Future, United Nation Environment Program

९१. व्यवसायिक बाखापालन, पशुपन्छी विकास मन्त्रालय

९२. नेपालमा गरिबमुखी शासन एक मूल्याङ्कन, प्रथम संस्करण, २०५८ माघ

९३. लैङ्गिक आधारमा विभाजित तथ्याङ्क, राष्ट्रिय महिला आयोग, २०६९

९४. भेडाबाखा पालनसम्बन्धी डायरी २०७३/२०७४, केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालय

९५. राष्ट्रिय बीउ बिजननीति, २०५६, बीउबिजन ऐन, २०४५ र बीउबिजन नियमवाली, २०६९, बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र

९६. Women Members of the Constituent Assembly, Women's Caucus, 2011

९७. 5- Phase Project Management, A Practical Planning and Implementation Guide, Joseph W. Weiss and Robert K. Wysocki, 1st edition, April 1992

९८. Working with Excel, Aptech Computer Education, 1st edition, March 1995

९९. ज्येष्ठ नागरिकको मानवअधिकार वर्ष पुस्तक, आश्विन २०७०

१००. Stewards of Vietnam's Upland Forests, Research Report, January 1998

१०१. मानव बेचखिन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय प्रतिवेदन, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०७३

१०२. Goal Directed Project Management, Erling S Andersen, Kristoffer V Grude, Tor Hang, J Rodney Turner, 1993

१०३. पुनर्स्थापना केन्द्र संचालन निर्देशिका,महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०६८

१०४. मानव बेचबिखन मूल्याङ्कन सामग्री प्रतिवेदन, अमेरिकन बार एशोसियसन, जुलाई २०११

१०५. Working with NGOs, Anil Chitrakar, IUCN, 1996

१०६. People and Protected Areas in South Asia, IUCN

१०७. छोटा नागरिक बडा नागरिक, विश्व बैंक

१०८. आँखीझ्याल, टेलिभिनमा वातावरण पत्रकारिताका दस वर्ष, मोहन मैनाली, २०६१

१०९. Po-Poor Governance Assessment Nepal, Enabling State Program ( ESP) , September 2001

११०. Spheres of Justice, A Defense of Pluralism and Equality, Michael Walzer

१११. Field Manual for Water Quality Monitoring, An Environmental Education Program for Schools, Mark k. Mitchell and William B. Stapp, Eighth Edition

११२. Field Manual for Global Low-Cost Water Quality Monitoring, Mark k. Mitchell and William B. Stapp, First Edition 1995

११३. Non- Government Organizations: Challenges and Opportunities, Sahakarya, 1st edition 2004

११४. Youth Struggle and Voices, Youth Action Nepal, 1st edition 2011

११५. Rural Development Forestry Network, ODI

११६. सार्वजनिक खर्च पछ्याउने सर्वेक्षण हातेपुस्तिका, अन्तर्राष्ट्रिय अध्ययनतथा सहयोग केन्द्र

११७. नेपाली व्याकरणका दुई धारको चिरफार, दिनदयाल रेग्मी, पहिलो संस्करण, २०६८

११८. नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदामा बालअधिकारप्राप्त उपलब्धी तथा आवश्यक सुधार, २०७२ असार २५

११९. महिला तथा बालबालिकाको सामाजिक सुरक्षा सम्बन्धमा भएका कानुनी व्यवस्थाहरू, एटविन, २०६७

१२०. जङ्गल, तीर्थराज अधिकारी, पहिलो संस्करण, २०७२ असोज

१२१. Dalit Human Rights Situation 2008, Jagaran Media Center

१२२. संतुलित खाना राम्रो स्वास्थ्य, राष्ट्रिय विकास सेवा

१२३. सितल थोपा सिंचाई प्रविधि उद्योग

१२४. नेतृत्व विकास र सामुदायिक कार्य, प्रकाश पोखरेल र शिला योगी, २०५४ फाल्गुण ७

१२५. नेपालमा गरिबमुखी शासन एक मूल्याङ्कन, ई. एस.पी., प्रथम संस्करण, सेप्टेम्बर, २००१

१२६. Principles of Sociology, K. Singh

१२७. शान्तिको आलोक, कविता संग्रह, हेम पौडेल, प्रथम संस्करण, २०६२

१२८. नयाँ क्षेत्रमा सहभागितात्मक एकिकृत जलाधार व्यवस्थापनको थालनी, तालिम पुस्तिका, दिपक राज चापा, एफ. ए. ओ.

१२९. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय प्रतिवेदन, २०७१, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

१३०. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय प्रतिवेदन, २०७२, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

१३१. विशाल नेपालः समसामयिक राजनीति र RAW, २०५४ चैत्र

१३२. राष्ट्रिय कार्य- योजना २०६१, महिला, बालबालिकातथा समाज कल्याण मन्त्रालय, दोस्रो संस्करण, २०६५ जेष्ठ

१३३. महिला : न्यायमा पहुँच राष्ट्रिय महिला आयोगको जिल्लास्तरिय सार्वजनिक सुनुवाईमा आधारित प्रतिवेदन, राष्ट्रिय महिला आयोग, पुष २०६९

१३४. Holistic Health, A Practical Guide Book, Swami Rama, Second edition 1983

१३५. An Outline of American Geography, United States Information Agency

१३६. Introductory Rural Sociology, J.B. Chitambar

१३७. Tree of Life, 2nd edition, 1999

१३८. From Policy to Practice, Koshi River Basin Management, WWF

१३९. सुन्ने र सुनाउने परम्परा, (बाल साहित्य सम्बन्धी लेख-संगालो) शान्तदास मानन्धर

१४०. राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन सम्बन्धी अवस्था, राष्ट्रिय मानवअधिकार आयोग, प्रथम संस्करण, २०६६ जेष्ठ

१४१. संविधानसभा राज्यपुनः संरचनाको प्रवेशद्धार, इन्सेक, २०६४ जेठ

१४२. जीवन-चक्र, श्यामानन्द ब्रह्मचारी, प्रथम संस्करण, २०६३ मंसिर

१४३. वैदिक योग विज्ञान, योगाचार्य द्वारिका प्रसाद पौडेल, २०६९

१४४. विशेष अधिकार र आरक्षणको राजनीति, प्रथम संस्करण २०६३

१४५. तामाङ संस्कार र संस्कृति, रुद्रसिंह तामाङ, प्रथम संस्करण, माघ २०६०

१४६. भविष्यतिर उन्मुखः बेचबिखनबाट प्रभावितहरूको पुनःएकीकरण एक अध्ययन, आशा नेपाल, जनवरी २०१२

१४७. कम्युनिष्ट नैतिकता, प्रथम संस्करण २०६३ जेठ

१४८. यौन तथाश्रम शोषणको लागी महिला तथा बालबालिका वेचविखन विरुद्धको राष्ट्रिय कार्ययोजना २०५८ को अनुगमन सूचक, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०६२ पौष

१४९. नेपालमा हवाई सेवा, प्रथम संस्करण २०५६ फागुन

१५०. प्रधानध्यापक स्रोत पुस्तक, प्रा.डा. मन प्रसाद वाग्ले र महाश्रम शर्मा, फागुन २०७४

१५१. स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकार, २०७५ वैशाख

१५२. स्थानीयतहमा कार्यरत महिला नेतृत्वकालागि स्रोत पुस्तिका, सर्च फर कमन ग्राउन्ड, २०७३

१५३. Youth Experiences in Conflict, Violence and Peace Building in Nepal, Case Study, Search for Common Ground- Nepal, January 2018

१५४. सहकार्यत्मक नेतृत्व तालिम निर्देशिका, सर्च फर कमन ग्राउन्ड, वैशाख, २०७५

१५५. PARTICIPATION, Year 20, No. 18, June, 2018, Nepal Participatory Action Network (NEPAN)

१५६. आदर्शखबर, वर्ष १, अङ्क ९, जेष्ठ २०७५

१५७. Bulletin, Former Member Parliaments Forum, Nepal, Year 3, No. 3, June, 2018

१५८. पार्क रेन्जरदेखि पार्किन्सनसम्मको यात्रा(Park Ranger to Parkinson), A Development Professional's Perspectives and Experiences, दिपक राज चापा (चापागाई), असार २०७५

१५९. Conservation and the Future: Trends and Options Toward the Year 2025, Jeffrey A. McNeely, IUCN Biodiversity Policy Coordination Division, May 1997

१६०. बालअधिकारमा आधरित सहभागीमूलक योजना तर्जुमा प्रक्रिया सहयोगी पुस्तिका, नेपाल सरकार, २०७५

१६१. सगुन, रोशीलहर, वर्ष ४, अङ्क १, वैशाख

१६२. नँया सत्-मार्ग, चैत्र अङ्क - २०७४

१६३. संस्थाको संक्षिप्त परिचय तथा राष्ट्रिय योगमाया दिवस २०७५ का अवसरमा सम्मानित स्रष्टा चिनारी पुस्तिका, नेपाल स्रष्टा समाज, ७ साउन, २०७५

१६४. ज्येष्ठ नागरिक कानुनी शिक्षा तथा सचेतना पुस्तिका, राष्ट्रिय ज्येष्ठ नागरिक कोष, प्रथम संसकरण, जेठ २०७५

१६५. स्रष्टा दर्पण, नेपाल स्रष्टा समाज, वर्ष १०, अङ्क २४, वैशाख-असोज २०७५

१६६. डोम समुदायको पहिचानःबदलिँदो जीवनशैली, समता फाउण्डेशन, २०६९

१६७. उच्चशिक्षामा सहभागिताःअसमाजतामा सामाजिक आयम, मार्टिन चौतारी, पहिलो संस्करण, २०६८

१६८. लि क्वानयुःआधुनिक सिंगापुरका निर्माता, अच्युत कोइराला

१६९. संसददेखि संविधानसभासम्म, भरतमोहन अधिकारी, प्रथम संस्करण, २०७५ वैशाख

१७०. शुक्रनीति, पहिलो संस्करण, २०७४ साउन

१७१. बिल गेट्सः डिजिटल क्रान्तिदेखि सिर्जशील पूँजीवादसम्म, अच्युत कोइराला

१७२. बुधबारदेखि चाकुपाटसम्मः संस्मरण, मोहनमान सैंजू, २०७१ साउन

१७३. नेल्सन मण्डेलाः स्वतन्त्रताको दीर्घ यात्रा, दोस्रो संस्करण, २०११

१७४. जुर्मुराएको बखत, सोमत घिमिरे, पहिलो संस्करण, २०७५ जेठ

१७५. Peace Politics of Nepal: An Opinion from within, Kanak Mani Dixit, 1st edition , April 2011

१७६. A Survey of the Nepali People in 2017, Asia Foundation

## नेपाल सहभागीमूलक कार्य समूह (नेपान)
## (सन् १९९५ – २०१८)
## नेपानको स्थापनाकालदेखि हालसम्मका अध्यक्षहरू

- रमेश सिंह
- डा. शिवेशचन्द्र रेग्मी
- डा. विनोद भट्ट
- यशोधा श्रेष्ठ
- हुकुमबहादुर सिंह
- मानबहादुर थापा
- राघवराज रेग्मी
- डा. भोलाप्रसाद दाहाल
- तेजराज दाहाल
- डा. नानीराम सुवेदी
- छिङलमु शेर्पा
- ब्रह्मध्वज गुरुङ
- उत्तम उप्रेती
- चेतनाथ कणेल

## नेपानको स्थापनाकालदेखि हालसम्मका सचिवालय संयोजकहरू

- हुस्नबान्हु शेख
- डा. कमल फुयाल
- द्रोण केसी
- चेतनाथ कणेल
- झविन्द्र भण्डारी
- बच्चुराम बस्नेत
- डम्मर ब. लोहोरुङ राई
- दलबहादुर जी.सी.
- फटिकबहादुर थापा

# नेपान अक्षय-कोषको हालसम्मको स्थिति

## अक्षय-कोष स्थापनाको औचित्य

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) एक नेटवर्किङ्ग संस्था भएको हुँदा यसले आफैं कुनै पनि प्रत्यक्ष सेवा प्रदान गरेर कोष संकलन गर्नसक्ने स्थिति छैन। जुन कुरा नेपानको विधान २०५१ मा स्पष्ट उल्लेख छ। नेपान सचिवालय सञ्चालनार्थ आवश्यक प्रशाासनिक एवम् व्यवस्थापकीय खर्चका लागि जरुरत पर्ने रकमका निम्ति सधैं दातृसंस्थामा नै भर पर्नुपर्ने स्थिति त्यति व्यावहारिक नदेखिने हुँदा नेपान अक्षय-कोष स्थापना गर्ने सोंच नेपान अक्षय- कोष स्थापना गर्ने सोंच नेपान सदस्यहरूबाटै प्रष्फुटन भई नेपानको विधान अनुरुप २०५४ सालको साधारण-सभाले यस कोषको स्थापना गर्ने लक्ष्य राखेको हो। यसले दीर्घकालीनरुपमा नेपानलाई आर्थिक रुपमा सक्षम बनाउने छ। यसैलाई निरन्तरता दिन एक "अक्षय-कोष नियमावली" को तत्काल आवश्यकता परेको हुँदा का.स.मा व्यापक छलफल र कार्याभ्यास गरी नेपानको विधान-२०५१ को दफा २२ र २४ को प्रावधान अन्तर्गत "नेपान अक्षय-कोष नियमावली २०५६" पनि तयार भई लागू भएको छ।

## अक्षय-कोषको रकम प्रयोग प्रक्रिया

अक्षय कोषमा जम्मा रकम अमेरिकी डलर १,५०,००० (एक लाख पचास हजार) वा सो बाराबरको नेपाली रुपैयाँ हुनेछ। उक्त रकम "नेपान अक्षय-कोष"को नाममा बैंकमा जम्मा गरिनेछ। अक्षय कोषमा व्याजस्वरुप प्राप्त रकममात्र नेपानको प्रशासनिक एवम् व्यवस्थापकीय प्रयोजन हेतु खर्च गरिने छ।

यो नियम कम्तीमा पनि अक्षय-कोष स्थापना भाएको १५(पन्ध्र) वर्षसम्म लागू हुनेछ। यदि यस नियममा कुनै परिवर्तन गर्नुपर्ने आवश्यकता देखिएमा साधारण सभाले छलफल गरी निर्णय गर्नेछ। यदि सावाँ रकम खर्च गर्नुपर्ने स्थिति आएमा पनि सो खर्च के कसरी गर्ने भन्नेबारे साधारणसभाले नै निर्णय गर्नुपर्ने हुन्छ। अन्यथा अक्षय-कोषको रकम खर्च गर्न सकिने छैन।

## हालसम्मको उपलब्धि

नेपानको विधानअनुरुप स्थापित नेपान अक्षय-कोषका लागि सहयोग गर्न विभिन्न संघसंस्था तथा नेपान सदस्यहरूलाई समय समयमा भेटघाट तथा पत्राचार गर्दै आइरहेका छौं। सोही प्रयासको परिणाम स्वरुप हालसम्म स्विस विकास नियोगबाट यू.एस.डलर १० हजार, एक्सनएड नेपालबाट ने.रु ३,६९,७५० (५हजार यू.एस.डलर बराबर) रकम प्राप्त भै नेपान अक्षय-कोषमा राखिसकिएको छ। यसैगरी पहिले नै सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिसकेको बेलायतको आई.डी.एस. संस्थाबाट ने.रु. ३,२९,५७३ (५ हजार स्टर्लिङ्ग पाउण्ड बराबर) रकम प्राप्त भई नेपान अक्षय-कोषमा राखिएको छ।

यसैगरी नेपान 'अक्षय-कोष नियमावली' अनुसार नेपानको वार्षिक सदस्यता शुल्कबाट उठेको रकममध्ये २५ प्रतिशत, कार्यक्रम संचालनबाट बचत भएको रकमबाट २५ प्रतिशत एवम् अनुसन्धान कार्य गरेबापत बचत भएको कुल रकममध्ये २५ प्रतिशत रकम अक्षय-कोषमा जम्मा गर्नुपर्ने प्रावधान छ। त्यसैगरी हालसम्म तपसीलमा उल्लेखित नेपान सदस्यहरूले पनि यस कोष वृद्धिका लागि सहयोग गर्नु भएको छ। यसरी हालसम्म २,४१,७०० रुपैयाँ कोषका लागि व्यक्तिगत तवरबाट प्राप्त भएको छ।

१. श्री रामदयाल प्रसाद यादव
२. श्री समीर कार्की (दुई पटक)
३. श्री शशी रिजाल (दुई पटक)
४. श्री सुस्मा वाराकोटी
५. श्री पुर्ण वहादुर चेम्जोङ्ग
६. श्री महेश दाहाल
७. श्री डार्लिन फूट
८. श्री भरत राज गौतम
९. श्री राघव राज रेग्मी (प्रत्येक वर्ष रु. पाँच हजार)
१०. श्री विमला चापागाई
११. श्री गोविन्द न्यौपाने
१२. श्री हेमा के.सी.
१३. श्री विशालभक्त कशु
१४. श्री रोजी जोशी
१५. श्री राज वहादुर श्रेष्ठ
१६. डा शिवेशचन्द रेग्मी
१७. श्री रमानन्द प्रसाद गुप्ता
१८. श्री चण्डी प्रसाद चापागाई
१९. श्री रवि चित्रकार
२०. श्री कमल फुयाल
२१. श्री मान वहादुर थापा
२२. श्री अश्विन पुडासैनि
२३. श्री भोला प्रसाद दाहाल
२४. श्री तेजराज दाहाल
२५. श्री श्याम अधिकारी
२६. श्री उत्तम उप्रेति
२७. श्री निशा शर्मा
२८. श्री गोविन्द राज पौडेल
२९. श्री लजना मानन्धर
३०. श्री सीता राना
३१. श्री छिङ्गलमु शेर्पा
३२. श्री यसोधा श्रेष्ठ
३३. श्री विमला घिमिरे
३४. श्री द्रोण के.सी.
३५. श्री चेतनाथ कणेल
३६. श्री झविन्द्र भण्डारी
३७. श्री निर्मल शर्मा (दुई पटक)
३८. श्री राजेन्द्र गुप्ता
३९. डा विनोद भट्ट
४०. श्री ब्रहमध्वज गुरुङ्ग
४१. श्री गोपाल तामाङ्ग
४२. श्री विनोद चापागाई
४३. श्री प्रेम वहादुर थापा
४४. श्री अशोक कुमार पौडेल
४५. जिल्ला विकास समिति, भक्तपुर
४६. रोबर्ट च्याम्बर्स
४७. गोकुल भण्डारी (लण्डन)

यसरी २०६९ साउनसम्ममा नेपान अक्षय-कोषमा रु.४५,९१,४३५.८८ (पैतालिस लाख एकानब्बे हजार चार सय पैतीस रुपैयाँ अठ्ठासी पैसा मात्र) रकम जम्मा भईसकेको छ। आ.व. ०७२/७३ सम्म अक्षय-कोषमा जम्मा भएको रकम र घर-कोषमा प्राप्त सहयोग गरी कूल रु.६५,१४,२३९.०० भएकोमा रु.८७,०००००.०० घर खरिद तथा थप निर्माण सुधारमा खर्च गरियो। तत्पश्चात् पनि अक्षय-कोषमा रकम जम्मा गर्ने क्रम जारी छ। २०७३ असार मसान्तसम्म जम्मा रु.८,९४,२६८.०० अक्षय-कोषमा सञ्चित छ। आ.व. ०७३/७४ को अक्षय-कोषमा सञ्चित रकम रु.८,९४,२६८.०० भएकोमा रु. ४,९३,९८७ घर खरिदको ऋण तिर्न प्रयोग गरियो। २०७४ असार मसान्तसम्म जम्मा रु.४,००,२८१ अक्षय-कोषमा सञ्चित छ। आ.व. ०७४/७५ सम्म अक्षय-कोषमा कूल रु. ५,५६,९८१.०० (पाँच लाख छपन्न हजार नौ सय एकासी रुपैयाँ मात्र) सञ्चित छ।

नेपान अक्षय-कोषका अतिरिक्त घर निर्माण कोषमा सहयोग गर्ने दाता/सहयोगीहरूको नामावली यस प्रकार छ।

| | | | | | |
|---|---|---|---|---|---|
| १. | डा.भोला प्रसाद दहाल | ३१. | तेज सुनार | ६१. | नेत्रप्रसाद उपाध्याय |
| २. | अशविन कुमार पुडासैनी | ३२. | व्रह्मध्वज गुरुङ्ग | ६२. | यशोधा श्रेष्ठ |
| ३. | गोविन्द राज पौडेल | ३३. | वृतकुमारी गुरुङ्ग | ६३. | डा. रमेशजङ्ग खड्का |
| ४. | कृष्णा प्रसाद न्यौपाने | ३४. | ललितबहादुर थापा | ६४. | साहस नेपाल |
| ५. | गोविन्द न्यौपाने | ३५. | राजबहादुर गिरी | ६५. | अनिरुद्धनाथ सुक्ल |
| ६. | महेश शर्मा | ३६. | बालकृष्ण शर्मा | ६६. | तेजराज दाहाल |
| ७. | समिर कार्की | ३७. | घनश्याम अवस्थी | ६७. | रामानन्द प्रसाद गुप्ता |
| ८. | हिरालाल श्रेष्ठ | ३८. | रुपा वस्नेत | ६८. | कालभान राई |
| ९. | पूर्ण बहादुर चेमजोङ | ३९. | निशा शर्मा | ६९. | हुकुमबहादुर सिंह |
| १०. | दिर्घजिबी घिमिरे | ४०. | निर्मला लामा | ७०. | झवीन्द्र भण्डारी |
| ११. | सन्जु कोईराला | ४१. | श्रीधर लामिछाने | ७१. | डा. विष्णुराज उप्रेती |
| १२. | शान्ता लक्ष्मी श्रेष्ठ | ४२. | रोजी जोशी | ७२. | यमुना घले |
| १३. | पदम भुसाल | ४३. | मिनबहादुर गुरुङ्ग | ७३. | दीपा आचार्य |
| १४. | मान बहादुर थापा | ४४. | प्रेमबहादुर थापा | ७४. | झेचुन लामा |
| १५. | अशोक पौडेल | ४५. | डा. राजबहादुर श्रेष्ठ | ७५. | मीना गुरुङ्ग |
| १६. | डा.अनोज क्षेत्री | ४६. | सिंहबहादुर खड्का | ७६. | प्रो.डा. रोवर्ट चेम्वर्श |
| १७. | डा.कमल फुयाल | ४७. | लालबहादुर ओली | ७७. | नन्दलाल माझी |
| १८. | फटिक वहादुर थापा | ४८. | द्रोण के.सी. | ७८. | दशरथ मोक्तान |
| १९. | निलकमल क्षेत्री श्रेष्ठ | ४९. | महादेव भट्ट | ७९. | तारा गुरुङ्ग |
| २०. | तुलसी सापकोटा | ५०. | डा. गोपाल सेरचन | ८०. | छिडलमु शेर्पा |
| २१. | हेरिना जोसी | ५१. | डा.उद्धव राई | ८१. | डा.मुक्ति रिजाल |
| २२. | जिब आचार्य | ५२. | डा. विमला राई पौडेल | ८२. | रामहरी अधिकारी |
| २३. | भरत राज गौतम | ५३. | मीनाक्षी दाहाल | ८३. | पद्मा शाक्य |
| २४. | लाक्पा तेन्जि लामा | ५४. | पुर्णबहादुर थापा | ८४. | श्रीराम के.सी |
| २५. | चेतनाथ कडेल | ५५. | जिमि लामा | ८५. | खेमराज भट्टराई |
| २६. | मुकेश सिंह | ५६. | हेलम्वु एजुकेशन एण्ड लाइभलीहुड प्रोजेक्ट | ८६. | वालकृष्ण देउजा |
| २७. | कृष्ण बाबु जोसी | ५७. | प्रमोद उपाध्याय | ८७. | घनश्याम अधिकारी |
| २८. | प्रेम राज न्यौपाने | ५८. | डा. नरविक्रम थापा | ८८. | डा. शिबेशचन्द्र रेग्मी |
| २९. | कृष्ण प्रसाद सुवेदी | ५९. | डालैन फुड | ८९. | डा. बिनोद भट्ट |
| ३०. | गोपाल प्रसाद तामाङ | ६०. | गम्भीरबहादुर हाडा | ९०. | राघब राज रेग्मी |

## हाम्रो अनुरोध

**नेपानको दिगोपना अभिवृद्धि र प्रगतिको लागि विभिन्न व्यक्ति र संस्थाबाट गर्नुभएको सहयोगको कदर गर्दै अन्य संस्था एवम् महानुभावहरुले पनि नेपान अक्षय कोषका लागि सक्दो सहयोग गर्नुहुन र आफ्नो पहुँच भएका नेपानको उद्धेश्यसँग मेलखाने संस्थाहरुलाई नेपानको अक्षय कोषबारे जानकारी गराई कोष प्रवर्द्धनमा योगदान पुऱ्याउनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

**कार्यकारिणी समिति, नेपान सहभागीमूलक कार्यसमूह (नेपान)**

**भाद्र २०७५**

# गुनासो सम्बोधन तथा व्यवस्थापनः किन र कसरी ?



● गोबिन्द राज पौडेल



● प्रणव भट्टराई



● डा. भोला प्रसाद दाहाल

**सुशासन नियमावली, २०६५ कै नियम २० ले "गुनासो व्यवस्थापनका लागि प्रत्येक मन्त्रालय, विभाग तथा कार्यालयहरूले गुनासो सुन्ने जिम्मेवार अधिकारी (नोडल अफिसर) तोक्नुपर्ने" अनिवार्य व्यवस्था गरेको छ । साथै सरकारी कार्यालयले गुनासो सुन्नका लागि निःशुल्क टेलिफोन, अनलाइन सेवा वा अन्य उपयुक्त माध्यमको व्यवस्था गर्नुपर्ने प्रावधान पनि छ ।**

## परिचयः

गुनासो (Grievance) भन्नाले कुनै कर्मचारी वा सरोकारवाला व्यक्ति, संगठन वा संस्थाबाट कुनै अनियमित, अवैधानिक, पक्षपातपूर्ण, अन्याय वा असंगत वा विभेदपूर्ण कार्य भएको सोचेर वा विश्वास गरेर त्यसबाट उन्मुक्ति पाउन प्रकट गरिने असन्तुष्टिलाई बुझिन्छ । यस्तो असन्तुष्टि लिखित वा मौखिक दुबै प्रणालीबाट व्यक्त गरिएको हुन्छ । कुनै कारवाही वा सम्बोधन नभइकन पन्छाइने सिकायतलाई पनि गुनासो भनेर बुझ्ने गरिन्छ । कुनैपनि संस्थामा गुनासो सुन्ने विधि या उपायलाई व्यवस्थित गरिएको छैन भने त्यस्ता संस्था आफ्ना सरोकारवालाप्रति जवाफदेही, पारदर्शी र प्रभावकारी भएको मान्न सकिन्न । त्यसैले सरोकारवालाबाट प्राप्त गुनासालाई विधिसम्मत र व्यवस्थित तरिकाले सम्बोधन गरियो भने संस्था प्रतिको विश्वास बढेर जान्छ। साथै प्राप्त हुन आएका गुनासालाई नियमितरुपमा सम्बोधन गर्ने परिपाटी बसाइयो भने गुनासा आउने क्षेत्रको पहिचान गर्न सहयोग पुग्दछ । र, यो प्रक्रियाले कालान्तरमा गुनासा पनि घट्दै जान्छन् ।

## गुनासो सम्बोधन संयन्त्र किन ?

गुनासो सम्बोधन प्रणाली कुनै पनि शासन/प्रशासनयन्त्रको अभिन्न अंगको रूपमा रहेको हुन्छ। जबसम्म शासन/प्रशासनयन्त्रले गुनासो सम्बोधन गर्न सक्षम र प्रभाबकारी संयन्त्रको स्थापना गर्दैन तबसम्म त्यो नागरिकप्रति उत्तरदायी, जिम्मेवार र सेवाग्राहिमैत्री मान्न सकिन्न । वास्तबमा गुनासो सम्बोधन संयन्त्र कुनै पनि संस्थाको दक्षता र प्रभावकारीता नाप्ने कसी हो, जसको माध्यमले कार्यसम्पादनमा महत्वपूर्ण पृष्ठपोषण प्राप्त हुने गर्दछ। गुनासो सम्बोधन गर्नका लागि "गुनासो सुनुवाइ औजार" अर्थात् Complaint Redress Mechanim (SCRM) त्यर्या प्रयोगमा ल्याइएको छ । साथै संस्थामा गुनासो सुन्ने अधिकारीलाई ल्यमर्बा ज्ञाष्अभच भनिन्छ ।

## नेपालमा गुनासो सम्बोधनको नीतिगत तथा कानुनी व्यवस्था

स्थानीय सरकार र गुनासो व्यवस्थापनको जिम्मेवारी : हाम्रो मुलुक संघीयतामा गईसकेको अवस्थामा केन्द्रको जिम्मेवारी संवैधानिक हिसावलेनै प्रान्तीय र स्थानीय सरकार (नगरपालिका/ गाउँपालिका) मा सरेको छ । विगतमा संस्थाको नीतिगत तथा कार्यक्रममा सुधार ल्याउनुपर्‍यो भने पहिले जिल्ला वा केन्द्रमा रहेका मन्त्रालय वा विभाग र सोको मातहतमा रहेका सार्वजनिक निकायका व्यवस्थापन समितिले निर्णय गर्नुपर्थ्यो । तर अब स्थानीय कार्यपालिकाले नैं यसको निर्णय गर्ने अवसर पाएका छन् । नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहलाई २२ वटा अधिकारको व्यवस्था गरिएको छ। संविधानको यो प्रावधानलाई कार्यान्वयन गर्न बनेको "स्थानीय तहको सरकार सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ मा यस्ता सेवा प्रदायक संस्थाको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने जिम्मा स्थानीय सरकारलाई दिइएको छ । यसैगरी सुशासन नियमावली, २०६५ को नियम १४ मा सर्वसाधारणलाई सेवा दिने "प्रत्येक सरकारी कार्यालयले आफ्नो कार्यालय परिसरमा सबैले देख्नेगरी नागरिक वडापत्र राख्नुपर्ने र त्यस्तो वडापत्रमा उल्लेख हुनुपर्ने अन्य कुराका अतिरिक्त सेवाग्राहीले सेवाका सम्वन्धमा गरेका गुनासो सुन्ने अधिकारीको नाम, सेवाप्रदायक कार्यालय र उसको तालुक कार्यालयको टेलिफोन नम्बरका साथै सेवा प्रवाहको प्राथमिकताक्रम र क्षतिपूर्ति प्राप्त हुने वा नहुने" समेत उल्लेख हुनुपर्ने व्यवस्था गरेको छ । हरेक सरकारी कार्यालयले उजुरी पेटिका राखेर नियमितरुपमा खोल्नुपर्ने, उजुरी सुनुवाइको समयावधि तोकिनुपर्ने जस्ता व्यवस्था पनि गरेको छ। सुशासन नियमावली, २०६५ कै नियम २० ले "गुनासो व्यवस्थापनका लागि प्रत्येक मन्त्रालय, विभाग तथा कार्यालयहरुले गुनासो सुन्ने जिम्मेवार अधिकारी (नोडल अफिसर) तोक्नुपर्ने" अनिवार्य व्यवस्था गरेको छ । साथै सरकारी कार्यालयले गुनासो सुन्नका लागि निःशुल्क टेलिफोन, अनलाइन सेवा वा अन्य उपयुक्त माध्यमको व्यवस्था गर्नुपर्ने प्रावधान पनि छ।

## गुनासो प्राप्तगर्ने तथा व्यवस्थापन प्रक्रिया

### १) उजुरी/गुनासो प्राप्त गर्ने माध्यम

क) मौखिक (कार्यालयमा उपस्थित भएर)
ख) निबेदन दर्ता गराएर,
ग) टेलिफोन,फ्याक्स, हटलाईन
घ) इमेल, एस.एम.एस.,सामाजिक संजाल,
ङ) हुलाक वा एक्सप्रेस डेलीभरी
च) उजुरी पेटिका

छ) पत्रपत्रिका एवं विद्युतीय संचार
ज) सार्वजनिक परीक्षण,सामाजिक परीक्षण, सार्वजनिक सुनुवाईजस्ता नागरिकका निगरानीबाट प्राप्त सुझाब र पृष्ठपोषण
झ) माथिल्लो निकायबाट प्राप्त सुझाब, निर्देशन

**२) गुनासोको वर्गीकरण**

क) सर्बसाधरण नागरिकले जानकारी माग गरेका गुनासा
ख) एक पक्षको क्रियाकलापबाट अर्को पक्षलाई मर्का परेको सम्बन्धी गुनासो
ग) कार्यप्रक्रिया र सार्वजनिक खरिदसम्बन्धी गुनासो
घ) आर्थिक अनुशासनसम्बन्धी गुनासो
ङ) सेवा प्रवाहसम्बन्धी गुनासो
च) सार्वजनिक एवं भौतिक पूर्वाधार सम्बन्धी गुनासो
छ) आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन सम्बन्धी गुनासो
ज) सार्वजनिक जग्गा अधिकरण तथा मुवाब्जा सम्बन्धी गुनासो
झ) कर्मचारी र परामर्शदातासम्वन्धी गुनासो
ञ) केन्द्रस्तरको निकायबाट प्राप्त गुनासा
ट) नीतिगत तथा अन्य गुनासाहरु

**३) गुनासो फर्छ्यौटको समय र प्रक्रिया**

- गुनासो सुन्न निःशुल्क टेलिफोन वा अनलाइन सेवा वा अन्य उपयुक्त माध्यमको व्यवस्था गर्नुपर्छ
- गुनासो प्राप्त भएको २४ घन्टाभित्र गुनासो व्यवस्थापनका लागि आफ्नो सुझावसहित कार्यालय प्रमुखसमक्ष पेस गर्नुपर्छ
- गुनासो व्यवस्थापन गर्न प्रमुखले तत्काल दिएको आदेशबमोजिम गुनासो व्यवस्थापन गरी गुनासोकर्तालाई जानकारी दिनु गुनासो सुन्ने अधिकारीको कर्तव्य हुनेछ ।
- गुनासो व्यवस्थापन गर्दा कार्यालय प्रमुखले गुनासोको प्रकृति तथा आबश्यकाताका आधारमा प्राथमिकता निर्धारण (तुरुन्त, अति जरुरी, जरुरी, साधारण, विभागीय कारवाही सम्बन्धी)गरी पाँच वर्गमा वर्गीकरण गरी कारबाही गर्ने व्यवस्था छ ।

**४) भपाई दिनुपर्ने**

- सेवाग्राहीको निवेदन जाँची तत्कालै दर्ता गरी दर्ता नम्वर, समय र मितिसहितको निवेदन बुझेको भर्पाइ दिनुपर्छ
- दर्ता गर्न नमिल्ने भए कारण खुलाई निवेदनको पछाडि दरपिठ गरी नाम, थर, दर्जा र दस्तखत तथा कार्यालयको छाप लगाई निवेदन फिर्ता दिनुपर्छ
- दरपिठमा चित्त नबुझ्ने निवेदकले सो कार्यालयको तालुक कार्यालयमा निवेदन गर्न सक्नेछ र त्यस सम्बन्धमा तालुक कार्यालयको निर्णय अन्तिम हुनेछ

**सेवाग्राहीको सन्तुष्टि तथा गुनासोको क्रम घटेको वा गुणस्तरमा बृद्धि भएको कुरा सम्बन्धित कार्यालयले नियमितरूपमा अनुगमन गर्ने व्यबस्था गर्नु पर्दछ ।**

## गुनासो सम्बोधनको संस्थागत संरचना

उपभोक्ता समिति, स्थानिय निकाय (गाउँ/नगरपालिका) तथा जिल्ला र प्रदेश तथा केन्द्रमा समेत गुनासो व्यवस्थापन समिति र उपसमिति गठन गरी पदाधिकारीहरुको मुख्य काम, कर्तव्य र जिम्मेवारी तोक्न सक्नेछ ।

## गुनासो व्यवस्थापनसम्बन्धी संरचनागत व्यवस्था :

नेपाल सरकारले गुनासो सुनुवाइका लागि केन्द्रीयलगायत स्थानीयस्तरका सबै कार्यालय तथा निकायका लागि हुनेगरी “नागरिक गुनासो सुन्ने औजार”हरुको अभ्यास गर्दै आएको छ । सुशासन प्रवर्द्धनका लागि स्थानीय तहमा निम्नानुसारका संरचनामार्फत स्थानीय निकायका गुनासाको पनि सम्बोधन गर्ने गरिएको पाइन्छ :

क. नागरिक बडापत्र
ख. हेलो सरकार
ग. सुझाव तथा उजुरी पेटिका
घ. गुनासो सुन्ने अधिकारीको व्यवस्था
ङ. सूचना अधिकारी
च. उजुरी सुन्ने अन्य संस्थागत संरचनाहरु

## गुनासो सम्बोधन तथा व्यवस्थापन प्रक्रिया


**(१) गुनासो सम्बोधन प्रक्रिया**

सार्वजनिक निकायका कार्यालयले:

- उजुरी प्राप्तिको जानकारी सरोकारवालालाई दिने,
- उजुरी दर्तानम्बर सहित समाधान हुन सक्ने अनुमानित समयको जानकारी दिनुपर्ने,
- प्रक्रियाको सम्बन्धमा गुनासोकर्तालाई उचित सल्लाह दिने र कुन तहबाट समाधान हुन सक्ने हो सोको समेत जानकारी दिने,
- विद्युतीय माध्यमबाट प्राप्त उजुरीको स्वतः जवाफ दिने व्यवस्था मिलाउने,
- उजुरी सम्बोधन भएको जानकारी गुनासोकर्तालाई तुरन्त दिने,

मन्त्रालय, विभागहरु, समिति, प्रतिष्ठान, केन्द्र, आयोजना तथा स्थानीय निकायले सम्पादन गरेका काम कारवाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा:

- सबैले देख्न सक्ने गरि गुनासोपेटिका राख्ने र जिम्मेवार अधिकृतले प्रत्येक तिन दिनमा एक पटक कर्मचारीको रोहबरमा खोली




गुनासो व्यवस्थापन प्रक्रिया

अभिलेखीकरण गर्ने र प्राप्त गुनासो तथा सुझाव सम्बोधन गर्ने, सम्बोधन नसकेकोलाई र गुनासोकर्तालाइ र माथिल्लो निकायमा जानकारी गराउने ।

- कर्मचारीको बैयक्तिक आचरणसम्बन्धी गुनासो भएमा आफ्नो तर्फबाट कारवाही गरि माथिल्लो निकायमा पठाउनु पर्नेछ,साथै त्यस्तो विवरणको जानकारी सार्वजनिक सूचनामार्फत पनि गराउने ।
- गुनासोकर्ताले आफूले दिएको गुनासो फिर्ता मागेमा वा गुनासो आफनो कार्यालयसंग सम्बन्धित नभएमा पनि गुनासोकर्तालाई फिर्ता दिने, गुनासोकर्ताको पहिचान नभएमा पनि सो को जानकारी सूचनापाटीमा राख्ने ।
- प्रत्येक निकायले गुनासो सुन्ने जिम्मेवार अधिकृत अनिवार्यरुपमा तोक्नुपर्नेछ । सोको प्रभावकारिताको लागि निशुल्क टेलिफोन वा अनलाइन सेवा र सूचना प्रबिधिको प्रयोगको व्यवस्था गर्ने ।
- प्रारम्भिक चरणमा सम्बन्धित निकायमा गुनासो सुन्ने अधिकृतले प्राप्त गुनासोको अनुसूची बमोजिम अभिलेखीकरण गर्ने र प्राप्त गुनासोलाई प्राप्त भएको मितिले २४ घण्टाभित्र कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ र तत्काल सम्बोधन हुन सक्ने गुनासोलाई सम्बोधन गर्न निर्देशन दिने ।
- गुनासोकर्ताले सहज र सरल रूपमा गुनासो राख्न टेलिफोन, हटलाईन, सामाजिक संजाल,SMS आदिबाट दिन सक्ने व्यवस्था गर्ने ।
- गुनासो व्यवस्थापन गर्ने क्रममा नागरिकका गुनासोको गोपनियता कायम गराउने ।

**२) बेनामी, असम्बन्धित उजुरी, गुनासो तथा झुटो उजुरीसम्बन्धी व्यवस्था:**

बेनामी उजुरी गुनासो पनि दर्ता गरिनेछ र आवश्यक छानबिनको प्रक्रियामा राखिनेछ, यदि आफ्नो कार्यालयको कार्यसँग सम्बन्धित नभई अन्य सरकारी निकाय वा कार्यालय प्रमुखको आचरणसंग सम्बन्धित रहेछ भने सो को विवरण माथिल्लो निकायमा पठाउने ।

- झुट्टारूपमा कसैलाई दुख दिने नियतले उजुरी गरेमा प्रचलित कानुन बमोजिम कारवाहीका लागि सम्बन्धित निकायले कानुन कार्यान्वयन गर्ने निकाय, कार्यालयमा लेखी पठाउने ।

**३) उजुरी गुनासो फिर्ता सम्बन्धी व्यवस्था:**

- उजुरी, गुनासो लिखितरुपमा सरोकारवाला आबेदनकर्ताले फिर्ता मागेमा फिर्ता दिन सकिनेछ । यदि कार्यालयको कामकारवाहीसंग असम्बन्धित बिषयको गुनासो प्राप्त भएमा सम्बन्धित व्यक्ति पहिचान भएको रहेछ भने निजलाई सोको जानकारी दिई फिर्ता गर्ने र पहिचान भएको रहेनछ भने सोको विवरण कार्यालयको सुचनापाटी तथा बिभिन्न संचार माध्यमबाट सार्वजनिक जानकारी गर्नु पर्नेछ ।

**४) गुनासो गोपनियता:**

- प्रत्येक तहमा कार्यरत सम्बद्ध अधिकृत रकर्मचारीले नागरिकका गुनासोहरु गोप्य राख्नु पर्ने भएमा गोपनियता समेत कायम गर्ने र सम्बन्धित सरोकारवालाको स्वीकृत बेगर खुलासा नगराउने ।

**५) जोखिम पक्ष र जोखिम न्यूनीकरण अवलम्बनका उपाय:**

- परियोजना दस्ताबेज तयार गर्ने बेलामानै आउन सक्ने सम्भाव्य जोखिमको प्रक्षेपण गर्ने र त्यसको निराकरण वा न्यूनीकरणको व्यवस्था मिलाउने ।
- आयोजना चक्रको चरणमा अपर्झट देखा परेका जोखिम, असन्तुष्टि, गुनासो, द्वन्द्व समयमा नै समाधान गरि आयोजना संचालनमा सम्भाव्य बाधा अबरोध हटाउन प्रयास गर्न स्थानीय नागरिकको अधिकतम सहयोग जुटाउने ।

**६) समाधान नभएमा उजुरी, गुनासा मुल्तबीमा राख्न सकिने:**

- यदि सम्बन्धित कार्यालय, विभाग, मन्त्रालयबाट गुनासो समाधान हुन नसक्ने देखिएमा निबेदकलाई सम्बन्धित निकायमा जान सल्लाह दिन सकिने वा सम्बन्धित निकायमा सम्बोधनको लागी पठाईनेछ र त्यहँवाट सम्बोधन भई नआउन्जेल मुल्तबिमा राखिनेछ .
- नीति कानूनको अभाबमा वा गुनासोको जटिलताको कारण तत्काल सम्बोधन हुन नसक्ने अवस्था देखिएमा नीति तथा कानूनमा आवश्यक संशोधनको प्रयास गरि एवं जटिलताको अध्ययन गरि गुनासो सम्बोधनको प्रयास गर्ने,
- उक्त कार्यको समाधान नहुन्जेलसम्म गुनासोलाई मुल्ताबिमा राख्न सकिने र सोको जानकारी सम्बन्धित पक्षलाई दिने व्यवस्था मिलाउने

## अनुगमन

व्यबस्थापन गरिएका गुनासोहरुको प्रभाबकारी तरीकाले लागू भए नभएको, सेवाग्राहीको सन्तुष्टि तथा गुनासोको क्रम घटेको वा गुणस्तरमा बृद्धि भएको कुरा सम्बन्धित कार्यालयले र गुनासो व्यबस्थापन समिति, उपसमितिले नियमितरुपमा अनुगमन गर्ने व्यबस्था गर्नु पर्दछ ।

## सन्दर्भ सामग्रीहरु :


- नेपालको संविधान
- गुनासो व्यवस्था नेपालको संविधान २०७२ (मौलिक हक अन्तर्गत);
- नेपालको चोधौं योजना (२०७३/७४- २०७४/७५)
- नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रम २०७५/०७६)
- स्थानीय सरकार संचालन ऐन २०७४
- गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यविधि २०७२
- सुशासन कार्ययोजना २०६८


**सहभागिता को आउँदो अङ्क अर्थात् पूर्णाङ्क ५३**

**'सहभागीमूलक विकासमा सूचना प्रविधि'**


**को रूपमा प्रकाशन हुने भएकोले यसका लागि लेखरचना उपलब्ध गराइदिनुहुन सम्पूर्ण लेखक महानुभावहरूमा नेपान सचिवालय हार्दिक अनुरोध गर्दछ ।**

**लेखरचना आइपुग्नुपर्ने अन्तिम मिति : २०७५ मंसिर मसान्त ।**



www.ccon.edu.np
BSc.CSIT, TU
Bachelor of Science in Computer Science and Information Technology
Form Submission
Bhadra 19, 2075 (September 4, 2018), Tuesday
Bhadra 24, 2075 (September 9, 2018), Sunday
Entrance Exam
Ashwin 6, 2075 (September 22, 2018) Saturday
ADMISSIONS OPEN
Application Forms are available in the following colleges
A-four-year (8-semester) academic cum professional program-126 credit hours (at par with International Universities)
One of the most recently designed Computer Science course in Nepal
Enables you to build solutions by providing in-depth theoretical & practical knowledge of the subject.
Perfect balance between extensive theoretical and thorough practical learning.
Aberdeen Int'l College
Jawalakhel, Lalitpur
Ph:5536298, www.aberdeen.edu.np
Academia International College
Gwarko Chowk, Lalitpur
Ph: 5543037, www.academiacollege.edu.np
Asian College of Higher Studies (ACHS)
Putalisadak (Near Kumari QFX), Kathmandu
Ph:4436383, www.achsnepal.edu.np
Asian School of Management & Technology
Gongabu, Kathmandu
Ph: 01-6204668, www.asm.edu.np
BernHardt College
Bafal (Kalanki Ringroad), Kathmandu
Ph:4672506, www.kbc.edu.np
College of Applied Business (CAB)
Gangahity, Chabahil, Kathmandu
Ph: 4462736, www.cab.edu.np
Henry Ford International College (Nepalaya)
Kalanki, Kathmandu
Ph: 4275203, www.henryford.edu.np
Himalaya College of Engineering
Chyasal, Lalitpur
Ph: 5540555, www.hcoe.edu.np
Kathford Int'l College of Engg. & Mgmt.
Balkumari, Lalitpur
Ph: 5186046, www.kathford.edu.np
Nagarjuna College of IT
Pulchowk, Lalitpur
Ph: 5010670, www.nagarjuna.edu.np
National College of Computer Studies (NCCS)
Paknajol, Kathmandu
Ph: 4251711, www.nccs.edu.np
New Summit College
Shantinagar, Kathmandu
Ph: 4620523, www.newsummit.edu.np
Orchid International College
Gaushala, Bijayachowk, Kathmandu
Ph: 4479744, www.oic.edu.np
Prime College
Nayabazar, Khusibu, Kathmandu
Ph: 4390072, www.prime.edu.np
Sagarmatha College of Science & Technology
Sanepa, Lalitpur
Ph: 5527274, www.scst.edu.np
Samajik College
Lokanthali, Bhaktapur
Ph: 6638497, www.samajikcollege.edu.np
Swastik College
Thimi, Bhaktapur
Ph: 6635174, www.swastikcollege.edu.np
St. Lawrence College
Chabahil, Kathmandu
Ph: 4475891, 4460996, www.stlawrence.edu.np
Texas International College
Mitrapark, Chabahil, Kathmandu
Ph: 4479017, www.texasintl.edu.np
Trinity International College
Dillibazar Height, Kathmandu
Ph: 4445955, www.trinitycollege.edu.np
Outside Valley
Birat Multiple College
Biratnagar-3, Rajbanshi Chowk, Morang
Ph: 021-420900, arniko470149@gmail.com
Birendra Memorial College
Dharan-1, Sunsari
Ph: 025-527320, www.dhss.edu.np
C-CON
CSIT COLLEGE ORGANIZATION NEPAL (C-CON)

# युवाप्रति !



● तीर्थराज अधिकारी

युवा !
लालीगुराँस र लालुपातेभरि
म,
तिम्रो बैंसालु राप देख्छु
तार र दारमा बलिरहेका बत्तीभरि
म,
तिमी– तिमी भेट्छु ।

फेवातालमा भेटिएको माछापुच्छ्रेजस्तै
तिम्रो छातीको कञ्चन छालमा
म,
उन्नत समग्र संसार भेट्छु
तिमी–
चट्टानमै फुल्न सक्ने सुनाखरी हौ
सुगन्ध छाउने बाबरी हौ ।

म,
तिमीलाई लहराएका
प्रत्येक बालाहरूमा भेट्छु
सयपत्रीका सुन्दर
मालाहरूमा भेट्छु ।

बाटाघाटाका विश्रामस्थल
तिमी
चौतारी हौ
हजारौं भारीहरू थाम्न सक्छौ
वर–पीपलका हाँगाहरूले झैं
फैलाऊ हत्केलाहरू
हजारौंमा शीतलता बाँड्न सक्छौ ।

युवा !
समय, समय हो
अनवरत छ
तिमी आफैं चर्किए
समय भत्किन्छ
सम्भावनाका सयौं द्वारहरू बन्द हुन्छन्
तिम्रो दृष्टिको मलिनतामा
युगमा धाँजा फाट्छ
जवानी पानी धमिलिए
बानी अमिलिन्छ ।

तिमी
नशालु धुँवामा
धुँवा बनेर नउड्नू
तिमी
रात-बिरात
बाटा-दोबाटामा
नढुक्नू–
गोठालाहरूले
भेडा बनाउँदै डोऱ्याउलान्
होसियार !
तिमी
हजारौं ताज पैह्रिने अवसरहरू नगुमाउनू
युवा ! तिमी
शिर कतै नझुकाउनू
लालीगुराँस र लालुपातेका
तिम्रा बैंसालु रङ्गहरू
उसै नसुकाउनू !

**लप्सीबोट, गोरखा,**
हाल : सरस्वतीनगर, चाबहिल, काठमाडौं (प्रकाशोन्मुख कविता-कृतिः 'मकैका फूलहरू'बाट)

**सहभागिता मा**

**पुस्तक समीक्षा गराउन चाहने लेखकहरूले आफ्नो प्रकाशनको २ प्रति उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं ।**

**–सम्पादक मण्डल**

# NEPAN Snapshots


























एक वास्तविकता
बेरोजगारी भत्ता ???
२ जना कर्मचारी आवश्यकता
... कार्यालय
ओहो नेपाली युवाहरू क्या सक्रिय जस्तातै देखिन्छन्‌ उनीहरूको सहभागिता
बेरोजगारी भत्ता ???
शब्द/अवधारणा: बी.डी. गुरुङ, चित्र: शान्त राहादी